
# मूल्याङ्कन

विचार अन्तर्क्रियामुखी मासिक
पूर्णाङ्क ७७



अमेरिकी साम्राज्यवाद विरुद्ध लाखौं क्यूबालीहरू सडकमा !




कसरी गरीब केटो मस्तराम

## प्रशिद्ध निर्मल लामामा बदलियो ?

क. लामासंग नजीक रहेर काम गर्नु भएका सहकर्मीहरुका रोचक र प्रेरक संस्मरणहरु



विश्वभरिका मजदूरहरूको मे-दिवस !



- कार्यकर्तालाई मार्ने माओवादी नेता आलोक पार्टी कारबाहीमा !
- माओवादी पार्टी यसरी चल्छ !

मूल्य रु. २०/-, भारतमा भा.रु. १५/-


DUCKHAMS
अन्तरराष्ट्रिय
ISO-9002 को
उच्च गुणस्तरको
लुब्रिकेटिङ्ग आयल
DUCKHAMS
DUNLOP EBC
25
PRODUCTS OF ALEXANDER DUCKHAMS & CO. ENGLAND


MUKTESWOR
uPVC PIPES
सस्तो, सुलभ र भरपर्दो मुक्तेश्वर पाईपको प्रयोग,
लगानीको समुचित सदुपयोग !
उच्चस्तरीय जर्मन प्रविधिको प्रयोगद्वारा
नेपालमा उत्पादित नेपाल गुणस्तर चिन्ह
प्राप्त विभिन्न साईज र क्षमताका
मुक्तेश्वर पाईपहरु नै प्रयोग गरौं !
City Contact:
Chirag Group, Laxmi Niwas
Ram Shah Path, P.O.Box: 11491
Kathmandu, Nepal
Phone: 430773, 426854
Fax: 977-1-430945
Mukteswor Pipe Ind. Pvt. Ltd.
Rigid. P.V.C. Pipe Manufacturers for
Communication, Irregation, Water Supply etc.

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १८, पूर्णाङ्क ७७
जेठ-असार, २०५७


# कसरी गरीब केटो मस्तराम प्रसिद्ध निर्मल लामामा बदलियो ?

◆ श्याम श्रेष्ठ

◆ क. निर्मल लामाबारे क. मोहनविक्रम सिंहको विश्लेषण ❑ क. लामालाई भूमिगत राख्ने सहयोगी दिव्यरत्न शाक्यको संस्मरण ◆ क. लामाका निकटतम् सहकर्मीहरू काइला बा, दिलबहादुर श्रेष्ठ र चन्द्रानन्द नेवाका संस्मरणहरू





विद्रोहीहरूको विद्रोहको सार्थकता प्रमाणित

## यानप्रसाद गौतमलाई माओवादी पार्टी स्वयंले कारबाही गरेपछि !

◆माओवादी पार्टी कसरी चल्छ ?

◆ अमेरिकी साम्राज्यवादविरूद्ध दशौं लाख क्यूबालीहरू सडकमा ◆ विश्वभरि सडक-संघर्षका बीच मे दिवस ◆ कसरी विकास हुनसक्छ नेपालमा सशक्त मजदूर आन्दोलन ? -विष्णु रिमाल

## मसाल र एकता केन्द्रले एकताका निम्ति तलसम्म छलफल चलाउन थाले !


संरक्षक
डा. मथुराप्रसाद श्रेष्ठ

सल्लाहकार
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

प्रधान सम्पादक
श्याम श्रेष्ठ
कार्यकारी सम्पादक
हरिगोविन्द लुइँटेल
सह-सम्पादक
राजेन्द्र महर्जन
सहायक-सम्पादक
तुल्सीदास महर्जन
विष्णुदेवी श्रेष्ठ
सम्पादन सहयोगी
चन्द्र खाकी

प्रमुख व्यवस्थापक
श्याम खड्का
लेखा व्यवस्थापक
वीरप्रसाद भंसारी
बजार व्यवस्थापक
दुर्गा खड्का



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

कार्यालय
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक, काठमाडौं-३२
फोन: ४२२७६९, फ्याक्स: ४२३५४९
पो. ब. नं. ७०५०, काठमाडौं
इमेल : mulyankan@hons.com.np
वेभसाइट: www.webnepal.com/mulyankan



**हाम्रो मूल्यांकन**
कस्तो छ- कांग्रेस सरकारको दोस्रो बजेट ? ४

**घटना र प्रवृत्ति**
विद्रोहीहरूको विद्रोहको सार्थकता प्रमाणित यानप्रसाद गौतमलाई माओवादी पार्टी स्वयंले कारबाही गरेपछि ५
माओवादी पार्टी यसरी चल्छ - पुष्कर गौतम ६
न्यायिक ट्रिब्युनलले राष्ट्रवादी निर्णय दियो
स्वीकृतिबिना विदेशी कामदार राख्न नपाइने १९
प्रभावकारी र उपलब्धिमूलक संघर्षको एउटा नमूना १४
बोलिभियामा अभूतपूर्व जन-विद्रोह १५
जब टि.भि.मा"आकर्षक" औषधिहरूको प्रसार गर्न थालिन्छ
डा. सुशील कोइरालासँगको ताजा कुराकानी ८
मसाल र एकताकेन्द्रको एकताबारे तलसम्म छलफल शुरू ४५
क. मोहन विक्रमको विहा संपन्न ४२
नेटोको विरूद्ध ग्रीक जनताको प्रदर्शन ९
प्र.ले.संघ पोखरामा २६
गोविन्द भट्टलाई गोकुल पुरस्कार २६

**संक्षेप**
मसाल फूटपरस्त होइन -क. चित्रबहादुर के.सी. ७

**आँखीझ्याल**
छेजु विद्रोह र ८० हजार विद्रोहीहरूको संहार !
कोरियाली युद्धमा अमेरिकी र दक्षिण कोरियाली सैनिकहरूको नृशंसता २०
इसासको सम्मेलन र यसको पछिल्लो प्रवृत्ति २२

**विश्व कम्युनिष्ट आन्दोलन**
'कम्यून' चलाइरहेको पार्टीको ५२ औं स्थापना दिवस १४
अमेरिकी साम्राज्यवादविरूद्ध दशौं लाख क्यूबालीहरू सडकमा १०
विश्वभरि सडकसंघर्षका बीच मे दिवस १२

**विशेष लेख**
कसरी विकास हुनसक्छ नेपालमा सशक्त मजदूर आन्दोलन ? -विष्णु रिमाल १७

**व्यंग्य**
आज निकै गर्मी छ - विमल निभा २७

**दर्शन**
द्वन्दवादी भौतिकवाद परिमाणको गुणमा र गुणबाट परिमाणमा हेरफेरको नियम -प्रज्ञानरत्न २३

**विद्यार्थी गतिविधि**
*विद्यार्थीहरूले विद्यार्थी दिवस मनाए* २४
अखिल (छैठौं)को सम्मेलन २४

**नीति/संस्कृति**
क. निर्मल लामाको अन्त्येष्टिमा देखिएका संस्कृतिका दुई पक्षहरू -चन्द्रदेव नेपाली २२

**किताब**
शरणार्थी : त्रासद मिथकहरूको नवीकरण -नारायण ढकाल २५

**कविता**
तेस्रो ट्यांकी -हरिगोविन्द लुइँटेल २६

**अर्थतन्त्र**
भू-मण्डलीकरणको अर्को पाटो -हरि रोका ४३

**पाठकको कुरो** ४६



आवरणमा : वामपन्थी आन्दोलनका एक योद्धा क. निर्मल लामाको शव, फोटो ए.बी.सी फोटो, बागबजार । क्युबाली राष्ट्रपति क. फिडेल क्यास्त्रो (माथि) । नेकपा माओवादीका नेता क. प्रचण्ड (तल दायाँ) । द. कोरियाका एक मजदूर, फोटो : टाइम आवरण सज्जा: टाइम्स क्रिएशन, बागबजार, फोन: २५२६४५ । कलर सेपरेशन: पोलिइमेज, प्रदर्शनी मार्ग कलाकारहरू: लक्ष्मण भूजेल, जि.डि. सारू, *यति ग्राफिक्स, डिल्लीबजार फोन : ४३०७५२* । मुद्रण: इन्द्रेणी अफसेट प्रेस, बागबजार

◀ हाम्रो मूल्यांकन

# कस्तो छ- कांग्रेस सरकारको दोस्रो बजेट ?

यही जेठ १७ गते नेपाली कांग्रेसको सरकारले आमनिर्वाचनपछि सत्तामा आएपछिको दोस्रो बजेट संसदमा पेश गरेको छ । यो बजेटको सकारात्मकता यो हो कि, बजेटमा केही राम्रा र सृजनशील विकासका कार्यक्रमहरु ल्याइएका छन् । नेपाली कांग्रेसले अहिलेसम्म ल्याएका बजेटमध्ये यो सबैभन्दा बढी सृजनशील योजनाहरुले युक्त छ । यो बजेटको सबैभन्दा ठूलो दोष के देखिन्छ भने, यो अत्यन्त महत्वाकांक्षी छ, यसले देशको बजेट घाटा, महँगी र ऋणमाथिको निर्भरता चौपट्टै बढाइदिनसक्छ, यसले सेना र पुलिसलाई अत्यन्त हिंसक र दमनकारी बनाउने सोच राखेको छ, र यो बजेटले देश र जनताको आधारभूत समस्यामाथि फेरि पनि आँखा चिम्लेको छ ।

यो बजेटले गरीबी निवारणलाई नै आफ्नो केन्द्रबिन्दु बनाएको छ । परन्तु बजेटमा गरीबी निवारणको छेउ-कार्यक्रम मात्र ल्याइएका छन्, धुरी-कार्यक्रम ल्याइएको छैन । गरीबी निवारणलाई नेपाली कांग्रेसले २०४८ सालदेखि नै आफ्नो मुख्य कार्यक्रम बनाउँदै आएको हो । परन्तु विगत १० बर्षमा गरीब नेपाली जनताको अनुपात ४२ प्रतिशतबाट बढेर ५० प्रतिशत पुगेको छ । लक्ष्य एउटा, नतिजा त्यसको ठीक उल्टो किन भयो ? त्यसको सटिक उत्तर बजेटमा छैन ।



अर्थमन्त्री महेश आचार्य

नेपालमा गरीबी निवारणका लागि ल्याइनुपर्ने मुख्य कार्यक्रम हुन्- कृषि क्रान्तिसहितको क्रान्तिकारी भूमिसुधार र ग्रामीण औद्योगिक क्रान्ति । नेपाललाई कच्चा पदार्थ बेच्ने देशबाट तैयारी सामान बेच्ने देशमा बदल्दा नै नेपालको गरीबी निवारण हुनसक्छ । नेपालको बनको व्यवस्थापन गर्ने जिम्मेवारी पूर्णतः जनता स्वयममा छोड्ने हो भने र त्यहाँको तह लाउन ढिला भैसकेका बहुमूल्य काठहरु राज्यलाई निश्चित मात्रामा फाइदा हुने गरी उचित मूल्यमा बिक्री गर्ने जिम्मेवारी पनि सम्बन्धित उपभोक्ताहरुको गाउँलाई नै छोड्ने हो भने मात्रै पनि, नेपालले दशै बर्षमा संपूर्ण विदेशी ऋण तिरीभ्याउन संभव छ । नेपालको विकासको लागि चाहिने खरबौं रुपियाँको स्रोत वनबाट मात्रै पनि उपलब्ध हुन संभव छ । जलस्रोतभन्दा पनि उच्च संपत्तिको यो स्रोतमा बजेटले कुनै ध्यान दिएको देखिएको छैन ।

तसर्थ, यो बजेटले फेरि पनि गरीबी निवारण गर्नसक्ने संभावना देखिन्न । गरीबी निवारण भन्दै जाने, गरीब झन् झन् बढ्दै जाने प्रक्रिया यो बजेटपछि पनि कायमै रहने टड्कारो संभावना छ ।

पोहोर ७७ अरबको बजेट ल्याइएको थियो । यस बर्ष साँढे ९१ अरबको बजेट ल्याइएको छ । परन्तु राजस्व परिचालनको विगत ९ महीनाको प्रवृत्ति हेर्दा - राजस्व ११ प्रतिशतभन्दा ज्यादा बढ्न सकेको देखिन्न । यही अवधिमा आन्तरिक ऋण भने १०९ प्रतिशतले वृद्धि भएको देखिएको छ । रु. १ अरब त सरकारले ओभरड्राफ्ट मात्र लिएको देखिएको छ । विदेशी अनुदान २७ प्रतिशतले घटेको देखिएको छ । यी सबैको फलस्वरुप विगत ९ महिनामा बजेट घाटा ४३ प्रतिशतले वृद्धि भएको देखिएको छ । यी संपूर्ण तीता वास्तविकताहरु ज्वलन्त हुँदाहुँदै पहिलेको भन्दा १४ अरब ठूलो बजेट ल्याउनु ज्यादै महत्वाकांक्षी र हचुवा प्रवृत्तिको द्योतक हो । पोहोर ४५ अरबको राजस्व उठ्तीको अनुमान गरिएकोमा, यस बर्ष ५३ अरबको राजस्व उठ्तीको लक्ष्य राखिएको छ । यो लक्ष्य ज्यादै महत्वाकांक्षी हुनुकै कारणले फेल खाने सुनिश्चित छ ।

पोहोर २०५६ सालको असार मसान्तमा नेपालको खुद तिर्नु बाँकी विदेशी ऋण १६९.५ अरब पुगेको थियो । २०५६ सालको फागुन मसान्तमा यो स्वाट्टै बढेर १७८ अरब पुगेको छ । यसको तात्पर्य ८ महिनाको अवधिमै विदेशी ऋणमा ८ अरबभन्दा ज्यादा बृद्धि भएको छ, हरेक महिनामा रु. १ अरबको विदेशी ऋणको थैली नेपालीको थाप्लामा थपिँदैछ । परन्तु यो बजेटमा त्यो थैलीप्रतिको निर्भरता घटाउन कुनै ठोस पाइला चालिएको छैन । यो बजेटमा पनि विकास बजेटको ६६ प्रतिशत विदेशी सहायतामा आधारित गरिएको छ । पोहोर यो ६५ प्रतिशत थियो ।

जताततै घाटै-घाटाको यो स्थितिमा कांग्रेस सरकारले पोहोरको ३.७८ अरबको गृह बजेटलाई यस बर्ष झण्डै दोब्बर बढाएर ६.१५ अरब पुऱ्याएको छ, पोहोरको रु. ३.५१ अरबको रक्षा बजेटलाई यस बर्ष ३.९० अरब पुऱ्याएको छ । यो अनुत्पादक क्षेत्रमा खर्च बढाएर देशको अर्थतन्त्र चौपट पार्ने प्रवृत्तिको द्योतक हो । बजेटको यो प्रवृत्तिले यो बर्ष पुलिस-यन्त्र र सेना अरु ज्यादा बर्बर र दमनकारी हुने र उनीहरुको दमन-यन्त्र अरु ज्यादा सुदृढ हुने स्पष्ट लक्षण देखिएको छ ।

त्यसमाथि थप, यो बर्ष सरकारले कर्मचारीको तलब देशको अर्थतन्त्रले धान्नै नसक्ने गरी बढाएको छ । कर्मचारीको तलव त बढाइयो, परन्तु महँगी त्योभन्दा ज्यादा बढ्यो भने तलब बढाउनुको के मतलब हुन्छ ? तलब बृद्धिमा पनि ठूलाको तलब अत्यन्त धेरै बढाइएको छ, सानाको थोरै मात्र ।

यी सबका बाबजुद बजेटमा केही प्रशंसनीय सृजनात्मक कदमहरु पनि समावेश छन्, जस्तो कर्णाली अंचल विशेष कृषि कार्यक्रम, २२ जिल्लामा व्यवसायोन्मुख बाखापालन कार्यक्रम र ग्रामीण कुखुरापालन कार्यक्रम, हदबन्दीभन्दा बढी जग्गामा गरिएको व्यावसायिक खेतीलाई आयकरको दायराभित्र ल्याउने नीति, महँगा विदेशी सल्लाहकार र प्राविधिज्ञ घटाउने कार्यक्रम, स्थानीय निकायलाई मालपोत, स्थानीय विकास शुल्क, मनोरंजन शुल्क, रजिष्ट्रेशन दस्तुर, घर जग्गा कर आफैं उठाउन र त्यो स्रोत परिचालन गर्न दिने नीति, पकेट क्षेत्रमा विशेष कृषि उत्पादन कार्यक्रम, जमीनको चक्लाबन्दी कार्यक्रम, जग्गा बाँझो राख्नेलाई दण्डित गर्ने कार्यक्रम, आदि आदि । परन्तु यी छेउ-कार्यक्रम मात्र हुन्, धुरी-कार्यक्रम होइनन् । यिनले जनतालाई फाइदा त गर्छन्, तर शोषण र अन्यायको वर्तमान स्थितिमा आधारभूत अन्तर ल्याउँदैनन् ।

जम्मामा, बजेट थोरै सुधारमुखी त छ, आधारभूत समस्या समाधानमुखी छैन, यो पूँजीमुखी छ, तर जनमुखी छैन । ❑

## नेपालका आर्थिक परिसूचकहरु

### एक बर्षमा परिवर्तन

प्रतिशतमा

**आर्थिक वृद्धि दर**

| यो वर्ष* | गत : वर्ष |
|---|---|
| ६ | ४ |

**औद्योगिक उत्पादन**

| यो वर्ष* | गतः वर्ष |
|---|---|
| ११.८ | ५.७ |

**कृषि उत्पादन**

| यो वर्ष* | गतः वर्ष |
|---|---|
| ५ | २.७ |

◆ यो अनुमान हो ।

**महँगी बृद्धि दर, प्रतिशतमा**

| यो वर्ष* | गतः वर्ष |
|---|---|
| २.५ | १०.१ |

**अन्तर्राष्ट्रिय ब्यापार बृद्धि दर, प्रतिशतमा**

निर्यात

| यो वर्ष* | गतः वर्ष |
|---|---|
| ४१.९ | ३३.४ |

आयात

| यो वर्ष* | गतः वर्ष |
|---|---|
| २७.३ | -६.६ |

**ब्यापार घाटा वृद्धि दर**

| यो वर्ष* | गतः वर्ष |
|---|---|
| १६.८ | -२३.३ |

**कुल लगानी बृद्धि दर प्रतिशतमा**

| यो वर्ष | गतः वर्ष |
|---|---|
| १४.९ | -८.२ |

**कुल गार्हस्थ वचत वृद्धि दर प्रतिशतमा**

| यो वर्ष | गतः वर्ष |
|---|---|
| ९.९ | ८.९ |

*◆ यो श्रावण २०५६ देखि चैत २०५६ सम्मको पछिल्लो नौ महीनाको तथ्यांक हो । गत वर्षको तथ्यांक पनि त्यो सालको यही अवधिको तथ्यांक हो ।* ❑

## विद्रोहीहरूको विद्रोहको सार्थकता प्रमाणित

# यानप्रसाद गौतमलाई माओवादी पार्टी स्वयंले कारबाही गरेपछि ..

नेकपा. माओवादीको केन्द्रिय समितिको हालै बसेको विस्तारित बैठक (प्लेनम)ले सो पार्टीका केन्द्रिय सदस्य यानप्रसाद गौतम (आलोक)लाई पार्टीबाट निस्काशन गरी श्रम शिविरमा पठाउने निर्णय गरेको छ । महामन्त्री क. प्रचण्डले जारी गर्नुभएको विज्ञप्तीका अनुसार पूर्वाञ्चल कमाण्डर यानप्रसाद गौतमको कारण रमेश ढुंगेलको हत्याजस्ता गल्तीहरु भएको ठहर गरिएको छ । विज्ञप्तीले भनेको छ - "'वाम' संकीर्णता र 'वाम' विर्सजनवादका रुपमा देखिएको यो विचलन विभिन्न गलत प्रवृत्तिहरुको खिचडी बोकेको दक्षिणपन्थ नै भएको र आफ्नो विशिष्टताका कारण यसलाई "आलोक प्रवृत्ति"कै रुपमा लिने ठहर गरिएको छ । विगतमा आलोक प्रवृत्तिको विचलन र विकृतिका कारण पूर्वाञ्चल क्षेत्रमा गलत ढंगबाट रमेश ढुंगेलको हत्यालगायत कतिपय शुभचिन्तक र मित्र शक्तिमाथि समेत अनावश्यक दवाव, हस्तक्षेप हुन गएको यथार्थ स्पष्ट गरिएको छ । त्यसप्रकारको स्थितिप्रति पार्टी केन्द्रले नैतिक जिम्मेवारी लिएको छ र आलोक प्रवृत्तिको आलोचना गर्दै त्यस प्रकारको कमजोरी सच्चायउन दृढ रहेको छ । साथै यानप्रसाद गौतम (आलोक)लाई सार्वजनिक आत्मालोचना गर्न तथा पार्टीबाट निस्काशन गरी श्रम शिविरमार्फत् पुनः संस्कर गराउन प्रयत्न गर्ने ठेगान भएको छ ।"

ने.क.पा. माओवादीको यो प्लेनममा आलोक प्रवृत्तिका विरुद्ध जुध्ने क्रममा मुख्यः पूर्वाञ्चलका कतिपय प्रतिनिधिहरु र अन्य क्षेत्रका केही प्रतिनिधिहरुले ठूलै कसरत गर्नुपरेको बुझिएको छ । नेतृत्वको विशेष संबन्ध भएको भनी मानिएका यानप्रसादका विरुद्ध कारबाही गर्न शुरुमा आनाकानी भएकोले ती प्रतिनिधिहरुले यसबारे तीव्र विवाद गरेका थिए । आखिर बैठकमै कुटाकुट भएपछि र यानप्रसाद कुटिएपछि उनीविरुद्ध प्रस्ताव ल्याइएको र सो प्रस्ताव पारित भएको बुझिएको छ । उनीबारे जाँचबुझ गर्न गठित आयोगले ४८ बुँदाहरुमा उनका गल्तीहरु औंल्याएको थियो ।

ने.क.पा. माओवादीको यो निर्णयले आलोक अर्थात् यानप्रसाद गौतमको आदेशमा आफ्नै पार्टीका कार्यकर्ताहरुलाई अनुशासानको कारबाही गर्ने नाममा फाँसी दिने वा गोली ठोक्नेसम्म गरिएको उग्र, असहिष्णु एवं अल्लारेपन युक्त क्रुरताको सांकेतिक आधिकारिक पुष्टि गरेको छ । रमेश ढुंगेल र रुद्र तिमिल्सिना मात्र हैन, बेलैमा चनाखो नभएको भए पुष्कर गौतम समेत उनीहरुझैं अनाहकमा मारिने बलियो संभावना रहेछ । नेतृत्वसँग भिन्न मत राख्दैआएका र कतिपय मामलामा गुनासोसमेत गर्दैआएका आइ.पी. खरेल वा भरत दाहाल वा पुण्य गौतमहरुसम्मले पनि पार्टी नछोडेको भए उनीहरुमाथि पनि अल्लारे सनकका आधारमा यस्तै घातहरु हुनसक्ने थिएन भन्ने आधार रहेको देखिन्न ।

'आलोक'को गल्तीहरुलाई "आलोक प्रवृत्ति"कै रुपमा ने.क.पा.माओवादीले लिनुको अर्थ यस्ता प्रवृत्तिहरु पार्टीका अन्य निकाय र क्षेत्रमा पनि रहेको संकेत गर्दछ ।

यस स्थितिमा ने.क.पा. माओवादीको यस्तो गल्ती कमजोरी-को बेलैमा आलोचना गर्ने इमान्दार र असन्तुष्ट विद्रोही कार्यकर्ताहरुलाई "भगौडा", "अवसरवादी", "पलायनवादी" आदि आरोपहरु लगाएर निन्दा गर्ने माओवादी नेताहरु, कतिपय लेखकहरु र पत्रपत्रिकाहरु पनि यो निर्णयपछि नैतिक रुपले अप्ठेरोमा परेका छन् । स्मरणीय छ, उनीहरु केही समयअघिसम्म पनि यानप्रसाद गौतमले आफ्नो परिवारका थुप्रै सदस्यहरु जनयुद्धको नाममा गुमाएको कुरालाई आधार बनाएर उनको प्रशंसा गर्थे र "भगौडा"हरुको व्यापक विरोध गर्थे । आज घटनाक्रमले तिनै "भगौडा"हरु सही थिए भन्ने कुरा सावित गरेको छ । तिनै "भगौडा"हरुले सार्वजनिक रुपमा आलोक प्रवृत्तिप्रति विद्रोह नगरेको भए र विरोध नजनाएको भए माओवादी पार्टीले आलोक प्रवृत्ति गलत रहेछ भनी आज चिन्ने र स्वीकर्ने स्थिति पैदा नहुन पनि सक्थ्यो । यसो हुँदा ने.क.पा. माओवादी पार्टीमा ज्यूज्यान छोडेर लागेका अरु पनि थुप्रै रमेश ढुंगेल र रुद्र तिमिल्सिनालाई आफ्नै पार्टीले हत्या गर्ने क्रम नरोकिन पनि सक्थ्यो ।

आलोक प्रवृत्तिमाथिको वर्तमान कारबाहीले नेतृत्वको गलत र तानाशाही रबैयाको विरोध गर्दै ने.क.पा. माओवादीबाट विद्रोह गरेका पुस्कर गौतम लगायतका व्यक्तिहरुको पनि नैतिक विजय भएको देखिएको छ ।

तर अझै पनि ने.क.पा. माओवादीले "आलोक प्रवृत्ति" भनेर आफूभित्रका संकीर्णतावादी, असहिष्णु र गैर-जनवादी सबै प्रवृत्तिहरुलाई हटाउने छ भनी भन्न सकिने ठोस आधार खडा भैसकेको छ मान्न सकिने स्थिति रहेको छैन । आशा गरौं, यस पार्टीले यो आधार निर्माण गरोस् र सबै खाले उग्रवाद त्यागी सो पार्टी स्वयं सही क्रान्तिकारी जन-आन्दोलनकारी दिशामा फर्किने काम गरोस् ।



*माओवादी छापामारहरू : आफ्नै पार्टीको उरन्ठेउलो आदेशको शिकार हुने त होइनन् ?*

### माओवादीका अरू निर्णयहरू

ने.क.पा. माओवादीले हालैको उक्त प्लेनमबाट अरु पनि केही निर्णयहरु र ठहरहरु गरेको छ । जनयुद्धको पाँचौ योजना सफलतापूर्वक कार्यान्वयन भएको र यसबाट देशको समग्र राजनैतिक परिस्थिति एवं पार्टीका फौजी र गैर-फौजी क्षमतामा गुणात्मक वृद्धि भएको मान्दै प्लेनमले "नयाँ परिस्थितिका नयाँ कार्यभार" शीर्षकमा राजनीतिक प्रस्ताव पनि पारित गऱ्यो । यसले पार्टीको भावी छैठौं योजनाबारे पनि जरुरी टुंगोहरु गऱ्यो । क. प्रचण्डद्वारा प्रस्तावित सो प्रतिवेदन तीव्र एवं गंभीर बहसपछि मात्र पास भएको कुरा क. प्रचण्डकै विज्ञप्तीले स्वीकारेको छ । वैचारिक केन्द्रीकरणको प्रश्नमा केन्द्रिय समितिले गुणात्मक एकता हासिल गरेको दावी गर्दै विज्ञप्तीले सो प्लेनमले कांग्रेसी फासीवादको विरुद्धको संघर्षलाई अझ अगाडि बढाउने, विभिन्न राजनैतिक पक्षहरुसँग वार्ता र तालमेलको प्रकृयालाई अझ तीव्र पार्ने, घोषित न्यूनतम शर्त पूरा भएमा प्रतिकृयावादी सरकारसँग वार्ता गर्ने संबन्धी नीति र सरकारी दमनविरुद्धको प्रतिरोधको कार्यक्रम आदिबारे निर्णयहरु लिएको कुरा जनाएको छ । आफ्ना केन्द्रिय सदस्यहरु क.दिनेश शर्मा, क. दण्डपाणी न्यौपाने र क. मातृकाप्रसाद यादवलाई सरकारले पक्रेर बेपत्ता पारेकोमा विरोध जनाउँदै प्लेनमले क. देवगुरुङलाई गत पौषमा भट्टराई सरकारले रिहा गरेर वार्ताको वातावरणलाई सकारात्मक बनाउने भूमिका खेलेको भनी स्वीकारेको पनि बुझिएको छ ।


एक समाचार सूत्रका अनुसार ने.क.पा. माओवादी पार्टी सरकारसँग वार्ता गर्ने कुरामा थप लचिलो भएको छ । आफ्ना बेपत्ता पारिएका केन्द्रिय नेताहरु कहाँ, कसरी राखिएका छन् भन्ने कुराको विश्वसनीय खबर दिएमा र गिरफ्तारीको जिम्मेवारी सरकारले लिएमा मात्र पनि माओवादी पार्टी वार्तामा सामेल हुनसक्ने कुरा सो सूत्रले जनाएको छ । यस स्थितिमा, गिरिजा-सरकार माओवादीसँग वार्ता गर्न चाहन्छ या चाहन्न भन्ने कुरामा नै वार्ता हुने वा नहुने कुराको टुंगो हुने स्थिति देखापरेको छ ।

माओवादी जनयुद्ध राजनीतिक घटना भएकोले यसको समाधान पनि राजनीतिक तहमै निकाल्नु जरुरी छ । यसनिम्ति शिघ्र वार्ताका निम्ति दुबै पक्ष तयार हुनु जरुरी छ भन्ने हामीलाई लाग्छ । ❑

# माओवादी पार्टी यसरी चल्छ

– पुष्कर गौतम

> **तल्ला कमिटीहरू आफ्नो जरूरतमुताविक निर्णय गर्न स्वतन्त्र छैनन् । यो पंक्तिकारले माओवादी पार्टीमा रहँदा कहिल्यै पनि स्वतन्त्र भएर निर्णय गर्न पाएन**



नेकपा माओवादीका महामन्त्री क. प्रचण्ड

ने.क.पा. माओवादी आज सर्वाधिक चर्चित संगठन र दीर्घकालीन जनयुद्ध सबभन्दा डरलाग्दो आन्दोलन साबित भएको छ । नेपालमा ने.क.पा. माओवादीले अलग्गै पहिचान बनाएको मात्र होइन, यसले आफूलाई संसदीय व्यवस्थाको विकल्पमा देखिएको निख्खर क्रान्तिकारी शक्ति पनि दावी गर्दछ । परन्तु नजिकैबाट हेर्दा माओवादी पार्टी कस्तो छ त ? त्यो कसरी चलिरहेको छ ?-यही सवालको वरपर यो लेख केन्द्रित छ ।

सर्वप्रथम माओवादीमा छापामार भर्ती प्रणाली अत्यन्त काँचो छ, सैद्धान्तिक स्तर नउठेका तथा सबै प्रकारले कोरा मानिस त्यहाँ छापामारमा भर्ती भएका छन् । म किन छापामार भएर हिँडेको हुँ ? कहाँ हिँडिरहेको छु ? मैले केका लागि बन्दुक बोकेको छु ? त्यसको सामान्य ज्ञान पनि त्यहाँका नयाँ भर्ती भएका छापामारहरूलाई हुने गर्दैन । त्यस्ता नयाँ कोरा मान्छेलाई व्यवस्थित र सैद्धान्तिक-व्यवहारिक प्रशिक्षण तथा सैन्य तालिमको अभाव भएकाले अनावश्यक क्षति बारंबार व्यहोर्नु परेको छ ।

माओवादीहरूको निर्णय प्रणालीमा केन्द्रीय कमिटीमा कतिको जनवाद छ, यो पंक्तिकारलाई थाहा छैन । तर क्षेत्र, जिल्ला र एरिया कमिटीहरूमा केवल औपचारिकता पुरा गर्ने तवरले मात्र निर्णय हुने गर्छ । आर्थिक मामलामा केन्द्रले तोकेको निश्चित कोटा चुक्ता भन्दै आदेशको पालना गर्ने परिपाटी त्यहाँ छ । तल्ला कमिटीहरू आफ्नो जरूरतमुताविक निर्णय गर्न स्वतन्त्र छैनन् । यो पंक्तिकारले माओवादी पार्टीमा रहँदा कहिल्यै पनि स्वतन्त्र भएर निर्णय गर्न पाएन । सम्बन्धित कमिटीमा को को बस्ने ? त्यो निर्णय माथिल्लो कमिटीले गर्दछ । जनवादी छलफल, चुनाव तथा त्याग र बलिदानको आधारमा कमिटीमा बस्ने मान्छेको छनौट हुने गर्दैन । माथिबाट खटाइएका ईन्चार्जको आदेश वा निर्देशनमा नै व्यक्ति कमिटीमा रहन पाउँछ । कुन व्यक्ति कुन कमिटीमा छ, सम्बन्धित व्यक्ति स्वयंलाई कहिले त महिनौंसम्म पनि थाहा हुँदैन । एकैचोटि मिटिङमा बस्दा वा मिटिङमा सहभागी हुँन नपाउँदा बल्ल ऊ कार्वाहीमा परेको र बढुवा के भएको हो, थाहा हुन्छ । मैले आफैंले त्यस्तो अवस्था निकै चोटी भोगेको थिएँ । त्यसैले माओवादी पार्टीमा जनवाद भन्ने कुरा नामोनिसान छैन । विशेषतः बढी प्रभावित आधार क्षेत्रमा के छ, यो पंक्तिकारलाई त्यति थाहा छैन । तर मेरो अनुभवमा अधिकांश ठाउँमा घटना र जनताको सामाजिक चेतनाबीच अन्तर्सम्बन्ध छैन । कैयौं जनकारवाहीका घटनामा जनताको प्रत्यक्ष सहभागिता हुने गर्दैन । जनतालाई जोगाउने संयन्त्र पनि हुने गर्दैन । घटनाप्रति जनताको आकर्षण कमजोर हुनुमा यही कारण जिम्मेवार देखिन्छ । जनताको चेतना दश भए कार्वाहीको घटनाको उँचाइ सय भएको हुन्छ । तसर्थ कार्वाहीको घटना एउटा आतंककारी गतिविधिको रूपमा बदलिन्छ । सामान्य संघर्ष वा कार्वाहीका घटनाबाट जनचेतनामा अभिवृद्धि गर्ने, पार्टीप्रति आकर्षण बृद्धि गर्ने, त्यसैका आधारमा संगठन निर्माण गर्ने, अनि झन् ठूलो जन-आन्दोलनको विकास गर्ने,-कामको ढङ्ग यस्तो हुनु पर्ने तर माओवादीमा यी कुराहरू हुँदैनन् । संगठनको नाममा एकाध छापामार संगठनहरू निर्माण भएका छन् र प्रचार भने बढी भएको छ । प्रचार सकारात्मक वा नकारात्मक जेसुकै भए पनि संचार जगतमा माओवादीको बाहुल्यता छाएको छ ।

युद्धमा जनताको प्रत्यक्ष सहभागिताको अभाव अर्को खड्किएको विषय हो । जनताले लुकेर छिपेर सहयोग गरेको होला, तर माओवादी पार्टीको समर्थनमा सरकारी दमन र आरोपका विरूद्धमा सम्बन्धित जिल्ला सदरमुकाम वा राजधानी समेतमा जनताको तर्फबाट एउटा जुलुश प्रदर्शनसमेत हुनसकेको छैन । खारा काण्डजस्तो जघन्य हत्याकाण्ड हुँदासमेत रूकुमको सदरमुकाममा एउटा जुलुस वा काठमाण्डौमा एउटा प्रदर्शन हुन सकेन । झन् पछिल्लो अवस्थामा त माओवादीका वैधानिक आन्दोलनसमेतमा जनता अब स्वतस्फूर्त, स्वतन्त्र ढंगले सहभागी हुने वातावरण हराएको आभास पाइन्छ ।

यसले जनयुद्धको सँगसँगै शहरीया जन-आन्दोलनको कडी पनि टुटेको छ । संयुक्त मोर्चाको सिद्धान्त लागू भएको छैन र जनयुद्धलाई जनताको कभरमा राख्न सकिएको पाईदैन । तसर्थ माओवादी पार्टी र यो युद्धलाई जनताको नभएर कार्यकर्ताको युद्ध भन्नु बढी सान्दर्भिक हुन्छ । जिल्ला स्तरमा जन-आन्दोलन सृष्टि गर्ने, सबै सहयोगीहरूलाई गोलबन्द गर्ने, अनि सदरमुकामस्थित जनतालाई सहयोग गर्न कुनै योजना वा कार्यक्रम ल्याउने पहल कहिल्यै पनि गरिएन । तसर्थ जनताले मायाले भन्दा पनि बढी हतियारको र ज्यानको डरले खान, बस्न वा सेल्टर उपलब्ध गराएको अनुभव हामीसँग छ ।

मानिसहरूलाई जसरी पनि भूमिगत लानुपर्दछ भन्ने माओवादी पार्टीको अर्को कमजोरी हो । बुढा वा रोगी, अनपढ वा गुण्डा, पुलिस वा अपराधी आदि जसलाई पनि छापामारमा भर्ती गर्न-गराउन प्रेरित गर्ने प्रयोग गर्नु पनि अर्को ठूलो कमजोरी हो । अनावश्यक रूपमा मानिसलाई भूमिगत लगेर अनावश्यक क्षतिमा रमाउने अर्को गंभीर भूल हो । आज माओवादी संगठनमा १२ वर्षे बालक देखि ६० वर्षे बृद्धसम्म जर्बजस्ती भर्ती गरिएका छन् ।

फेरि अर्को कमजोरी मानिसको योग्यता, क्षमता र उसको चाहना आदिलाई वास्ता नगरी जिम्मेवारी दिने गरेको पाइन्छ । खुला बस्ने नदिने, खुला काम गर्नुलाई कायरता र पलायनको संकेत ठान्ने प्रवृत्तिले गर्दा आज जनताबाट माओवादी युद्ध कट्दै गएको छ । "भूमिगत जानबाहेक सबै कुरा भ्रम हो" भन्ने माओवादीको सूत्र नै बनेको छ । त्यसबाट माओवादीलाई गंभीर क्षति पनि पुगेको छ ।

पारदर्शिता माओवादी नेतृत्वमा खड्किएको अर्को चरम दोष हो । आर्थिक कारोवार, नेतृत्वको जीवनशैली तथा नेतृत्वको आचरण कहिल्यै पनि पार्टी कार्यकर्तासमक्ष पारदर्शी हुनसकेको छैन । [illegible]करण नाम मात्रको भएको छ । तल्ला कमिटीले हिसाब बुझाए पनि माथिल्लो वा विशेषतः केन्द्रीय कमिटीले आजसम्म आफ्नो बजेट र हिसाब किताब कार्यकर्तासमक्ष प्रवाहित नगर्नु महत्वपूर्ण दोष र कमजोरी हो । व्यक्तिगत जीवन तथा सम्बन्धको मामलामा पनि जताततै बन्धनै बन्धन मात्र छ । "सानालाई ऐन ठूलालाई चैन" त्यहाँ पनि कायमै छ ।

माओवादीहरूका कार्यकर्ताहरू, विशेषतः पूर्वाञ्चलमा दास मनोवृत्तिबाट ग्रसित छन् । पूर्वाञ्चलको एउटा भेलामा कुनै पनि कार्यकर्ताले नेतृत्वको कार्यक्रम तथा युद्धको बाटोबारे एउटा पनि आलोचना, टिप्पणी वा गुनासो राखेनन् । त्यतिबेला स्वयं महामंत्री प्रचण्डसमेत छक्क परेका थिए ।

नेताको कमजोरी लुकाई रहने, भन्न हिम्मत नगर्ने, भन्दा बोल्दा नेता रिसाउँछन् भन्ने ठान्ने, थुप्रै कमजोरी कार्यकर्ताहरूमा रहेको छ भने आलोचना गर्ने व्यक्तिलाई नेताले घटुवा गर्ने, निष्काशन गर्ने, अनि उपेक्षा गर्ने प्रवृत्ति पनि नेताहरूमा छ । रूपान्तरण हुन नसकेको आरोपमा आलोचना गर्ने कार्यकर्तालाई लाखापाखा लगाइन्छ । राजविक्रम राई र रूद्र तिमल्सिनामाथिको सफाया र कार्वाही यही कारणले भएको हो ।

यसप्रकार माओवादी संगठनमा आलोचनात्मक संस्कारको कमी प्रशस्त छ । छापामारहरू अपरिपक्व छन् र कार्यकर्ताको सैद्धान्तिक स्तर अति निम्न छ । "युद्ध नेताको इच्छा र जनताको बाध्यतामा" अगाडि बढेको छ । माथिको आदेश माओवादीको निर्णय प्रणाली हो भने, नोकरशाही केन्द्रियता माओवादी संगठनको स्वरूप हो ।

यो गैर मार्क्सवादी चिन्तन पद्धति हो ।

माओवादी जनयुद्ध किन यसरी विस्तारित हुँदैछ त ? त्यहाँ कुन त्यस्तो तत्व छ ?


माओवादीहरू आफू असल भएर विस्तारित भएका होइननन्, यो पूँजीवादी शासनको खराबीका कारण विस्तारित देखिएको मात्र हो । तर माओवादीको एउटा पक्ष चाहिं प्रशंसनीय छ- कार्यकर्तामा मृत्युलाई अत्यन्त सहज ढंगले वरण गर्नसक्ने संस्कार निर्माण भएको छ । मृत्यु सार्वभौम सत्य हो । देश र जनताको लागि हामीले मर्नुपर्दछ भन्ने अवधारणाका आधारमा मृत्युलाई गौरव ठान्ने परिपाटी त्यहां छ । मर्न पाए जाति हुन्थ्यो भन्ने, बाँचेर के पो हुन्छ र भन्ने एक प्रकारको निरासावादी जीवन पद्धतिले त्यहां घर गरेको छ । यस्तो नकारात्मक मृत्युमुखी जीवनधारणा तल्लो तहका आम कार्यकर्तामा आएको कुरा हो । त्यहाँ तल्लो तहमा क्रान्तिकारी भावना प्रवल रूपमा रहेको छ, यो अर्को सकारात्मक कुरा हो । दुःख कष्टलाई अकल्पनीय रूपमा वहन गर्नसक्ने क्षमता माओवादी कार्यकर्ता र छापामारमा छ । शहरमा बस्ने सामान्य बौद्धिकले युद्धको कष्टदायी जीवनको संभवतः परिकल्पना पनि गर्न सक्दैनन् । संघर्ष, शौर्य तथा बलिदानी भावना उल्लेखनीय ढंगले विकास भएको छ । सैन्य क्षमता बढेको छ । तर जननीति माओवादीमा ठ्याप्पै छैन । जनवर्गीय संगठन छैन । माओवादीसित कि त छापामार छन्, कि त सामान्य समर्थक जनता मात्र ।

यो त्यहाँभित्र अत्यन्त प्रवल रूपमा खड्किएको कुरा हो । ❑

◀ संक्षेप

**वि**भिन्न समूहमा विभाजित नेपाली कम्युनिष्ट आन्दोलनमा बेला बेलामा एकता-प्रक्रिया पनि चल्ने गरेको छ । नेकपा (मसाल) र नेकपा (एकताकेन्द्र) बीच त्यस्तै प्रक्रिया विगत दुई वर्ष अगाडिदेखि चलिरहेको छ । त्यसैले 'संक्षेप' स्तम्भ अन्तरगत हामीले यसपटक नेकपा (मसाल) का पोलिटव्यूरो सदस्य चित्रबहादुर के.सी.सँग यही विषयमा संक्षिप्त वार्ता गर्‍यौं ।

– सम्पादक ।



क. चित्रबहादुर के.सी.

# मसाल फूटपरस्त होइन

*+ मसाल र एकताकेन्द्रबीच चलिरहेको एकता-प्रक्रिया यतिबेला कहाँ पुगेको छ ?*

– अहिले हामीहरु दुईथरिको बीचमा भएका सैद्धान्तिक, राजनैतिक र केही सांगठनिक मतभेदहरुका बारेमा छलफलहरु चलाईराखेका छौं ।

*+ एकीकरणको प्रक्रिया कहिलेसम्म पूरा होला ?*

– एकीकरण कहिलेसम्म होला अथवा होला कि नहोला म अहिले त्यो कुरा भन्न सक्दिनँ । तर पार्टी एकता हुनेमा म आशावादी छु ।

*+ आशावादी हुनुपर्ने कारणहरु के के हुन् ?*

– आशावादी हुनुपर्ने सबभन्दा पहिलो कारण त केही समय पहिले हामी दुईथरि एउटै पार्टीमा थियौं । कतिपय साथीहरुले दुवैतिरबाट अहिले स्वीकारी सक्नुभएको छ – त्यसबेला फुटिहाल्नु पर्ने खासै स्थिति थिएन । विगतको इतिहासलाई अहिले मूल्यांकन गर्दाखेरि तात्कालीन कार्यनैतिक सवालमा नै हाम्रो फूट भएको देखिन्छ । त्यसैले फुट्नु पर्ने औचित्य नभएको बेलामा पनि फूट भएको भन्ने कुरा अहिले दुइथरिलाई नै महसूस भएको हो । यो राम्रो पक्ष हो । यिनै कारणले गर्दा पार्टी एकता हुने कुरामा म आशावादी छु ।

*+ एकताकेन्द्रबाहेक अरु कम्युनिष्ट घटकहरुसँग एकता हुने संभावना चाहिं छ कि छैन ?*

– अरुसँग चाहिं हामीले एकताको संभावना अहिले त्यति देखेका छैनौं । त्यसैले अरुसँग वार्ता पनि चलाइएको छैन ।

*+ तपाईहरु दुवैथरिले राष्ट्रिय जनमोर्चा र संयुक्त जनमोर्चा मिलाएर बनाएको राष्ट्रिय जनतान्त्रिक मोर्चाको काम चाहिं किन प्रभावकारी नदेखिएको हो ?*

– राष्ट्रिय जनतान्त्रिक मोर्चाको माध्यमबाट मेची-महाकालीको विषयमा हामीले देशव्यापी रुपमा आन्दोलन संचालन गर्‍यौं । त्यो आन्दोलन प्रभावकारी भयो । त्यसैले दुईमोर्चा बीचको एकताको औचित्यता अहिले पनि यथावत् छ ।

## *मसाल र एकताकेन्द्रबीच चलिरहेको एकता-प्रक्रिया यतिबेला कहाँ पुगेको छ ?*

*+ तर राष्ट्रिय जनतान्त्रिक मोर्चाको त्यस्तो कामको निरन्तरता त देखिएन नि ?*

– हामी दुवैथरि नौ वाममा सामेल भयौं । नौ वामका कार्यक्रमहरुलाई पनि अगाडि बढाउनु पर्ने र पार्टीका आ-आफ्ना कार्यक्रम पनि चलाउनु पर्ने भएको हुनाले केही समय यसको काम स्थगित भएको मात्र हो । यो फेरि क्रियाशील हुनेछ ।

*+ खुला मोर्चाहरु बीचको एकता त त्यति प्रभावकारी हुन नसकेको स्थितिमा पार्टीबीच एकता भएछ भनेपनि त्यो कसरी प्रभावकारी हुन सक्ला त ?*

– पार्टीसितको एकताले नै सबै कुराको निर्णय गर्दछ । खुलामोर्चा र जनवर्गीय संगठनहरु भनेको पार्टीका नीति तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्ने अंगहरु मात्र हुन् । त्यसकारण मूख्य सवाल पार्टी एकताको नै हो । पार्टी एकता भएपछि पार्टी अन्तरगतका खुलामोर्चाहरु स्वतः प्रभावशाली हुन्छन् ।

*+ एकता-केन्द्रसँग पार्टी एकताको प्रक्रियाशुरु भएपछि नै मसालका प्रभावशाली व्यक्ति दिनानाथ शर्मा पार्टीबाट उछिट्टिएर बाहिर जानुभयो । यो प्रक्रिया पूरा हुन्जेलसम्ममा अर्को असन्तुष्ट तप्का मसालबाट उछिट्टिएर बाहिर जाँदैन भन्ने के ग्यारेन्टी छ ?*

– पार्टी भनेको एउटा सिद्धान्त, नीति, कार्यक्रममा आधारित भएर समाजमा परिवर्तन ल्याउने राजनीतिक संगठन हो । त्यो संगठनभित्र विभिन्न खाले मान्छेहरुको प्रवेश हुन्छ । जति मान्छेहरु पार्टीमा प्रवेश गर्छन्, ती सबै सधैं त्यही पार्टीमा बसिरहन्छन् कि बसिरहँदैनन् भन्ने कुरा हाम्रो पार्टीको मात्रै प्रश्न होइन । पार्टीलाई एउटा एक्सप्रेस गाडी संझनुस् । ऊ आफ्नो गन्तव्यमा गइरहन्छ । त्यसमा बीचबीचमा कुन पेसेन्जर चढ्छ, कुन उत्रिन्छ भन्ने कुराले महत्व राख्दैन । सग्लो पार्टी गाडीजस्तै आफ्नो गन्तव्यमा जान्छ कि जाँदैन भन्ने प्रश्न नै महत्वपूर्ण हो ।

*+ मसाल र एकता-केन्द्रबीच एकता भएछ भने त्यसले नेपालको कम्युनिष्ट आन्दोलनलाई कस्तो असर पार्ला ?*

– दीर्घकालीन रुपमा सशस्त्र संघर्षद्वारा नै नेपाली जनताको राज्यसत्ता स्थापना गर्न सकिन्छ भन्ने कुरामा मसाल र एकताकेन्द्र दुवैले विश्वास गर्छन् । अहिलेको स्थितिमा सशस्त्र संघर्ष प्रधान होइन, जन-संघर्ष प्रधान हो भन्ने हाम्रो ठहर छ । उग्रवामपन्थी र दक्षिणपन्थी गलत बाटाहरुको बिकल्प नै हामीले अख्तियार गरेको यही कार्यदिशा हो । त्यसैले यी दुई पार्टी एक भए भने त्यसले मुलुकको नयाँ जनवादी क्रान्तिलाई धेरै सघाउ पुऱ्याउँछ । र, यसैले एउटा निर्णायक भूमिका खेल्छ भन्ने कुरामा मलाई विश्वास छ ।

*+ यतिन्जेल नेकपा (मसाल)को छवि चाहिं 'फूटपरस्त' किन देखिएको हो ?*

– सबै पार्टीहरुमा मानिसहरु आउने जाने गर्छन् । अरु पार्टीमा मानिसहरु आउने जाने गरेको प्रायः वास्ता हुन्न । मसालबाट निस्केर जानेहरुलाई चाहिं धेरै हाइलाइट गरेर प्रचार गरिन्छ । तर मसालभित्र सामेल हुनेहरुलाई चाहिं हामीले प्रचार गरेनौं । त्यसैले हाम्रो छवि फुटपरस्तजस्तो देखिएको होला, वास्तवमा हामी फुटपरस्त होइनौं ।

*+ यतिन्जेल मसालभित्र सामेल भएकाहरुचाहिं को को हुन् त ?*

– मसाल एउटा भूमिगत पार्टी भएकोले यसभित्र सामेल भएका व्यक्तिहरुको बारेमा हामीले सार्वजनिक रुपमा भन्न मिल्दैन । ❑

# जब टि.भि.मा 'आकर्षक' औषधिहरूको प्रसार गर्न थालिन्छ

## डा. सुशील कोइरालासँगको ताजा कुराकानी

आजभोलि नेपाल टेलिभिजनबाट एकथरि विवादास्पद विज्ञापन प्रसारित भइरहेको छ । विशेष समय लिएर टिभी सपद्वारा प्रसारित त्यस विज्ञापनमा शरीरमा भएको बोसो पगालेर शरीर सुडौल पार्ने औषधि (?) Body Vibes (कम्मरमा लाउने पेटी), Relix Fats Fat (खाने क्याप्सुल) Thigh cream भनिएको औषधि (?) Siluet 40 तथा दाँत चम्काउने औषधि (?) भनेर Rapid White जस्ता पश्चिमेली उत्पादनहरूको प्रचार गरिएको छ । यो विज्ञापनबाट आकर्षित भएर धेरै व्यक्तिले त्यसको उपभोग गर्दा त्यसबाट 'साइड इफेक्ट' भएको कुरा पनि प्रचारमा आउन थालेको छ ।

यसै विषयलाई लिएर ०५६ साल जेठ १ गते 'जनस्वास्थ्य सरोकार ट्रष्ट (फेक्ट नेपाल) ले 'जन-स्वास्थ्य र आमसंचार विषयमा एक अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको थियो । त्यस अन्तरक्रिया कार्यक्रमा डाक्टरहरू, पत्रकारहरू, मानव अधिकारवादीहरू तथा उपभोक्ता मञ्चका पदाधिकारीहरू उपस्थिति थिए ।

त्यस अन्तरक्रिया कार्यक्रममा टिभी सपद्वारा प्रचार गरिएका ती बस्तुहरू औषधि हुन् वा होइनन् भनी प्रमाणित नै नगरी सोझै सरकारी संचार माध्यमद्वारा विज्ञापन गरिएकोमा सहभागीहरूले आपत्ति जनाएका थिए । चिकित्सकको सल्लाह नै नलिई सोझै प्रयोग गर्न सकिने भनी आकर्षक रूपमा विज्ञापन गरिएका ती बस्तुहरूको प्रयोगबाट मानिसहरूमा प्रत्यक्ष प्रतिकूल असर पर्न थालेको कुरा पनि त्यहाँ औंल्याइएको थियो । स्वास्थ्यकर्मीहरू तथा मानव अधिकारवादीहरूले त्यस्ता बस्तुहरूको विज्ञापन भएकोमा गम्भीर आपत्ति जनाएका थिए ।

त्यसै अन्तरक्रियामा Relix Fats Fat उपभोग गरेकी एकजना उपभोक्ता एलिजा कार्की पनि उपस्थिति थिइन् । T.V. सपको विज्ञापनबाट आकर्षित भएर त्यो औषधि किनेर खानथालेको कुरा उनले त्यहाँ बताइन् । त्यो क्याप्सुल खाएको १ महिनापछि ५ के.जि.तौल घट्ने, १० दिन खाएपछि २/३ के.जि. तौल घट्ने भनिएकोमा १५ दिन खाँदा पनि पटक्कै तौल नघटेको कुरा उनले बताइन् । बरू त्यसबाट रिंगटा लाग्ने, पेट पोल्ने तथा आँखाको वरिपरि कालो देखिन थालेको कुरा पनि उनले बताइन् । कुनै संस्थाले सहयोग गरेमा मुद्दासमेत हाल्न इच्छुक भएको कुरा पनि उनले त्यहाँ बताएकी थिइन् ।

त्यस कार्यक्रमा डा. भरत प्रधान, डा. सुशील कोइराला, डा. बसन्त पन्त, डा. क्षितिज बराकोटी, डा. हरिप्रसाद पोखरेल, डा.अरूणा उप्रेती, उपभोक्ता मञ्चका महासचिव प्रेमलाल महर्जनले विज्ञापनबाट प्रभावित भएर औषधिको उपभोग गरेका र त्यसबाट पीडा भोगिरहेका व्यक्तिले क्षतिपूर्ति पाउनुपर्ने तथा त्यस्ता विज्ञापनहरू प्रचार गर्न नहुने कुराको माग गर्नुभएको थियो । कार्यक्रमको संचालन डा. शरद वन्तले गर्नुभएको थियो ।

त्यसै कार्यक्रममा डा. सुशील कोइरालाले डाक्टरहरूले उपचार गर्न नसकेको तर यी उत्पादनहरूले बिना साइड इफेक्ट तुरून्त उपचार हुनसक्ने भनेर T.V. सपबाट दिइरहेको विज्ञापनबाट जनतामा भ्रमहरू पर्न गएको कुरा बताउदै त्यस्तो खालको विज्ञापन प्रचार गर्न नहुने कुरा उल्लेख गर्नुभयो ।

जन-स्वास्थ्यलाई नै हानी गर्ने खालका यस्ता विज्ञापनहरू रोक्ने उपाय के हुनसक्छ भन्ने कुरालाई लिएर डा. सुशील कोइरालासँग मूल्यांकनले कुराकानी गरेको छ । यहाँ त्यही कुराकानीको सारांश प्रस्तुत गरिएको छ ।

– विष्णुदेवी श्रेष्ठ

**◉ अहिले टेलिभिजनमा Rapid White, Body Vibes, Relix Fats Fat जस्ता विज्ञापनहरू प्रचार गर्न थालिएको छ र छापाहरूमा पनि यस्ता विभिन्न उपचारहरू बारेमा विज्ञापनहरू आइरहेका छन् । त्यस्ता विज्ञापनहरूबाट जनतालाई भ्रममुक्त पार्न डाक्टरहरूको के भूमिका रहन्छ ?**

– हामी चिकित्सकहरूको भूमिका भनेको सरकार र जनतालाई त्यस्ता विज्ञापनहरूबाट सजग गराउन सक्नेमात्र रहेछ । ने.टि.भि.मा प्रसार गरेको 'Rapid White' को विज्ञापनबाट प्रभावित भएर 'त्यसको प्रयोग गर्न हुन्छ ?' भनेर केही व्यक्तिहरू मकहाँ सोध्न आए । मैले पनि विज्ञापन हेरेँ । त्यस विज्ञापनमा विना 'साइड इफेक्ट' र डाक्टरहरूको सल्लाहविना नै ती औषधिहरू प्रयोग गर्न हुने र डाक्टरहरूले गर्न नसक्ने उपचार त्यसले गर्न सक्ने कुरा उल्लेख गरिएको थियो । साइड इफेक्ट नै नभएको भन्ने कुरा गलत हो । साइड इफेक्ट नभएका औषधिहरू प्रायः हुनै सक्दैनन् । त्यस्ता औषधिहरू जथाभावी प्रयोग गरेमा त्यसले मानिसको स्वास्थमा खराब असर पर्छ । त्यसैले हामीले त्यसबाट जनताको स्वास्थ्यमा खराब असर नपरोस् भन्नाको लागि त्यसले गर्न सक्ने खराब असरहरू उल्लेख गरेर त्यो विज्ञापन बन्द गर्नुपर्ने माग गरेका थियौं । दन्त चिकित्सकहरूको 'Nepalese Academy of Cosmetic and Asthetic Dentestry' नामको संस्थामार्फत् ०५६ साल माघमा मैले नै एउटा चिट्ठी जिल्ला अधिकारीका नाममा पठाएको थिएँ । त्यसको बोधार्थ मैले स्वास्थ्य विभाग, औषधि ब्यवस्था विभाग, ने.टि.भि., राष्ट्रिय समाचार समिति आदिमा दिएँ । यो कुरा पत्रपत्रिकामा पनि प्रकाशित भयो । त्यसको केही समयपछि त्यो विज्ञापन बन्द पनि भयो । तर अहिले फेरि ने.टि.भि.मा जस्ताकोतस्तै त्यो विज्ञापन दिन थालेको छ । टिभिमा बिज्ञापन रोकिएको समयमा टिभि सपको मालिक मकहाँ आएर लिखित प्रतिक्रिया माग्नुभयो । त्यसबीचमा हामीले अरू पनि केही गर्न सक्छौं कि भनेर धेरै ठाउँमा बुझ्यौं । तर हाम्रो केही अधिकार रहेनछ । चिकित्सकको नाताले सरकार र जनतालाई सजग गराउन सक्ने मात्र रहेछौं । त्यो काम गरिसक्यौं । अब ठोस कदम चाल्नु पर्ने जिम्मा सरकार, उपभोक्ता मञ्च र औषधि विभागको हो । तर, उनीहरू 'उजुरी परेपछि मात्र काम गर्नसक्ने' कुरा बताउँछन् । मान्छे मरिसकेपछि कसले उजुरी गर्ने ?

**◉ यस्ता खालका विज्ञापनहरू रोक्न श्री ५ को सरकारको कस्तो नीति हुनुपर्छ ?**

– नेपालमा भित्र भित्र कति नियमहरू बनिसकेका पनि हुँदारहेछन् । तर त्यसको कार्यान्वियन भने हुँदैन । कोही कराउन गयो भने मात्र 'नियम त छ' भनेर कानूनको ढड्डी पल्टाएर देखाउँछन् । मलाई के लाग्छ भने, स्वास्थ्यसँग सम्बन्धित विज्ञापन प्रचार गर्न योग्य छ कि छैन भनेर जाँच्ने विभिन्न विशेषज्ञहरू भएको एउटा स्वतन्त्र कमिटी हुनुपर्छ । स्वास्थ्यलाई प्रत्यक्ष असर पार्ने खालका विज्ञापनहरू प्रसार गर्नुभन्दा पहिला त्यो कमिटीबाट सेन्सर हुनुपर्छ । तर सेन्सर गर्ने नाममा अनुमति दिन धेरै समय लगाउनु भने हुँदैन ।



– डा. सुशील कोइराला–

*केही व्यक्तिहरू मकहाँ सोध्न आए । मैले पनि विज्ञापन हेरेँ । त्यस विज्ञापनमा विना 'साइड इफेक्ट' र डाक्टरहरूको सल्लाहविना नै ती औषधिहरू प्रयोग गर्न हुने र डाक्टरहरूले गर्न नसक्ने उपचार त्यसले गर्न सक्ने कुरा उल्लेख गरिएको थियो*

अहिले त जस्तोसुकै विज्ञापन लिएर गए पनि पत्रिकाले छाप्छ । किनभने धेरैजासो पत्रिका विज्ञापनमै अडेका हुँदारहेछन् । जस्तोसुकै नाम चलेका पत्रिकाहरूले पनि जथाभावी

विज्ञापनहरू छापिरहेका पाइन्छन् । आयुर्वेदको नाममा हरबलको साइड इफेक्ट हुँदैन, कपाल भरे पैसा फिर्ता, जस्ता खालका जे पनि विज्ञापनहरू छापिएका छन् ।

यस्ता विज्ञापनहरूलाई रोक्ने सरकारी नीति हुनुपर्छ । नीति भएर मात्र पुग्दैन, कडा खालका कानूनहरू पनि चाहिन्छ । स्वास्थ्यलाई नै हानी पार्ने खालका विज्ञापन गरियो भने विज्ञापन दिने र छाप्ने दुवैलाई कडा सजायँको व्यवस्था हुनुपर्छ । २/४ जनालाई सजायँ गरियो भने यो समस्या समाधान हुन्छ जस्तो मलाई लाग्छ ।


**◉ अहिले सरकारले कस्तो नीति अपनाइरहेको छ त ?**

- अहिले सरकारको नीति भए पनि नभए सरह छ । स्वास्थ्यलाई हानी पुग्ने खालको विज्ञापन भैरहेको छ । तिनीहरूलाई कारवाही हुँदैन । यस्तो स्थितिमा कसरी नीति छ भन्ने ? यी कुराहरूबाट के महसूस भयो भने, यस्ता खालका विज्ञापनहरू रोक्न सरकारलाई जन-दवाव नै दिनुपर्ने भयो । जन-दवाव दिनको लागि त जनताहरू सचेत हुनुपर्‍यो ।

**◉अब जनता सचेत पार्न डाक्टर तथा पत्रकारहरूको कस्तो भूमिका हुनसक्छ ?**

- जन-चेतना जगाउने भनेर खोलिएका संस्थाहरूप्रति भने मलाई विश्वास लाग्दैन । किनभने मैले धेरै भोगिसकेको छु । जन-चेतना जगाउने भनेर संस्थाहरू खोलिन्छन्, संस्था बलियो नभएसम्म काम पनि हुन्छ । तर जब संस्था बलियो हुनथाल्छ, अनि त्यहाँ राजनीतिकरण हुन थाल्छ, त्यहाँ रहेका मानिसहरू आ-आफ्नो राजनैतिक स्वार्थ पूरा गर्नेतिर उन्मुख हुन थाल्छन् ।

त्यसैले मलाई लाग्छ, जनचेतना जगाउने काम संस्थागत रूपमा मात्र संभव छैन, प्रत्येक व्यक्तिले गर्नुपर्छ । व्यक्ति व्यक्तिबाट प्रयास हुनुपर्छ । उपभोक्ता आफैं पनि जन-चेतना जगाउने काममा संलग्न हुनुपर्छ । जसले यस्ता कुनै बस्तु उपभोग गरेको छ र त्यसले खराब असर गरेको छ भने त्यसले कराउनु पर्‍यो । उजुरी हाल्नुपर्‍यो । यसरी ७/८ जना व्यक्तिले उजुरी हाल्यो र कारवाही हुनथाल्यो भने जनताहरूले बुझ्न थाल्छन् । डाक्टरहरूले चिकित्साको क्षेत्रबाट, पत्रकारहरूले पत्रिकाको क्षेत्रबाट, व्यक्तिहरूले आ-आफ्नो क्षेत्रबाट कराउनु पर्‍यो । त्यस्तै, श्री ५ को सरकारभित्र पनि त्यस्ता विज्ञापनहरूको बारे छानवीन गर्ने एउटा अनुगमन समिति बन्नुपर्‍यो । ❑




# नेटोको विरुद्ध ग्रीक जनताको प्रदर्शन

**सानो राष्ट्रका मानिसहरूले पनि सचेत, संगठित र संघर्षशील भएर ठोस काम गरेमा त्यसको महत्व विश्वव्यापी हुँदोरहेछ**

सानो राष्ट्रका मानिसहरूले पनि सचेत, संगठित र संघर्षशील भएर ठोस काम गरेमा त्यसको महत्व विश्वव्यापी हुँदोरहेछ । यो कुरा यूरोपको एउटा सानो राष्ट्र ग्रीसका जनताले साम्राज्यवादका विरूद्ध चलाइरहेको सडक-संघर्षको विश्वव्यापी प्रचार र प्रभावले देखाइरहेको छ ।

साम्राज्यवादको हिंस्रक आक्रमण र अमानवीय क्रियाकलापहरूका विरूद्ध ग्रीक जनताले लगातार संघर्ष गर्दै आइरहेका छन् । केही महिना अगाडि मात्रै साम्राज्यवादी विश्वको नाइके विल क्लिन्टनले ग्रीसलगायत यूरोपका देशहरूमा गरेको भ्रमणका विरूद्ध उनीहरूले ठूलो परिमाणमा सडक-संघर्ष चलाएका थिए । पटक-पटक सडक र शहर ठप्प पार्न सफल भएका जुझारू ग्रीक जनताले क्लिन्टनको भ्रमणताका प्रहरी र सैनिकहरूसँग भिडेर साम्राज्यवाद-विरोधी झण्डालाई उँचो बनाइराखेका थिए ।

त्यसको लगत्तै साम्राज्यवादी विश्वको सैनिक गठबन्धन-नेटोले बाल्कन क्षेत्रमा गरेको उत्तेजक सैनिक अभ्यासको विरोध गर्न र नेटोको आक्रमणको शिकार भएको युगोस्लाभियाप्रति ऐक्यवद्धता जनाउन ग्रीसमा विशाल जन-प्रदर्शनहरू भएका खबरहरू प्राप्त हुनथालेका छन् । 'द न्यू वर्कस'ले दिएको समाचारअनुसार हजारौंहजार ग्रीक जनताले गत चैत्र ११ गते राजधानी एथेन्सस्थित अमेरिकी राजदूतावास अगाडि विशाल प्रदर्शन गरेका छन् । सो प्रदर्शन युगोस्लाभियाविरूद्ध नेटोले चलाएको युद्धको प्रथम वार्षिकीको सन्दर्भमा शान्तिको आह्वानसहित आयोजना गरिएको थियो । ग्रीसको कम्युनिष्ट पार्टी (KKE) लगायत अरू वामपन्थी संगठनहरू र ग्रीक कम्युनिष्ट यूथ मुभमेन्टका कार्यकर्ता र समर्थकहरूको समर्थन र सहभागितामा सो प्रदर्शन भएको थियो ।




अमेरिकाको नेतृत्वमा नेटोले युगोस्लाभियामाथि गरेको बमवर्षाको प्रथम वार्षिकीको सन्दर्भमा न्यूयोर्कवासीहरू विरोध गर्दै

प्रदर्शनमा प्रहरीहरूको घेरा तोडेर सहभागी भएका ग्रीक जनताले अमेरिकी दूतावास अगाडि अमेरिकी झण्डा जलाउनुका साथै अमेरिकी साम्राज्यवाद र त्यसको नेतृत्वमा संचालित नेटोको विनाशका लागि संघर्षरत रहन अपील गरिएको थियो ।

त्यसको तीन दिन अगाडि मात्रै KKE का कार्यकर्ताहरू र नेटोविरोधी अन्य वाम-कार्यकर्ताहरूले नेटोका सैनिकहरूका लागि हातहतियार र अन्य सामानहरू लगिरहेका सैन्य बाहनहरूमाथि आक्रमण गरेका थिए । नेटोले युगोस्लाभियाबाट अलग्याउन खोजिरहेको- कोसोभोमा हातहतियार र सैन्य सामानहरू लिएर गइरहेका २५ वटा बाहनहरूमध्ये ७ वटा क्षतिग्रस्त भएको खबर छ । कोसोभोको नजीकै रहेको उत्तरी ग्रीक शहर-थेसालोनिकिको बन्दरगाहतिर गइरहेका सैन्य बाहनहरूमाथि आक्रमण भएपछि धेरैजसो बाहनहरू फर्कन वाध्य भएका थिए ।

शान्ति आन्दोलन चलाइरहेका ग्रीक जनताले नेटोको सदस्य राष्ट्रमा रहेका ग्रीसका सैनिकहरू युगोस्लाभियाबाट तत्काल फिर्ता गरिनु पर्ने र ग्रीसमा रहेको नेटोको सैनिक अखडा बन्द गरिनु पर्ने माग बुलन्द गरिरहेका छन् । उनीहरूले अमेरिका र नेटोका आक्रामक क्रियाकलाप-हरूलाई समर्थन र सहयोग गरिरहेको ग्रीक सरकारको पनि कडा भर्त्सना गरिरहेका छन् । ❑

◄ विश्व कम्युनिष्ट आन्दोलन



एलियान गोञ्जालेजको मुक्तिको लागि प्रदर्शन गरिरहेका हज्जारौं क्यूबाली आमा र हजूरआमाहरूको सभालाई सम्बोधन गर्नका लागि उपस्थित भएका राष्ट्रपति क. फिडेल क्यास्त्रो । साथमा एक बालक लाजारो क्यास्टिलो

# अमेरिकी साम्राज्यवादविरूद्ध दशौं लाख क्यूबालीहरू सडकमा

## *बालक एलियानको मुक्ति र समाजवादको निरन्तरता*

अमेरिकी साम्राज्यवादको अमानवीय प्रवृत्ति र आक्रामक व्यवहारका विरूद्ध ४१ वर्षदेखि निरन्तर लडिरहेको सानो देश क्यूबाका दशौं लाख जनताले सडक-सडकमा उत्रेर निकै जोश-जाँगर र आक्रोशका साथ मे दिवस मनाए । २० लाख जनसख्या भएको राजधानी हवानामा मात्रै १५ लाख हवानावासीहरूले स्वतःस्फूर्त रूपमा सडकमा उत्रेर आफ्ना प्रिय राष्ट्रपति क. फिडेल क्यास्त्रोसँग काँधमाकाँध मिलाएर आकाश नै थर्काए - 'अमेरिकी साम्राज्यवादको नाश होस् ! एलियान गोञ्जालेजलाई मुक्त गर !! समाजवाद र क्रान्ति चिरञ्जीवी हुनेछ !!!'

क्यूबामा यस पटक विश्वकै सबैभन्दा ठूलो मे दिवस भन्न सुहाउने खालको अन्तर्राष्ट्रिय श्रमिक दिवस मनाइएको छ । यो त क्यूबाकै सन्दर्भमा पनि विगतका मे दिवसहरूको तुलनामा निकै भव्य, विशाल र महत्वपूर्ण सावित भएको छ । हवानामा मात्रै ७५ प्रतिशत हवानावासीहरू सडकमा उत्रेको र अन्य गाउँ र शहरहरूमा पनि लाखौं क्यूबालीहरू सडकमा उत्रेर अमेरिकी साम्राज्यवादविरूद्ध निर्भिकतासाथ उभिएको खबर छ । यस बर्ष एलियान गोञ्जालेज नामक सानो बालकलाई अमेरिकामा बन्दी बनाएर राखिएको सवालमा अमेरिकी साम्राज्यवादसँग क्यूबालीहरूले ५ महिनाभन्दा बेसी समयदेखि संघर्ष गर्दै आएका छन् । (यससम्बन्धी विस्तृत रिपोर्ट गताकको 'मूल्यांकन'मा छापिएको छ) । आफ्नो मन-खुशी अनुसार क्रान्ति गरी समाजवादको निर्माण गरिरहेका क्यूबालीहरूलाई अमेरिकी साम्राज्यवादले पटकपटक सैनिक आक्रमण गर्ने र कठोर आर्थिक नाकाबन्दीको पाशो लगाउँदै आइरहेको सन्दर्भमा बालक एलियान गोञ्जालेजको अपहरणको घटनाले क्यूबालीहरूको आक्रोशको बाँध फुटाइदिएको छ । यसले गर्दा पनि उनीहरूले मे दिवसको अवसर पारी सडकमा उत्रेर आफ्नो आक्रोश पोखेका छन् - 'अमेरिकी साम्राज्यवाद, एलियानलाई मुक्त गर !'

त्यसैले, यस पटकको मै दिवसलाई दुईवटा जल्दाबल्दा राष्ट्रिय सवालहरूमा केन्द्रित गरिएको थियो - एउटा हो, अमेरिकी साम्राज्यवादको चंगुलबाट एलियानलाई मुक्त गर्नका लागि संघर्षलाई जारी राख्ने । अर्को हो, अमेरिकाको निर्देशनमा संयुक्त राष्ट्रसंघीय मानवअधिकार आयोगमा क्यूबाविरूद्ध गरिएको मतदानको विरोध गर्ने ।

सबैलाई थाहा छ, क्यूबाविरूद्ध गरिएका आफ्ना घृणित अपराधहरूलाई छोपछाप गर्न अमेरिकाले सो आयोगलाई हातमा लिने प्रयास गर्दै आएको छ । यसै सन्दर्भमा, अप्रिलमा क्यूबाले मानवअधिकार हनन गरेको भन्ने आरोपमा भएको उक्त मतदानमा क्यूबालाई झिनो अन्तरले पराजित गरिएको थियो ।

क्यूबामा अहिले काम गरिखाने श्रमिकहरूको हातमा सरकार र शक्ति छ, त्यसैले मे दिवसलाई उनीहरूले सामान्य सरकारी विदाको रूपमा मनाउनुको सट्टा आफ्नो खुशी र आक्रोस पोख्ने ऐतिहासिक अवसरको रूपमा उपयोग गर्दै आएका छन् । उनीहरूले मे दिवसलाई विश्वभरिका गरिखाने जनताको संघर्षप्रति ऐक्यवद्धता जनाउने सुवर्ण अवसरको रूपमा पनि प्रयोग गर्दै आएका छन् । यसमा क्यूबाका सबै तप्काका जनताको अपार सहभागिता हुँदै आइरहेको छ ।

यस पटकको मे दिवसमा पनि मजदूर, विद्यार्थी, बालबालिकादेखि बूढाबूढीहरूले समेत जुलूसमा सहभागिता जनाए । जुलूसमा राष्ट्रपति फिडेल क्यास्त्रो पनि अन्य सामान्य क्यूबालीहरू जस्तै क्यूबाली झण्डा बोक्दै विनाअंगरक्षक, विनाहातहतियार भीडमै मिसिएर नारा लगाउँदै हिंडेका थिए । क्यूबाली जनताका वास्तविक नेता फिडेल क्यास्त्रोले जनता सँगसँगै क्रान्ति गर्ने, समाजवादको निर्माण गर्ने र अमेरिकी साम्राज्यवादसँग टक्कर लिने कार्य गर्दै आएका हुनाले उनमा कसैको डर-भय थिएन ।

रिभोल्यूशन प्लाजाबाट विशाल जन प्रदर्शन हुनुअघि ७४ वर्षका वृद्ध नेता फिडेल क्यास्त्रोदेखि लिएर १० वर्षकी विद्यार्थी लिलियान तापानेजसम्मले सम्बोधन गरेका थिए । ३० लाख सदस्य संख्या भएको 'क्यूबन वर्कर्स फेडरेशन' (CTC) का महासचिव पेद्रो रोजा लियलले

*२० लाख जनसंख्या भएको हवानामा मात्रै १५ लाख हवानावासीहरूले आफ्ना प्रिय राष्ट्रपति क. फिडेल क्यास्त्रोसँग काँधमाकाँध मिलाएर आकाश नै थर्काए - 'अमेरिकी साम्राज्यवादको नाश होस् !'*

क्यूबाली राष्ट्रिय गीतको समाप्तिपछि मे दिवसको समारोह औपचारिक रूपमा शुरू भएको घोषणा गर्दै प्रभावशाली सम्बोधन गरेका थिए ।

लाखौं मजदूर, विद्यार्थी र सामान्य जनलाई सम्बोधन गर्दै मजदूर नेता रोजा लियलले भने – 'मे दिवसको सुअवसरमा हामी संघर्षको कहिल्यै नभुक्ने झण्डालाई अझ उँचो, अझ दरिलो ढंगले उठाउने छौं, विश्वभरिका शोषित उत्पीडित जनताको मुक्तिप्रतिको ऐक्यवद्धताको आवाजलाई अझ सशक्त ढंगले घन्काउनेछौं । क्यूबा आफ्ना क्रान्तिकारी विचारहरूबाट कहिले पनि डग्ने छैन र असहनीय एकध्रुवीय विश्व व्यवस्था विरूद्ध विद्रोह गरिरहेका र न्यायका लागि लडिरहेका जनताहरूसंग काँधमाकाँध मिलाइरहने छ । हो, यहीं हामीले एउटा समाजवादी क्रान्ति गरेका थियौं, यो क्रान्ति निरन्तर जारी रहनेछ । हो यहीं श्रमिकहरूको सत्ता स्थापना गरेका थियौं ...... यो श्रमिक सत्ता स्वतन्त्रता, मानवता र समाजवादको कहिले पनि ध्वस्त नहुने विचार र आचरणका साथ सदियौं सम्म टिकिरहनेछ ।'

## अधिकारबिनाका मानव र अमेरिकी मानव अधिकार

सो समारोहलाई संबोधन गर्दै विदेशी अतिथि वक्ताहरूले पनि एलियान गोञ्जालेजको मुक्तिको माग गर्दै राष्ट्रसंघीय मानव अधिकार आयोग मार्फत् क्यूबालाई पेल्न खोज्ने अमेरिकी साम्राज्यवादलाई मानव अधिकारको हनन सबैभन्दा बेसी गरेको आरोपमा विश्वको कठघरामा उभ्याउनु पर्ने माग गरेका थिए । आफ्ना जनतालाई अधिकारविनाका मानवहरू बनाउने अमेरिकी सरकारले नै मानव अधिकारको डम्फु बजाई विश्वभरि मानव अधिकारबहालीको निहुँमा हस्तक्षेप गरिहेको आरोप लगाउँदै तिनीहरूले आ-आफ्नो देशका मानव अधिकार अपहरणकर्ता शासकहरूलाई त्यसले आशीर्वाद दिइरहेको तथ्य प्रस्तुत गरें ।

अर्जेन्टिनाको 'ग्रेण्डमदर्स अफ प्लाजा डे मायो' नामक जन संगठनका संस्थापक हेबे डे बोनाफिनिले १९७० मा आफ्नी छोरी लगायत ३० हजार विद्यार्थीहरूलाई हत्या गर्ने फासीवादी सैनिक शासकहरूलाई न्यायको कठघरामा नउभ्याउने, तर समाजवादी क्यूबा विरूद्ध भने मानव अधिकारको हनन्को सवालमा मतदान गर्ने अर्जेन्टिनाका शासकहरूलाई नांगेझार पारिन् । सैनिक शासकहरूद्वारा युवा महिला कार्यकर्ताहरूलाई आफ्ना नवजात बच्चाहरूसँगै अपहरण गरिएको, आमाहरू मारेर फ्याँकिएको दर्दनाक कथा सुनाउँदै हजूरआमा हेबे डे बोनाफिनि र उनका सहकर्मी अरू हजूरआमाहरूले अपहरण गरिएका बच्चाहरू खोज्न, उनीहरूलाई पाल्न, हुर्काउन र बाल-बालिकाहरूको हत्या गर्नेहरूलाई कानूनी सजायँ दिलाउन लामो र कठोर संघर्ष गरेका थिए । यी सबै दुखान्त कथाहरू सुनाउँदै उनले भनिन्, "हाम्रो देशमा प्रत्येक दिन मानव अधिकारको हनन हुन्छ, श्रमिकहरू पिटिन्छन्, जनताहरू भोकले मर्छन्, बच्चाहरूको अपहरण हुन्छ, र असंख्य मानिसहरूको हत्या हुन्छ... यस्तो देशको सरकारलाई मानव अधिकारको कुरा गर्ने अधिकार कसले दियो ? किन यस्तो सरकारले सधैं सधैं अमेरिकी साम्राज्यवादको टेवा पाउंछ ?"

चिलीको कम्युनिष्ट पार्टीका महासचिव ग्लाडीज मेरिनले चिलीबासीहरू समाजवादी क्यूबाको पक्षमा रहेको घोषणा गर्दै भनिन् – "हामी तपाईंहरूको ऐक्यबद्धतालाई कहिले पनि भुल्ने छैनौं... मेरो देशका जनताको संघर्षको पक्षमा, जेलमा बन्द हजारौंहजार चिलीवासीहरूको जीवन रक्षार्थ क्यूबाको ऐक्यबद्धतालाई कहिले पनि भुल्ने छैनौं । १७ वर्षे तानाशाही शासनकालमा यातना दिइएका, जलाइएका, निर्वासित गरिएका, बेपत्ता पारिएका र निर्ममतापूर्वक मारिएका जनता फेरिफेरि उठिरहेका छन्, यो जागरणलाई अब कसैले पनि निमोठ्न सक्दैन ।"

***कमरेडहरू, म एक अमेरिकी नागरिक, तपाईंहरूलाई सोध्न चाहन्छु – के तपाईंहरू यस संघर्षबाट थाक्नु भएको हो ?***

***'होइन !!' भीड आकाशै थर्किने गरी चिच्याउँछ ।***

अर्जेन्टिनाका नोबेल शान्ति पुरस्कार विजेता अडोल्फो पेरेज इस्वीभेलले आफ्नो विचार पोख्ने क्रममा भने – "हामी आज यहाँ अमेरिकी सरकार र जनतासँग इलियानलाई छिटोभन्दा छिटो आफ्ना पितासँगै आफ्नो देश फर्काउनका लागि अदम्य आवाज उठाउन उभिरहेका छौं, अब एलियानको मुक्तिलाई कसैले छेकेर छेक्न सक्दैन ।"

इलियानलाई आफ्नो देश फर्काउनका लागि क्रियाशील अमेरिकी राष्ट्रिय समितिका सदस्य, मजदूर नेतृ तथा वर्कर्स वर्ल्ड पार्टीको तर्फबाट अमेरिकी राष्ट्रपतिको चुनावमा उप राष्ट्रपति पदकी उम्मेदवार ग्लोरिया ला रिभाले पनि क्यूबाली जनतालाई सम्बोधन गरेकी थिइन् । उनले सम्बोधनको क्रममा भनिन् – 'एलियानलाई आफ्नो पितासँगै घर फर्काउनु पर्छ भनेर अन्तिम घोषणा गरिसकेपछि पनि किन यसमा अमेरिकी सरकारले ढिलो गरिरहेको छ ? मलाई लाग्छ –केही प्रदर्शनपछि तपाईंहरू थाक्नुहुन्छ भन्ने सोचाइ उसको दिल-दिमागमा छ, केही सडक संघर्षपछि तपाईंहरू आ-आफ्नो काममा, घरमा, स्कूलमा थाकेर फर्कनु हुन्छ भन्ने धारणा लिएर ऊ ढुकिरहेको छ । कमरेडहरू, म एक अमेरिकी नागरिक, तपाईंहरूलाई सोध्न चाहन्छु –



के तपाईंहरू यस संघर्षबाट थाक्नु भएको हो ?

'होइन !!' भीड आकाशै थर्किने गरी चिच्याउँछ । यस्तो प्रत्यूत्तर पाएर ग्लोरिया ला रिभाले थपिन् – 'एलियानको मुक्तिको संघर्ष र समाजवादी क्रान्तिको कहिले पनि मृत्यु हुनेछैन । विश्वका सबैभन्दा आदरणीय व्यक्तित्व र सबैभन्दा प्रिय मानिस कमरेड फिडेलको साहसिक, बुद्धिमत्तापूर्ण र निस्वार्थ नेतृत्वको कारण तपाईंहामीले प्रत्येक मृत्युमुखी विचार र आचरणलाई परास्त गरीछाड्ने छौं ।'

'विश्वमा सबैभन्दा बेसी, सबैभन्दा डरलाग्दो खालको मानव अधिकार हननकर्ता हाम्रै देशमाथि शासन गर्ने अमेरिकी सरकार हो, यस्तो वास्तविक मुख्य अपराधीलाई कसैले पनि क्षमा गर्न सक्दैन ।'

यसो भन्दै ग्लोरिया ला रिभाले क्रान्तिकारी लडाकू मुमिया अबु-जमालको मानव अधिकार हनन गर्दै अमेरिकी साम्राज्यवादले उनलाई कुनै पनि बेला मृत्युदण्ड दिनसक्ने अवस्था रहेकोले हामी सबै मिलेर उनको जीवन रक्षार्थ संघर्ष अगाडि बढाउनु पर्ने विचार प्रस्तुत गरिन् । समारोहमा अमेरिकी जेलमा मृत्युदण्डको लागि राखिएका क्रान्तिकारी मुमिया अबु जमालले विश्वका न्यायप्रेमी जनताका प्रिय नेता फिडेल क्यास्त्रोलाई सम्बोधन गरेर लेखेको भावुक र प्रेरक चिठी पनि पढेर सुनाइएको थियो ।

अर्जेन्टिनाकै अर्की कार्यकर्ता क्लाउडिया काम्बियाले क्यूबाको मानव अधिकार हननको विरूद्ध भोट खसालेकै दिन अर्जेन्टिनी सरकारले मजदूरविरोधी सरकारी नीतिको विरूद्ध प्रदर्शन गरिरहेका मजदूरहरूमाथि निर्मम दमन गरेर आफ्नो पाखण्डी अनुहार प्रदर्शन गरेको तथ्य उल्लेख गरिन् ।

मे दिवस समारोहका सबैभन्दा कम उमेरकी वक्ताको रूपमा उभिएकी १० वर्षीया विद्यार्थी तथा पायोनियर्स यूथ अर्गनाइजेशनकी सदस्य लिलियन तापानेजले भनिन् – 'प्रत्येक क्यूबालीहरूले एलियानलाई सहयोग गर्नु पर्दछ, प्रत्येक बच्चाहरूले एलियानको पक्षमा लड्नु पर्छ । हामी सबै क्युबालीहरूले एलियानको मुक्तिको लागि हातेमालो गर्दै उठ्नु पर्छ, जुन हातेमालोलाई तोड्न अमेरिकी साम्राज्यवादले भरमग्दुर प्रयास गरिरहेको छ । मलाई विश्वास छ – १ करोड १० लाख जनताको हातेमालोको सूत्र अमेरिकी साम्राज्यवादलाई परास्त गर्न पूर्णतः सक्षम र सबल छ ।'

## साम्राज्यवादमाथि क्यास्त्रोको तीखो प्रहार

क्यूबाली जनताका सर्वाधिक प्रिय व्यक्ति क. फिडेल क्यास्त्रोले ४० मिनेटको सम्बोधनमा एलियानको मुक्तिको बाटोमा एकपछि अर्को बाधा तेर्स्याउने अमेरिकी अधिकारीहरूमाथि कडा प्रहार गर्दै भन्नुभयो –'अमेरिकी

अधिकारीहरूको प्रवृत्ति अहिले पनि हस्तक्षेपकारीको भन्दा फरक छैन, यसो हुनुमा 'क्यूबन अमेरिकन नेशनल फाउण्डेशन' को चर्को दवावले काम गरिरहेको छ, नत्र सामान्य बच्चाको आप्रवासनसम्बन्धी मुद्दालाई यत्रो मुद्दा बनाईदैन, त्यो बच्चा क्यूबाली नभएको भए क्यूबन - अमेरिकन र अमेरिकी सरकारले यत्रो हस्तक्षेप कहिले पनि गर्दैन । त्यसैले उनीहरू सबै चाहन्छन् - एलियान कहिले पनि क्यूबा नफर्कून् , यही मुद्दामा बीर क्यूबालीहरूको उच्च मनोबललाई तेजोबध गर्न सकियोस् ।

क. फिडेल क्यास्त्रोले अमेरिकी साम्राज्यवाद विरूद्ध वीर क्यूबालीहरूले लडेको ४१ वर्ष लामो साहसिक संघर्षको स्मरण गर्दै भन्नुभयो - 'क्यूबाली जनताको साहसिक संघर्ष कहिले पनि परास्त हुने छैन, ४१ वर्षको अथक संघर्षले देखाइरहेको छ - अमेरिकी साम्राज्यवादका सैनिक आक्रमण, घुसपैठ, वैचारिक-सांस्कृतिक प्रहारहरूको प्रतिकार गर्न क्यूबाली जनता सक्षम छन् । यो पाँच महिने संघर्षबाट हामी अझ बलिया भएका छौं । यस संघर्षमा विश्वभरिका गरीब, उत्पीडित जनताको ऐक्यबद्धताले हामीलाई झन दह्रो, झन् शक्तिशाली बनाएको छ, विश्वभरिका गरीब उत्पीडित जनतासँग हामी काँधमाकाँध मिलाई लडिरहेका छौं । हो, हामी विश्वका गरीब जनतालाई सहयोग गर्न आर्थिक समस्याले ग्रस्त छौं । तर हामीसँग विश्वका अन्यन्त धनी राष्ट्रहरूसँग पनि नभएको निस्वार्थी, असाधारण र अतिविशिष्ट मानवीय पूँजी छ, यसकै बलमा विश्वका जनतासँग हातेमालो गर्दै साम्राज्यवाद र पूँजीवादको विरूद्ध संघर्षरत रहनेछौं ।

### *क्रान्तिको अमरता र एलियानको मुक्ति*

क. फिडेल क्यास्त्रोको जनताप्रतिको अपूर्व प्रेम, विश्वास र एकात्मकताको ठोस प्रमाण मे दिवसमा उर्लेको मानव-समुद्र हो । कुनै सरकारी उर्दी र बल प्रयोगविना, स्वविवेकले सडकमा उत्रेका लाखौलाख क्यूबाली मजदूर, किसान र विद्यार्थीहरूको समुद्र देखेर जोकोही पनि आश्चर्यचकित हुन सक्छन् । हात हातमा क्यूबाली झण्डा, एलियान र उनका पिता हुआँ मिगेलको तस्वीर र मे दिवसमा सहभागी हुनुको प्रतीक-चिन्ह लिएर उर्लिरहेको मानव-समुद्र 'अमेरिकी इन्टरेस्टस सेक्सन'को विशाल भवनसम्म उर्लेर गएको थियो र त्यहाँ पुगेर गर्जेको थियो - क्रान्ति अमर रहोस् ! क्यूबाली कम्युनिष्ट पार्टी जिन्दाबाद !! एलियानलाई मुक्त गर !!! फिडेलको लामो आयु होस् !!!

अमेरिकी इन्टरेस्ट्स सेक्सनको अगाडि जम्मा भएका प्रदर्शनकारीहरूलाई सम्बोधन गर्दै युवा नेताहरूले अमेरिकाको शत्रुतापूर्ण रवैयाको भर्त्सना गरेका थिए । 'क्यूबन यूनिभर्सिटी स्टूडेन्ट्स फेडरेशनका अध्यक्ष हसान पेरेजले भने - 'हामीले अमेरिकी अफिसहरूमाथि धावा बोलेका छौं, आफ्ना नैतिकताहरू, आफ्ना सिद्धान्तहरू र आफ्ना विचाहरूको सहाराले हामीले अमेरिकामाथि हस्तक्षेप गरेका छौं ।'

❑

## अमेरिकाः आप्रवासीहरूको अधिकार खोजी गर्दा भिडन्त

अमेरिकाको राजधानी न्यूयोर्कमा आप्रबासी मजदूरहरूले एउटा विरोधऱ्याली आयोजना गरी मे दिवस मनाएका छन् । यूनियन स्क्वायरदेखि म्यानहेट्टनको फेडरल बिल्डिङसम्म गरिएको ऱ्यालीमा सहभागी आप्रबासी मजदूरहरूले आप्रबासीहरूको अधिकारको मागमा नारा घन्काएका थिए । उनीहरूले कागजात नभएका बन्दी आप्रबासीहरूलाई क्षमादान दिन, उचित ज्याला र राम्रो कार्य अवस्था उपलब्ध गराउन माग गरेका थिए ।

ऱ्यालीमा सहभागीहरूले कम्युनिष्ट घोषणापत्रको मूल नारा - 'विश्वभरिका मजदूरहरू एक हौं ।' थियो । केही महिनाअघि मात्रै सियाटलमा विश्व व्यापार संगठनविरूद्ध आफ्नो अनुहार छोपेर प्रदर्शन गर्नेहरूले पुलिसहरूलाई निकै तर्साएका थिए । अहिलेसम्म त्यो भयबाट मुक्त हुन नसकेका अमेरिकी पुलिसहरूले अन्य शहरहरूमा भएका मे दिवसका ऱ्यालीहरूमाथि पनि दमन गरेको खबर छ ।

अमेरिकाकै शिकागो, पोर्टल्याण्ड, ओरेजस्ता ठाउँहरूमा अमेरिकी श्रमिकहरू र पुलिसहरूबीच मे दिवसको प्रदर्शनको क्रममा भिडन्त भएको खबर छ ।

## ब्रिटेनः साम्राज्यवादको विरोधमा विशाल प्रदर्शन

मे दिवसको उपलक्ष्यमा ब्रिटेनको राजधानी लण्डन र म्यानचेस्टर शहरमा हजारौं मानिसहरूले साम्राज्यवादको विरोधमा प्रदर्शन गरे । लण्डनको त्राफल्गार स्क्वायरमा हजारौं बामपन्थी नेता-

# विश्वभरि सडक-संघर्षका बीच

# मे दिवस




अमेरिकामा रहेका लाखौं आप्रवासी मजदूरहरूको अधिकारको लागि न्यूयोर्कमा भएको प्रदर्शन

अंकित ब्यानरहरू लिएर प्रदर्शन गरेका थिए ।

यूनियन स्क्वायरमा अमेरिकी पुलिसहरूले प्रदर्शनकारीहरूमाथि अश्रुग्याँस प्रयोग गुर्नका साथै लाठीचार्ज गरेका थिए । दंगा पुलिससँग भिडन्तको क्रममा १९ जना युवा प्रदर्शनकारीहरूलाई गिरफ्तार गरिएको थियो । प्रदर्शनकारीहरूलाई 'कु क्लस क्लान' जस्तो फासीवादी संगठनलाई जस्तो कडा प्रावधान लगाएर दमन गरिएको थियो । प्रदर्शनकारीरूले आ-आफ्नो अनुहार छोपिने गरी मास्क लगाउने र रूमालले छोपेको आरोप लगाउँदै दमन गरिएको कार्यकर्ताहरूले प्रदर्शन गर्ने क्रममा प्रदर्शनकारीहरूलाई घेरामा पार्नखोज्दा प्रहरी नै प्रदर्शनकारीहरूको घेरामा परेका थिए । त्यसमा टर्कीका कुर्द नेता अब्दुल्ला ओजलानको नेतृत्वमा चलिरहेको कुर्दिस वर्कर्स पार्टीका सदस्यहरूको संख्या बेसी थियो । त्यस स्क्वायरको नजीकै रहेको केन्निङ्टन स्क्वायरलाई पनि प्रदर्शनकारीहरूले कब्जा गरी मे दिवस भव्यतापूर्वक मनाएका थिए ।

त्यहाँ प्रहरीहरूले उत्तेजनात्मक कारबाही गरेका थिए । १५ हजार ब्रिटिश प्रहरीहरू र हजारौं युवा

प्रदर्शनकारीहरूको ठाउँठाउँमा झडपहरू पनि भएका थिए । प्रहरीहरूको दमनको प्रतिकार गर्न युवा प्रदर्शनकारीहरूले ढुंगा र सिसीको प्रहार गरेका थिए । संघर्षको क्रममा लण्डनको रिट्जी स्ट्रीटस्थित म्याक्डोनल्डस नामक बहुराष्ट्रिय कम्पनीको एउटा रेस्टुरेन्ट ध्वस्त पारिएको थियो ।

## दक्षिण कोरिया : 'सबैभन्दा हिंसात्मक प्रदर्शन'

निकै जुझारू खालको मजदूर-संघर्ष भइरहेको देश दक्षिण कोरियामा यस पटकको मे दिवस डेवू मोटर्सको कारखाना विदेशीहरूलाई बेच्ने प्रयासविरूद्ध केन्द्रीत रह्यो ।

डेवू मोटर्समा काम गर्ने हजारौं मजदूरहरूले आफ्नो कारखाना विदेशीहरूलाई बेच्ने प्रयासका विरूद्ध गत चैत्र २४ देखि हडतालको नयाँ श्रृंखला नै चलाउँदै आइरहेका छन् । यसै क्रममा वैशाख १७ गते १० हजारभन्दा बेसी मजदूरहरूले हडतालरत मजदूरहरूको समर्थनमा र मे दिवसको तयारीको सन्दर्भमा सडकमा मार्च गरेका थिए । सियोल, पसान, क्वाङ्जु लगायत अरू ५ वटा शहरमा यस्ता मार्चहरू भएका थिए । मार्चको आयोजना कोरियन कन्फिडरेशन अफ ट्रेड यूनियन्स (KCTU) ले गरेको थियो । उनीहरूले प्रदर्शनको क्रममा 'विदेशीहरूलाई डेवू नबेच', 'गिरफ्तार गरिएका मजदूरहरूलाई रिहा गर' जस्ता नारा अंकित ब्यानर र प्लेकार्ड बोकेर डेवूको संघर्षलाई टेवा दिएका थिए । स्मरणीय छ, डेवू कारखानाका मजदूर नेताहरूलाई यूनियनको काम गरेको र संघर्षहरू संचालन गरेको निहुँमा गिरफ्तार गरिएको थियो ।

वैशाख १९ गते मजदूरहरूको संघर्षका पक्षपाती लडाकू विद्यार्थीहरूले केन्द्रीय भूमिका खेलेर हडतारत मजदूरहरूप्रति समर्थन जनाए भने दमनकारी प्रहरीहरूसँग भिडेर आफ्नो सुऱ्याइँ देखाए । हजारौंहजार लडाकू विद्यार्थीहरूले सियोलमा दंगा प्रहरीहरूको कडा मुकाबिला गरेर मजदूरहरूको ऐतिहासिक दिवस मनाए । दंगा प्रहरी र लडाकू विद्यार्थीहरूका सो भिडन्तहरूलाई ठूल्ठूला व्यावसायिक संचार माध्यमहरूले १९९८ मा राष्ट्रपति किम दाय-जुङले सत्ता सम्हालेपछि विद्यार्थीहरूले चलाएका संघर्षहरूमध्ये सबैभन्दा हिंसात्मक संघर्षको रूपमा व्याख्या गरेका थिए ।

संघर्षको क्रममा १३० जना विद्यार्थीरूलाई गिरफ्तार गरिएको थियो । मे दिवसमा सडकमा उत्रेका मजदूरहरूलाई साथ दिनका लागि हातेमालो गर्न अघि बढेका हजारौं विद्यार्थीहरूलाई दंगा प्रहरीहरूले छेकथुन गरेपछि भिडन्त शुरू भएको थियो ।

डेवूको संघर्षलाई सहयोग गरिरहेको र मे दिवसको आयोजना गरिरहेको कोरियन कन्फिडरेशन अफ ट्रेड यूनियन्सले ५ दिनको कार्यदिवस, १५ प्रतिशत तलब वृद्धि, फूल टाइम र पार्ट टाइम मजदूरहरूलाई समानताको व्यवहार हुनुपर्ने माग गर्दै अटो कम्पनीहरू विदेशी पूँजीपतिहरूलाई बेचविखनको विरोध गरेको छ ।

कोरियन फेडरेशन अफ ट्रेड यूनियन्स नामक विभिन्न यूनियनहरूको अर्को छाता-संगठनले डेवू कारखानालाई राष्ट्रिकरण गर्नुपर्ने माग गरेको छ । स्मरणीय छ, फोर्ड र जनरल मोटर्स जस्ता विशाल अमेरिकी कम्पनीहरूले डेवूलाई निल्नका लागि अनेकौं तिगडमहरू चलाइरहेका छन् । यस्तो स्थितिमा कोरियन कन्फिडरेशन अफ ट्रेड यूनियन्सले सरकारले डेवूको बिक्री गर्ने प्रक्रियालाई अगाडि बढाएमा सबैतिर हडतालको लर्को लगाउने चेतावनी दिएको छ ।




कोरियन कन्फिडरेशन अफ ट्रेड यूनियन्सद्वारा ज्याला वृद्धि र हप्तामा ४० घण्टा कार्य समयको माग गर्दै सियोलमा आयोजना गरेको प्रदर्शनको एक झाँकी

## जर्मनी : नव फासीवादी र वामपन्थीहरूबीच टक्कर

जर्मनीमा नव फासीवादी ठगहरू र वामपन्थी युवाहरूमाझको सडक-संघर्षबीच मे दिवस मनाइएको छ । जर्मन सरकार नव फासीवादीहरूको पार्टीको रूपमा कुख्यात नेशनल डेमोक्रेटिक पार्टी (NDP) लाई बर्लिनमा प्रदर्शन गर्ने अनुमति दिएको थियो र सेनाले संरक्षण दिएर प्रदर्शन गराइएको थियो ।

NDP का नेताहरूले देशको बिग्रँदो आर्थिक स्थितिको कारणले मारमा परेका जर्मन श्रमिक वर्ग, विशेष गरी पहिलेको पूर्व जर्मनीका गरिखानेहरूको मनछुने नाराहरू घन्काउँदै हिँडेका छन् । पूँजीवादको कारणले शोषित भएका जर्मन मजदूरहरूको अगाडि बेरोजगारी, कम ज्याला र जिउनलायकको व्यवस्था नभएकोमा ती नव फासीवादी नेताहरूले आप्रवासी मजदूरहरूलाई दोष दिँदै आएका छन् । आप्रवासी मजदूरविरोधी ती नेताहरूले वामपन्थी र आप्रवासीहरूविरूद्ध घृणा फैलाउने अनि उनीहरूमाथि आक्रमण गर्ने कार्यलाई जायज ठहऱ्याएपछि ठाउँ ठाउँमा भिडन्तहरू भएका छन् । नव फासीवादीहरू र वामपन्थी युवाहरूबीचको भिडन्तमा धेरै नै घाइते भएको र सयौं मानिसहरू गिरफ्तार भएको खबर छ ।

बर्लिन, ह्याम्बर्ग, ड्रेस्डेन र लुडविगशेफनमा भएका सडक-भिडन्तहरू निकै डरलाग्दो खालका थिए । ह्याम्बर्गमा नव फासीवादीहरूसंग टक्कर लिन वामपन्थी युवाहरूले मे दिवसको पूर्व सन्ध्यामै सडक-सडकमा व्यारिकेड खडा गरेका थिए । सडकमा व्यारिकेड खडा गर्ने १०० जना युवाहरूलाई त्यसै राति गिरफ्तार गरिएको थियो । मे दिवसका दिन ५०० जना युवा वामपन्थीहरूले ब्यारिकेडमार्फत् प्रहरी र नव फासीवादीहरूसँग टक्कर लिएका थिए । भिडन्तकारीहरूले साम्राज्यवाद र पूँजीवादका विरूद्ध नारा पनि घन्काएका थिए ।

बर्लिनको क्रेउज्बर्ग जस्तो वामपन्थीहरूको बाहुल्यता भएको क्षेत्रमा १० हजार मानिसहरूले सडकमा पूँजीवादको विरोधमा नारा घन्काएर मे दिवस मनाएका थिए । जर्मनीभरि भएका श्रमिक वर्गका ज्यालीहरूमा यूनियनका नेताहरूले विशाल कम्पनीहरूको विलयमाथि कडा निगरानी राख्नु पर्ने, ठूल्ठूला व्यापारिक कर्पोरेशनहरूमाथिको करमा वृद्धि गर्नुपर्ने र मजदूरहरूको अवस्थामा सुधार गर्नुपर्ने माग गरेका थिए । मे दिवसको क्रममा जर्मनीभरिमा ४०० जनालाई गिरफ्तार गरिएको खबर छ ।

## ब्राजिलः भूमिहीन किसानहरूद्वारा सरकारी भवनहरूमाथि कब्जा

अन्तर्राष्ट्रिय श्रमिक दिवसको उपलक्ष्यमा ब्राजिलका भूमिहीन किसानहरूले भूमिको अधिकारलाई आफ्नो मूल मुद्दा बनाई जुझारू खालको संघर्ष चलाइरहेका छन् ।

ब्राजिलको अत्यन्त जुझारू संगठन भूमिहीन आन्दोलन (MST) ले मे दिवसका दिन विशाल जन प्रदर्शनहरू गर्नुका साथै भूमि खोसेर लिनका लागि जन-अभियान थालेको छ । जन प्रदर्शन र

जन-अभियानको मुख्य उद्देश्य सरकारलाई भूमिसुधार अभियान चलाउन दवाव दिनु रहेको छ ।

मे दिवसकै दिन ब्राजिलका २७ वटा राज्यहरूमध्ये २४ वटा राज्यहरूमा सरकारी भवनहरू कब्जामा लिई किसानहरूले जमीनसम्बन्धी आफ्नो माग पूरा गर्न सरकारलाई दवाव दिएका थिए । सिंगो देशभरि गरिएको यस्तो जुझारू कारवाहीको क्रममा १८० जना किसानहरू घाइते भएका थिए भने ४०० जनाभन्दा बेसीलाई गिरफ्तार गरिएको थियो ।

साओ पाउलो र रियो डि जेनरियोमा भूमिहीन आन्दोलन : MST का करीब तीन तीन सय जना कार्यकर्ता - किसानहरूले नेशनल सोशल एण्ड इकोनोमिक डेभलपमेन्ट बैंक र इन्स्टिच्यूट फर एग्रेरियन डेभलपमेन्टका भवनहरूमाथि कब्जा जमाएका थिए । यसरी कब्जा जमाउने भूमिहीन आन्दोलन (MST) का कार्यकर्ताहरूले घोषणा गरेका थिए - '४८ लाख किसानहरूलाई जग्गा दिने सरकारी बचनबद्धता पालना नभएकोले हामी संघर्षमा उत्रेका हौं ।'

भूमिहीन आन्दोलनका नेता डिकेउ बौउफलरले भनेका छन् - 'यो संघर्षको दिवस हो, खेतीयोग्य भूमिमा लडिरहेका हजारौं किसानहरूले यो संघर्षलाई अगाडि बढाइराख्नु पर्दछ ।'

मे दिवसको उपलक्ष्यमा भूमिहीन आन्दोलनले एक हप्तासम्म कारवाही चलाएको थियो, त्यसमा देशभरिका हजारौंहजार भूमिहीन किसानहरूको सहभागिता थियो ।

मे दिवसकै दिन ब्राजिलको चर्चित वामपन्थी पार्टी 'वर्कर्स पार्टी अफ ब्राजिल' PTB समर्थक हजारौं मजदूरहरूले साओ पाउलो शहरका सडकहरूमा रातो झण्डा फहराएका थिए । उनीहरूले न्यून ज्याला र बेरोजगारीका विरूद्ध संघर्ष गर्ने प्रण गर्दै मे दिवस मनाएका थिए ।

## नर्वे : निजी क्षेत्रमा व्यापक हडताल

नर्वेको नेशनल यूनियन कन्फिडरेशन (LO) ले निजी क्षेत्रमा व्यापक रूपमा हडताल गर्ने तयारीसहित मे दिवस मनाएको छ । यसै क्रममा मे ३ देखि विभिन्न खाले उद्योगमा कार्यरत ८० हजारभन्दा बेसी मजदूरहरूले हडताल शुरू गरेका छन् । हडतालरत मजदूरहरूले ज्याला बृद्धि र ५ हप्ते तलबी बिदाको माग गरिरहेका छन् ।

मे ५ मा नेशनल यूनियन कन्फिडरेशनले छिट्टै माग पूरा नभएमा १९४५ पछिको सबैभन्दा लामो र ठूलो मजदूर संघर्ष चलाउने चेतावनी दिएको छ ।

## मौरिटानियाः विश्वबैंकको नीतिविरूद्ध हिंसक झडप

विश्वबैंकको हिंस्रक नंग्राहरू गाडिएर अचेत भइरहेको मौरिटानियाको अर्थव्यवस्था विरूद्ध त्यहाँका हजारौं मजदूरहरूले मे दिवसको उपलक्ष्यमा प्रदर्शन गरेका छन् । प्रदर्शन फ्री कन्फिडरेशन अफ मौरिटानियन वर्कर्सको नेतृत्वमा भएको थियो । प्रदर्शनमाथि प्रहरीले हस्तक्षेप गर्दा प्रहरी र मजदूरहरूबीच सडक-संघर्ष भएको थियो । खबर अनुसार प्रहरीको आक्रमणबाट १० जना मजदूरहरू गंभीर रूपमा घाइते भएका थिए । हिंस्रक भिडन्तमा मजदूरहरूले प्रहरीहरूको दमनको कडा प्रतिरोध गर्दै आफ्नो सौर्य प्रदर्शन गरेका थिए ।

## जापानः १७ लाख जापानी मजदूरहरू सडकमा

बेरोजगारी र आर्थिक संकटले जापानमा भएको मे दिवसलाई विशाल र विस्तृत पारेको छ । मे दिवसका दिन १७ लाख जापानी मजदूरहरूले जापानका विभिन्न शहरहरूमा उत्रेर बेरोजगारी र आर्थिक संकटकाविरूद्ध संघर्ष गर्ने प्रतिबद्धता व्यक्ति गरे ।

मे दिवसको मुख्य न्याली आधिकारिक मजदूर यूनियन महासंघ (Rengo) ले आयोजना गरेको थियो । ती ऱ्यालीहरूमा प्रतिपक्षी पूँजीवादी पार्टीका नेताहरूले मजदूरहरूको हक-हितका बारेमा भाषण दिएका थिए । आउँदो महिना हुने चुनावका लागि ती नेताहरूले मे दिवसलाई उपयोग गर्न पनि बाँकी राखेनन् । ती ऱ्यालीहरूमा सत्तासीन लिबरल डेमोक्रेटिक पार्टीका नेताहरूको उपस्थिति थिएन ।

जापानको कम्युनिष्ट पार्टी (JCP) र अन्य थुप्रै वामपन्थी पार्टीहरूले पनि यो दिवसको उपलक्ष्यमा विचार गोष्ठीहरू आयोजना गरेका थिए ।

## इण्डोनेशियाः संगठित हुने अधिकारका लागि सडकमा

राजनीतिक अस्थिरताले गाँजिएको देश इण्डोनेशियामा सत्ता-संघर्ष चलिरहेको मौका पारी मे दिवसको उपलक्ष्यमा हजारौं मजदूरहरू सडकमा उत्री संगठित हुने अधिकारको पुनर्वहालीको माग गरेका छन् । राजधानी जाकार्तामा करीब दुई हजार मजदूहरूले नेशनल फ्रन्ट स्ट्रगल फर इण्डोनेशियन वर्कर्स (FNPBI) को आह्वानमा प्रतिनिधिसभासमक्ष प्रदर्शन गरेका थिए । प्रदर्शनकारीहरूलाई सम्बोधन गर्दै FNPBI का अध्यक्ष तथा पिपुल्स डेमोक्रेटिक पार्टीका सदस्य दिता सारिले भनेका छन्- राष्ट्रपिता सुकर्णोले जस्तै वर्तमान सरकारले मे दिवसलाई तलबी विदाको रूपमा स्थापित गर्नुपर्दछ । स्मरणीय छ, सुकार्णोको सरकारलाई अमेरिकी साम्राज्यवादका कठपुतली जनरल सुहार्तोले १९६५ मा सैनिक विद्रोहद्वारा अपदस्त गरी लाखौं कम्युनिष्टहरूको संहार गरेको थियो ।

जाकार्ताको मजदूर-प्रदर्शनमा **Reebok** जुत्ताको निर्माता PT KONG TAI INDONESIA द्वारा फ्याँकिएका मजदूरहरूको सहभागिता थियो । FNPBI समर्थक दुईसय मजदूरहरूले बान्दुङमा ऱ्याली गरेका थिए । उनीहरूले तलब बृद्धि र संगठन गर्ने स्वतन्त्रताको माग गर्दै पूँजीवादविरोधी गीतहरू घन्काएका थिए । आर्चिपेलागो टापुका विभिन्न शहरहरूमा पनि दुईसय देखि हजार जनासम्मको सहभागितामा मजदूर ऱ्यालीहरू आयोजना भएका थिए ।

## फिलिपिन्सः निजीकरण र विश्वब्यापीकरणका विरूद्ध हजारौं मजदूरहरू

फिलिपिन्सको लडाकू 'मे १ यूनीयन (KMU) ले देशभरि नै निजीकरण र विश्वब्यापीकरण विरूद्ध हजारौ हजार मजदूहरूलाई सडकमा उतारेको छ । राजधानी मनिलामा KMU का पाँच हजार सदस्यहरू लगायत त्यसँग सम्बद्ध संघहरूका हजारौं सदस्यहरूले मे दिवसको उपलक्ष्यमा सडकमा प्रदर्शन गरे ।

प्रदर्शनको क्रममा उनीहरले राष्ट्रपति जोसेफ इस्त्रादाको निजीकरण र सामाजिक सेवाको कटौती गर्ने अन्तराष्ट्रिय मुद्राकोषपक्षीय आर्थिक नीति विरूद्ध आवाज घन्काएका थिए । उनीहरूले साम्राज्यवादी विश्वव्यापीकरणको प्रतीकको रूपमा रहेको अमेरिकी दूतावाससम्म गएर आफ्नो देशमाथि थोपरिएको विश्व्यापीकरणको विरोध पनि गरेका थिए ।

दशौं हजार मजदूरहरूले मिन्दानाओ, मेन्दिओला, दक्षिणी तागालोग र विसायास जस्ता क्षेत्रहरूमा पनि मे दिवसको ऱ्याली आयोजना गरेका थिए ।

साम्राज्यावादविरोधी अर्को वामपन्थी संगठन BAYAN का हजारौं सदस्यहरूले पनि मनिलामा प्रदर्शन गरेका थिए । मनिला लगायत थुप्रै शहरहरूमा दंगा प्रहरीहरूले प्रदर्शनकारीहरूमाथि आक्रमण गरी जुलूसलाई दमन गर्ने प्रयत्न गरेका थिए, जसले गर्दा ठाउँ ठाउँमा सडक भिडन्तहरू भएका थिए ।

## इक्वेडर : नवउदारवाद-विरूद्ध मजदूर, किसान र विद्यार्थीहरू

अन्तर्राष्ट्रिय मुद्रा कोषद्वारा निर्देशित नवउदारवादी आर्थिक नीति लागू गर्ने सरकारविरूद्ध भएको विशाल जनप्रदर्शनीको रूपमा इक्वेडरमा मे दिवस मनाइएको खबर छ । प्रदर्शनमा सहभागि भएका मजदूरहरू, आदिवासी किसानहरू र विद्यार्थीहरूको जुलूसको क्वीटोका सडकहरूमा अंकल साम (अमेरिका)को पुतला जलाउनुका साथै 'डलरको भूत'लाई घिसारेका थिए ।

स्मरणीय छ, माघको पहिलो हप्तामा जनविद्रोहका कारणले राष्ट्रपति जमिल महुवादको सरकार ढलेपछि उपराष्ट्रपति गुस्ताभो नोबोआले अमेरिकी साम्राज्यवाद र उच्च पदस्थ सैनिकहरूको सहयोगमा सत्ता कब्जा गरेका थिए । उनले पनि पूर्व राष्ट्रपति जमिल महुवादले जस्तै अन्तर्राष्ट्रिय मुद्राकोष र अमेरिकाको नीति-निर्देशनमा जनविरोधी नवउदारवादी अर्थनीति लागू गर्ने र डलरलाई राष्ट्रिय मुद्रा बनाउने नीतिलाई नै लागू गर्दै आएका छन् । त्यही नीति र नीति लागू गर्ने सरकारविरूद्ध चर्किरहेको जनसंघर्षको आँधी अहिलेसम्म रोकिएको छैन ।

मे दिवसका दिन प्रदर्शनकारीहरूले क्वीटोको सान फ्रान्सिस्को चर्चमाथि कब्जा गरी 'जनवरी जनविद्रोह'को क्रममा गिरफ्तार गरिएका आफ्ना नेताहरूको रिहाइको माग गरेका छन् । नोबोआ सरकारले सरकारलाई सत्ताच्यूत गर्ने, त्यसलाई सहयोग गर्ने र त्यस्तो विचारलाई प्रचार गर्ने कसैलाई पनि रिहा नगर्ने अडान लिइरहेको छ ।

स्मरणीय छ, इक्वेडरका आदिवासी जनजातिहरूको महासंघका नेता अन्तोनियो भर्गासले मे दिवसभन्दा केही दिन अगाडि मात्रै सरकारसँगको वार्तालाई भंग गरेका थिए। सरकारसँगको वार्ता कुनै उपलब्धिमूलक नभएको र जनसंघर्षलाई भुलाउने खालको भएको आरोप लगाउँदै आदिबासी जनताका नेता अन्तोनियो भर्गासले अपील गरेका थिए - 'अन्तर्राष्ट्रिय मुद्रा कोषमुखी सरकारविरूद्ध नयाँ खालको जनविद्रोह गरौं ।'

◆ मूल्यांकन डेस्क

# बोलिभियामा अभूतपूर्व जन-विद्रोह

## खानेपानीको शुल्क बढाएर सरकारले आगो सल्कायो

अन्तर्राष्ट्रिय मुद्राकोषको खुला बजार अर्थनीति लागू गरिरहेका बोलिभियाली राष्ट्रपति ह्यूगो बेन्जरको सरकारविरूद्ध त्यहाँका किसान, मजदूर र प्रहरीहरूले अभूतपूर्व ढंगले विद्रोह गरिरहेका छन् । गत चैतको तेस्रो हप्तामा सरकारले मुद्रा कोषको आदेशअनुसार फेरि एकपटक खानेपानीमा २० प्रतिशत शुल्क बढाएपछि कोचाबाम्बा शहरका किसानहरूले शुरू गरेको विद्रोह अहिले देशभरि फैलिएको छ ।

आफ्नो कमाइको ६० प्रतिशत रकम खानेपानीमै मात्र खर्च गर्नुपर्ने वाध्यताबीच पिल्सिएर बाँचिरहेका किसान, मजदूरहरूमाथि थप २० प्रतिशतको भार थप्ने र त्यसबाट उठ्ने रकम Aguas del Tunari नामक अन्तर्राष्ट्रिय लगानीकर्ता कम्पनीको हातमा रहेको अन्यन्त खर्चिलो खानेपानी आयोजनामा लगानी गर्ने नीति सरकारले घोषणा गरेको थियो । आफ्नै देशका गरिब जनताको रगत-पसिना निचोरेर देशले धान्नै नसक्ने खालको आयोजनामा पैसा खर्च गर्ने, अनि बहुराष्ट्रिय कम्पनीहरूलाई पोस्ने सरकारी नीति मूलतः अन्तर्राष्ट्रिय मुद्राकोषको खुला बजार अर्थ नीतिद्वारा निर्देशित थियो । राज्यको हातमा रहेका उद्योगहरू पूंजीपतिहरूलाई सस्तोमा बेच्ने, सार्वजनिक संस्थाहरूलाई निजीकरण गर्ने नाममा पूंजीपतिहरूलाई पोस्ने, आधारभूत सेवाहरूमाथिको सरकारी खर्च कटाई मुद्राकोषको ऋण तिर्ने जस्ता जनविरोधी कामहरू गर्दै आएका राष्ट्रपति ह्यूगोबेन्जरको सरकारले खानेपानीको शुल्कसमेत मनपरी ढंगले बढाएर जनविद्रोहको आगो सल्काएको थियो ।

जनसंघर्षको लामो परम्परा रहेको कोचाबाम्बा शहरका नागरिकहरू, मूलतः फेलिपे क्विस्पेको सबल नेतृत्वमा रहेको Confederation of Bolivian Peasants (CCB) नामक जुझारू किसान संगठनका किसानहरूले जनविरोधी सरकारविरूद्ध गत चैत्र २० गतेदेखि विद्रोह शुरू गरे । शहरका सडक र राजमार्गहरूमा ब्यारिकेड खडा गरे, देशभरिको यातायात व्यवस्थालाई ठप्प पारे । एण्डीजका पहाडहरूमा 'कोका'को खेती गर्ने किसानहरूमाथि बेन्जर सरकारले अमेरिकी साम्राज्यवादको आदेशअनुसार चलाइएको 'लागू औषधविरोधी युद्ध' थोपरी कोकाको खेती जबर्जस्ती बन्द गर्ने, विषालु औषधी छरी खेती नै नष्ट पार्ने र यसको विरोध गर्ने किसानहरूमाथि दमन गर्ने नीति लिंदै आइरहेको छ । यही नीतिको विरोध गर्दै किसान संगठनले कोकाको सट्टामा अरू खेती गरेर जीविकोपार्जन गर्न सहयोग दिनुपर्ने र किसानपक्षीय एकीकृत कृषि विकासको नीति लागू गर्नुपर्ने मागलाई जवर्जस्त ढंगले अगाडि सार्दै देशभरिका किसानहरूलाई सडकमा उतारेका थिए ।

किसानहरू सडकमा उत्रिरहेकै बेला बोलिभियाको बलियो मजदूर आन्दोलनले पनि उनीहरूलाई समर्थन र सहयोग गर्ने घोषणा गऱ्यो । 'बोलिभियन वर्कर्स फेडरेशन'ले किसानहरूको विद्रोहकै क्रममा चैत २५ गते देशभरिका मजदूरहरूलाई सडकमा उतार्ने र आम हडतालको आह्वान गऱ्यो । बेन्जर सरकारले जनताका आर्थिक समस्याहरू समाधान गर्नुपर्ने र आफ्नो जीवनस्तर उच्च पार्नुपर्ने मागसहित मजदूरहरू पनि सडकमा उत्रिएपछि देशको स्थिति झन बिस्फोटक भएको थियो ।

त्यसमाथि किसान-मजदूरहरूको विद्रोह चलिरहेकै बेला राजधानी ला पाज र सान्ताक्रुज शहरका प्रहरीहरूले पनि आफ्नो तलबमा ५० प्रतिशत वृद्धिको माग गर्दै हडताल गरेर सरकारलाई आच्छु आच्छु नै पारे । प्रहरीहरूले संघर्षको क्रममा आफ्नो कम तलबको समस्यालाई सार्वजनिक गर्न दुई हप्ता लामो अनसनजस्ता उपायहरू पनि प्रयोग गरे । त्यसपछि रक्षात्मक स्थितिमा फँसेको सरकारले आफ्नो सत्ता बचाइराख्न दमनको नीति लियो । यसले गर्दा कोचाबाम्बादेखि ला पाजसम्म हिंसात्मक संघर्ष हुनथाल्यो । चैत्र २६ गते प्रदर्शनकारी किसानहरू र सैनिकहरूबीच भिडन्त हुँदा ३ जना किसानहरूको हत्या भयो भने थुप्रै मानिसहरू घाइते भए । राजधानी ला पाजमा त एकातिर किसान, मजदूर र प्रहरीहरू, अनि अर्कोतिर सैनिकहरूबीच सशस्त्र झडपहरूसमेत भए । हडतालरत प्रहरीहरूले पहिले पहिले किसान, मजदूरहरूको संघर्षमाथि प्रयोग गर्दै आएको अश्रुग्याँस चाहिं सैनिकहरूमाथि नै प्रयोग गरेर आफ्नो संघर्षशीलता प्रकट गरे भने सैनिकहरूले तिनीहरूमाथि गोली प्रहार गरेर आफ्नो दानवीयतालाई अभिव्यक्त गरे ।

यस्ता हिंसक झडपहरू हुनथालेपछि बेन्जर सरकारले चैत्र २६ गते नै देशभरि आपतकालीन स्थिति (State of Emergency) को घोषणा गरी जनविद्रोहमाथि सैनिक दमनलाई सुगम पार्ने र जन विद्रोहलाई दबाई छाड्ने अठोट गऱ्यो । 'फूटाऊ र शासन गर' को नीति लिई उसले सबैभन्दा पहिले चैत्र २७ गते नै हडतालरत प्रहरीहरूको माग स्वीकार्दै उनीहरूको तलबमामा ५० प्रतिशत वृद्धि गर्ने घोषणा गऱ्यो । त्यसपछि भने उसले जनविद्रोहको घाँटी निमोठ्न किसान र मजदूर संगठनका नेताहरूलाई गिरफ्तार गर्ने, संचार माध्यमहरूमा विद्रोहसम्बन्धी समाचार प्रसारणमा रोक लगाउने र प्रदर्शनहरूमाथि सैनिक बल प्रयोग गर्ने कामलाई अगाडि बढायो ।

संघर्षबाट प्रहरीहरू हटेपछि पनि किसान र मजदूरहरूको विद्रोह अद्यपि चलिरहेकै छ । यातायात, शिक्षण संस्था, बन्द-व्यापार ठप्प पार्ने हिसाबले चलिरहेको संघर्ष र सरकारले चलाएको फौजी दमन अचेल बोलिभियाली जनताको दिनचर्याजस्तै भइरहेको छ । अमेरिकी साम्राज्य-वादको मतियारको रूपमा क्रियाशील बोलिभियाली राष्ट्रपति ह्यूगोबेन्जर सन् १९७१ देखि १९७८ सम्म चलेको आफ्नो सैनिक शासनको कालमा जस्तै अहिले पनि किसान-मजदूरहरूको संघर्षको घाँटी निमोठ्ने हठ गरिरहेको छ, जुन हठ जनविद्रोहको बाढीमा बग्ने संभावना बेसी छ । इक्वेडर र कोलम्बियाजस्ता छिमेकी देशहरूमा चलिरहेका जनसंघर्ष र सशस्त्र संघर्षले पनि बोलिभियाको यो संभावनालाई आवश्यक टेवा दिने आशा लिन सकिन्छ । ❑



*राजधानी ला पाज र सान्ताक्रुज शहरका प्रहरीहरूले पनि आफ्नो तलबमा ५० प्रतिशत वृद्धिको माग गर्दै हडताल गरेर सरकारलाई आच्छु आच्छु नै पारे ।*

# 'कम्यून' चलाइरहेको पार्टीको ५२ औं स्थापना दिवस



क. शिवदास घोषको शालिक

गत वैशाख ११ का दिन छिमेकी देश भारतमा समाजवादी क्रान्तिका लागि संघर्षरत कम्युनिष्ट पार्टी - सोशलिष्ट यूनिटी सेन्टर अफ इण्डिया (SUCI) को ५२ औं स्थापना दिवस देशभर मनाइएको खबर छ । त्यस पार्टीको स्थापना क. शिवदास घोषको नेतृत्वमा सन् १९४८, अप्रिल २४ मा भएको थियो ।

सन् १९४७ मा ब्रिटिश साम्राज्यवादीहरूले जवाहरलाल नेहरूको नेतृत्वमा क्रियाशील भारतीय पूँजीपति वर्गलाई सत्ता हस्तान्तरण गरेपछि भारतीय जनताको स्वतन्त्रता, समानता र न्यायको आन्दोलनमा विश्वासघात भएको ठहर गर्दै क. घोषले भारतमा समाजवादी शासन स्थापनार्थ नयाँ र सही कम्युनिष्ट आन्दोलनको सिर्जना गर्ने जमर्को गरेका थिए । अनुशीलन समिति, आर.एस.पी. र भारतीय कम्युनिष्ट पार्टी श्रमिकवर्गको सही कम्युनिष्ट पार्टीमा फेरिने संभावना नदेखेर, त्यसका नेताहरूको व्यक्तिगत जीवनमा कम्युनिष्ट चरित्र र आचरण नदेखेर उनीहरूले नौलो प्रयास थालेका थिए । उनीहरूले SUCI लाई सही कम्युनिष्ट पार्टी बनाउन कठोर संघर्ष गर्दै मार्क्सवादी दृष्टिकोण, चिन्तन पद्धति र मानसिक ढाँचाको निर्माणको क्रम शुरू गरे । पूँजीवादी भारतको वर्ग विश्लेषण गर्दै समाजवादी क्रान्तिको आवश्यकता महसूस गरेर वैचारिक संघर्ष चलाउँदै पार्टीभित्र वैचारिक केन्द्रीयता हासिल गर्ने प्रक्रियाकै क्रममा पेशेवर क्रान्तिकारीहरूको दस्ता तयार गरियो । सन् १९४८ देखि नै सो दस्ताका नेता-कार्यकर्ताहरू कम्यूनमा बस्दै आफ्नो व्यक्तिगत र पार्टीगत जीवनको द्वैधस्थितिलाई मेटी सामूहिक जीवन बाँच्दै आएका छन् ।

नोकरशाही केन्द्रीयताको सट्टामा वैचारिक केन्द्रीयता, सामूहिक नेतृत्व प्रणाली, कम्यून जीवन, पूँजीपति वर्गबाट चन्दा नलिई 'आत्मनिर्भर अर्थतन्त्रको शुरूवात आदि यस पार्टीका विशेषता भएका छन् । कम्युनिष्ट चरित्रमाथि विशेष जोड दिने, हरेक खालका जन-संघर्षमा अग्रिम पंक्तिमा रहँदैआएको यस पार्टीको दावी के छ भने, क.शिवदास घोषको विचार भारतको बस्तुगत परिस्थितिमा विकसित भएको मार्क्सवादी लेनिनवादी सिद्धान्त हो । यस विचारले मार्क्सवाद-लेनिनवादका धेरै पक्षलाई बिस्तृत पार्ने, समृद्ध बनाउने र उच्च स्तरमा विकसित गर्ने काम गरेको छ । राजनैतिक र सामाजिक-आर्थिक क्षेत्रमा मात्रै होइन, सर्वाङ्ग रूपले जीवन र ज्ञान-जगतसँग सम्बन्धित विज्ञान, दर्शन, न्याय-नीति, नैतिकता, संस्कृति, कला-साहित्य र सौन्दर्यवोधको क्षेत्रमा शिवदास घोषले लेनिन-उत्तरकालमा मार्क्सवाद-लेनिनवादलाई अरू बेसी ठोस र नयाँ बुझाइ प्रस्तुत गरेका थिए । अतः उक्त पार्टीले क. शिवदास घोषलाई यस युगका अनन्य मार्क्सवादी चिन्तक, नेता, शिक्षक मान्दै आएको छ ।



*जयपुरमा आयोजित पार्टी स्थापना दिवसको कार्यक्रममा SUCI का नेता क. तापस दत्ता*

> *सन् १९४८ देखि नै सो दस्ताका नेता-कार्यकर्ताहरू कम्यूनमा बस्दै आफ्नो व्यक्तिगत र पार्टीगत जीवनको द्वैधस्थितिलाई मेटी सामूहिक जीवन बाँच्दै आएका छन् ।*

SUCI का संस्थापक नेता क. शिवदास घोषको कम्युनिष्ट चरित्रसम्बन्धी भनाई अहिलेको विश्व कम्युनिष्ट आन्दोलनका लागि निकै सान्दर्भिक देखिन्छ । उनी भन्ने गर्थे - 'सर्वहारा वर्गको क्रान्तिकारी राजनीतिमा उच्चस्तरको कम्युनिष्ट नैतिकता-सम्बन्धी धारणा के थियो भने कुनै पनि व्यक्तिले आफ्नो व्यक्तिगत स्वार्थलाई उच्च सामाजिक स्वार्थप्रति समर्पित गर्नुपर्दछ । यो धारणा अपूर्ण छ । यस युगमा कम्युनिष्ट चरित्र हासिल गर्नका लागि कुनै पनि व्यक्तिले विनाशर्त, खुशीपूर्वक असन्दिग्ध रूपले, विनाहिच्किचाहट सर्वहारावर्ग, क्रान्ति र पार्टी हितसँग आफूलाई समरस र एकाकार गर्नुपर्दछ ।' ❑

## प्रभावकारी र उपलब्धिमूलक संघर्षको एउटा नमूना


बाटोघाटो, खानेपानी, विजुलीजस्ता आधारभूत सेवाहरुदेखि लिएर शिक्षा, स्वास्थ्य र रोजगारी लगायतका जनजीविकाका मुद्दाहरुमा कसरी उपलब्धिमूलक ढंगको संघर्ष चलाउने भन्ने प्रश्नको एउटा प्रभावकारी जवाफ ललितपुरका नागरिकहरुले दिएका छन् । उनीहरुले आफ्नो जायज माग पूरा गराउनका लागि तालाबन्दी, धर्ना र वार्ताजस्ता संघर्षका उपायहरु एकसाथ प्रयोग गरेर आफ्नो संघर्षलाई ठोस र उपलब्धिमूलक बनाएका छन् । यसबाट जनजीविकाका विभिन्न मुद्दाहरुमा संघर्षरत मानिसहरुलाई हौसला र उपाय प्राप्त हुने संभावना देखिन्छ ।

गत बैशाख १२ गते विहान, ललितपुरको कुमारी पाटी क्षेत्रको बाटो बिग्रेको कारणले पीडित स्थानीय जनताहरुले अचानक ललितपुर उपमहानगरपालिकाको कार्यालयको मूल ढोकामा तालाबन्दी गरे । अनि धर्नामा बसे । आफ्नो क्षेत्रमा धेरैसमय अगाडिदेखि बाटो बिग्रेको कारणले वर्षामा बाटो जाम हुने गरेकोले दिक्क भएका स्थानीय जनताले उपमहानगरपालिकालाई यस समस्याबारे पटक पटक सचेत गराउँदा पनि कुनै सुनुवाई नभएपछि तालाबन्दी र धर्नाको कार्यक्रम राखेका थिए । तालाबन्दीको क्रममा कार्यालयभित्रै फँसेका मेयर र उपमेयर तथा धर्नाकारीहरुका प्रतिनिधिहरु बीच भएको करिब दुईघण्टासम्मको वार्तापछि तीन सूत्रीय संझौता भएको थियो । संझौताअनुसार कुमारी पाटी कुम्भेश्वर क्षेत्रको सडक यही जेठ महिनाभित्रै निर्माण गर्ने, त्यसको लागि उपमहानगरपालिकाले आवश्यक पाईला चाल्ने र १० लाख रु. एकहप्ताभित्र निकासी गर्ने टुंगो लागेको थियो ।

कुमारी पाटी ढल विकास तथा सडक सुधार एक्शन कमिटीको अगुवाइमा भएको सो उपलब्धिमूलक जनसंघर्षले बाटोघाटो, ढलनिकास, खानेपानी, विजुली, यातायातजस्ता आधारभूत सेवाहरु लगायत जनजीविकाका अन्य जल्दाबल्दा समस्याहरुलाई लिएर कसरी संगठित र सचेत संघर्ष चलाउने र त्यसलाई कसरी उपलब्धिमूलक बनाउने भन्ने सवालको एउटा ठोस जवाफ दिएको देखिन्छ । ❑

मइ दिवस विशेष

# कसरी विकास हुनसक्छ नेपालमा सशक्त मजदूर आन्दोलन ?


लेखक

विष्णु रिमाल

*अहिले ट्रेड यूनियन आन्दोलनलाई साझा घरको रूपमा बुझ्ने मान्यताले मूर्त रूप लिँदैआएको पाइएको छ । यो नेपालको ट्रेड यूनियन आन्दोलनमा गत एक दशकमा आएको परिवर्तन हो ।*

नेपालको ट्रेड यूनियन आन्दोलन किन सशक्त र प्रभावकारी हुन सकिरहेको छैन भन्ने प्रश्नमा गौड गर्नका लागि गतः १० वर्षको ट्रेड युनियन आन्दोलनको समीक्षा गर्नु जरूरी छ । हामीले बहुदल प्राप्त गरेको पनि दश वर्ष भयो । यो दश वर्षमा श्रमिकहरूको स्थिति के कस्तो भयो यसको समीक्षा हुनु जरूरी छ ।

## गत एक दशकको समीक्षा

ज्याला बृद्धिको तथ्यांक हेर्ने हो भने, बहुदल आएपछि २०४७ सालमा पहिलोपटक बढेको ज्याला र अहिले २०५६ सालमा बढेको ज्यालाबीचको भिन्नता हेर्ने हो भने मजदूरहरूको आधारभूत ज्यालामा झण्डै ८२ प्रतिशत र भत्तामा चाहिँ ९२ प्रतिशत बृद्धि भएको देखिन्छ । यो हेर्दा ज्यालामा के के न उत्पात भएझैं लाग्छ । तर गहिरिएर हेर्ने हो भने त्यस्तो उत्पात केही देखिन्न । किनकि मजदूरहरूको ज्यालामा यस बीचको बृद्धि २५ प्रतिशतभन्दा ज्यादा पाइन्न । प्रत्येक वर्षको ज्याला बृद्धिको प्रवृत्ति हेर्ने हो भने यो अझ ओरालो लागेको भेटिन्छ । उदाहरणको लागि पहिलो पटक ३५ प्रतिशत ज्याला बृद्धि भयो, त्यसपछि ज्याला बृद्धिको प्रतिशत २६ मा झर्‍यो । त्यसपछि २५ प्रतिशत बृद्धि भयो । यसपाली आइपुग्दा त मजदूरहरूको ज्यालामा खालि १७ प्रतिशतले वास्तविक बृद्धि भएको देखिन्छ । यसरी हेर्दा मजदूरहरूको हातमा पर्ने ज्याला बृद्धिको प्रतिशत झन् झन् घट्दै गएको भेटिन्छ । यस्तो किन भयो होला त भनेर घोत्लिँदा श्रमिकवर्गको आन्दोलनले गतः १० वर्षमा नेपालमा आफ्नो शक्ति गुमाउँदै गएको भान हुन्छ ।

यो भयो मजदूरहरूको ज्यालाको पाटो ।

मजदूरहरूको ट्रेड यूनियन अधिकारको पाटो हेर्ने हो भने चाहिं गतः १० वर्षमा मजदूरहरूको अधिकारको पक्ष एकदम बढेर गएको भेटिन्छ । यो गएको १० वर्षमा धेरै नयाँ ठाउमा मजदूर यूनियन बनेका छन् । स्वतःस्फूर्त ढंगले पनि यूनियन बनेका छन् । मूल केन्द्रसित आवद्ध भएर पनि यूनियन बेनका छन् । परन्तु यूनियनमा संगठित हुने प्रक्रिया बढ्दै जानुको साथसाथै मजदूरहरूलाई पूँजीपति वर्गले दुरूत्साहन गर्ने घटना पनि बढ्दैगएको पाइन्छ । जस्तो, २०४६ सालमा मजदूरहलाई स्पष्टीकरण माग्ने र मजदूरहरूलाई निष्काशन गर्ने कार्य जुन प्रतिशतमा थियो, त्यसमा अहिले झण्डै एक सयभन्दा ज्यादा प्रतिशतले बृद्धि भएको देखिएको छ । यूनियनको क्रियाकलापमा लागेका मान्छेलाई स्पष्टीकरण माग्ने क्रम त अझ १८१ प्रतिशतले बृद्धि भएको देखिएको छ । हामीले देशको ७२५ वटा प्रतिष्ठानमा गरेको सर्वेक्षणले यो कुरा स्पष्टसित देखाएको छ ।

यो स्थितिलाई मध्यनजर राखेर देशको ट्रेड यूनियन आन्दोलनको हिसाब किताब गर्नुपर्छ भन्ने मलाई लागेको छ ।

यसरी हेर्दा गत दशकमा नेपालमा मजदूरहरूको ट्रेड यूनियन आन्दोलन भयो, भएन भनेर हेर्नु जरूरी छ । यसरी नियाल्दा नेपालको ट्रेड यूनियन आन्दोलनले परंपरागत बाटो चाहिँ छोडेको देखिन्छ । २००४ सालदेखिको ट्रेड यूनियन आन्दोलनलाई नियाल्दा एउटा वाम खेमामा, अर्को गैर-वाम खेमा भएर गएको देखिन्छ । दुई बाटाबाटै ट्रेड यूनियन आन्दोलन अगाडि बढेको देखिन्छ । यसैलाई थेग्दैथेग्दै हामी २०४७ सालसम्म आयौं । हामीले आफूलाई स्वतन्त्र भने तापनि वा नभने तापनि यो अवधिमा ट्रेड यूनियन आन्दोलनले यो वा त्यो राजनीतिक पार्टी वा विचारको छहारीमा रहेर काम गर्‍यो । तर अहिले आइपुग्दा खासगरी ट्रेड यूनियन ऐन प्राप्त गरिसकेपछि परंपरागत ढंगले ट्रेड यूनियन आन्दोलन अघि बढाउने प्रयास विफल भएको देखिएको छ । अहिले ट्रेड यूनियन आन्दोलनलाई साझा घरको रूपमा बुझ्ने मान्यताले मूर्त रूप लिँदैआएको पाइएको छ । यो नेपालको ट्रेड यूनियन आन्दोलनमा गत एक दशकमा आएको परिवर्तन हो ।

हाम्रै ट्रेड यूनियनको कुरा गर्ने हो भने पनि हामीले शुरूमा वाम खेमाको प्रतिनिधित्व गर्ने ढंगले ट्रेड यूनियन बनायौं । २०३६ सालपछि हामीले आफूलाई उग्र क्रान्तिकारी चिन्तन बोकेको राजनीतिक धारसित नजिक राख्ने प्रयत्न गर्दै गयौं । साथसाथै आफूलाई स्वतन्त्र देखाउने प्रयत्न पनि गर्दै गयौं । यो दौरानमा राजनीति र राजनीतिक पार्टीसित ट्रेड यूनियन आन्दोलनको संबन्ध के हो भन्ने प्रश्नमा हामीमा पनि वैचारिक अस्पष्टता र गंजागोल रह्यो । हामीमध्ये कतिले ट्रेड यूनियन आन्दोलन गैर-राजनीतिक हुनुपर्छ भन्ने सोच राखे । कतिले ट्रेड यूनियन आन्दोलन राजनीतिक पार्टीको शाखा मात्र हुनुपर्छ भन्ने बुझे । पछिल्लो समयमा २०४६ सालपछि मात्र हामीले के स्पष्टता विकास गर्दै गयौं भने, ट्रेड यूनियन आन्दोलन गैर-राजनीतिक त हुनै सक्दैन । यो असंभव कुरा हो । किनभने बहुसंख्यक श्रमजीवी जनता संगठित हुने ठाउँ भनेको ट्रेड यूनियन आन्दोलन नै हो । यो नै गैर-राजनीतिक हुनथाल्यो भन्ने देशको राजनीतिक भविष्य नै अन्त्य र चौपट हुन्छ । त्यसकारण ट्रेड यूनियन आन्दोलन पूर्णतः राजनीतिक हुनु पर्ने कुरामा हामी स्पष्ट र सहमत भयौं ।

तर राजनीतिक पार्टीसितको संबन्धका बारेमा वाम खेमामा मतभिन्नता रह्यो । हाम्रो ट्रेड यूनियनले पछिल्लो समयमा के धारणा विकास गर्‍यो भने, ट्रेड यूनियनले कुनै राजनीतिक पार्टीसित मूर्त रूपमा विषय किटेर सहकार्य गर्न चाहिँ सक्छ, तर यो राजनीतिक पार्टीको शाखाको रूपमा चल्नु हुँदैन । वाम खेमाकै कतिपय ट्रेड यूनियनले भने आफूलाई स्वतन्त्र भने तापनि हामीले लिएजस्तो धारणा विकास गरेनन् । ट्रेड यूनियनलाई यो वा त्यो रूपमा पार्टीको शाखाको रूपमा चलाउने प्रक्रिया जारी रह्यो । यो कुरामा मत भिन्नता र वैचारिक गंजागोल रहनाले एकले अर्कोलाई आरोप प्रत्यारोप गर्ने प्रक्रिया जारी रह्यो । "विश्वका मजदूर एक होऊ !"भनेर हामीले नारा दिए पनि यो मत भिन्नता र को शुद्ध को अशुद्ध भन्ने आरोप प्रत्यारोपले गर्दा मजदूरहरूको 'एक यूनियन एक आवाज'को अवधारणा हाम्रो देशमा सार्थक हुनसकेन । मजदूर शक्ति विभिन्न अलग अलग पार्टीको शाखा ट्रेड यूनियनका रूपमा विभाजित भयो । मजदूर शक्तिको विभाजनकै कारणले ट्रेड यूनियन आन्दोलन सशक्त र प्रभावकारी हुन सकेन । यो एउटा समस्या हामी पछिल्लो एक दशकमा भोगिरहेका छौं ।

जब ट्रेड यूनियन आन्दोलन एकताबद्ध हुन सकेन, तब मजदूरहरूको एक यूनियन एक आवाज हुनसकेन । त्यसो हुने वित्तिकै स्थिति के भयो भने हामीले हाम्रा बैरीविरूद्ध, जो हामीलाई अनेकौं ढंगले पूँजीपतिको रूपमा शोषण गर्छन्, एकताबद्ध ढंगले आक्रमण गर्न सकेनौं । एक यूनियनले अर्को यूनियनलाई खत्तम गर्ने, प्रयोग गर्ने, आपसमै झगडा गर्ने प्रक्रिया हामीहरूभित्र चल्यो । हामीले धेरै टाढा जानै पर्दैन, बालाजु औद्योगिक क्षेत्रमै यो दृष्य देखियो । त्यहाँको ब्याट्री

# नेपालमा मजदूर आन्दोलन किन सशक्त र प्रभावकारी हुन सकिरहेको छैन ?




आन्दोलतरत मजदूरहरू २०४९, विराटनगरको एक दृश्य

कारखानामै यो स्थिति देखियो ।

नतिजा के भयो भने ट्रेड यूनियन आन्दोलनले एक ढिका भएर शोषण र अन्याय गर्ने पूँजीपतिविरूद्ध लड्नु पर्नेमा एक आपसमा लड्नुमा, आफ्नो अस्तित्व जोगाउन मरिमेट्नुमा नै उनीहरूको मुख्य ऊर्जा खर्च भयो । कतिपय ठाउँमा त एउटा ट्रेड यूनियन अर्को ट्रेड यूनियनको विरूद्धमा पूँजीपतिको हतियारको रूपमा प्रयोग हुने स्थितिसमेत देखियो । यी र यस्ता कमज़ोरी अरूबाट पनि भएका छन्; यस्तो त्रुटी हामीबाट पनि भएनन् भन्न सकिन्न । यस्तो भएपछि मजदूर आन्दोलन कसरी सशक्त र प्रभावकारी हुनसक्छ ?

यिनै सब कारणले विगत दश वर्षमा ट्रेड यूनियन आन्दोलनले जुन हिसाबले उपलब्धि हासिल गर्न सक्थ्यो, त्यस्तो हुनसकेन ।

## एकतावद्ध हुने उपाय

ट्रेड यूनियनको विभिन्नताको यो स्थितिमा पनि मजदूरहरूको साझा समस्यामा आधारित भएर साझा मोर्चा वा छाता-यूनियन बनाउने उपायहरू छन् । हाम्रो महासंघले त नारा नै दिएको छ- "एक यूनियन एक आवाज" भनेर । यो हाम्रो यूनियनमा सबै मजदूर आऊ भनिएको होइन; एउटै छाता-यूनियनमा मजदूरहरूको साझा समस्यालाई लिएर अलग अलग बसिरहेका सबै यूनियन आउनु पर्‍यो र एकतावद्ध भएर आवाज उठाउनु पर्‍यो भन्ने यसको तात्पर्य हो । यही नारा दिँदादिँदै पनि हामीले कहाँ कति कमजोरी गरिरहेका छौं, त्यो इतिहासले मूल्यांकन गर्ने विषय हो । अहिले धेरै नै मुद्दा हुन सक्छन् बहसका, विवादका । हामीले जसरी ट्रेड यूनियन आन्दोलनलाई लानुपर्छ भनेर सोचिरहेका छौं, त्यो दृष्टिकोणसित कतिपय ट्रेड यूनियन आन्दोलनहरू असहमत पनि हुन सक्छन् । तथापि एउटा विषयमा त हामी सबै एकतावद्ध भएर आवाज उठाउन सक्छौं । त्यसरी आवाज उठाउनु पर्ने स्थिति देशमा विद्यमान छ ।

## त्यो के हो त ?

त्यो के हो भने हाम्रो देशले पनि अहिले आर्थिक उदारीकरणको नीतिलाई पछ्याइरहेको छ । अर्थतन्त्रलाई यहाँ अहिले खुल्ला गरिएको छ । यो उदारीकरण र खुला अर्थतन्त्र अन्तर्गत अहिले धनी देशहरूले हाम्रो मुलुकमा निर्वाध रूपमा पूँजी ओइर्‍याइरहेका छन् । पूँजीको शोषण गर्ने तरीका यहाँ सरल रूपले व्यवहारमा प्रयोग गरिहेछन् । पूँजी अहिले चाहियो भने मिनेटभरमै देशभरि छरिन सक्छ, र देशबाट पलायन पनि गर्नसक्छ । तर श्रम भने छरिएर रहेको छ र आवश्यक मात्रामा संगठित छैन । यस्तो स्थितिमा एकतावद्ध रूपले उठाउनु पर्ने र उठाउन सकिने एउटा मुद्दा भनेको ठूला उद्योग घरानाका बहुराष्ट्रिय निगम र संयुक्त लगानी (Joint Venture) का उद्योगहरूले जुन ढंगले सस्तो श्रमलाई प्रयोग गर्नलाई हाम्रो देशमा जाल बिछ्याइरहेका छन्, त्यसको विपक्षमा जुनसुकै विचारधारा राख्ने वा जुनसुकै राजनीतिक पार्टी मातहतका ट्रेड यूनियनहरूले पनि साझा सहमति कायम गर्नसक्छन् । कम्तिमा यो एउटा न्यूनतम कार्यक्रममा हामी छरिएर रहेका ट्रेड यूनियनहरू एक हुनसक्छौं । एकीकृत ट्रेड यूनियन संचालन गर्न सक्छौं ।

गएको मार्चमा हामी वर्ल्ड फेडरेशन आफ ट्रेड यूनियन (WFTU) को चौधौं अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिन गएका थियौं । त्यही फोरमबाट हामीले बोल्यौं कि सोभियत संघ ढलिसकेपछि दिशाविहीन भएको WFTU को अब कुनै भविष्य छैन । अब हामी ICFTU, WCL लगायत कुनै पनि ट्रेड यूनियनको गतिविधिलाई चुनौती दिने काम नगरौं । यस्तो चुनौती नदिईकन दक्षिण एशियामा संचालित संपूर्ण बहुराष्ट्रिय निगम र संयुक्त लगानीका उद्योग व्यवसायको वा एउटा प्रतिष्ठानको एउटा लगत तयार पारौं । त्यसले संबन्धित कारखानामा वा प्रतिष्ठानमा मजदूरहरूलाई के कस्तो सुविधा दिई राखेको छ, त्यसको सूची पनि तैयार पारौं । त्यसैलाई आधार बनाएर यी यस्तो उद्योग व्यवसायहरूले कहाँ कस्तो शोषण गरिराखेको छ, त्यसको विरूद्ध एकीकृत आक्रमण गरौं । एउटा दक्षिण एशियाली मजदूर मोर्चा नै तैयार पारौं । यो प्रस्ताव हामीले त्यहाँ राख्यौं र यसले अहिले गति लिइराखेको छ । दक्षिण एशियामै हामीले यसरी एकतावद्ध मोर्चा बनाएर जान सक्यौं भने हाम्रो देशमा मजदूर मोर्चा बनाएर जान नसक्ने कुरै छैन ।

हाम्रो देशमा अहिले बहुराष्ट्रिय कंपनीहरू, संयुक्त लगानीका कंपनीहरू र ठूला उद्योग घरानाहरूले काम गरिरहेका छन् । कमसेकम हामी कंपनीको र एउटा ठूलो उद्योग समूहको सबै प्रतिष्ठानमा एउटै खालको तलब सुविधा हुनुपर्छ भनेर एकतावद्ध संघर्ष त गर्न सक्छौं नि । यो विषयमा एउटा ट्रेड यूनियनले अर्को ट्रेड यूनियनसित विमति जनाउनु पर्ने त कारणै छैन ।

अहिले हाम्रो मुलुकमा ट्रेड यूनियनका तीनवटा क्षेत्रहरू छन्, जसलाई हामी तीनवटा रङ्ग भन्छौं । एउटा हो- सेवा क्षेत्रका ट्रेड यूनियनहरू; अर्को संगठित क्षेत्र अर्थात् कारखानाहरू वा वस्तु उत्पादन क्षेत्र, र तेश्रो, कृषि क्षेत्र । यसरी सेवा, वस्तु उत्पादन र कृषि क्षेत्र यी तीनवटा रङ्गलाई मिलाएर एकीकृत ट्रेड यूनियन आन्दोलन विकास गर्नुपर्ने स्थिति नेपालमा विद्यमान छ । सेवा र उत्पादन दुवै क्षेत्रलाई एकै ठाउँमा गाभ्दा पनि ५ लाखभन्दा ज्यादा ज्यालादारी मजदूरहरू कृषि क्षेत्रमा छन् । त्यसैले कृषि क्षेत्रलाई हामी नजरअन्दाज गर्न सक्दैनौं । कृषि मजदूरहरूलाई संगठित गर्ने कुरामा हामीले पहिलो प्राथमिकता दिनैपर्छ । त्यहाँ वर्ग संघर्षलाई उठाउन हामीले एकीकृत प्रयत्न गर्नैपर्छ ।

यो मतमा हामी सहमत हुन सक्यौं

**तथापि एउटा विषयमा त हामी सबै एकतावद्ध भएर आवाज उठाउन सक्छौं । त्यसरी आवाज उठाउनु पर्ने स्थिति देशमा विद्यमान छ ।**

> **साझा शत्रुका विरूद्ध साझा सवाललाई लिएर एकीकृत मजदूर आन्दोलन चलाउने हो भने राजनीतिक आस्था, विचारधारा र अन्तर्राष्ट्रिय संबद्धतालाई हामीले यथावत राख्नुपर्छ**

भने कृषि क्षेत्रको २० लाख कृषि मजदूरहरूको साझा समस्या समाधान हुनसक्छ । त्यस क्षेत्रको समस्या भनेको न्यूनतम ज्याला हो । त्यहाँ सरकारद्वारा घोषित गरिएको दैनिक रू ६०/- न्यूनतम ज्याला पनि व्यवहारमा लागू भइरहेको छैन । परंपरागत सुरक्षा त त्यहाँ छँदै छैन । निर्धारित गरिएको न्यूनतम ज्याला लागू गर्ने, त्यो लागू भए नभएको अनुगमन गर्ने, लागू नगर्ने दुष्टहरूविरूद्ध सामूहिक आक्रमण गर्ने र मज़दूरहरूको कार्य अवस्था (Working Condition) को सुधारको लागि संघर्ष गर्ने - यी सवालमा कृषि क्षेत्रका मजदूरहरूको एकीकृत वर्ग संघर्ष संचालन हुनसक्छ । ८ घण्टाको कार्य दिनको माग र विषादिहरू र मलखादको प्रयोगबाट स्वास्थ्यमा हुने हानीबाट पेशागत सुरक्षाको माग पनि यस क्षेत्रको साझा माग हुनसक्छ ।

सेवा क्षेत्र बढी सुरक्षित छ अहिले । तर त्यहाँ पनि बहुराष्ट्रिय निगमले गर्ने शोषणविरूद्ध हामी एकीकृत ढंगले आवाज उठाउन सक्छौं ।

कारखाना क्षेत्र वा उत्पादन क्षेत्र अहिले झन् साँघुरिँदै गएको छ । त्यहाँको साझा समस्या भनेको विश्वव्यापी उदारीकरणको दवदवा बढ्दै गएपछि पूँजीपतिले पेन्सन, संचयकोष, उपदान, ग्रेड, केही पनि मजदूरहरूलाई दिन नपर्ने पार्नका लागि त्यहाँ पिस रेटमा काम लाउने, करारमा मजदूर राख्ने र दैनिक ज्यालादारीमा मजदूर राख्ने प्रवृत्ति बढ्दै गएको छ । यसबाट मजदूरहरूको रोजगारीको सुरक्षा नै संकटमा पर्नगएको छ ।

यो सबैभन्दा खतरानाक समस्या भएको छ । उत्पादन क्षेत्रमा मजदूरहरूको लागि असुरक्षा नै अहिले उत्पादन क्षेत्रको मुख्य समस्या भएको छ । तसर्थ करार श्रम, पिस रेटमा काम गराउने प्रणाली र दैनिक ज्यालादारीमा काम लगाउने प्रवृत्तिका विरूद्ध र रोजगारको सुरक्षाका लागि हामी एकीकृत ट्रेड यूनियन आन्दोलन संचालन गर्न सक्छौं । अर्को, कैयन् प्रतिष्ठानमा अहिलेसम्म पनि श्रम ऐन लागू भएको छैन । यो दोश्रो साझा समस्या हो ।

यी भए - हामीले देखेका मजदूर क्षेत्रका साझा समस्याहरू । अरूले देखेका त्यस्ता साझा समस्या पनि हुनसक्छन् । तीनै क्षेत्रका यी मुद्दाहरूलाई संघर्षको न्यूनतम साझा मुद्दा बनाएर नेपालमा एकताबद्ध ट्रेड यूनियन आन्दोलन चलाउन सकेमा नै नेपालको मजदूर आन्दोलन सशक्त र प्रभावकारी हुनसक्छ ।

साझा शत्रुका विरूद्ध साझा सवाललाई लिएर एकीकृत मजदूर आन्दोलन चलाउने हो भने राजनीतिक आस्था, विचारधारा र अन्तर्राष्ट्रिय संबद्धतालाई हामीले यथावत राख्नुपर्छ । कसैले कसैको प्रक्रियालाई चुनौती दिनु हुँदैन । सानो होस् वा ठूलो, ट्रेड यूनियन सबैले सबैको अस्तित्वलाई स्वीकार गरेर यूनियनलाई सबै अटाउने र हरेकले मिलेर सबैको हितमा काम गर्ने साझा घरका रूपमा विकास गर्नुपर्छ । सानो होस् वा ठूलो, सबैको त्यसमा सहभागिता हुनुपर्छ । बहुमतका आधारमा होइन, सहमतिका आधारमा त्यहाँ नीति र कार्यक्रमको निर्णय हुनुपर्छ । न्यूनतम साझा सवालमा संघर्ष गर्ने सहमति नै त्यहाँको एकताको आधार हुनुपर्छ । त्यहाँ कसैको धेरै प्रतिनिधि, कसैको थोरै प्रतिनिधि भन्ने हुँदैन, समान प्रतिनिधित्वको आधारमा मोर्चा संचालन हुनुपर्दछ । बृहत्तर घेराभित्रको खुकुलो खालको मजदूरको साझा संघर्षको संयन्त्रको रूपमा यसलाई बुझिनुपर्दछ । बहुराष्ट्रिय वा देशकै पूँजीको शोषण र पेशागत असुरक्षाविरूद्ध लड्न नचाहेनहरूसित त संयुक्त मोर्चाको कुनै अर्थ छैन । तर लड्न चाहने सबै मोर्चामा अटाउनुपर्छ । उनीहरूलाई त्यसमा समेटिनु पर्छ । कसले कुन राजनीतिक विचारधारा बोक्छ, त्यो बारे त्यहाँ सोधिने कुरा हुँदैन । मजदूरहरूको साझा हितका लागि साझा सवालमा लड्न चाहन्छ कि चाहँदैन- त्यो मात्र सोधिने विषय हुनुपर्छ । ❑

*(विष्णु रिमाल नेपाल ट्रेड यूनियन महासंघ (GEFONT) का महासचिव हुनुहुन्छ । यो लेख उहाँसँग मूल्यांकनले गरेको टेप वार्ताको आधारमा तयार पारिएको हो । -मूल्यांकन)*

◀ घटना र प्रवृत्ति

**न्यायिक ट्रिब्युनलले राष्ट्रवादी निर्णय दियो**

# स्वीकृतिबिना विदेशी कामदार राख्न नपाइने

श्रम संबन्धी विवाद समाधान गर्न गठित एक सदस्सीय ट्रिब्युनलले गत चैत्र २३ गते एउटा राष्ट्रवादी निर्णय दिएपछि नेपालको श्रम संबन्धी विषयमा सरोकार राख्ने विज्ञहरू र नेपाली श्रमिकहरू माझ यसले विशेष चर्चा र चासो पाउन थालेको छ ।

उक्त निर्णयले नेपालका औद्योगिक प्रतिष्ठानहरूले विनास्वीकृति विदेशी कामदार राख्न नपाउने ठहर प्रस्तुत गरेको छ । र, यसले ती प्रतिष्ठानहरूमा नेपाली र विदेशी कामदारहरूको सुविधामा असमानता हुन नहुने ठहर पनि प्रस्तुत गरेको छ ।

नेपाल व्याट्री कंपनिका कर्मचारीहरूको १४ सूत्रीय मागका संबन्धमा सो कंपनि र श्री ५ को सरकारको श्रम विभागले पनि ठोस टुंगो दिन नसकेपछि सर्वोच्च अदालत व्यवस्थापन अनुगमन समितिका सदस्य सचिव काशीराज दाहालको अध्यक्षतामा गत माघ २८ गते कानून बमोजिम सो एक सदस्सीय ट्रिब्यूनल गठन भएको थियो ।


सो ट्रिब्युनलले दिएको निर्णयले विदेशी कामदारहरूलाई विभिन्न काम र पदमा संलग्न गराइरहेका ठूला औद्योगिक प्रतिष्ठानहरूलाई झस्काएको पाइन्छ भने नेपाली कामदारहरूलाई भने विशेष राहत महशूस भएको छ । तर सरकारले भने यस निर्णयको कार्यान्वयनलाई उपेक्षा गरिरहेको पाइएको छ । आफ्नो देश र देशवासीको पक्षमा कानूनी रूपले भएका फैसलाहरूलाई यसरी उपेक्षा गर्नुलाई सरकारको 'राष्ट्रघाती रवैया" नै मान्नु पर्ने हुन्छ ।

नेपालका उद्योगहरूमा नेपालमा अनुपलब्ध प्राविधिक शीपमूलक पदहरूमा सरकारी स्वीकृती लिएर बढीमा सात वर्षसम्मका लागि मात्र विदेशी कामदारहरू नियुक्त गर्न सकिने व्यवस्था श्रम ऐनले गरेको छ। सात वर्षको सो अविधिमा सो पदका निम्ति नेपालीहरूलाई दक्ष बनाइसक्नु पर्ने व्यवस्था पनि ऐनले गरेको छ । नेपाल ब्याट्री कंपनिले भने १६ वर्ष अवधिसम्म पनि सो कानूनी व्यवस्थालाई पालना नगरेको पाइएको र यसले अप्राविधिक पदमा समेत विदेशीहरूलाई काम लगाइराखेको दावी हाम्रो समाचार सूत्रले गरेको छ । ती विदेशी कामदारहरूले सो कंपनिको मुख्य लगानीकर्ता भारतस्थित एभरेडी इण्डस्ट्रिज लि. नामक भारतीय कंपनिको मापदण्ड अनुसार नेपाली कामदारले भन्दा फरक सुविधाहरू प्राप्त गरिरहेका छन् । नेपाली कानून बमोजिम स्थापित कंपनिहरूमा नेपालकै समान मापदण्ड लागू हुनुपर्ने आशयसहित ट्रिब्युनलले नेपाली एवं गैर-नेपालीका बीचमा तलब, भत्ता र सुविधाका सम्बन्धमा गरिएको भेदभाव गैर-कानूनी हुने ठहर पनि गरेको छ ।

नेपाल-भारतबीचको १९५० को अप्रासागिक र असमान सन्धिको धारा ६ र ७ को आडमा नेपालमा आएर भारतीयहरूले काम गर्न सक्ने दावी गर्दै जथाभावी गरिरहेका भारतपरस्त दलाल पूँजीपतिहरूको जगजगीलाई कम गर्न ट्रिब्युनलले दिएको यो निर्णयले महत्वपूर्ण भूमिका खेल्न सक्ने संभावना देखिएको छ ।

यसैबीच, यही जेठ १३ गते ट्रिब्युनलका निर्णयका विरूद्ध ब्याट्री कारखानाले रिट दायर गरेको र अदालतले कामदारहरूलाई कारण देखाउ आदेश जारी गरेको बुझिएको छ ।

*(-मूल्यांकन समीक्षक)*


श्रम विभाग
श्रम कार्यालय

*श्रम विभागले नेपाल ब्याट्री कंपनिलाई ट्रिब्युनलको निर्णय कार्यान्वयन गर्न दिएको चिठी : तर सो विभागले यसका निम्ति कडाई गरेको खै ?*

◀ आँखीझ्याल

## कोरियाली युद्धमा अमेरिकी र दक्षिण कोरियाली सैनिकहरूको नृशंसता

# छेजु विद्रोह र ८० हजार विद्रोहीहरूको संहार !

युद्ध-अपराधका दर्दनाक पीडाहरू युद्ध-अपराधीहरूले बिर्सन सक्छन्, बिर्सन नसके पनि बिर्सेजस्तो गर्न सक्छन्, तर अचानो भएका युद्ध-पीडितहरूले भने कदापि बिर्सन सक्दैनन् । युद्ध-अपराधीहरूले आफ्ना जघन्य अपराधहरूलाई छोपछाप पार्ने, इतिहासका कित्तावहरूमा मेटाउने र बङ्ग्याउने दुष्कर्म गर्न सक्छन्, तर युद्धको मारमा परेका जनताले त्यस्ता अपराधहरूलाई आफ्ना मन मस्तिष्कबाट हटाउने काम कहिले पनि गर्दैनन् । यसैको एउटा ठोस अभिव्यक्ति हो -छेजु नामक कोरियाली टापुमा ३ अप्रिल १९४८ मा जन-विद्रोहमाथि भएको निर्मम दमनको खोजतलास ।

अमेरिकी साम्राज्यवादद्वारा १९४५ देखि कोरियामाथि गरिएको नांगो सैनिक हस्तक्षेप, त्यसको पीडादायी विभाजन र उत्तर कोरियाविरूद्ध गरिएको १९५० देखि १९५३ सम्मको असफल युद्ध धेरैले बिर्सिसकेका होलान् । त्यसैले कोरियाली युद्धलाई 'बिर्सिएको युद्ध' (Forgotten war) पनि भनिन्छ । तर अमेरिकाको न्यूयोर्कमा बस्ने अनुसन्धानकर्ता डा. ली दो-योङ भने छेजु विद्रोहमाथि भएको अमेरिकी-कोरियाली शासकहरूको सैनिक दमनमा परी मारिएका आफ्ना पिताका स्मृतिहरू खोज्ने क्रममा 'बिर्सिएको युद्ध' का अवशेषहरू खोतल्दैछन् । उनले कोरियाली युद्धसम्बन्धी अमेरिकी सरकारको अभिलेखालयबाट युद्ध अपराधसम्बन्धी थुप्रै ऐतिहासिक दस्तावेजहरू र फोटोहरू सफलतापूर्वक खोजी गरेका छन् ।

दक्षिण कोरियाली सैनिक शासकहरूबाट भएका आम हत्या र नरसंहारहरूलगायत राजबन्दीहरूको नृशंस संहारको प्रमाण खोतल्ने क्रममा सफलता पाएपछि डा. ली दो-योङले घोषणा गरेका छन् - 'यी सबै नृशंसताका लागि मूलतः अमेरिकी साम्राज्यवाद नै जिम्मेवार छ । दस्तावेज र फोटोहरूमार्फत् स्पष्ट रूपमा थाहा भएको छ - ती नरसंहार र नृशंस हत्याहरूमा अमेरिकी सैनिकहरूको उपस्थिति थियो । त्यस्ता दुष्कर्महरूमा उनीहरूको समर्थन, सहयोग र सहभागिता थियो । मूल रूपमा उनीहरूको नीति-निर्देशन नै हावी थियो । त्यसैले १ लाख मानिसहरूको संहारमा अमेरिकी साम्राज्यवाद नै दोषी देखिन्छ, दक्षिण कोरियाली शासकहरू त उसका कठपुतली मात्रै थिए ।'



छेजु विद्रोहमाथि भएको दमनको दर्दनाक दृश्य

छेजु विद्रोहमा सहभागी भएका सामान्यजनदेखि कम्युनिष्टहरूमाथि भएको नृशंस दमनको बारेमा बताइएको चर्चित Red Hunt नामक भिडियोमा पनि अमेरिकी-दक्षिण कोरियाली शासकहरूका हिटलरी अनुहार प्रस्ट्याइएको छ । सो भिडियो हेरेपछि न्यूयोर्कमा गत अप्रिल १ मा छेजु विद्रोहकै वार्षिकीको सन्दर्भमा इन्टरनेशनल एक्शन सेन्टरको आयोजनामा भएको स्वतन्त्रता र एकीकरणका लागि भइरहेका कोरियाली जनताको संघर्षसम्बन्धी कार्यक्रममा डा. ली दो-योङले खुलस्त भनेका छन् - "हामी सबै आफ्नो देशको एकीकरण र आफ्नै जनताद्वारा शासित हुने देशको निर्माणका लागि संघर्षरत छौं ।"

### *छेजु विद्रोह किन र कसरी ?*

स्मरणीय छ, अमेरिकी साम्राज्यवादले कोरियालाई आफ्नो उपनिवेश बनाउन सन् १९४५ मा दक्षिण भूभागमा सैनिक हस्तक्षेप गरेको थियो । कोरियामाथि १९१० देखि १९४५ सम्म औपनिवेशिक शासन चलाउने जापानी साम्राज्यवादीहरू दोस्रो विश्व युद्धमा पराजित भएको मौका छोपेर उसले त्यहाँ जापानको ठाउँ ओगटेको थियो । त्यस बेलासम्ममा कोरियाको उत्तरी भूभागलाई किम इल सुङ तथा अन्य साम्राज्यवादविरोधी नेताहरूको अगुवाइमा चलिरहेको सशस्त्र जनयुद्धकारीहरूले जापानी साम्राज्यवादको प्रभुत्वबाट मुक्त पारिसकेका थिए । उनीहरूले किसान, मजदूर र सम्पूर्ण उत्पीडितहरूको पक्षमा समाजको पुनर्गठन गर्ने र आफ्नो देशको स्वाधीनता, सार्वभौमिकता र अखण्डताका लागि दक्षिणी भूभाग पनि मुक्त गर्ने अभियान चलाइरहेका थिए । यसमा दक्षिणी भूभागमा संघर्षरत क्रान्तिकारी देशभक्त तथा कम्युनिष्टहरूको पूर्ण समर्थन, सहयोग थियो र त्यहाँ पनि जुझारू संघर्ष चलिरहेको थियो ।

यो स्थितिमा हस्तक्षेपकारी अमेरिकी शासकहरूले कोरियामाथि प्रभुत्व कायम गरीराख्नका लागि दुईवटा जघन्य अपराधहरू गरे । एउटा अपराध हो - पाँचहजार वर्ष अगाडिदेखि अखण्ड र एकीकृत देश कोरियालाई सन् १९४५ मा जनताको विरोधका बावजुद '३८ औं समानान्तर रेखा'ले चिरेर विभाजित गर्नु । अर्को अपराध हो - समाजवादमुखी मुक्ति-संग्राममा सफलता हासिल गरिरहेको उत्तर कोरियालाई परास्त गर्न सबैभन्दा पहिले दक्षिण कोरियाका क्रान्तिकारीहरूमाथि निर्मम दमन गर्नु ।

जापानी साम्राज्यवादका विरूद्ध ३५ वर्ष लामो स्वाधीनता संग्राम लडिसकेका दक्षिण कोरियाली क्रान्तिकारीहरूले पनि अमेरिकी हस्तक्षेपको सर्वत्र सशस्त्र जन-प्रतिरोध गरे । सबै शहर-गाउँमा स्थापित जन-सरकारहरूमार्फत् उनीहरूले उत्तरकोरियामा जस्तै भूमिसुधार, सम्पत्तिको पुनर्वितरण, न्याय-स्वतन्त्रता र समानतामुखी समाजको निर्माणका साथै 'नयाँ कोरयाली जन-गणतन्त्र'को स्थापनाको घोषणा पनि गरे । यसै अभियानलाई निमिट्यान्न पार्न अमेरिकी शासकहरूले दक्षिण कोरियामा सिङमन रीको नेतृत्वमा आफ्नो कठपुतली शासन चलाउने र त्यसमार्फत् सैनिक दमन तीव्र पार्ने काम गरे । युद्धवीरबाट युद्धविरोधी कार्यकर्ता बनेका दक्षिण कोरियाली नागरिक ली ह्वा राङ त्यसबेलाका युद्ध-अपराधहरूलाई सम्झँदै भन्दछन् -"हजारौंहजार दक्षिण कोरियालीहरूको संहार गरिएको थियो । अमेरिकी सैनिक सरकार अन्तर्गतको कोरियामा सन् १९४५ देखि १९४८ सम्ममा मात्रै 'सशस्त्र राता डाँकाहरू'लाई निमिट्यान्न पार्ने नाममा दक्षिण कोरियाभरि नै नरसंहारको क्रम चलाइएको थियो ।"

यस्ता थुप्रै नरसंहारहरूमध्ये ३ अप्रिल, १९४८ मा छेजु टापुमा भएको

*डा. ली दो-योङ भने छेजु विद्रोहमाथि भएको अमेरिकी-कोरियाली शासकहरूको सैनिक दमनमा परी मारिएका आफ्ना पिताका स्मृतिहरू खोज्ने क्रममा 'बिर्सिएको युद्ध' का अवशेषहरू खोतल्दैछन् ।*



*अमेरिकी र दक्षिण कोरियाली सैनिकहरूद्वारा वामपन्थीहरूको हत्या गरिँदै*

नरसंहार सबैभन्दा कुख्यात छ । कोरियाको मूल भूमिबाट दक्षिणस्थित समुद्रमा रहेको सानो टापुमा भएको नरसंहारले अहिले पनि अमेरिकी साम्राज्यवाद र त्यसको कठपुतली सैनिक सरकारको नृशंसतालाई नंग्याइरहेको छ । १९४८ तिर त्यस टापुमा ३ लाख मानिसहरूको बसोबास थियो, जसमा २ लाख मानिसहरू कम्युनिष्ट विचारलाई मान्दथे भन्ने प्रचार थियो ।

जब अमेरिकी साम्राज्यवादको कठपुतली सैनिक सरकारले उत्तर कोरियालाई अलग्याएर चुनाव गराउने घोषणा गर्‍यो, तब टापुबासीहरूले त्यसको कडा विरोध गरे । चुनाव मूल रूपमा सिङमन रीको कठपुतली सरकारलाई वैधानिक बनाउन र कोरियाको विभाजनलाई औपचारिक रूप दिनका लागि रचिएको अमेरिकी नाटक थियो । । यही नाटकको विरोधमा छेजुबासीहरूले कडा विरोध गरेपछि सैनिक सरकारका प्रहरीहरूले २५०० मानिसहरूलाई गिरफ्तार गरे । तिनीहरूलाई गिरफ्तार गरिएको भोलिपल्टै एक जना बन्दीलाई पानीमा डुबाएर मारेको थाहा पाएपछि छेजुबासीहरूले बिद्रोह गरे ।

शुरूमा छेजुबासीहरूले बन्दीलाई मार्ने प्रहरीमाथि जनकारवाही चलाए । आधाजसो प्रहरीहरूलाई लखेटी छाडे । एक हप्तापछि नै त्यहाँ ५ हजार मानिसहरू छापामार भए । उनीहरूले शिकारी बन्दूक, चक्कू र लट्ठीको भरमा प्रहरी र सैनिकहरूविरूद्ध सशस्त्र कारवाही शुरू गरे । आफ्नो देशको मुक्ति र स्वाधीनताका लागि शसस्त्र विद्रोहमा उत्रेका छेजुबासीहरूमाथि पहिले त सिङमन रीको कठपुतली सरकारले 'सुहबुक चोङग्योन-दान' नामक फासीवादी युवा संगठनलाई हतियार र पैसा दिएर हिंस्रक आक्रमण गर्न लगायो । त्यसमा सफलता पाउन नसकेपछि उसले सैनिक र प्रहरी परिचालन गरी निर्मम दमन चलायो ।

छेजु जन-बिद्रोहमाथि भएको दमनका रिपोर्टहरू कोरियादेखि अमेरिकासम्म नफैलिएको होइन, तर अमेरिकी सरकारले छेजुमा भएको आतंकलाई बन्द गर्नुको सट्टा त्यसलाई अझ बढावा दियो ।

कोरियासम्बन्धी इतिहासका विशेषज्ञ तथा नर्थवेस्टर्न यूनिभर्सिटीका प्राध्यापक ब्रुश कमिङ्स भन्छन् - "त्यसबेला ८० हजार छेजुबासीहरूको संहार भएको थियो ।"

छेजु जन-विद्रोहमाथि भएको सैनिक दमनमा अमेरिकी सरकारको संलग्नताको बारेमा इतिहासकार कमिङ्स भन्दछन् - "त्यसमा अमेरिकाको सक्रिय सहभागिता रहेको तथ्य प्रमाणहरूले स्पष्ट रूपमा दर्शाइरहेका छन् । त्यसबेला त्यहाँ विद्रोहलाई दमन गर्न गएका सैन्य-शक्तिहरूलाई दैनिक रूपमा प्रशिक्षण दिइन्थ्यो । बन्दीहरूलाई सोधपूछ गर्ने र शारीरिक कारवाही गरिन्थ्यो र अमेरिकी लडाकू विमानहरूको प्रयोग गरी छापामारहरूको खोजी गर्ने अनि आक्रमण गर्ने काम गरिन्थ्यो ।"

**युद्धवीरबाट युद्धविरोधी कार्यकर्ता बनेका दक्षिण कोरियाली नागरिक ली ह्वा राङ त्यसबेलाका युद्ध-अपराधहरूलाई संझँदै भन्दछन् - हजारौंहजार दक्षिण कोरियालीहरूको संहार गरिएको थियो ।**

'एउटा अखबारले अमेरिकाले त्यहाँ हस्तक्षेप गर्‍यो भनेर समाचार दिएको थियो... कमसेकम एकपटक, त्यो हस्तक्षेप पनि नरसंहार रोक्नलाई होइन, त्यसैलाई बढावा दिनका लागि हो, ..... जापानी सैन्य अधिकारी र सैनिकहरूलाई त्यस टापुमा नरसंहारमा सहयोग पुर्‍याउनका लागि पुनः एकपटक गोप्य रूपमा फर्काएर ल्याइएको थियो ।'

अमेरिकी शासकहरूले विश्वयुद्धमा पराजित जापानी सैन्यवादीहरूलाई कोरियाली भूमिमा गोप्य रूपमा उतारेर कोरियाली संघर्षलाई दबाउनका लागि उनीहरूको ३५ वर्ष लामो अनुभवलाई प्रयोग गर्न खोजेका थिए । तर पनि छेजुबासीहरूको सशस्त्र बिद्रोहको आगो निभेन । यस्तो जटिल स्थितिमा अमेरिकी साम्राज्यवादीहरूले नयाँ ब्यूहरचना गरे । उनीहरूले आफ्ना सैनिक कमाण्डर जोन हज (John Hodge) को अगुवाइ र निर्देशनमा दक्षिण कोरियामा रहेका सैन्य डिभिजनलाई छेजुमा पठाएर जन-विद्रोहको आगो निभाउने प्रयत्न गर्न लगाए । जब सिङमन री सरकार अन्तर्गत रहेको योसु शिनछोन् प्रान्तका दक्षिण कोरियाली सैनिकहरूलाई दमन कार्यमा खटिएर जानका लागि आदेश दिइयो, तब त्यहाँका सैनिकहरूले पनि सरकारविरूद्ध विद्रोह गरे । कोरियाको मुख्य भूमिमै छेजु टापु नजीकै रहेको योसु-शिनछोन् क्षेत्रका सैनिकहरूको बिद्रोह निकै डरलाग्दो ढंगले चर्कियो ।

त्यसमाथि दमन गर्न पनि अमेरिका र दक्षिण कोरियाली सरकारलाई आच्छु-आच्छु पर्‍यो । उनीहरूले शिनछोन् सैनिक बिद्रोहलाई दबाउन डिभिजनकाडिभिजन सैनिकहरू पठाएर ठूलो कसरत गर्नुपर्‍यो । शिनछोन् सैनिक विद्रोहमाथि अमेरिकी-दक्षिण कोरियाली सरकारको सैनिक अपरेशन कोरियाली इतिहासको ठूलो सैनिक अपरेशन मानिन्छ । द. कोरियाली सैनिकहरू त्यस कार्यमा असफल भएपछि त्यहाँ अमेरिकी सैनिकहरूले प्रत्यक्ष हस्तक्षेप गरे । त्यसपछि धेरैजसो सैनिकहरू दमनबाट भाग्न लुके, अनि छापामारहरूको प्रतिरोधसँग काँधमा काँध मिलाई लडे ।

सन् १९४९ सम्म चलिरहेको छेजु जन-बिद्रोहलाई दमन गर्न तिनीहरूले टापुलाई चारैतिरबाट घेरे, नाकाबन्दी गर्ने र दमन अभियानलाई तेज पार्ने अभियान एकसाथ अगाडि बढाउनुपर्‍यो । अन्ततः एउटा टापुको जन-विद्रोहलाई उनीहरूले काबुमा पारी छाडे । त्यसको लागि उनीहरूले ८० हजार छेजुबासीहरूको ज्यान लिए ।

छेजु जनविद्रोहका शहीदहरूप्रति श्रद्धाञ्जली दिनका लागि जापानको राजधानी टोकियोमा आयोजित एक समारोहमा इतिहासकार ब्रुश कमिङ्सले भनेका छन् - "लामो अवधिसम्म लुकाइएको अमेरिकी तथ्यांक अनुसार नै त्यसबेला ३० हजारदेखि ६० हजार मानिसहरूको हत्या गरिएको थियो र ४० हजार मानिसहरू जापानतिर भागेका थिए । पछिल्लो अध्ययनबाट प्राप्त तथ्यांकअनुसार त्यहाँ मारिएका मानिसहरूको संख्या ८० हजार थियो ।"

## *शिनछोन्को नरसंहार*

अमेरिकी साम्राज्यवाद र त्यसको कठपुतली सरकारले प्रतिरोधकारी शक्तिलाई गोली र बमको भरमा सिध्याउने सपना देखेका थिए । प्रत्येक कोरियाली जनतालाई प्रतिरोधकारी शक्ति ठान्ने ती दमनकारीहरूले १९५०-५३ को कोरियाली युद्ध हुनुभन्दा अगावै हजारौं हजार उत्तर दक्षिण कोरियाली जनताको हत्या गरिसकेका थिए भन्ने कुरालाई अब कसैले पनि विनाप्रमाणको आरोप भन्न सक्ने स्थिति छैन । यस्ता नरसंहारहरूको ज्वलन्त उदाहरण हो -छेजु र शिनछोन् नरसंहार ।

यी नरसंहारहरू भइरहेकै बेलामा पनि ती दमनकारीहरूले त्यहाँ भएका प्रत्येक जन-संघर्षहरूमाथि हिंसात्मक दमन गरेका थिए । किसान, मजदूर र विद्यार्थीहरूका संघर्षहरूमाथि हिंस्रक दमन भएका उदाहरणहरूदेखि लिएर संघर्षप्रति सामान्य सहानुभूति राख्ने जनतालाई जेल, नेल र यातना दिएका कथाहरू त सामान्य नै भएका थिए । प्रतिरोधकारी शक्तिका नेताहरूलाई हत्या गरिएको सन्दर्भदेखि लिएर अन्य १ लाख राजबन्दीहरूलाई कोरियाली युद्ध शुरू हुनासाथ संहार गरिएका रगताम्य प्रसंगहरूले कोरियाली इतिहास रंगिएको छ । दोस्रो विश्वयुद्धमा सिंगो यूरोपभरि जति बम खसालिएका थिए, त्यत्ति नै मात्रामा नापाम बम र जैविक हतियारहरू अमेरिकाले कोरियामाथि प्रयोग गरेको डरलाग्दो वास्तविकता पनि कसैबाट लुकेको छैन ।

अमेरिकी साम्राज्यवादले कतिसम्म नृशंसताको पराकाष्ठा नाघ्ने गरी त्यहाँ हत्या र नरसंहारको अभियान चलाएको थियो भन्ने एउटा मजबूत



अमेरिकी दुतावास अगाडि प्रदर्शन गरिरहेका द.कोरियालीहरू

# ◀ आँखीझ्याल

उदाहरण हो – शिनछोन् नरसंहार ! सन् १९५० को अक्टोबरदेखि डिसेम्बरसम्म ५२ दिनको कब्जामा अमेरिकी सैनिकहरूले शिनछोन् काउन्टीको चौथाइ जनसंख्यालाई घाटमा पुऱ्याएका थिए । उनीहरूले ३५,३८३ जना शिनछोन् बासीहरूको निर्मम हत्या गरेर आफ्नो हिटलरी अनुहार देखाएका थिए ।

शिनछोन् नरसंहारका प्रत्येक घटनाहरू निकै दर्दनाक छन् । अमेरिकी सैनिकहरूले २ हजार जनालाई सोकदोङ पूलबाट खसालेर मारेका थिए । १ हजार जनालाई साओन नामक पानीको रिजर्भ्वायर र ६०० जनालाई पोगु रिजर्भ्वायरमा डुबाएर हत्या गरेका थिए । १२ सय जनालाई आइसहाउसमा कोचेर मारेपछि जलाइएको थियो । ९ सय जनालाई ढलमा लुकिरहेको बेला आगो लगाई मारिएको थियो । वोनाम-रि नामक गाउँमा ४०० जना आमाहरू र १०० जना बच्चाहरूको निर्मम हत्या गरिएको भण्डार-घर अहिले पनि ढलेको छैन । त्यहाँ त्यस नरसंहारमा बचेका दुईजनामध्ये एकजना कोरियालीलाई अहिले पनि भेट्न सकिन्छ । अमेरिकी सैनिकहरूले गाउँभरिका आमा तथा बालबच्चाहरूको हत्या गर्दा उनी ५ वर्षका मात्र थिए । त्यस नरसंहारमा उनको परिवारका सबै सदस्यहरूको हत्या गरिएको थियो ।

शिनछोन् नरसंहारसम्बन्धी म्यूजियम हेर्दा जो कोहीले पनि त्यहाँ कतिवटा घर, कल-कारखाना, स्कूल, सडक, ढल, सिचाइ व्यवस्था ध्वस्त गरिएको थियो भन्ने कुरा छर्लङ्गै देख्न सक्छन् ।

यी सबै नरसंहारहरूको आलो घाउलाई बिर्सन नसकेका उत्तर र दक्षिण कोरियालीहरूदेखि अमेरिकी जनताहरूले पनि अहिले छेजु, शिनछोन्, नो गुन् रि जस्ता सयौं नरसंहारहरूको छानवीन एवं दोषीमाथिको कारवाहीको माग गरिरहेका छन् । र, अमेरिकी साम्राज्यवादको नरभक्षी कुकर्मको विरूद्ध उठेका यी जायज र न्यायपूर्ण आवाजहरूमा सबै न्यायप्रेमीहरूले आ-आफ्नो आवाज मिलाउनु जरूरी छ । स्मरणीय छ, कोरियाली जनताद्वारा नराम्ररी परास्त अमेरिकी साम्राज्यवादद्वारा २४ जून, १९५० मा कोरियामाथि युद्ध थोपरिएको थियो । सोही दिनलाई सम्झेर हामीले भन्नुपर्दछ – अमेरिकी साम्राज्यवादले कोरियाली जनतालाई कहिले पनि परास्त गर्न सक्दैन । त्यसले गरेको कोरियाको विभाजन कोरियाली र विश्वभरिका न्यायप्रेमी जनतालाई स्वीकार्य छैन । अतः कोरियाको एकीकरण अनिवार्य र अवश्यंभावी छ । ३७ हजार अमेरिकी सैनिकहरू कोरियाली भूमिबाट हटाउनै पर्दछ ।

❑ राजेन्द्र महर्जन

# इसासको सम्मेलन र यसको पछिल्लो प्रवृत्ति

यही वैशाख २० गते काठमाण्डौ खुलामंचमा आयोजित एक विशेष समारोहका बीच बरिष्ठ कवि केवलपुरे किसानले इन्द्रेणी सांस्कृतिक समाज (इसास)को चौथो राष्ट्रिय सम्मेलनको उद्घाटन गर्नुभयो । बैशाख २१ र २२ गते संपन्न बन्द सत्रले बरिष्ठ समालोचक निनु चापागाइँको अध्यक्षतामा सो समाजको नयाँ कार्यकारी समितिको निर्माण पनि गरेको छ ।

उद्घाटन समारोह शुरू हुनुअघि इसासका कलाकर्मीहरूको एक आकर्षक जुलूसले काठमाण्डौका मुख्य सडकहरूको परिक्रमा गरेको थियो ।

निनु चापागाईको सभापतित्वमा भएको सो समारोहलाई विभिन्न राजनीतिक पार्टी नजीकका सांस्कृतिक मोर्चाहरूले शुभकामना दिने क्रममा नारायाण योगी, आशाकुमार चिकबंजार, जगदीशचन्द्र भण्डारी, जे.वि. टुहुरे, भवानी घिमिरे र घनश्याम ढकालले बोल्नुभएको थियो । समारोहमा गोविन्द भट्ट, श्यामप्रसाद शर्मा, जिवेन्द्रदेव गिरी र प्रा. माणिकलाल श्रेष्ठका अतिरिक्त भारतको साम्राज्यवादविरोधी राष्ट्रिय मंचका अध्यक्ष तथा समालोचक एवं सामाजवादी एकता केन्द्र भारत (SUCI)का नेता क. माणिक मुखर्जीले पनि बोल्नुभएको थियो । विभिन्न वाम पार्टीका नेताहरूले पनि शुभकामना मन्तब्य दिनुभएको थियो ।

इसासको नव गठित केन्द्रिय समितिमा उपाध्यक्ष रूद्र खरेल, महासचिव बदन शर्मा, सचिव हिसन समाल, कोषाध्यक्ष मातृका पोखरेल र सदस्यहरूमा टेकबहादुर बलम्पाकी, राजेन्द्र महर्जन "पुता", पूर्ण महर्जन, इस्माली, शरद पौडेल, सि.के. राई, बीरबहादुर वि.क, रूद्र सुसलीङ्ग, मोहन लामा, शम्भु आमात्य र आहुती रहनु भएको छ । केन्द्रीय समितिका सदस्य र पदाधिकारीसहित पुष्प ढुंगाना, विश्वनाथ पोखरेल, चन्द्र वाइवा, गणेश महर्जन, दीलिप महर्जन, गर्जराम लामा, विकास लुङ्खेली, नारायण आले, कुस्मीता दर्लामी, केशव महर्जन, लोक लामा, महेन्द्र राजथला, यकिना अगाध, मदनमोहन जोशी, विन्दू लामा र मानबहादुर वोग समेतको एक "राष्ट्रिय प्रतिभा परिषद" पनि सो सम्मेलनले गठन गरेको छ ।

इन्द्रेणी सांस्कृतिक समाज (इसास) ले आफ्नो सीमामा रहेर नेपालमा प्रगतिशील संस्कृति निर्माणमा महत्वपूर्ण भूमिका खेल्दै आएको हो । प्रगतिशील रंगमंचको क्षेत्रमा यसले सिम्मा, कहाली, बुहारीजस्ता गीति-नाटक र २०४७ जेठमा काठमाण्डौ खुलामंचको विशेष गीती-कार्यक्रम लगायत केन्द्रीय र स्थानीय स्तरमा अरू पनि गतिविधिहरू गर्दैआएको हो । धेयप्रति प्रतिवद्ध रहेर लचकपूर्ण न्यवहार-नीति लिनु इसासको विशेषता रहँदै आएको थियो ।




दोस्रो पटक पनि छानिएका इसासका अध्यक्ष निनु चापागाईं

## संकीर्ण संस्कृति इसासबाट प्रदर्शन हुनथाल्नु चिन्ताको विषय रहेको छ

तर पछिल्लो चरणमा आएर इसासको यो विशेषता पातलिन थालेको पाइएको छ । गत तेस्रो सम्मेलनमा यसमा ने.क.पा. एकता-केन्द्र नजीकका कलाकर्मीहरूबाहेक बाहिर रहेका अन्य केही कलाकर्मीहरू पनि समावेश हुनेगरी यसलाई साझा-मंच बनाउने समझदारी भएकोमा पछि आएर नेतृत्वले एकतर्फी रूपमा यो समझदारी तोडेर, स्थापित एकपक्षीय बहुमतको आडमा भिन्न मतलाई प्रशासनिक ढंगले हल गर्ने प्रवृत्ति अपनाएको पाइयो । प्रगतिशील कलाकार संघ बनाउन गरिएको प्रयत्नप्रति नकारात्मक सोच राखी यसले नेकपा माओवादी र मसाल नजीकका सांस्कृतिक संगठनहरू नआएकोले हामी पनि यसमा अबदेखि आउँदैनौं भनी हातखुट्टा झिक्यो । यसबारे गुनासो लेख्ने आफ्ना लेखकप्रति खेद जनाउने र झुठो लेखेको भन्ने निराधार आरोप लगाउने हदको वैचारिक असहिष्णुता प्रदर्शन गऱ्यो । र, भिन्न मत राख्नेहरू बहुमत रहेका इकाइहरू भंग गर्ने काम गऱ्यो । भिन्न मत राख्नेहरूलाई भिन्न मत राखेकै कारण बिभिन्न वाहना बनाई अराजक, अनुशासनहीन, षडयन्त्रकारी आदि आदि आरोप लगाउने काम पनि यसले गऱ्यो ।

उक्त चौथो राष्ट्रिय सम्मेलनको मुखैमा आएर आफ्ना संस्थापक अध्यक्ष रायन श्रेष्ठ र तात्कालीन उपाध्यक्ष हरि दर्शनधारी (दुवै वरिष्ठ कला-निर्देशकहरू हुन्)लाई संगठनको साधारण सदस्यबाट समेत हटायो । गत सम्मेलन उद्घाटनको खुला समारोहमा, जहाँ विभिन्न फरक मत राख्ने संगठनका प्रतिनिधिहरू सम्मलाई पनि आमन्त्रण गरिएको थियो, त्यहाँ ती संस्थापक कला-निर्देशकहरूलाई औपचारिक निम्तोसम्म पनि नगर्ने संकीर्ण र घोर पूर्वाग्रही संस्कृति यसले प्रदर्शन गऱ्यो ।

यो संकीर्ण संस्कृति इसासबाट प्रदर्शन हुनथाल्नु चिन्ताको विषय रहेको छ । यस्तो प्रवृत्तिले जनवादी र वैज्ञानिक संस्कृति निर्माणको यसको आफ्नै नाराको अनि खिल्ली उडाउने काम गरिरहेको छ । ❑



वैज्ञानिक समाजवादका प्रवर्तक कार्ल मार्क्स

# द्वन्दवादी भौतिकवाद

## परिमाणको गुणमा र गुणबाट परिमाणमा हेरफेरको नियम

- प्रज्ञानरत्न -

गतः अंकको बाँकी

अधिभूतवादले गुणात्मक हेरफेर भन्ने कुरा जान्दैन । यन्त्र विज्ञानमा जस्तै अधिभूतवादमा वस्तुहरूमा गुणात्मक हेरफेर भन्नेजस्ता घटना कहिल्यै घट्दैन । बस्तुहरूको संख्यामा घट् या बढ् मात्र हुन्छ, मात्रा बढी या घटी मात्र हुन्छ, बस्तुहरूले ठाउँ सर्छन् मात्र, परन्तु अधिभूतवादमा एउटा बस्तु बिल्कुलै नयाँ अर्को बस्तुमा कहिल्यै बदलिँदैन । अधिभूतवादी दृष्टिकोणमुताबिक मोहनदास करमचन्द कहिल्यै महात्मा गाँधीमा रूपान्तरित हुनसक्दैन । अर्द्ध सामन्ती चीन समाजवादी चीनमा कहिल्यै बदलिन सक्दैन ।

परन्तु द्वन्दवादका अनुसार कुनै पनि बस्तुको हेरफेर पहिले परिमाणमा हुन्छ, अर्थात् मात्रामा हुन्छ । एउटा निश्चित बिन्दु नाघेपछि परिमाणात्मक हेरफेर गुणात्मक हेरफेरमा बदलिन्छ । एउटा बस्तु बिल्कुलै नयाँ अर्को बस्तुमा बदलिन्छ । पानी बाफमा बदलिन्छ । सिद्धार्थ बुद्धमा बदलिन्छ । सामन्ती जापान पूँजीवादी जापानमा बदलिन्छ । पूँजीवादी क्युवा समाजवादी क्यूवामा बदलिन्छ । अक्सीजनका परमाणुहरू एउटा निश्चित संख्यामा हुँदा प्राणवायु-अक्सिजन बन्दछ, अर्को संख्यामा हुँदा ओजोनमा बदलिन्छ ।

यसप्रकार अधिभूतवाद र द्वन्दवाद बिल्कुलै विपरीत दृष्टिकोणहरू हुन् । पहिलोले मात्राको घट् या बढ्को रूपमा मात्र बस्तुको विकासलाई हेर्छ, दोश्रोले मात्राको घट् या बढ् एउटा निश्चित विन्दुमा पुगेपछि एउटा बस्तु गुणात्मक रूपले बिल्कुलै भिन्नै नयाँ बस्तुमा फेरिने रूपमा बस्तुको विकासलाई हेर्छ । पहिलोको अनुसार संसारका हरेक बस्तु अन्तिम र लगभग स्थिर छन्, दोश्रोको नजरमा संसारमा अन्तिम र स्थिर भन्ने कुनै कुरा छैन । संसारमा हरेक बस्तु परिवर्तनको प्रक्रियामा छन् ।

कुन दृष्टिकोण बढी बैज्ञानिक र सही छ ? हरेक विवेकशील मान्छेले छनौट गर्नसक्ने कुरा हो ।

कार्ल मार्क्सले आफ्नो विश्व प्रशिद्ध रचना 'पूँजी'मा - अर्थशास्त्रमा समेत मात्रात्मक हेरफेर एउटा निश्चित विन्दुमा पुगेपछि गुणात्मक हेरफेरमा कसरी बदलिन्छ, त्यसको केही ज्वलन्त उदाहरण दिनुभएको छ । मार्क्सका अनुसार - "प्रत्येक पैसाको थैली वा मूल्य आफूखुशी पूँजीमा बदलिँदैन । पैसा वा मूल्य पूँजीमा बदलिनका लागि पूँजीपतिसित एउटा निश्चित मात्रामा पैसा वा मूल्य जम्मा भएको हुनुपर्छ ।" *(हेर्नुहोस्, पूँजी, अंग्रेजी ग्रन्थ १, पृष्ठ ३०७-३०८)* पैसा वा मूल्यको थैली तव मात्र पूँजीमा बदलिन्छ, जब यसले परिस्थितिमुताबिक निश्चित न्यूनतम आकार ग्रहण गर्छ ।

मार्क्सका अनुसार कुनै उद्योगको एउटा मजदूरले, मानी लिनुहोस्, दिनको १२ घण्टा काम गर्छ । त्यो १२ घण्टामध्ये ८ घण्टा आफ्नै लागि अर्थात् पूँजीपतिले आफूलाई दिएको ज्याला बराबरको मूल्य पैदा गर्नका लागि काम गर्छ भन्ने मानौं । र, बाँकी ४ घण्टा उसले पूँजीपतिको निम्ति अतिरिक्त मूल्य पैदा गर्न काम गर्छ भन्ने मानौं । हो, त्यो चार घण्टामा उसले पैदा गरेको अतिरिक्त मूल्य सिधै पूँजीपतिको खल्तीमा त जान्छ र त्यो नै उसको नाफा हो । परन्तु पूँजीपतिको कारखानामा जम्मा २ जनामात्र मजदूरहरू छन् भने, त्यस परिस्थितिमा त्यो नाफा आफैं पूँजी बन्न सक्दैन । किनकि, दुई जना मजदूरको अतिरिक्त मूल्यबाट त खालि ८ घण्टामा पैदा हुने बराबरको मूल्य मात्र पैदा हुन्छ । अर्थात् एउटा मजदूरको सरह जीवन निर्वाह गर्न पुग्ने मूल्य मात्र त्यसबाट पैदा हुन्छ । परन्तु, एउटा पूँजीपतिको उद्देश्य त खालि मजदूर सरहको जीवन निर्वाह गर्नु मात्र होइन, उसको उद्देश्य त संपत्तिमा अपार बृद्धि हो । तथापि, दुई जना मजदूर लगाएर काम गर्ने व्यक्ति पूँजीपति हुन सक्दैन । उसले मजदूरबाट मुफ्तमा प्राप्त गर्ने अतिरिक्त मूल्य पूँजी बन्न सक्दैन । एउटा मजदूरभन्दा दुई गुणा राम्रो जिन्दगी बिताउन सक्ने हुनका लागि र बाँकी आधा अतिरिक्त मूल्य पुनः पूँजीका रूपमा लगानी गर्नसक्ने हुनका लागि ऊसित आठ जना मजदूरलाई काम लगाउने क्षमता हुनुपर्छ । यो स्थितिमा मात्र ऊसित जम्मा भएको पैसा वा मूल्य पूँजीमा रूपान्तरित हुनसक्छ ।

यसप्रकार, राजनीतिक अर्थशास्त्रमा पनि पैसा वा मूल्य पूँजीमा बदलिनका लागि एउटा व्यक्तिसित निश्चित न्यूनतम साइज वा मात्रामा मूल्य जम्मा भएको हुनुपर्छ । भिन्न भिन्न परिस्थितिअनुसार निश्चित न्यूनतम मात्राभन्दा उता जम्मा भएको मूल्य मात्र पूँजीमा रूपान्तरित हुनसक्छ । मार्क्स भन्नुहुन्छ - "यहाँ पनि प्रकृति विज्ञानमा जस्तै निश्चित विन्दुभन्दा उताको मात्रात्मक फरकमात्र गुणात्मक हेरफेरमा बदलिन्छ ।"

यसरी हामी देख्छौं- प्रत्येक बस्तु परिमाणात्मक हेरफेरबाट गुणात्मक हेरफेरतर्फ विकास गर्छ । यो नै संसारमा हरेक बस्तुको विकासको ढंग र प्रक्रिया हो ।

यतिञ्जेल हामीले परिमाणात्मक हेरफेरबाट गुणात्मक हेरफेरको मात्र कुरा गर्यौं, परन्तु गुणात्मक हेरफेरबाट पनि परिमाणात्मक हेरफेरतर्फ विकास गर्छ भनिएको छ द्वन्दवादको यस नियममा । यो भनेको चाहिं के नि ? अंग्रेजीमा यस नियमलाई "The Law of the transformation of quantitative into qualitative changes and vice versa" भनिन्छ, यो Vice versa भनेको के ? के यो गुणात्मक परिवर्तन पनि मात्रात्मक

**कार्ल मार्क्सले आफ्नो विश्व प्रशिद्ध रचना 'पूँजी'मा – अर्थशास्त्रमा समेत मात्रात्मक हेरफेर एउटा निश्चित विन्दुमा पुगेपछि गुणात्मक हेरफेरमा कसरी बदलिन्छ, त्यसको केही ज्वलन्त उदाहरण दिनुभएको छ ।**

परिवर्तनमा बदलिन्छ भनिएको हो ?

त्यसको अर्थ यो होइन । त्यसको तात्पर्य हो - कुनै बस्तु गुणात्मक रूपले बदलिएपछि त्यसले वरपरका अरू बस्तुको मात्रात्मक परिवर्तनलाई अरू ज्यादा तेज पार्छ । गुणात्मक परिवर्तनले परिमाणात्मक परिवर्तनलाई सघाउँछ ।

जस्तो, सिद्धार्थ गौतम गौतम बुद्धमा रूपान्तरित भएपछि त्यसले वरपरका अरू थुप्रै मान्छेको मात्रात्मक परिवर्तनलाई तेज पारीदिन्छ । जस्तो, एउटा पूँजीवादी मुलुक क्रान्तिबाट समाजवादी मुलुकमा रूपान्तरित भयो भने त्यसले वरपरका अरू थुप्रै मुलुकहरूको क्रान्तिको प्रक्रिया अर्थात् समाजवादतर्फको मात्रात्मक हेरफेरलाई मद्दत पुऱ्याउँछ । सोभियत संघमा समाजवादी क्रान्ति हुँदा विश्वभरिका मुलुकहरूको क्रान्तितर्फको मात्रात्मक हेरफेरमा तीव्रता ल्याएजस्तो । भाँडोमा पानी तताउँदा पिँधमा पहिले तातेर बाफ बनेको पानीले वरपरका अरू पानीका अणुहरूलाई तात्नमा सघाएजस्तो ।

यसप्रकार, मात्रात्मक हेरफेर मात्र गुणात्मक हेरफेरतर्फ रूपान्तरित हुने होइन, गुणात्मक हेरफेर पनि मात्रात्मक हेरफेरतर्फ अघिबढ्छ । कुनै बस्तुको गुणात्मक हेरफेरले वरपरका अरू थुप्रै बस्तुको मात्रात्मक हेरफेरलाई गतिशील बनाउँछ ।

यो यस कारणले हुन्छ किनकि संसारमा कुनै पनि बस्तु अलग-थलग छैनन् । ती एक आपसमा अन्तर्संबन्धित छन् । अन्तर्संबन्धका कारणले नै एउटा बस्तुमा गुणात्मक परिवर्तन आएपछि वरपरका अन्तर्संबन्धित अरू थुप्रै बस्तुमा त्यसले मात्रात्मक हेरफेर ल्याउनथाल्छ । ती सबैको मात्रात्मक हेरफेर फेरि गुणात्मक हेरफेरमा बदलिन्छ । त्यो गुणात्मक हेरफेरले फेरि त्यही असर ल्याउँछ, जुन पहिलेको गुणात्मक हेरफेरले वरपरका बस्तुमा ल्याएको थियो । यसरी अनन्त हेरफेरको प्रक्रिया चल्दछ ।

बस्तुमा हेरफेर आउन कुनै ईश्वरको जरूरत हुन्न । अन्तरसंबन्ध आफैले बस्तुमा लगातार हेरफेर ल्याईरहन्छ । मात्रा र गुण भनेका विपरीत कुराहरू हुन् । तर यी विपरीत कुराहरू पनि आपसमा एकदमै अन्तरसंबन्धित छन् । मात्रात्मक हेरफेरविना कुनै पनि बस्तुमा गुणात्मक परिवर्तनको घटना घट्दैन । गुणात्मक हेरफेरले फेरि मात्रात्मक परिवर्तनकै गतिलाई तेज पार्दछ । यी दुई विपरीत कुराहरूलाई कहींकतै अलग्याउनै सकिन्न ।

बिकास भनेको मात्रात्मक हेरफेर र गुणात्मक हेरफेरको एकता हो । यो बिपरीत पक्षको एकता हो । मात्रात्मक परिवर्तन लगातार हुन्छ र क्रमबद्ध ढगले हुन्छ । गुणात्मक परिवर्तन भनेको चाहिँ क्रमबद्धतामा विच्छेद हो । एउटा निश्चित विन्दुमा पुगेर क्रमबद्धता टुट्नुको नाम गुणात्मक परिवर्तन हो । यसरी विकास भनेको क्रमबद्धता र त्यसमा बिच्छेदको संयोग हो । विकास भनेको क्रमबद्धता र अक्रमबद्धताको एकता हो भन्ने लेनिनको भनाइ बिल्कुलै सही छ । बस्तुको क्रमबद्ध मात्रात्मक परिवर्तन हुँदै जाँदा एउटा निश्चित विन्दुमा पुगेपछि जब त्यो क्रमबद्धता टुट्छ, पुरानो बस्तु बिल्कुलै नयाँ अर्को बस्तुमा बदलिन्छ, त्यसैलाई हामी विकास भन्दछौं । क्रान्ति वा फड्को भनेको पनि त्यही हो ।

हाम्रो कम्युनिष्ट आन्दोलनमा अधिभूतवादी चिन्तन चर्को ढंगले हावी छ । एकथरि कम्युनिष्टहरू समाजमा मात्रात्मक परिवर्तन ल्याउने कुनै काम नगरी खालि अलग-थलग रूपमा आमूल परिवर्तनको एकोहोरो रटन्त लगाइरहेछन् । अर्कोथरि, गुणात्मक परिवतर्नको ध्येय नै छोडेर मात्रात्मक हेरफेरको सुधारवादी काममा मात्र सीमित भइरहेछन् । दुवैथरि एक न एक किसिमको अलग-थलग ढंगले सोच्ने अधिभूतवादी चिन्तनलाई नै व्यवहारमा अभ्यास गरिरहेछन् ।

हाम्रा घर घरमा पनि अधिभूतवाद चर्को ढंगले हावी छ । हामी हाम्रा बालकहरू एक्कासी खराब भएको देख्छौं । परन्तु उसको लामो मात्रात्मक हेरफेरको प्रक्रियामा बेलैमा ध्यानै दिँदैनौं । यथार्थमा कुनै पनि राम्रो बालक एक्कासी खराब भएर निक्लदैन । उसले लामो मात्रात्मक हेरफेरको प्रक्रिया गुजारेको हुन्छ । हामीले त्यतिखेरै पर्याप्त ध्यान नदिनाको कारणले हिजोको एउटा राम्रो बालक आज एक्कासी एउटा लागू पदार्थको दुर्व्यसनी भएर निक्लेझैं हामीलाई भान हुन्छ । तर त्यो भ्रम मात्रै हो । दोष बालकको होइन, ती अधिभूतवादी आमा बाबुको हो, जसलाई आफ्ना बालकहरूको मात्रात्मक हेरफेर कता भइरहेछ, त्यो नियाल्ने फुर्सद हुन्न । तर बालकले गुणात्मक फड्को मारेपछि मात्र उनीहरू छट्पटाउँछन् -केटाकेटी भसक्कै बिग्रियो भनेर ।

त्यसैले, द्वन्दवादको यो नियम व्यावहारिक जीवनमा एकदमै उपयोगी छ । यो नियम व्यवहारमा लागू गर्न सके थुप्रै दुर्घटनाबाट बचन संभव छ ।

❑

◀ विद्यार्थी गतिविधि

# विद्यार्थीहरूले विद्यार्थी दिवस मनाए

सधैंझैं गत जेठ १ गते अखिल पक्षीय विद्यार्थीहरुले विभिन्न कार्यक्रमहरु गरी विद्यार्थी दिवस मनाए ।

काठमाण्डौंको खुलामञ्चमा एमाले निकट अनेरास्ववियूले नेपाली युवा विज्ञान प्रतिभाहरुका विभिन्न आविष्कारहरुका साथसाथै अन्य युवा प्रतिभाहरुका कार्यहरु सार्वजनिक प्रदर्शन गरेर एक बृहद् महोत्सव नै मनायो भने केन्द्रीय कारागारमा रहेका अखिल (क्रान्तिकारी)सँग सम्बद्ध महिला विद्यार्थीहरुले कारागारभित्र नै विद्यार्थी दिवस मनाए ।

खुलामंचमा एमाले निकट अनेरास्ववियूले आयोजना गरेको विद्यार्थी महोत्सव नेकपा (एमाले)का महासचिव क. माधवकुमार नेपालले उद्घाटन गर्नुभएको थियो । सो महोत्सवमा प्रदर्शनको लागि जम्मा ५३ वटा स्टलहरु राखिएका थिए । हज्जारौं युवा विद्यार्थीहरुले अवलोकन गरेको सो प्रदर्शनीमा प्रमुख आकर्षणको केन्द्र नेपाली युवा विज्ञान प्रतिभाहरुका आविष्कारहरु रहे ।



*नेपाली बैज्ञानिकले बनाएको मिसाइल अवलोकन गर्दै महासचिव क. नेपाल*

निर्मल डि.सि.द्वारा निर्मित डिजेलले चल्ने हेलिकोप्टर तथा रिमोट फाइटर मिसाइल, गणेश खत्रीद्वारा बनाइएको रिमोट कन्ट्रोल पेस्तोल तथा मिसाइल, युवक के.सी.ले बिकसित गरेको पिस्टन पम्प, एस. पानी तान्ने मेशिन, नैनलाल विश्वकर्माको एन.एल. जहाज तथा अटोमेटिक एन.एल. स्वीच लाइट र इन्जिनियरिङ्ग क्याम्पस पुल्चोकका विद्यार्थीहरुद्वारा निर्मित सोलार अटो टेकिङ्ग टुकीमारा (सौर्य बत्ती) तथा रोबोटजस्ता बैज्ञानिक कार्यहरुलाई दर्शकहरुले विशेष रुपमा मनपराए ।

उक्त विद्यार्थी महोत्सवमा नेकपा(एमाले)का महासचिव क. माधवकुमार नेपालले प्रदर्शनीमा संलग्न नेपाली युवा विज्ञान प्रतिभाहरुलगायत तारापद चौधरी, अलिमिया, केवलपुरे किसान, गोविन्द भट्ट, सुजन खरेल, श्यामप्रसाद शर्मा र जे.बी. टुहुरेजस्ता व्यक्तित्वहरुलाई अभिनन्दन गर्नुभयो ।

# अखिल (छैठौं)को सम्मेलन

आउँदो मंसिर २३ गतेदेखि २६ गतेसम्म नेकपा - (मसाल) निकट अ.ने.रा.स्व.वि.यू ( छैठौं)ले धनगढीमा आफ्नो १५ औं राष्ट्रिय सम्मेलन सम्पन्न गर्ने घोषणा गरेको छ । त्यस संगठनको हालै पोखरामा बसेको केन्द्रीय समितिको बैठकले उक्त घोषणा गरेको थियो ।

उक्त बैठकले शैक्षिक विसंगतिका विरुद्धको संघर्षमा अखिल (छैठौं)ले जोड दिने पनि निर्णय गरेको कुरा त्यस संगठनका केन्द्रीय अध्यक्ष कृष्ण अधिकारीले जारी गर्नुभएको वक्तव्यमा उल्लेख छ । त्यस्तैगरी, वक्तव्यमा शिक्षामा बढ्दैगइरहेको निजीकरण र विकेन्द्रीकरणको नाममा दायित्वबाट पन्छिने सरकारी नीतिको विरोध गर्दै शिक्षालाई विदेशीको दवावमा सामन्तवाद तथा विस्तारवादको स्वार्थ अनुकूल बनाउने सरकारी धृष्टताको पनि कडा विरोध गरिएको छ । अध्यक्ष अधिकारीले आफ्नो वक्तव्यमा निजी बोर्डिङ्ग स्कूलहरुमा हुने अनियमिता, चर्को शोषण र अनावश्यक पाठ्यक्रमको बोझ आदि कुराको सम्बन्धमा केन्द्रीय स्तरमा मूल्यांकन टोली गठन गरी देशव्यापी रुपमा छानवीन गर्ने कुरा बताउनुभएको छ । सो सम्बन्धमा उहाँले अन्य विद्यार्थी संगठनहरुसँग पनि छलफल गरी संयुक्त रुपमा अगाडि जाने कुरा बताउनुभएको छ । त्यसैगरी आगामी दिनहरुमा विद्यार्थीहरुका लागि बेरोजगार भत्ता, राशन कार्डको व्यवस्था आदिको सम्बन्धमा पनि संघर्ष उठाउने कुरा वक्तव्यमा उल्लेख गरिएको छ । ❑

# शरणार्थी : त्रासद मिथकहरूको नवीकरण

कृति : शरणार्थी
लेखक : कृष्ण धारावासी
प्रकाशक : नियात्रा प्रकाशन, झापा, २०५६
मूल्य : साधारण रू. १००/-
मुद्रक : मेघा अफसेट प्रेस, काठमाडौं ।




कवि, समीक्षक, निबन्धकार एवं उपन्यासकार कृष्ण धरावासीको सद्य प्रकाशित उपन्यास पाठकसमक्ष आइपुगेको छ । प्रस्तुत कृतिलाई अद्योपान्त पढिसकेपछि मलाई लाग्यो: गएको वर्ष २०५६ मा नेपाली साहित्यमा प्रकाशित कृतिहरूको सूचीमा यो कृति पनि अग्रस्थानमा पर्न आएको छ । उपन्यासको विषय, प्रस्तुति र शिल्पको दृष्टिले यो कृति हाम्रो साहित्य भण्डारमा एउटा अनुपम रचनात्मक उत्पादन बन्न पुगेको छ । उपन्यास पढिसकेपछिको मेरो पहिलो पाठकीय ठहर यही हो ।

सिङ्गो उपन्यास शरणार्थी नेपालीहरूको विषयमा केन्द्रित छ । भूमिका लेखक विद्वान स्रष्टा दान खालिङले प्रस्तुत कृतिलाई "हिमालका सन्तानको कथा" भनेका छन् । बर्मा, मेघालय र भुटानमा पुगेर स्थापित भइसकेका नेपालीहरूलाई पुनः विस्थापित गर्दै शरणार्थी बन्न बाध्य पारेको झण्डै आधा शताब्दीको इतिहास समावेश गरिएको छ- उपन्यासमा ।

लेखक धरावासीले प्रस्तुत उपन्यासलाई लीला लेखनको सरल अभिव्यक्तिका रूपमा आत्मस्वीकार गरेका छन् । उनी आफ्नो आत्मकथनमा भन्छन् : लीला लेखन भनेको अप्ठ्यारो लेखनको प्रयोग होइन । धरावासीको यो कुरा सिङ्गो उपन्यासमा टड्कारो रूपमा प्रतिबिम्बित भएको छ । सरल अभिव्यक्तिका साथ बौद्धिक विषयवस्तुमा कलम चलाएर कलात्मक सिद्धि प्रस्तुत गर्नु लेखकको महत्वपूर्ण विशेषता परिलक्षित भएको छ, यहाँ ।

बर्माबाट लखेटिएर आएका रामप्रसाद खनाल र उनको परिवार भारतको नक्सलवाडीबाट मेची बगर हुँदै नकलबन्दा प्रवेशपछिको घटनाबाट उपन्यासको आरम्भ हुन्छ । रामप्रसाद खनालको पूर्वस्मृति, उनको अस्तित्वको निम्तिको संघर्ष, त्यसै सेरोफेरोमा जयमायाको जीवनकथाको आरोह-अवरोहको नाभिमा उपन्यासको सम्पूर्ण बुनोट अघि बढेको छ । बर्माबाट बिस्थापित भएपछि विभिन्न ठाउँमा भौंतारिएर झापामा भुटानी शरणार्थी हुन पुगेकी जयमायाको बुढ्यौलीको स्थिति उपन्यासको उत्कर्ष बन्न पुगेको छ । रामप्रसाद खनालको छोरा हरि खनालसित लेखकको अन्तिम संवादसँगै उपन्यास पनि सकिन्छ ।

यहाँकी जयामाया पनि बरिष्ठ साहित्यकार इन्द्रबहादुर राईको कथा "जयमाया आफूमात्र लिखापानी आइपुगी"को पुनर्उत्पादन हो । यस्ता अरू थुप्रै पात्रहरू यहाँ प्रस्तुत छन् । यस अर्थमा यो सिङ्गो रचना एकपटक नेपाली साहित्यमा स्थापित त्रासद-मिथक र पात्रहरूको नवीकरण पनि हो । लेखकको प्रयोगधर्मिता पनि यसैमा सन्निहित छ । आफ्नो कृतिमा उनले तीन किसिमका पात्रहरूको समावेश गरेको कुरा आत्मकथनमा पनि स्वीकार गरेका छन् । (क) पूर्व प्रकाशित उपन्यास र कथाका पात्रहरूको पुनरागमन (ख) यसै उपन्यासका लागि उभ्याएका नयाँ पात्रहरू र (ग) उपन्यासको कथावस्तुलाई मद्दत पुऱ्याउन आएका वास्तविक लेखक र अरू पात्रहरू ।

धरावासीले यहाँ लीलबहादुर क्षेत्रीको "बसाइँ", "ब्रम्हपुत्रको छेउछाउ", गोविन्दराज भट्टराईको "मुग्लान", प्रकाश कोविदको "नोयो", शिवकुमार राईको "डाँक बंगला", रूपनारायण सिंहको "भ्रमर", विक्रमवीर थापाको "टिष्टादेखि सतलजसम्म", लैनसिंह वाङ्देलको "मुलुक बाहिर", ठाकुरप्रसाद गुरागाइँको "गंगा", ध्रुवचन्द्र गौतम र ध्रुव सापकोटाको "ज्यागा", पद्म क्षेत्रीको "तुराका नेपालीहरू", छत्रबहादुर बस्नेतको "विगतका स्मृतिहरू" आदि कृतिहरूको सदुपयोग गरेर यो मिथकलाई समकालीन इतिहासको महत्वपूर्ण समयसित जोडेका छन् । उपन्यासको ठाउँ ठाउँमा पात्र र लेखकका बीच चर्काचर्की बहस गराएर लेखकले स्वैरकल्पनाको प्रयोग गरेको भए पनि सिङ्गो उपन्यासको यथार्थवादी सन्देश आफ्नो समयप्रति अन्यन्त स्पष्ट र उत्तरदायी बन्न पुगेको छ । यसरी प्रस्तुत उपन्यास समकालीन लेखनमा एउटा महत्वपूर्ण दस्तावेज र सच्चा देशभक्तिको उत्कृष्ट गाथा बन्न पुगेको छ ।

धरावासीले नेपालको प्रजातान्त्रिक एवं वामपन्थी आन्दोलनले लगभग आधा शताब्दीसम्म मुखर रूपमा अघि ल्याएका राष्ट्रिय मुद्दाहरूलाई केही महत्वपूर्ण मानवीय प्रश्नहरूसहित अघि बढाएका छन् । उपन्यासको अन्त्यमा उनी एक ठाउँमा आफ्ना पात्रहरूलाई संवोधन गर्दै भन्छन्- "हामीले जित्न त सिंगो विश्वबाटै परायापनको हार हुनुपर्छ । जातीयताका काला दागहरू मेटिनु पर्छ । सारा संसार एउटै मानवजातिको घर नभएसम्म हामी पात्रहरूको जीत असंभव छ ।" (पृष्ठ १७७) ।

यसबाहेक शरणार्थी उपन्यासभित्र केही विवादास्पद सन्दर्भहरू पनि छन् । जस्तो जयमाया एक ठाउँमा भन्छिन् : "बलात्कारबाटै भए पनि आमा बनेर बाच्नु नारीलाई उत्तम छ । (पृष्ठ १६५) । त्यस्तै, अर्को एक ठाउँमा भनिएको छ : "नोयो गर्भवती भएकै बेला चीनले तिब्बतमाथि आक्रमण (?) गरेछ" (पृष्ठ ६२) । त्यस्तै अर्को ठाउँमा लेखक भन्छन् : "लेखक भ्रमित छ" (पृष्ठ १६७) । विवादका यस्ता मसिना बूँदाहरू अरू पनि छन् । कृतिको सग्लो प्रभावको परिप्रेक्ष्यमा ती कुराहरू आगामी दिनमा बहस र विवादको सीमाभित्र उपस्थित भइरहलान् । यसो हुँदाहुँदै पनि गत वर्ष लेखिएका श्रेष्ठ उपन्यासहरूको सूचीमा यसको स्थान उपल्लो दर्जामा रहेको छ, यसमा कुनै विवाद छैन । ❑

\- नारायण ढकाल

## उल्लेख्य

कृति : **पुष्पाञ्जली**
विधा : महाकाव्य
कवि : ऋषिराम न्यौपाने
प्रकाशक : पुष्पलाल स्मृति प्रतिष्ठान
मूल्य रू. : १००।-
पृष्ठ संख्या: १७१ + १०



कृति : **जिरोमाइल**
विधा : उपन्यास
लेखक : इस्माली
प्रकाशक : एसिया पब्लिकेसन्स, काठमाण्डौ
मूल्य रू. : ....
पृष्ठ संख्या: १३६+८





कृति : **नेपाली बालसाहित्य**
विधा : लेख-संग्रह
लेखक : जनकप्रसाद हुमागाईं
प्रकाशक : सुनकोशी साहित्य प्रतिष्ठान, नेपाल
मूल्य रू. : ७५।-
पृष्ठ संख्या: ११२



कृति : **The Great Conspiracy Against Russia**
विधा : रूसी क्रान्तिदेखि दोस्रो विश्व युद्ध सम्मका घटनाहरूको अनुसन्धानात्मक र विश्लेषणात्मक लेखहरूको संगालो । सन १९४७ मा प्रकाशित पुस्तकको नेपाली संस्करण ।
लेखक : Michael Sayer & Albert E. Kahn
प्रकाशक : Progress Publications, भक्तपुर
मूल्य रू. : १६०। - (भा.रू. १२५।-)
पृष्ठ संख्या: १८६



कृति : **होण्डुरसकी महिलाको हृदयको आवाज**
विधा : एल्भिया अल्भारादोको संघर्षको कथा
लेखक : मेडिया बेञ्जामिन
अनुवादक: खगेन्द्र संग्रौला
प्रकाशक : स्पेस, पाटन ढोका, ललितपुर
मूल्य रू. : १००।-
पृष्ठ संख्या: १५७+२




*(यस स्तंभमा प्रस्तुत नयाँ कृतिहरू अध्ययन र अन्तर्क्रियाका लागि उल्लेख गरिएका हुन् । यिनमा व्यक्त विचारप्रति हाम्रो सहमति हुनु जरूरी छैन । - मूल्यांकन)*

# तेस्रो ट्यांकी

- हरिगोविन्द लुइँटेल-

बालुवाका कणहरू र माटोको लेदो पसेर
पहिलो ट्यांकी सफा रहन छोड्यो भनेर
त्यसबाट घरघरमा-टोलटोलमा झर्ने धाराहरूको पानी
धमीलो र फोहोर भयो भनेर,
अनि त्यसैगरी,
पहिलो ट्यांकीको विकल्पको रूपमा बनाइएको
दोस्रो ट्यांकी पनि ढुंगा र गेगरिनहरू पसेर
पहिलो ट्यांकीकै पूर्व रूप बन्न थाल्यो भनेर
यतिखेर, म देखिरहेको छु गाउँमा
केही भद्रजनहरू



जस्तो कि- वल्लो टोलका घनश्यामहरू, हरिहरू, गोपालहरू वा चन्द्रप्रकाशहरू
र पल्लो टोलका लिलाहरू, परीहरू वा नवराजहरू
गाउँमा पानी-सप्लाइ प्रणालीको तेस्रो धारको महत्वपूर्ण खोजी गरिरहेछन्
तेस्रो विकल्प खडा गर्ने जरूरी विचार गरिरहेछन्,
उनीहरू गाउँको शिरानी-डाँडाको खोंचमा
तेस्रो ट्यांकी बनाउने राम्रो कुरा गरिरहेछन् ।
भेटेर धेरै गाउँलेहरूसँग चौतारीमा उनीहरू
सल्लाह-साउती पनि गरिरहेछन्
पहिलो र दोस्रो ट्यांकीका चौकीदारहरूसँग
वादविवाद र भनाभन पनि गरिरहेछन् ।
उनीहरू ट्यांकीको जग मजबूत बनाउने कुरा गरिहेछन्
पर्खाल र छानो कसरी बलियो बनाउने भन्नेबारे पनि कुरा गरिहेछन्
नजीकै रहेका अलग अलग मुहानहरूलाई, मूलहरूलाई एकै ठाउँमा सोहोरेर
धेरै पानी जम्मा गर्ने विचार पनि गरिरहेछन् ।
उनीहरू फलामे पाइप, पोलिथिन पाइप, सकेट, एल्बोंका कुरा गरिरहेछन्
चेक-भल्ब, गेट-भल्ब, लट्ठा र टुटीका कुरा गरिरहेछन्
उनीहरू जन-श्रमदान र जन-सहभागिता जुटाउने राम्रो शैलीको खोजी गरिरहेछन्
उनीहरू ट्यांकीनिर्माण समिति संचालनको उपयुक्त ढंगको पनि खोजी गरिरहेछन्,
उनीहरू धेरै कुरा गरिरहेछन् ।
उनीहरू तेस्रो विकल्प खडा गर्न जरूरी अनेक कुराहरू गरिरहेछन् ।
ट्यांकीमा पानी प्रशोधन-प्रणाली स्थापित गर्ने कुराबाहेक
तामाको तारबाट बनेको खिया नलाग्ने फिल्टरको कुराबाहेक
पत्र-पत्र बालुवा-रोडा-बालुवा गरेर बनाइने फिल्टरिङ्ग च्याम्बरको कुराबाहेक
ट्यांकीमा ब्लिचिङ्ग पाउडर र पोटास मिश्रणको नियमित प्रणालीको कुराबाहेक
-भद्रजनहरू सबै कुरा गरिरहेछन् ।
यसरी
यतिखेर म देखिरहेको छु गाउँमा
केही भद्रजनहरू
जस्तो कि- घनश्यामहरू, हरिहरू, गोपालहरू वा चन्द्रप्रकाशहरू
र लिलाहरू, परिहरू वा नवराजहरू
गाउँमा पानी सप्लाई-प्रणालीको तेस्रो धारको महत्वपूर्ण खोजी गरिहेछन् ।
के यसरी उनीहरू साँच्चै तेस्रो धार खडा गर्न सफल होलान् ?


❑ *(वैशाख ३, २०५७ 'साहित्य सन्ध्या'मा वाचित)*

## प्र.ले.संघ पोखरामा

यही जेठ ९ गते पोखरामा प्रगतिशील लेखक संघ, नेपालले आफ्नो पूर्व योजना अन्तरगत एक विचार गोष्ठीको आयोजना गऱ्यो । प्रगतिशील मूल्य, मान्यता र लेखकीय आचरण विषयमा भएको सो गोष्ठीमा साहित्यकारहरू श्यामप्रसाद शर्मा, गोविन्द भट्ट, रामहरि पौडेल, घनश्याम ढकाल, जीवेन्द्र देव गिरी, रूद्र खरेल र जगदीशचन्द्र भण्डारीले आ-आफ्ना विचारहरू व्यक्त गर्नुभएको थियो । प्र. लं. संघका अध्यक्ष निनु चापागाईंको सभापतित्वमा संचालित सो कार्यक्रममा कोषाध्यक्ष नरनाथ लुईंटेल एवं प्र.ले.स. कास्कीका अध्यक्ष रविलाल अधिकारी एवं प्र.ले.स. राष्ट्रिय पार्षद सीता शर्माले पनि बोल्नुभएको थियो । कार्यक्रममा हरिदेवी कोइराला, पद्मराज ढकाल एवं खिम बहादुर गायकले गीत प्रस्तुत गर्नुभएको थियो । ❑

## गोविन्द भट्टलाई गोकुल पुरस्कार

यस वर्षको गोकुल साहित्य पुरस्कार वरिष्ठ समालोचक तथा चिन्तक गोविन्द भट्टलाई प्रदान गरिएको छ । गत वैशाख ८ गते पोखरामा प्र.ले.संघ र गण्डकी साहित्य संगमको संयुक्त आयोजनामा आयोजित एक समारोहमा उहाँलाई सो पुरस्कार हस्तान्तरण गरियो । गण्डकी साहित्य संगमका अध्यक्ष कुलप्रसाद खनालले हस्तान्तरण गर्नुभएको सो पुरस्कारको राशी पच्चीस हजार रूपियाँ रहेको छ । सो समारोहमा नुमराज बरालले गोविन्द भट्टको व्यक्तित्वका बारेमा बोल्नुभएको थियो । कार्यक्रमको अन्त्यमा काठमाण्डौबाट पोखरा गएका कविहरू र स्थानीय कविहरू संलग्न एक कविता गोष्ठीको पनि आयोजना गरिएको थियो । ❑






# आज निकै गर्मी छ

- विमल निभा -

म तिर तिर्यक् नजरले हेर्दै कमरेड हलुका ढंगले मुस्कुराए । म पनि मुस्कुराएँ । त्यसपछि उनी एकाएक गम्भीर भए । पकेटबाट रूमाल झिकेर निधारको पसीना पुछ्न थाले । अनि ह्वीस्कीको गिलास खालि गर्दै भने, " आज निकै गर्मी छ ।"

" मौसम नै गर्मीको छ ।" म सहज रूपले उत्तरित भएँ ।

उनी अप्रसन्न भावले मलाई हेर्न थाले । मैले वातावरणको गर्हुँगोपनलाई घटाउन भनें, " पेग कम गर्नुपर्‍यो कमरेड ।"

" कम नै छ ।" उनी पुनः मुस्कुराए, "बाहिर पार्टीहरूमा पिउने गर्दिनँ ।"

"आज किन त ?"

"तुलस्यानजीको छोराले निकै कर गर्नु भएकोले यसो एक पेगसम्म लिएको हुँ । अरू केही होइन ।" कमरेड आश्वस्त भए ।

"स्वास्थ्य त ठीकै छ कमरेड ?" मैले संवादलाई अघि बढाएँ ।

"राम्रै छ । भर्खरै पूरै चेकअप गराएर दिल्लीबाट फर्केको हुँ ।" उनले एउटा लामो सास ताने, "तर यहाँ आउनासाथ आन्दोलनमा होमिनुपर्‍यो । तपाईंलाई थाहै छ, हाम्रो पार्टी भ्रष्टाचारको विरोध गर्दैछ ।"

"तर तपाईंहरू नै भ्रष्टाचारी भनेर भन्दैछन् नि ।" - मैले बिस्तारै भनें ।

उनी झस्किए ।

अनि रूष्ट देखिए ।

र, केही समयपश्चात् संयमित भएर भने, "यो गलत हो । तपाईंको संकेत मेरो सम्पन्नतातर्फ होला । होइन र ? तर यो मेरो आर्जन होइन ।" उनी अलिक क्षण रोकिए, "कुरो नबुझेर टिप्पणी गर्नु उचित होइन ।"

"कसको आर्जन हो त ?"- मैले सोधें ।

कमरेडले पकेटबाट रूमाल झिकेर फेरि निधारको पसीना पुछे । र, अघिकै डाइलग दोहोर्‍याए, "आज निकै गर्मी छ ।"

> *"हेर्नोस्, सम्पत्ति मैले जोडेको होइन । सबै पत्नीको दाइजो हो । (कुनचाहिं पत्नीको ? सोध्न मन लागेको थियो । तर साहस गर्न सकिएन)*

"कसको आर्जन हो कमरेड ?" - मैले आफ्नो प्रश्नलाई छाडेको थिइनँ ।

"हेर्नोस्, सम्पत्ति मैले जोडेको होइन । सबै पत्नीको दाइजो हो । ( कुनचाहिं पत्नीको ? सोध्न मन लागेको थियो । तर साहस गर्न सकिएन) कमरेड एकनासले भन्दै थिए, "म मन्त्री छँदा मैले अलिकति पनि भ्रष्टाचार गरिनँ । यो म किरिया खाएर भन्न सक्ने स्थितिमा छु । त्यसैले आज म भ्रष्टाचारको विरोधमा सबैभन्दा अघि उभिएको छु ।"

"तर तपाईंले त जनवादी विवाह गर्नुभएको थियो । कसरी दाइजोमा यत्रो घर, मोटर, बैंक बेलेन्स प्राप्त गर्नुभयो ?" मैले हातको गिलास नचाउँदै भनें ।

"कसले भन्यो र ?" उनको स्वर चर्कियो ।

"तपाईंकै पार्टीका कार्यकर्ताहरू भन्छन् ।"

*व्यंग्यकार*

"ए, त्यसोभए ठीकै छ ।" उनी स्मृतिको गहिराइमा डुबे, "पुरानो कुरो हो । त्यसबखत हामी क्रान्ति गर्न अग्रसर थियौं । घरबार त्याग गरेर । अण्डरग्राउण्ड । त्यसैताका कमरेड शकुन्तलासँग मेरो चिनजान भयो । कामको सिलसिलामा हामी प्रेम गर्नथाल्यौं । मैले यो पार्टीमा राखें र हाम्रो जनवादी विवाह सम्पन्न भयो । यो सबै घटित भएको आज पैंतीस वर्ष भइसकेको छ ।" कमरेडको गाला अनायास राता भए । कुन्नि संकोचले अथवा ह्वीस्कीको डोजले ।

ड्रिङ्कको ट्रलि हामीछेउ आइपुगेको थियो । हामीले एक-एक लार्ज पेग लियौं । कमरेडले एक सासमा उदरस्थ गर्दै अर्को पेग लिए । मैले भनें, "कमरेड, जनवादी विवाहमा यतिका दाइजो कसरी पाउनुभयो ?"

"कुरो के हो भने, जनवादी विवाह भएता पनि मेरो ससुरा धनी हुनुहुन्थ्यो । संयोगले उहाँको ससुराली पनि धनीमानी । त्यसैले यतिका दाइजो पाएँ ।" उनी आक्रोशित भए, "मानिसहरू यथार्थ बुझ्दैनन् । त्यसैले आलोचना गरिरहन्छन् । बुझ्नु भो ? म भ्रष्टाचारी होइन ।"

कमरेड खोक्न थाले । केही बेरसम्म खोकी नरोकिएकोले मैले आत्तिएर भनें, "के भयो कमरेड ?"

"केही होइन । सामान्य खोकी नै हो ।" कमरेडले भनें, "मैले दुई-दुईपटक मन्त्री भएर पनि एक पैसा पनि कमाइनँ । मलाई भ्रष्टाचारी भन्नेहरू प्रतिक्रियावादी हुन् । मेरो सम्पत्तिको इर्ष्या गर्ने । मेरो उन्नतिलाई सहन गर्न नसक्ने बुर्जुवाहरू ! वास्तवमा म एक भ्रष्टाचारविरोधी व्यक्ति हुँ ।"

कमरेड अत्यधिक क्रोधमा थिए । संवादलाई अन्यत्र मोड्न के गर्ने ? म सोच्न थालें । र भनें, "बधाई छ कमरेड । धुमधामले छोरीको विवाह गर्नुभयो । तर मलाई बोलाउनु भएन नि ?"

"कार्ड त पठाएको थिएँ जस्तो लाग्छ । के भयो ? मिसप्लेस भयो होला ।" उनको ओठमा प्रफुल्लताका रेखाहरू देखा परे, "पुलिस क्लबमा पाँच हजार जतिलाई आमन्त्रित गरेको थिएँ । राजनीतिज्ञ, साहु-महाजन, डिप्लोमेट, हाकिम, बुद्धिजीवी-सबै । ज्वाइँसाव गुप्तचर विभागको ठूलो अफिसर हुनुहुन्छ । धनी परिवारकै । एक दम खानदानी । एउटी छोरी हो । राम्रो ठाउँमा दिनै पर्‍यो ।" उनले हातको गिलासलाई तल राखे र पकेटबाट रूमाल झिकेर पसीना पुछ्दै एकपटक फेरि भने, "आज निकै गर्मी छ ।"

"हो, आज निकै गर्मी छ कमरेड ।" मैले पनि अन्ततः उनको समर्थन गर्नै पर्‍यो ।

त्यसै बखत तुलस्यानजी हलभित्र प्रवेश गरे । उनले बोलाएको पार्टी भएता पनि उनी ढिलो गरी आएका थिए । ठूला मानिस हुन् । जे गर्न पनि स्वतन्त्र छन् । उनीसँग बहालवाला मन्त्रीहरू र छिमेकी देशको राजदूत पनि थिए । यो देख्नासाथ कमरेड मलाई छाडेर त्यतैतिर फूर्ति साथ लम्के । ❑❑

# क. निर्मल लामाको अन्त्येष्टिमा देखिएका संस्कृतिका दुई पक्षहरू

◆ चन्द्रदेव नेपाली

## *जन-अभिनन्दलाई हेर्ने दृष्टिकोण*

क. निर्मल लामाको जीवन छोटोमात्र बाँकी भएको बुझी उहाँप्रति आदरभाव राख्ने केही व्यक्तिहरूले क. लामाको होश छँदै उहाँलाई सार्वजनिक अभिनन्दन गरी देश र जनताको निम्ति उहाँले दिनुभएको योगदानका निम्ति धन्यवाद अर्पण गर्न पाए कति जाती हुन्थ्यो होला भन्ने सोची अरू केही सहृदयी व्यक्तिहरूसँग कुराकानी चलाउनुभयो । सबैलाई यो कुरा चित्त बुझ्यो र क. लामालाई अभिनन्दन गर्न क. पद्मरत्न तुलाधरको संयोजकत्वमा २०३ जनाको एक जन-समिति गठन भयो । यसले वैशाख १२ गते जन-अभिनन्दन गर्ने सोच बनाएको थियो । पछि क. लामाको होश कुनै पनि बेला क्षीण हुने संभावना देखेर ४ दिनअघि नै अर्थात् वैशाख ८ गते नै सो कार्यक्रम गर्ने निर्णय गरियो र कार्यक्रम संपन्न भयो । यस कार्यक्रममा भएको जन-सहभागिता, क. लामाको सहभागिता र उहाँको सारपूर्ण अभिव्यक्ति अत्यन्त महत्पूर्ण र चर्चित रहे ।

समाजका निम्ति काम गर्ने व्यक्तिहरूलाई मरेपछि मात्र संभिने, धन्यवाद दिने गर्नु पर्याप्त हुन्न, उनीहरू ज्यूँदो छँदा नै उनीहरूको सम्मान हुनुपर्दछ भन्ने मान्यता राख्ने व्यक्तिहरूले ढिलै भएपनि क. लामाप्रति यस्तो सार्वजनिक अभिनन्दन गरिएकोमा प्रसंशा र गौरवानुभूति प्रकट गरे । क. लामाको पार्टी ने.क.पा. एकता केन्द्रले पनि कार्यक्रम संपन्न भएपछि यस कार्यक्रमलाई महत्व दियो ।

तर कार्यक्रम हुनुअघि भने ने.क.पा. एकता केन्द्रले यस कार्यक्रमप्रति देखाएको नकारात्मक रवैया जन-अभिनन्दन समितिका सक्रिय व्यक्तिहरूका लागि दुःख र आश्चर्यको विषय बन्यो ।

शुरूमा आफ्ना खास खास मान्छेहरूलाई यस समितिमा नबस्न पार्टीले निर्देशन दिएको बुझियो । पछि, धेरै मानिसहरू समितिमा संगेटिएपछि मात्र यसले उनीहरूलाई यसमा बस्ने अनुमति दियो ।

- कार्यक्रम तयारीका सन्दर्भमा संबन्धित नेताहरूले कार्यक्रमका आयोजकहरूसँग पटक्कै चासो र सरोकार व्यक्त गरेनन् ।

- क. निर्मल लामालाई अघिल्लो दिन अर्थात् वैशाख ७ गते रातीसम्म पनि "जन-अभिनन्दन समारोह"मा नजान केही नेताहरूद्वारा दवाव दिइयो । "तपाईंको प्रकृतिसँग नमिल्ने कार्यक्रम हो यो, त्यसैले यसमा तपाईं नजानु नै ठीक हुन्छ ।" भन्ने तर्कसहित उहाँलाई दिइएको दवावको जवाफमा क. लामाले "डाक्टरले जे भन्छन्, म त्यही गर्छु" भनेको र डाक्टरले जन-अभिनन्दनमा बोलाउने र जाने दुवैको इच्छा भएकोले स्वास्थ्यस्थितिमा प्रतिकूल असर नपर्ने गरी उहाँलाई एम्बुलेन्समा राखी आफैंले लगीदिने बचन दिएपछि क. लामा कार्यक्रममा सहभागी हुनुभयो ।

- अस्पतालबाट जन-अभिनन्दन समारोहमा क. लामासँगै अस्पतालमा जान केही जिम्मेवार नेताहरूले स्वीकारेनन् । एक जनाले चाहिं "जानुपर्ने रहेछ" भन्ने आत्मालोचक अभिव्यक्ति पछि दिएको पाइयो । अर्काले भने क. लामाले जाऔं भनेको तर आफूले अस्पतालको कोठा कुरेर बस्न चाहेको स्वीकारे ।

- जन-अभिनन्दन समारोहमा एकता केन्द्रका प्रवक्ता क. नरबहादुर कर्माचार्यले दोसल्ला ओढाउने कार्यक्रम थियो । उहाँलाई त्यस काममा उपस्थित गराइएन । न त उहाँका तर्फबाट पार्टीले कुनै लिखित मन्तव्य नै पठायो । प्रश्नहरू उठेपछि केही दिनपछि मात्र उहाँ विरामी हुनुहुन्थ्यो भन्ने स्पष्टीकरण पत्रिका मार्फत् गराइयो ।

- जन-अभिनन्दन समारोह हुनुभन्दा ४ दिनअघि सो समारोह हुने स्थान, मिति र समयको प्रचारका लागि एकता केन्द्र नजीकको अखबारलाई फ्याक्समार्फत् समाचार प्रेषित गरी समितिका सचिवले फोनमार्फत् कुराकानीसमेत गर्दा पनि र प्रकाशनकर्मीले स्वीकार गर्दा पनि पछि सो अखबारलाई सो समाचार नछाप्न कतैबाट दवाव आएको बुझियो । अरू कतिपय पत्रिकाहरूले समारोहको सूचना छाप्नु तर स्वयं एकता केन्द्र पार्टी नजीककै अखबारले समाचार बहिष्कार गर्नु नितान्त उदेकलाग्दो घटना थियो । कार्यक्रम संपन्न भएपछि भने सोको विस्तृत रिपोर्ट छाप्ने काम गरिएको पाइयो ।



*क. निर्मल लामाको अन्त्य हुनु केही दिनअघि आयोजित जन-अभिनन्दन समारोहको एक दृश्य*

क. निर्मल लामाको जन-अभिनन्दन कार्यक्रममा ने.क.पा. एकता केन्द्रको यो अरूची अनि पछि हुँदैगएपछि देखिएको बाध्यात्मक समर्थनका पछाडि

*जन-अभिनन्दन कार्यक्रममा ने.क.पा. एकता केन्द्रको यो अरूची...का पछाडि तीनवटा कारणहरू रहेका हुनसक्छन्*

*क. निर्मल लामाको चितामा आगो लगाइँदै (ने.क.पा. एकता केन्द्रका नेता तथा ने.क.पा.का संस्थापक सदस्य क.नरबहादुर कर्माचार्य र क. निर्मल लामाका छोरा निमा लामाद्वारा)*



तीनवटा कारणहरू रहेको हुनसक्छन् । सो पार्टीका असन्तुष्ट व्यक्तिहरूको पनि यस्तै राय रहेको पाइयो ।

एक, सो जन-अभिनन्दन समितिमा आफूबाहिरका स्वतन्त्र व्यक्तिहरू र कांग्रेसलगायत अरू पार्टी नजीकका व्यक्तिहरू समावेस भएका थिए । आफ्ना पार्टीभित्रका भिन्न मत राख्ने वा कारवाहीमा परेका व्यक्तिहरू पनि थिए । आफूसँग असहमतहरूले आफ्ना नेताको सम्मान गर्न खोज्नुमा पार्टीले ती आयोजकहरूको 'अवसरवाद' निहित भएको देख्यो ।

दुई, आजसम्म कुनै पनि कम्युनिष्ट नेताको यस्तो अभिनन्दन भएकै छैन, त्यसैले कम्युनिष्ट-परंपरामै नभएको यस्तो कुरा गरिनु हुन्न भन्ने विचार पार्टीमा हावी भयो ।

तेस्रो, थियो - क. लामा पार्टीको साधारण सदस्यमात्र भएकोले यस्तो विशेष कार्यक्रम गर्नु ठीक हुन्न भन्ने धारणा ।

वास्तवमा भिन्न मत राख्नेहरूले कतै एकपटकै मात्र भएपनि आफ्ना कुनै नेताको योगदानका सामु नतमस्तक हुन चाहन्छन् र उहाँको योगदानको सार्वजनिक कदरमात्रै पनि गर्न चाहन्छन् भने त्यो त निकै सकारात्मक रूपले पो लिनुपर्ने कुरा हो त । योगदानकर्तालाई उ जीवितै छँदा जनताको तर्फबाट 'हार्दिक धन्यवाद !' सुनाउनु पनि गुणग्राही कुरा नै हो । समग्रमा, विरोधी मत राख्ने व्यक्तिले नै पनि आफ्नो गुणको कदर गर्छ भने त्यसलाई 'अवसरवाद' मान्नु ठीक हुन्न । हो, कतिपय व्यक्तिहरूले 'ओठे सम्मान' देखाउने अवसरको रूपमा पनि यस्ता कार्यक्रमहरूलाई लिन सक्छन्, यस्तो संभावना त हरेक काममा हुनेगर्छ । त्यसो भन्दैमा मूलतः जनपक्षीय व्यक्तिहरूको नेतृत्वमा हुनलागेको कार्यक्रमलाई पनि सकारात्मक रूपले नलिनु वैचारिक संकीर्णता र अस्पष्टताको लक्षण हो ।

क. लामा संविधान निर्मातासमेत हुनुभएकाले सरकारले प्रहरी बैण्ड पठाएर शव यात्रामा सरकारी सम्मान गर्न चाह्यो । यसप्रति पनि एकता केन्द्रका केही व्यक्तिहरूको अनौठो

> *खास खास सन्दर्भहरूले व्यवहार र अभिव्यक्तिका आफ्नै किसिमका खास खास शैलीहरूको माग गर्नेगर्छन् । यसप्रति ख्याल नराख्ने प्रवृत्तिले हाम्रो आन्दोलनमा बेलाबेलामा टाउको उठाउने गरेको छ ।*

असहमति रहेको कुरा शव यात्रा शुरू हुनै लाग्दाको क्षणमा उनीहरूको व्यवहारले देखाउँथ्यो । जिन्दगीभर असहमत राज्यसत्ताले अन्त्यमा क. लामाप्रति शीर झुकाउन चाह्यो, के यो श्रमजीवी जनताको एक अंश विजयको प्रतीक हैन र ? सरकारले राजकीय सम्मान दिन आनाकानी नगरोस् भनेर विशेष प्रयत्नसमेत गर्नुपर्नेमा, उल्टो सरकार आफैं प्रस्तुत भएकोमा मानसिक पीडा महसूस गर्नु उपयुक्त र आवश्यक थिएन ।

कम्युनिष्ट परंपरामा कतिपय प्रचलनमा नआएका कुराहरू पनि सृजनशील हो, हैन हेरेर हामीले लागू गर्नु जरूरी छ । वैज्ञानिक आन्दोलनमा के प्रयोग र नव सृजना संभव हुन्न ? यसैगरी, क. लामा केन्द्रीय पदमा नहुनु हुँदैमा पनि उहाँको ऐतिहासिक योगदान घट्दैन । पद पनि ठूलै कुरा हो, तर पदमात्रै सबै थोक हैन । व्यक्तिको इतिहास पदले मात्रै बन्दैन ।

फलानो पद वा फलानो पार्टीमा भएमात्र व्यक्तिलाई महत्व दिने संकीर्णता हाम्रो आन्दोलनमा धेरै ठाउँमा विद्यमान छ । यो त्यही विद्यमानताको संकेत हो ।

ने.क.पा. एकता-केन्द्रले क. लामाको सेवा र अन्ततः सम्मानमा राम्रै सक्रियता देखायो । तर कार्यान्वयनको क्रममा व्यवहारमा यसमा जुन अस्पष्टता र संकीर्णता देखा पर्‍यो, त्यो नेपाली वाम आन्दोलनमा वेलावेलामा देखा पर्ने एउटा आम प्रवृत्ति नै भएको छ । त्यसकारण यो कुनै एउटा पार्टी विशेषलाई गरिएको आलोचना मात्र होइन ।

## *पार्टीको लामो र घोच्ने वक्तव्य*

क. निर्मल लामाको शवयात्रापछि काठमाण्डौ स्वयंभूस्थित अन्त्येष्टी स्थलमा क. लामाको शवलाई चितामा राखेपछि आयोजित संक्षिप्त कार्यक्रममा उहाँको शवमा विभिन्न वामनेताहरू र परिवारजनहरूले अन्तिम पुष्पाञ्जली अर्पण गर्नुभयो । स्वयंभूको डाँडाको उत्तरी पाखो ढाकेर बसेका विशाल संख्याका आमजनताहरूले यस कार्यमा भावपूर्ण सहभागिता देखाए ।

यो संक्षिप्त कार्यक्रमा ने.क.पा. एकता केन्द्रका महासचिवको करीब-चालीस मिनेट लामो वक्तव्य पढेर सुनाइयो । वक्तव्यमा क.लामा र उहाँका आदर्शहरूप्रति प्रतिवद्ध रहने प्रण गरिएको कुरा सान्दर्भिक र महत्वपूर्ण हुँदाहुँदै पनि वक्तव्यको अनावश्यक लम्बाइले र त्यसमा भिन्न विचारहरूको उल्लेख गरी तिनको विरोध गरिएको प्रसंगले उपस्थित व्यक्तिहरूलाई असजिलो महसूस गरायो । त्यति लामो समय लगाउने नै हो भने, ८-१० मिनेटमा आफ्नो वक्तव्य प्रस्तुत गरी बाँकी समयमध्ये ३-४ मिनेटका दरले समय दिएर त्यहाँ उपस्थित विभिन्न पार्टीका नेताहरूलाई नै बोल्न दिएको भए क. लामा र स्वयं उहाँको पार्टी एकता केन्द्रकै सम्मान बढ्ने थियो । महासचिवको वक्तव्य मिहेनतपूर्वक तयार गरिएको देखिन्थ्यो तर पनि हतारोका कारण कतिपय प्रसंगहरू अनावश्यक रूपमा दोहोरिएका समेत थिए । परिमार्जन गर्न समयको अभाव हुनु स्वाभाविकै थियो । कारण, क. लामाको अन्त्येष्टीको कार्यक्रम तयारीको समग्र पक्षमा जिम्मेवार नेताहरूको व्यस्तता अनिवार्य थियो । यस्तोमा छोटोमा आफ्ना कुराहरू भन्ने काम गरिएको भए त्यो उपयुक्त पनि हुन्थ्यो, सजिलो पनि र सहभागी सबैका लागि सुरूचिकर पनि हुन्थ्यो । समय बचेर अरूले बोल्ने अवसर पनि पाउँथे ।

वक्तव्यमा बहुदलीय जनवाद, माओवादी जनयुद्ध र कांग्रेसी राजनीतिप्रति क. लामाको असहमति थियो भन्ने कुराको स-प्रसंग व्याख्या सामेल थियो । यो व्याख्याले उहाँप्रति श्रद्धा व्यक्त गर्न आएका ती ती मतवादप्रति प्रतिवद्ध व्यक्तिहरूलाई असजिलो महसूस भयो । कतिले त त्यहीं "क. लामाप्रति श्रद्धा जाहेर गर्न आएका हामी भिन्न विचारका व्यक्तिहरूप्रति घोचपेच गर्ने यस्तो व्यवहार किन गरिएको होला ?" भनी दुखमनाउ गरेको पनि पाइयो ।

वास्तवमा, सबै पक्षले स्वतःस्फूर्त र घोषित रूपमा सहभागिता जनाएको शोक कार्यक्रममा त्यसका सहभागिहरूको मनोविज्ञानलाई एकता केन्द्रले बुझ्नु जरूरी थियो । यसका निम्ति पार्टीले आफ्नो वैचारिक अडान त्याग्नु वा फेर्नुपर्थ्यो भनी यहाँ भन्न खोजिएको हैन । भाषा चाहिं निश्चितै रूपमा फेर्नुपर्थ्यो ।

शोक-कार्यक्रम भनेको अघोषित रूपमा बनेको एउटा वृहद् संयुक्त मोर्चा नै हो । यसको आफ्नै भाषा हुन्छ कि हुन्न ? यसतर्फ विचार पुर्‍याइनु जरूरी थियो । पार्टीको आन्तरिक भेलामा प्रस्तुत गर्ने प्रतिवेदन सरहको वक्तव्य तयार गर्दा क. लामाको उपचार र शोक-यात्राका सहभागीहरूलाई धन्यवाद दिने अत्यन्त जरूरी औपचारिकता पूरा गर्नसमेत वक्तव्यले बिर्सेको देखिन्थ्यो ।

हाम्रो आन्दोलनमा संयुक्त मोर्चा र संयुक्त सहभागिताको आफ्नै खाले शैली र भाषाको हेक्का नरहने गरेका कतिपय प्रसंगहरूकै सन्दर्भमा क. लामाको अन्त्येष्टीको यो प्रसंग पनि जोडिएको छ भन्ने हामीलाई लाग्छ ।

खास खास सन्दर्भहरूले व्यवहार र अभिव्यक्तिका आफ्नै किसिमका खास खास शैलीहरूको माग गर्नेगर्छन् । यसप्रति ख्याल नराख्ने प्रवृत्तिले हाम्रो आन्दोलनमा बेलाबेलामा टाउको उठाउने गरेको छ । यसले आन्दोलनको पक्षमा प्राप्त हुन संभव फाइदाहरू न्यून हुनेमात्र हैन, कहिलेकाँही त अनावश्यक घाटा नै पनि पैदा गर्ने गरेको छ ।

आफ्नो पार्टी मात्रको विशिष्ट वैचारिक भेलामा भए योभन्दा लामो र विस्तृत एवं योभन्दा सटीक र मूर्त मत-दावीहरू नै पनि प्रस्तुत हुँदा, त्यो अर्थपूर्ण नै हुन्थ्यो । सान्दर्भिक नै हुन्थ्यो । ❑

◄ आवरण कथा

त्यहाँ अन्तिम संस्कारका लागि कुनै लामा ल्याइएन । कुनै ढ्यांग्रो बजेन ।

काज-क्रिया, घेवालगायत तामाङहरूको परंपरागत संस्कारका कुनै कार्यहरू गरिएनन् । न श्रीमतीले चुरा फुटाउनु पर्ने बाध्यता रह्यो न सेताम्मे विधवा-वस्त्र लाउनु पर्ने विवशता । यस्तो भान हुन्थ्यो - जिन्दगीभर विद्रोही रहनुभएका कमरेड निर्मल लामा मृत्युपछि पनि कुसंस्कार र कुरीतिहरूविरुद्ध अझै सफल विद्रोह गर्दै हुनुहुन्थ्यो । जिन्दगीको हरेक मोड र बिसौनीमा विद्रोह र मृत्युपर्यन्त विद्रोह - यो नै निर्मल लामाको असली परिचय थियो ।

कदको र यति ज्यादा योगदान भएको अर्को कुनै नेता अहिलेसम्म उत्पादन गर्न सकेको छैन । यस अर्थमा लामा संपूर्ण उत्पीडित जनजातिका पनि नेतामध्येका सगरमाथा हुनुहुन्थ्यो ।

भोजन नलीको क्यान्सरले पूर्ण अचेत अवस्थामा सास रोकिएर वैशाख २७ गते विहान ६:१० बजे काठमाण्डौस्थित टिचिङ अस्पतालको भि.भी.आइ.पी. रूम नं. ५०१मा उहाँको देहावसान हुँदा उहाँ पदका हिसावले ने.क.पा. (एकता केन्द्र)को साधारण सदस्यमात्र हुनुहुन्थ्यो । परन्तु उहाँप्रति श्रद्धाञ्जली अर्पित गर्ने मान्छेको ओइरो, त्यसको विविधता र गुणस्तर हेर्दा, भोलिपल्टको उहाँको शवयात्रा



# कसरी गरीब केटो मस्तराम प्रसिद्ध निर्मल लामामा बदलियो ?

संविधानका निर्माता र नेपाली जनताका एकजना अत्यन्त सम्मानित नेताको मृत्युमा न त शोक नै व्यक्त भयो, न श्रद्धाञ्जली । नेपालको दरबारको बौद्धिक र सांस्कृतिक स्तर यो घटनाले राम्ररी प्रदर्शित गरेको छ ।

◆ **श्याम श्रेष्ठ**

गएको दश महीनामा नेपालले दुई त्यस्ता ठूला विद्रोहीहरू गुमाएको छ, जसले आफ्नो संपूर्ण जीवन गरीखानेवर्ग र छाप्रेहरूको मुक्तिको लागि लगाएका थिए : एकजना रूपचन्द्र विष्ट र अर्को निर्मल लामा । रूपचन्द्र त हुनेखाने वर्गको हुनुहुन्थ्यो र असंगठित विद्रोही हुनुहुन्थ्यो, परन्तु निर्मल लामाको अद्वितीयता र विशिष्टता के देखिन्छ भने, उहाँ स्वयम् अत्यन्त गरीब मजदूरको छोरो हुनुहुन्थ्यो । नेपाली कम्युनिष्ट आन्दोलनमा मजदूर वर्गमै जन्मेर-हुर्केर मजदूरवर्गकै मुक्तिको लागि संगठित ढंगले समर्पित यो उँचाइको अर्को कुनै शीर्षस्थ नेता विद्यमान छैन । लामा त अझ अत्यन्त पिछडिन बाध्य तामाङ जनजातिको मान्छे हुनुहुन्थ्यो र तामाङ जनजातिले यो हेर्दा यस्तो प्रतीत हुन्थ्यो -नेपाली जनता पनि पद हेरेर होइन, इमान र योगदान हेरेर मान्छेको मूल्यांकन गर्ने भैसकेका छन् । नेपालमा राम्रो काम गर्नेहरूलाई....."सतीले सरापेको देश" भनेर जो भन्ने गरिन्छ, त्यो सही होइन भन्ने कुराको ज्वलन्त सवूद हो - लामालाई सिंगो मुलुकले दिएको उच्च सम्मान । देशका प्रधानमंत्रीदेखि लिएर सडकका ढाक्रेसम्म, सबै पार्टीका नेता-कार्यकर्तादेखि लिएर सबै विचारका बौद्धिकहरूसम्म - सबैले लामाप्रति उचित सम्मान र भावविह्वल श्रद्धाञ्जली दिएको देखियो ।

दर्वारबाट भने पूर्वाग्रह प्रदर्शित भयो । उद्योगपति तथा व्यापारी बिनोद चौधरीकी आमाको मृत्यु हुँदा श्रद्धाञ्जली र समवेदना दिन नभुल्ने राजाबाट २००७ सालको राजनीतिक क्रान्तिका मुक्ति सेनाका एकजना सुप्रशिद्ध कमाण्डर, २०४७ सालको

> *निर्मल लामा नितान्त भिन्न नेताको नाम हो, जो मौका पाउँदा पनि बेइमान भएन*

### *सम्मानका कारणहरू*

किन यति धेरै सम्मान प्रदर्शित गऱ्यो नेपाली जनताले कमरेड लामालाई ? यो अकारण छैन ।

निर्मल लामा त्यो व्यक्तिको नाम हो, जो बालक र ठिटौले काललाई छोडेर, १९ वर्षको उमेरदेखि ७१ वर्षको उमेरसम्म लगातार आधा शताब्दीभन्दा ज्यादा लामो समयसम्म देश र जनताको लागि लड्यो । परन्तु पद र अवसरमा कहिल्यै बिक्री भएन । उहाँको चरित्र र ध्येयप्रतिको इमान उहाँको नामजस्तै निर्मल रह्यो । हाम्रो मुलुकमा मौका पाउनासाथ बेइमान हुने नेताहरू अत्यधिक छन् । तर त्यो भीडमा निर्मल लामा नितान्त भिन्न नेताको नाम हो, जो मौका पाउँदा पनि बेइमान भएन ।

२००८ सालमै उहाँलाई मातृकाप्रसाद कोइरालाको मंत्रीपरिषद्-मा फुल मंत्री बन्ने प्रस्ताव आएको थियो । २००८ सालमा कांग्रेस पार्टी छोड्न लाग्दा उहाँलाई तात्कालीन खाद्यमंत्री सूर्यप्रसाद उपाध्यायले धनाढ्य बन्ने "मौका" प्रदान नगरेका होइनन् । तर यी कुनै "मौकाहरू"ले लामालाई कम्युनिष्ट पार्टीमा प्रवेश गर्नबाट रोक्न सकेनन् । २००७ सालको लगत्तैपछि पाएको छँदाखाँदाको त्यतिखेरको दैलेखको बडाहाकिमको पद छोडेर र सबै तथाकथित "अवसरहरू"लाई लात मारेर लामा २००९ सालमा आफूलाई मन परेको कम्युनिष्ट ध्येयमा आफ्नो जीवन समर्पित गर्न आइपुग्नु भयो । यो ध्येयमा एकचोटि समर्पित भएपछि उहाँ जीवनभर लक्पकाउनु भएन । इमान, ध्येयप्रतिको अविचलित निष्ठा र जीवनभरको समर्पणको निरन्तरता - यो नै लामाको विशिष्ट गुण हो, जसलाई नेपाली जनताले त्यति ठूलो सम्मान दिएर सही मूल्यांकन गर्न खोजेका छन् ।

लामाप्रतिको उच्च सम्मानको अर्को कारण उहाँको संघर्षशील योगदान हो । २००७ सालदेखि २०५७ सालसम्मका प्रायः सबैजसो महत्वपूर्ण सामन्तवाद र साम्राज्यवादविरोधी संघर्षमा लामाको कुनै न कुनै किसिमको सहभागिता वा योगदान रहेको देखिन्छ ।

२००७ सालमा उहाँले राणाको सामन्ती निरंकुशतन्त्रविरूद्ध धनगढी, राजापुर र सुर्खेत तथा स्यांग्जा-नुवाकोट कब्जाका लागि मुक्ति सेनाको युवा कमाण्डरको रूपमा नेतृत्व गरेर योगदान गर्नुभएको देखिन्छ । २००९ सालदेखि २०१४ सालसम्म काठमाण्डौ उपत्यकाको सबैजसो सामन्तवाद-साम्राज्यवादविरोधी महत्वपूर्ण संघर्षमा जिल्ला स्तरको पार्टी नेताका रूपमा भाग लिएर, २०१४ सालको भद्र-अवज्ञा आन्दोलनमा विद्यार्थी नेताको रूपमा भाग लिएर योगदान गर्नुभएको देखिन्छ । २०१७ सालसम्म उहाँले कहिले पोखरामा, कहिले पर्वतको फलेवासमा बसेर त्यहाँको संघर्षमा अगुवाइ गर्नुभएको देखिन्छ । २०१७ सालदेखि २०२७ सालसम्म धेरैजसो समय उहाँले जेलभित्रै तानाशाहीविरूद्ध संघर्ष गर्नुभएको देखिन्छ । २०३१ सालमा नेकपा (चौम)को एकजना शीर्षस्थ नेता भएपछि लगातार उहाँ पंचायती व्यवस्था नामको सामन्ती एकतन्त्रविरूद्ध संघर्षमा जुट्नु भयो । २०४७ सालमा नयाँ पूँजीवादी प्रजातान्त्रिक संविधानको एकजना निर्माताको रूपमा उहाँले सामन्ती तानाशाहीको अन्त्यको लागि संघर्ष गर्नुभयो ।

देशमा बहुदलीय प्रजातन्त्र आएपछि पनि नेपाली कांग्रेसको पूँजीवादी तानाशाही र राष्ट्रघातका विरूद्ध पनि उहाँ निरन्तर रूपमा धेरैजसो महत्वपूर्ण संघर्षको मैदानमा होलिरहनु भयो ।

हालै चैत्र २४ गतेदेखि जब उहाँ टिचिङ अस्पतालको मृत्युशैयामा हुनुहुन्थ्यो र सडकमा चाहिं वैशाख १९ गते नौ वामको सिंहदरवार घेर्ने कार्यक्रम थियो, उहाँको शरीरमात्र अस्पतालमा थियो, उहाँको मन-मस्तिष्कचाहिं पूरै संघर्षको मैदानमा रहेको म स्वयम्ले देखेको छु ।

देश र जनताको हितमा संघर्ष भनेपछि हुरूक्क हुने स्वभाव, यो निर्मल लामाको अर्को विशिष्टता हो । ५० वर्षभन्दा ज्यादा लामो समयसम्म सामन्तवाद, साम्राज्यवाद, र पूँजीवाद-विरूद्ध भएका धेरैजसो महत्वपूर्ण संघर्षमा कार्यकर्ता वा नेताको रूपमा संघर्षशील उपस्थिति !... यो कुनै चानचुने योगदान होइन । निरन्तरको संघर्षशीलता र सम्झौताविहीन संघर्ष - यो लामाको अर्को महत्वपूर्ण परिचय हो ।

लामाको अर्को सम्मानयोग्य चरित्र

**◆ क. निर्मल लामाबारे क. मोहनविक्रम सिंहको विश्लेषण**

❑ क. लामालाई भूमिगत राख्ने दिव्यरत्न शाक्यको संस्मरण

◆ क. लामाका निकटतम् सहकर्मीहरू, काइला बा, दिलबहादुर श्रेष्ठ र चन्द्रानन्द नेवाका संस्मरणहरू

**❑ क. लामालाई उपचार गर्ने चिकित्सक डा. प्रकाश सायमिको संस्मरण**

◆ क. लामाले जेलबाट लेख्नुभएको चिठी

*कमरेड निर्मल लामाको शव यात्राको एक दृष्य*



*कमरेड निर्मल लामा युवा अवस्थादेखि जीवनको पछिल्लो चरणसम्म*



भनेको उहाँको पारदर्शिता हो । लामाको पेटमा एउटा कुरा र मुखमा अर्को कुरा हुँदैनथ्यो । उहाँको देखाउने जीवन एउटा र भित्री जीवन अर्को हुँदैनथ्यो । लामालाई बुझ्नु सरल थियो । जे बोलेको गरेको देखियो, त्यही रूपमा उहाँलाई बुझ्दा प्रायशः धोका खाइन्नथ्यो । नेपाली कम्युनिष्ट आन्दोलनमा अपारदर्शिता ठूलो रोगको रूपमा छ । चलाखी र कुटिलता यहाँ अत्यन्त ज्यादा प्रचलनमा छ । साथीले साथीलाई नै 'प्रयोग गर्ने' मानसिकता यहाँ वालछ्याल भेटिन्छ । परन्तु लामा भने चलाख र कुटिल हुनुहुन्थेन । उहाँले अरूलाई "प्रयोग गर्ने' होइन, उहाँ आफूचाहिं बरू अरूबाट "प्रयोग' हुने संभावना ज्यादा रहन्थ्यो ।

## *जीवनका कालखण्डहरू*

लामाको समग्र जीवनलाई केलाएर हेर्ने हो भने यसलाई मुख्य रूपले पाँच खण्डमा बाँडेर हेर्न सकिन्छ :

पहिलो, जन्मदेखि २००५ सालसम्म

दोस्रो, २००५ सालदेखि २००९ सालसम्म

तेस्रो, २००९ सालदेखि २०२७ सालसम्म

चौथो, २०२८ सालदेखि २०५४ सालसम्म

पाँचौ, २०५५ सालदेखि मृत्य पर्यन्तसम्म

## *पहिलो कालखण्ड : मार्क्सवादको विजारोपण*

विक्रम संवत १९८६ साल माघ १ गते दार्जीलिङ जिल्लाको खर्साङ सव डिभिजनको बाफाबारीमा चिया कमानको अति गरीब मजदूर परिवारमा बाबु हर्कमान र आमा म्हेन्दुको कोखबाट जन्मनु भएका लामा आठ दाजुभाइमध्ये माहिलो हुनुहुन्थ्यो । उहाँ त्यतिखेर निर्मल लामा होइन, मस्तराम नामले परिचित हुनुहुन्थ्यो ।

यो कालखण्ड उहाँले अत्यन्त ठूलो अभावमा बिताउनु पऱ्यो । बाबु करीब करीब बेरोजगार भएकाले कहिले आमाले पारेको रक्सी स्कूल जाँदा बाटोमा बेचेर, कहिले आमा छोराले गाई गोरूको आन्द्राभुँडी बेचेर, कहिले गोरा साहेवको भारी वा वयलगाडाको काठ बोक्ने कुल्ली भएर परिवारको गुजारा गर्ने र आफूले पढ्नेजस्तो नितान्त गरीबीको जिन्दगी उहाँले व्यहोर्नु पऱ्यो । यो त्यही समय हो, जसमा बालक मस्तरामले आफ्नी आमाबाट परिश्रम गर्ने, श्रम गर्नेलाई इज्जत गर्ने, अभावमा जिउने तर बेइमानी नगर्ने, गरीब दुखियालाई हेलाँ नगर्ने बरू प्रेम गर्ने पाठ सिक्यो । परिवार मातृसत्तात्मक थियो, र घरको वातावरण प्रजातान्त्रिक र मायालु थियो । त्यहींबाट लामाको प्रजातान्त्रिक र विवेकशील चरित्र पनि निर्माण भयो ।

गरीबीको कारणले मस्तरामले बल्लतल्ल आठ कक्षामात्र पढ्न भ्याए । परन्तु यही समयमा १३-१४ वर्षको केटो मस्तरामले आफ्नो टाढाको मामाबाट मार्क्सवादको पहिलो जानकारी पाए । प्रोफेसर शिवनारायणबाट सरल भाषामा मार्क्सवादबारे गहन प्रवचन सुनेपछि उनी मार्क्सवादबाट अत्यन्त प्रभावित भए । यही कालखण्डमा जुनसुकै किताव पाए पनि पढ्ने बानीसमेत नवयुवा मस्तरामले विकास गरे ।

मस्तरामको स्वभाव बालकैदेखि विद्रोही थियो । सात कक्षामा पढ्दा नै स्कूलमा ईसाई धर्म फैलाउने शिक्षकसित विद्रोह जनाउँदै दुई

# लामाको सबैभन्दा मुख्य विशेषता के हो ?

- मोहनविक्रम सिंह -

करीब साढे चार दशकको लामो संबन्ध । त्यसमध्ये एउटा लामो काल हाम्रा बीचमा मैत्रीपूर्ण सम्बन्ध-काल रह्यो भने करीब साढे तीन वर्षको काल तीव्र संघर्षको काल ।

क. निर्मल लामाको मृत्यु भएको केही दिन भैसकेको छ र अब आइन्दा उहाँको मूल्यांकनका लागि वातावरण तयार हुँदैछ । कसैको मूल्यांकनका लागि त्यो व्यक्तिप्रतिका भावनाहरुबाट माथि उठ्न सक्नुपर्दछ । भावनाहरु होइन, विचारहरुका आधारमा कसैको पनि सही मूल्यांकन हुनसक्दछ । इतिहासले त्यो कार्य सबैभन्दा राम्ररी गर्न सक्दछ, किनभने त्यो कुनै व्यक्तिप्रतिका सबै प्रकारका भावनाहरुबाट माथि हुन्छ । त्यसको अर्थ यो हो, कुनै व्यक्तिसित भावनात्मक रुपले जोडिएका व्यक्तिहरुद्वारा त्यो कार्य शायद सही प्रकारले हुनसक्दैन । क. लामासित मेरो लामो संबन्ध रह्यो । करीब साढे चार दशकको लामो संबन्ध । त्यसमध्ये एउटा लामो काल हाम्रा बीचमा मैत्रीपूर्ण सम्बन्ध-काल रह्यो भने करीब साढे तीन वर्षको काल तीव्र संघर्षको काल ।

यी दुवै कालमा मेरो उहाँप्रति बनेका व्यक्तिगत धारणाहरुबाट माथि उठेर नै मैले उहाँको सही मूल्यांकन गर्न संभव हुनेछ, तर जुनसुकै अवस्थामा मैले उहाँको मूल्यांकन गरे पनि त्यो निश्पक्ष हुने छैन । मेरा कतिपय सैद्धान्तिक वा राजनैतिक धारणाहरुलाई आधार बनाएर मैले उहाँको मूल्यांकन गर्नेछु वा गर्नुपर्नेछ । मेरा सैद्धान्तिक वा राजनैतिक धारणाहरु स्वयं विवादबाट अलग हुन सक्दैनन् । त्यसकारण मैले उहाँबारे गर्ने मूल्यांकन पनि विवादबाट अलग र टाढा हुन सक्दैन, हुन सक्ने छैन ।

मलाई लाग्छ, क. लामाको मूल्यांकनका लागि अझै उपयुक्त समय आइसकेको छैन । उहाँको मृत्युले हामीमा उत्पन्न शोक र संवेदनाहरु अझै सेलाएका छैनन् । त्योबाहेक उहाँ एउटा व्यक्ति मात्र नभई एउटा राजनितिक समूहको नेता पनि हुनुहुन्थ्यो । त्यसकारण उहाँको विशुद्ध प्रकारले मूल्यांकन हुनसक्दैन र उहाँको मूल्यांकन गर्दा एकताकेन्द्रसित जोडिएका हाम्रा सहमति र असहमतिका विषयहरुलाई पनि उल्लेख गर्नुपर्नेछ । तर एकता केन्द्रसित जोडिएका हाम्रा विचारहरुलाई कसरी उल्लेख गर्ने ? त्यो व्यक्तिगत प्रश्न नभएर दुई संगठनहरुसित जोडिएको प्रश्न हो ।

अहिले दुवै संगठनहरुका बीचमा पार्टी एकताबारे वार्ता भैरहेको छ र त्यो दौरानमा हाम्रा बीचमा सहमति वा असहमतिका प्रश्नहरुबारे छलफल गर्दा स्वभावतः लामाजीसँग जोडिएका विषयहरु पनि आउँछन् र सार्वजनिक रुपमा ती सबै प्रश्नहरुबारे अहिले चर्चा गर्न मिल्दैन । ती कुराहरुको अर्थ हो, तत्काल लामाजीको बिस्तारपूर्वक मूल्यांकन गर्नु उचित हुनेछैन । यो अवस्थामा खालि सामान्य रुपमा नै उहाँको चर्चा संभव हुनेछ ।

लामाजीको मृत्युपछि धेरैले उहाँका बारेमा लेख वा संस्मरणहरु लेखे । तिनीहरुको अध्ययन गर्दा के देखिन्छ भने बेग्लाबेग्लै व्यक्तिहरुले उहाँलाई त्यसरी नै प्रस्तुत गर्ने प्रयत्न गरेका छन् - जसरी प्रस्तुत गर्दा उनीहरुका सोचाइहरुलाई मद्दत पुग्दछ । त्यस्तै, उनीहरुले उहाँको विचार वा व्यक्तित्वका प्रधान वा मूख्य पक्षलाई पनि गलत प्रकारले तोडमोड गर्ने गरेका छन् । कतिपयले त आफ्ना गलत विचारहरुको पूर्तिका लागि उहाँलाई हतियारससेत बनाउने प्रयत्न गरेका छन् । यसो गर्नु उहाँको सही मूल्यांकन होइन, उहाँलाई विकृत पार्नु नै हुनेछ ।

अहिले उहाँको विस्तृत मूल्यांकन गर्नपट्टि नलागेर उहाँका कतिपय पक्षको संक्षिप्त चर्चा गर्नसम्म नै मैले आफूलाई सीमित राख्नेछु ।

लामाजीको सबैभन्दा मुख्य विशेषता के हो ? त्यसबारे विचार गर्दा मैले प्रायशः घोरिनु पर्नेहुन्छ । उहाँको व्यक्तित्वका पनि धेरै पक्षहरु, विशेषता वा कमजोरीहरुसित म परिचित छु । कुनै एक पक्षको मात्र विशेष रुपले उल्लेख गर्न मलाई मुश्किल पर्दछ । उहाँको व्यक्तित्वको सबैभन्दा प्रधान विशेषता उहाँको संघर्षशील स्वभाव नै हो । अनि उहाँको सबैभन्दा ठूलो कमजोरी हो- विचारको तुलनामा भावना पक्षको प्रमुखता । उहाँको संघर्षशील पक्षले उहाँको जीवनलाई अगाडि बढाउन धेरै नै मद्दत गऱ्यो भने दोस्रो पक्षले उहाँका विचार, कार्य वा संगठनको *पक्षमा प्रायशः नकारात्मक असर पार्ने काम पनि गऱ्यो । यी दुवै पक्षहरुले उहाँको जीवनमा कसरी असर पारे ? त्यो विषयको मात्र चर्चा गर्ने हो भने पनि त्यो एउटा लामो विषय हुनेछ । यसमा उहाँको राजनैतिक वा व्यक्तिगत जीवनका धेरै विषयहरु आउने छन् ।

तर त्यस प्रकारको चर्चालाई मैले भविष्यमा अनुकूल र उचित अवस्थाका लागि सुरक्षित राख्दछु वा सायद तीमध्ये कतिपयको कहिल्यै चर्चा गर्नुपर्ने आवश्यकता नै पर्ने छैन ।

उहाँसित मेरा धेरै संस्मरणहरु जोडिएका छन् । तिनीहरुलाई सामान्यतः ६ भागमा बाड्न सकिन्छ ।

*वि.सं. २०१० देखि २०१५ सालसम्म :* यसकालमा हाम्रो सम्बन्ध सामान्य प्रकारको नै रह्यो ।

*वि.सं. २०१७ देखि २०२५ सालसम्म :* यो कालमा मुख्यतः दरभंगा प्लेनमका दौरानमा हामी धेरै नजीक भयौं । त्यसपछि जेल जीवनको कारणले हाम्रा बीचमा बढी प्रत्यक्ष सम्बन्ध कायम हुन सकेन । तैपनि यो कालमा भावनात्मक रुपमा हामी धेरै नजीक भयौं ।

*वि.सं. २०२६ देखि २०४० सालसम्म :* राजनैतिक रुपले यो काल बढी महत्वपूर्ण रह्यो । २०२५ सालमा जेलमा हामीले सँगै मिलेर ३१ वटा दस्तावेजहरु तयार पाऱ्यौं । जेलबाट छुटेपछि २०२८ सालमा केन्द्रीय न्यूक्लसको गठन भयो । ,

*त्यसपछि चौथो महाधिवेशनको काल ।* त्यसपछि पाँचौ महाधिवेशन-कालका लागि दस्तावेजहरु तयारी, मतभेदहरु र फुट ।

*वि.सं. २०४१ देखि २०४४ सालसम्म :* यो काल हाम्रा बीचको तीव्र मतभेदको काल रह्यो ।

*यसपछि अहिलेसम्म :* यो कालमा हाम्रा बीचमा कार्यनीतिक एकता र सामान्य सम्बन्धको रह्यो । निश्चयनै यहाँ हाम्रो बीचको सम्बन्धको जुन कालविभाजन गरेको छु, त्यो सामान्य रुपमा नै हो । उक्त करीब साँढे ४ दशकको बीचमा हाम्रा बीचको सम्बन्धसित थुप्रै अप्ठ्याराहरु जोडिएका छन् । यसको यहाँ विस्तारपूर्वक चर्चा सम्भव छैन ।

अन्तमा सबैका भैं क. लामाका पनि आफ्ना कैयौं कमजोरीहरु थिए । ती सबैको बावजुद उहाँ देश, जनता, पार्टी र क्रान्तिका लागि समर्पित एउटा क्रान्तिकारी व्यक्तित्व हुनुहुन्थ्यो र उहाँप्रति मेरो हार्दिक श्रद्धाञ्जली । ❑



क. लामा उपचारको सिलसिलामा भरतपुर अस्पतालमा

पानाभरि "राम राम"लेखेर उनले आफ्नो साहसको र स्वभावको परिचय दिएका थिए । ती शिक्षकले लामाको विद्रोही स्वभावलाई त्यतिखेरै चिनेर चेतावनी दिएका थिए, "रातो रंग र सर्वसाधारण जनतादेखि होशियार !"

बालक मस्तरामको भित्रैदेखिको विद्रोही स्वभाव, घरमा श्रम गरी खानुपर्ने र श्रमलाई आदर गर्नुपर्ने अभावग्रस्त वातावरण र त्यतिखेरै मार्क्सवादी सिद्धान्तसितको उनको संपर्क - यी तीनवटै कुरो एकै ठाउँमा मिलेपछि जीवनको पहिलो खण्डमै युवा मस्तराम विचारले मार्क्सवादतिर ढल्कन पुगे । उनको मन-मस्तिष्कमा मार्क्सवादी विजारोपण भयो ।

## दोश्रो कालखण्ड : सक्रिय राजनीतिक जीवनको शुरूवात

मस्तरामले सक्रिय राजनीतिक जीवनमा चाहिं त्यतिखेर प्रवेश गरे, जब डोनास ग्राङ्गडङ्ग भन्ने एकजना चिनापर्चीको बर्मेलीले २००५ सालमा उनलाई विराटनगरमा बाटो खर्चसहित डाकीपठाए । विराटनगरमा रहँदै उनको भेटघाट नेपाली प्रजातन्त्र कांग्रेसका अध्यक्ष सूर्यप्रसाद उपाध्याय र महासचिव महेन्द्रविक्रम शाहसित भयो । उनीहरूमार्फत् सुवर्ण शमसेरसम्म पुगेपछि लडाकु र विद्रोही स्वभावका मस्तरामले नेपालमा राणाशाही ढाल्न जनसेना गठन गर्ने राजनैतिक जिम्मेवारी पाए । मस्तराम "निर्मल लामा" बन्ने प्रक्रिया यहींबाट प्रारम्भ भयो ।

यो राजनीतिक अभिभारा पाएपछि लामाले जनसेना गठन गर्नुमात्र भएन, स्याङ्गजा कब्जा गर्न उहाँ हिँडिहाल्नुभयो । छोटो समयमै लामाको लडाकु, साहसी र भरपर्दो स्वभावले नेतृत्वलाई यति धेरै प्रभाव पाऱ्यो कि नेपाल प्रजातन्त्र कांग्रेस र राष्ट्रिय कांग्रेस मिलेर नेपाली कांग्रेस बनेपछि लामा नेपाली कांग्रेसको केन्द्रीय कार्यालयको सचिवसमेत बनाइनुभयो ।

२००७ सालमा -लामाले मुक्तिसेनाको कमाण्डरको रूपमा धनगढी हुँदै राजापुर, सुर्खेत र दैलेखसमेत कब्जा गर्नुभयो । राणा शासन ढलेपछि बी.पी. कोइरालाको अनुरोधमा दैलेखको बडाहाकिमसमेत हुनुभयो ।

परन्तु दिल्लीसित घुंडा टेक्ने र राजासित संम्झैता गर्ने नेपाली कांग्रेसको चरित्र विद्रोही लामालाई मन परेन । उहाँ अब कम्युनिष्ट पार्टीको खोजमा लाग्नुभयो । आफूले खोजेको पार्टी भेटिएपछि नेपाली कांग्रेसका नेताहरूले दिएको पद र पैसाको प्रलोभनलाई लत्याएर लामा क. पुष्पलालको अनुरोधमा कांग्रेस छाडेर २००८ सालमै वामपन्थी कांग्रेसमा प्रवेश गर्नुभयो र २००९ सालमा कम्युनिष्ट पार्टीमा प्रवेश गर्नुभयो ।

**दिल्लीसित घुँडा टेक्ने र राजासित संम्झैता गर्ने नेपाली कांग्रेसको चरित्र विद्रोही लामालाई मन परेन । उहाँ अब कम्युनिष्ट पार्टीको खोजमा लाग्नुभयो ।**

## तेस्रो कालखण्ड : कम्युनिष्ट कार्यकर्ताको रूपमा उदय

कम्युनिष्ट पार्टीमा प्रवेश गर्नासाथ शुरू वर्षमै कमरेड लामा काठमाण्डौ जिल्ला पार्टीको सेक्रेटरी हुन पुग्नुभयो । उहाँको अगुवाइमा काठमाण्डौमा भएको खुर्सानी काण्ड (२०१० साल), मोही किसानका आन्दोलनहरू निकै उल्लेखनीय छन् । उहाँको नेतृत्वमा काठमाण्डौमा पार्टी संगठनले तीव्र रूपमा विकास गऱ्यो । जहाँ जनताको संघर्ष, त्यहाँ लामा पुग्ने स्थिति बन्यो । यसबीच लामा चीनियाँ कम्युनिष्ट पार्टीको प्रवन्धमा सैन्य विज्ञानको शिक्षा लिन चीनका लागि समेत हिंड्नुभएको थियो । तर गाइडको अभावमा उहाँ थाक खोलाभन्दा उता पुग्न सक्नुभएन ।

परन्तु कम्युनिष्ट पार्टीमा केशरजंग रायमाझी नेतृत्वमा आएपछि त्यसले राजावादी लाइन लिन थाल्यो । विद्रोही लामाले अब रायमाझीको राजावादी लाइनको विरोध गर्न थाल्नुभयो । रायमाझीसित लामाको चर्को टक्कर पर्न थालेपछि पार्टीका महामन्त्री भएका रायमाझीले लामालाई जिल्ला नेतृत्वबाट हटाउने षडयन्त्र गर्नथाले । लामाले अब आफ्नै खुट्टामा उभिन पढ्न थाल्नु पर्ने स्थिति बन्यो । यही प्रक्रियामा दुःखसाथ पढ्दै उहाँले सोनाम वाङ्दी लामाको नामबाट एस.एल.सी. पास गर्नुभयो र त्रिचन्द्र कजेलबाट आइ.ए. पनि । पढाइको यस अवधिमा पनि लामा विद्यार्थी आन्दोलनको अत्यन्त चर्चित नेताको रूपमा छाउनुभएको थियो । २०१५

## *क. लामा जुन घरमा भूमिगत बस्नुभयो*

# उहाँ बिहानदेखि बेलुकासम्म लगातार पढिरहनु हुन्थ्यो

- दिव्यरत्न शाक्य

लामादाइ हामीकहाँ ०३५ सालदेखि नै बस्न थाल्नुभएको हो । शुरूदेखि नै उहाँ हाम्रो घरमा एउटै परिवारमा जस्तै भएर रहनुभयो । उहाँ अत्यन्तै मिलनसार हुनुहुन्थ्यो । उहाँ बिहानदेखि बेलुकासम्म लगातार काम गरिरहनु हुन्थ्यो । काम भन्नाले उहाँ कहिले पढिरहनु हुन्थ्यो त कहिले लेखिरहनु हुन्थ्यो ।

लामादाइ कोठामा आफैं खाना पकाउनु हुन्थ्यो, बाहिरबाट दाल, चामल भने हामी किनेर ल्याइदिन्थ्यौं । तर उहाँ धेरै व्यस्त हुनुभएको बेलामा कहिलेकाहिँ हामीसँगै खाना खान आउनुहुन्थ्यो । त्यस्तो बेलामा उहाँको लागि हामी माथि नै खाना पकाइदिन्थ्यौं । धेरैजसो भने उहाँ आफै पकाएर खाना खानुहुन्थ्यो ।


परिवारमा कसैलाई केही समस्या आइपर्‍यो भने लामादाइ त्यसप्रति ध्यान दिनुहुन्थ्यो । त्यतिखेर म मर्खरको केटो थिएँ । भाइहरू सानै थिए । हामीलाई उहाँले धेरै स्नेह दिनुहुन्थ्यो । हामी उहाँबाट धेरै नै प्रभावित थियौं । हामी पनि उहाँलाई धेरै माया गर्थ्यौं । हाम्री आमाले त उहाँलाई भाइ टीका नै गर्नुहुन्थ्यो ।

लामादाइ हामीकहाँ बस्न आउनुहुँदा शुरूमा ३/४ महिनासम्म हामीलाई उहाँ निर्मल लामा हुनुहुन्थ्यो भन्ने कुरा थाहा भएन । पछि उहाँ कम्युनिष्ट पार्टीको भूमिगत नेता निर्मल लामा हो भन्ने कुरा थाहा पाउँदा पनि हामीलाई त्यस्तो केही डर भने भएन । किनकि उहाँ अत्यन्तै सामान्य रूपले एउटै परिवारको रूपमा हामीकहाँ बस्नुभएको थियो । त्यसबाट हामीलाई कुनै अप्ठेरो र नौलो महशूस भएको थिएन । उहाँ हामीलाई भूमिगत नेताजस्तै लाग्दैनथ्यो ।

समय भएको बेलामा कहिलेकाहीँ लामादाइले हामीकहाँ आउनु भई हाम्रो परिवारमा सबैलाई पकाएर पनि खुवाउनु हुन्थ्यो । घरको कुनै पनि काम गर्नको लागि उहाँ अघि सर्नुहुन्थ्यो ।

लामादाइ अक्सर बिहान पाँच साँढे पाँच बजे उठ्नु हुन्थ्यो र मुखसुख धोइसकेपछि लगत्तै उहाँ किताब लिएर पढ्नुहुन्थ्यो । उहाँ दिनभरि जस्तो नै लेखिरहनुहुन्थ्यो । उहाँ राती ९/१० बजेसम्म लेख्ने-पढ्ने काम गर्नुहुन्थ्यो ।

हामीकहाँ लामादाइ २०३५ सालदेखि २०४३ सालसम्म बस्नुभयो । त्यो बीचमा उहाँजस्तो पार्टीको प्रमुख नेता भएकै कारणले गर्दा हाम्रो घरमा पार्टीका थुप्रै महत्वपूर्ण केन्द्रीय बैठकहरू भए । त्यसबाट हामीलाई ठूलो प्रेरणा प्राप्त भयो । हामीले राजनीतिको विषयमा धेरै कुरा बुझ्यौं, धेरै कुरा सिक्यौं ।




क. निर्मल लामा भूमिगत बस्नु भएको पाटनको बखुबहालको घर

लामादाइ एउटा फल्याकमाथि केवल एउटा तन्नामात्र बिछ्याएर सुत्नुहुन्थ्यो । उहाँले डस्ना बिछ्याएर सुतेको मैले कहिल्यै देखिँन । उहाँ ढाडको रोगी हुनुहुन्थ्यो । सायद त्यही कारणले गर्दा उहाँले डस्ना प्रयोग नगर्नु भएको होला । उहाँ सिरान चाहिँ राख्नुहुन्थ्यो । लेखपढी गर्नको निम्ति पनि उहाँको कुनै विशेष व्यवस्था थिएन । एउटा बाकस थियो । त्यसैमाथि किताब कापी राखेर उहाँ लेखपढी गर्नुहुन्थ्यो । किताबहरूलाई उहाँ आफैंले र्‍याक बनाएर राख्नुभएको थियो । दराज सराज अन्य केही चीज पनि थिएन, उहाँको कोठमा । काठमा फोटो सोटो राखेर सजिसजाउ गर्ने भन्ने कुरा पनि केही थिएन उहाँको । तर कोठा भने बढारेर सधैं सफासुग्घर बस्नुहुन्थ्यो ।

लामादाइ खानेकुरामा धेरैजस्तो सागपात र दालभात खानुहुन्थ्यो । उहाँ मासु बढी मन पराउनुहुन्थ्यो । मासु उहाँ हप्तामा एकचोटि खानुहुन्थ्यो । मासु ल्याउँदा उहाँले सधैं परिवारका हामी सबैलाई बोलाएर जति माग लाग्छ त्यति ख्वाउनुहुन्थ्यो । उहाँको त्यो बानी साह्रै राम्रो लाग्यो । त्यस्तै, हाम्रो भान्छामा मासु ल्याउँदा पनि हामी उहाँको लागि मासु छुट्याएर राख्थ्यौं ।

लामादाइ हाम्रो परिवारको साह्रै प्रिय मान्छे हुनुहुन्थ्यो । आमाले भाइटीका नै गर्नुभएकोले पनि हामी उहाँलाई मामा नै सम्झन्छौं । अस्ति उहाँ बिरामी हुँदा अस्पतालमा म हेर्न गएँ । मैले त उहाँलाई हेर्नै सकिनँ । उहाँको निधनले हाम्रो सम्पूर्ण परिवार अत्यन्तै दुःखी छ । ◉



दिव्यरत्न शाक्य

सालको आम-चुनावमा कमरेड लामा दैलेखबाट उम्मेदवार बन्नुभयो, तर चुनावमा विजय प्राप्त गर्न सक्नु भएन ।

रायमाझीको षडयन्त्र र असहयोग असह्य भएपछि लामाले उसको नेतृत्वसित विद्रोह गर्दै पर्वत जिल्लाको फलेवासमा शिक्षक बनेर काम गर्न जानुभयो । र, त्यहीं कम्युनिष्ट पैदा गर्ने काम थाल्नुभयो । परन्तु ०१७ सालको दर्वारिया सैनिक विद्रोहपछि उहाँ त्यहाँ समेत रहने स्थिति बनेन । त्यहाँ छोडेको केही समयपछि २०१८ सालमा दरभंगा प्लेनममा जान खोज्दा उहाँ पोखरामा पक्राउ पर्नुभयो र जेलमा पर्नुभयो ।

जेलमा पनि लामाको क्रियाकलाप अत्यन्त विद्रोही र संघर्षपूर्ण रह्यो । लामाकै संघर्षले जेलबाट जाँच दिने सुविधा नेपालमा संपूर्ण कैदीहरूले प्राप्त गरे । उहाँले जेलबाटै बी.ए. पास गर्नुभयो । उहाँले जेलमै मार्क्सवादको व्यवस्थित अध्ययन शुरू गर्नुभयो ।

जेलबाट छुटेपछि २०२३ सालमा उहाँ निर्मल लामाको नामबाट राष्ट्रिय पंचायतमा स्नातक प्रतिनिधिको चुनावमा उम्मेदवार उठ्नुभयो । तर त्रिपुरेश्वरमा राजाविरोधी भाषण दिएवापत उहाँ पुनः जेल पर्नुभयो र २०२७ सालसम्म जेलमै रहनुभयो । जेलमा रहँदा अनसन गर्ने, तरह तरहका माग राखेर संघर्ष र विद्रोह गरिरहने उहाँको स्वभावले गर्दा ६ महिनाभन्दा ज्यादा उहाँलाई कुनै जेलमा नराखिने गरिएको थियो ।

यही पछिल्लो पटकको जेलको दौरानमा उहाँको अर्का कम्युनिष्ट नेता क. मोहनविक्रम सिंहसित भेट भयो । यही भेटघाटको दौरानमा नेपालमा कम्युनिष्ट पार्टीलाई एकीकृत गर्नका लागि व्यवस्थित काम थाल्ने योजना बन्यो ।

### *चौथो कालखण्ड : कम्युनिष्ट नेताको रूपमा उदय*

हुन त लामा जेलमा रहँदै २०१९ सालमै उहाँ तेस्रो पार्टी महाधिवेशनबाट केन्द्रीय सदस्यको रूपमा चुनिईसक्नुभएको थियो । परन्तु त्यसपछि पार्टी नै विलोप र विखण्डनतिर गएकाले र लामा जेलको जेलमै रहनाले केन्द्रीय नेताको रूपमा लामाको विकास यसबीच हुन सकेन । २०२८ सालमा केन्द्रीय न्युक्लियस् बनेर २०३१ सालमा ने.क.पा. (चौथो महाधिवेशन)को गठन भएपछि लामाको छनौट पार्टी केन्द्रको

पोलिटब्यूरो सदस्यका रूपमा भयो । यस सँगसँगै नेपाली कम्युनिष्ट आन्दोलनमा लामाको उदय एकजना शीर्षस्थ कम्युनिष्ट नेताको रूपमा हुनथाल्यो । मोहनविक्रमलाई 'माओ' र लामालाई 'चाओ'को रूपमा हेर्ने प्रचलन यतिखेरै व्यापक भयो । पार्टी निकै तीव्र गतिमा विकसित र बिस्तारित भयो पनि । तर २०३४ सालमा 'प्रेम-सम्बन्ध भएको' एकजना कार्यकर्तासँग भएको यौन काण्डमा क.मोहनविक्रमलाई पार्टीबाट कार्वाही गरिएपछि लामा नै पार्टीको महामन्त्री बन्न पुग्नुभयो ।

लामा आफ्नो नेतृत्वकालमा लचिलो, फराकिलो, व्यावहारिक नेताका रूपमा देखिनुभयो । संयुक्त मोर्चासम्बन्धी उहाँको सोच तात्कालीन परिस्थितिमा क. मोहनविक्रमको भन्दा बस्तुवादी र संकीर्णताबाट मुक्त देखियो । जन-संघर्षसम्बन्धी उहाँको सोच पनि नेपाली धरातलको नजीक देखापर्‍यो । २०३६ सालमा उहाँले ल्याउनुभएको जनमत संग्रहको लागि पाँच पूर्वशर्तसम्बन्धी सोच र कार्यनीति क. मोहनविक्रमको जनमत संग्रह बहिष्कारको सोचभन्दा निकै वस्तुवादी र बुद्धिमत्तापूर्ण देखियो । त्यो सोच कार्यान्वयन गर्न सकिएको भए संभवतः पंचायत ढाल्न २०४६ साल पुग्नुपर्ने थिएन । उहाँले ल्याउनुभएको २०३८ सालपछिको पंचायती चुनावको उपयोग गर्ने सोच पनि ज्यादा बस्तुसम्मत र सही देखियो । त्यस्तै, मृत्युपछि पुष्पलाललाई 'कमरेड' भन्ने धारणा पनि ।

परन्तु यिनै सोचको भिन्नताले गर्दा र मूलतः पार्टीभित्र भिन्न मतप्रतिको अत्यन्त असहिष्णु नोकरशाही व्यवहारले गर्दा ने.क.पा. (चौम) एकताबद्ध रहिरहन सकेन । २०४० सालमा पार्टी फुट्यो ।

अहिले आइपुग्दा क. मोहनविक्रम धेरैजसो मुख्य सवालमा त्यहीं आइपुग्नु भएको छ, जहां २०४० सालमा क. निर्मल लामा हुनुहुन्थ्यो । यो सहिष्णुता, लचिलोपन र बस्तुवादिता क. सिंहमा आउनु स्वागतयोग्य कुरा हो । परन्तु यो सहिष्णुता, लचिलोपन र वस्तुवादिता उहाँमा २०४० सालमै भइदिएको भए ने.क.पा. (चौम) फुट्नैपर्ने थिएन र नेपालको कम्युनिष्ट आन्दोलनको स्वरूप र दिशा नै अर्कै हुन्थ्यो ।

पार्टी फुटेपछि ने.क.पा. (चौम) को महासचिव पुनः क. लामा नै बन्नुभयो । लामाले आफ्ना विचारको कार्यान्वय गर्ने अवसर प्राप्त गर्नुभयो । चौमको तात्कालीन संयुक्त मोर्चाको नीति, भाषा नीति, पंचायती चुनाव उपयोग गर्ने ढंग, २०४२ सालको सत्याग्रहताकाको पाँच वामको आन्दोलन निकै लोकप्रिय र सही साबित भएका थिए ।

परन्तु २०४६ सालको जन-आन्दोलनको प्रारम्भमा भने लामा आफ्नै पूर्व सोच र अडानको विपरीत धारमा उभिनुभयो । पंचायती तानाशाहीविरूद्ध कांग्रेससित समेत संयुक्त मोर्चाकै सोचलाई लिएर २०४० मा पार्टी फुट्यो । परन्तु जब २०४६ सालमा त्यो सोच कार्यान्वयन गर्ने घडी आयो, उहाँ कांग्रेससित संयुक्त मोर्चा कदापि गर्नुहुन्न, क्रान्तिकारी वामपन्थी पार्टीसित मात्र संयुक्त मोर्चा गर्नुपर्छ भन्ने धारमा आइपुग्नु भयो । त्यस्तै, जन-आन्दोलन बहुदलीय व्यवस्थाका लागि होइन, संविधान सभाका लागि गरिनु पर्छ भन्ने उहाँको अडान रह्यो । केन्द्रीय समितिको बहुमतले उहाँको सोचलाई अनुमोदन गरेन र यसको प्रतिक्रियामा आन्दोलनको शूरू चरणमा उहाँले निस्क्रिय रहने फैसला गर्नुभयो । परन्तु जब जन-आन्दोलन चर्कियो, उहाँले आफ्नो अडान बदल्नुभयो र आन्दोलनमा उत्रनु भयो ।

२०४७ सालमा ने.क.पा.(चौम), सर्वहारावादी श्रमिक संगठन र ने.क.पा. (मशाल) मिलेर ने.क.पा. (एकता-केन्द्र) बन्यो । त्यसपछि लामा पार्टीको मूल नेतृत्वमा रहनुभएन । २०५१ सालमा ने.क.पा. (एकता-केन्द्र) पुनः फुट्यो र त्यसबाट वर्तमान ने.क.पा. (माओवादी) अलगियो । त्यसपछि पार्टीको नाम त एकता-केन्द्र नै रही रह्यो, परन्तु लामाले पार्टीमा महामन्त्रीको स्थान लिनुभएन । उहाँले पार्टीभित्र आफ्नो सक्रिय भूमिका घटाउँदै लानुभयो । २०५५ सालमा पुग्दा त उहाँले पार्टी केन्द्रबाट राजीनामा नै दिनुभयो ।



*अहिले आइपुग्दा क. मोहनविक्रम धेरैजसो मुख्य सवालमा त्यहीँ आइपुग्नु भएको छ, जहाँ २०४० सालमा क. निर्मल लामा हुनुहुन्थ्यो*

## *पाँचौ कालखण्ड : निराशादेखि आशासम्म, आशादेखि मृत्युसम्म*

जीवनको पछिल्लो समयमा क. लामा अत्यन्त निराश हुनुभएको थियो । उहाँले आफ्नै नेतृत्व क्षमताप्रति आत्म-विश्वास गुमाउनु भएको थियो । अनि अरू कसैप्रति पनि विश्वास गर्ने मानसिक हालत उहाँको थिएन । चरम निराशाको यो घडीमा निराशा झेल्ने उहाँको एउटै साधन बनेको थियो - अत्याधिक रक्सी सेवन । उहाँ रक्सीको एडिक्ट नै बन्न पुग्नुभएको थियो ।

संयुक्त जनमोर्चाको माघ २०५४ मा संपन्न जनकपुर सम्मेलनपछि उहाँको निराशा अरू गहिरिएको देखियो । क. लामाले बताउनु भएअनुसार त्यस सम्मेलनमा आफूले भिन्न मत सार्वजनिक गर्दा पार्टीसँग उहाँको सम्बन्ध चिसो हुनपुग्यो । उहाँका अनुसार पार्टीले उहाँलाई "हिरासतमा थुन्यो र सम्मेलनमा आएका मान्छेहरूसँग समेत भेट्न दिएन ।"

अन्ततः पुष ४, २०५५ मा क. लामाले "जनकपुर सम्मेलनको व्यवस्था र संगठित सयन्त्र देखेर अब मैले सक्रिय राजनीतिबाट अवकाश लिनेबेला आयो । यस विषयमा म पहिले धेरै अस्पष्ट थिएँ ।" भन्ने ब्यहोराको चिठीमार्फत् पार्टी केन्द्रलाई राजीनामा पठाउनु भयो । पार्टी केन्द्रले पनि २०५६ साउन १३ गते आफ्नो सातौं पूर्ण बैठकद्वारा क. लामाले बारंबार पार्टी अनुशासन उल्लंघन गरेको सर्वविदितै भएको कारण देखाएर अब उप्रान्त उहाँले बोलेको कुरा पार्टीको आधिकारिक धारणा नहुने कुरा सार्वजनिक गर्ने टुंगो गर्दै साधारण सदस्यता मात्र बाँकी राखेर उहाँको राजीनामा स्वीकृत गर्‍यो ।

क. लामाले पार्टीलाई दिनुभएको उक्त पत्रको ब्यहोरामा ब्यंग्य मिसिएको आभास हुन्छ । कारण, सोही राजीनामा पत्रमा क. लामाले पछाडि भन्नुभएको छ- (पार्टीसँग) "...आधारभूत नीतिमा मतभेद भयो भने सम्बन्धित कामरेडहरूसँग अन्तर्क्रिया गरी आवश्यक परे सार्वजनिक रूपमा जाने मेरो अधिकार सुरक्षित राख्न चाहन्छु । यस्तो सोचलाई व्यक्तिवादी प्रवृत्ति भन्न सकिएला तर आवश्यक पर्दा यस्तो प्रकृया पनि भजाउनु नितान्त आवश्यक हुन्छ भन्ने म ठान्दछु ।"

पार्टीद्वारा क. लामाको



*क. निर्मल लामा र उहाँकी पत्नी सुकन्याः उपचारार्थ बम्बै जानुअघि*

हैशियतबारेको सूचना सार्वजनिक नहुँदै २०५६ श्रावणमा क. लामालाई भोजन नलीमा क्यान्सर भएको पत्तो लाग्यो । उहाँलाई क्यान्सर भएको सूचना जब जनतालाई थाहा भयो, पार्टीको पहलमा जन-स्तरबाट अभूतपूर्व ढंगले अति छोटो अवधिमा बम्बइमा उपचार गर्न लैजानका निम्ति उल्लेखनीय रकम जुट्यो । पार्टीले पनि सक्दो गर्‍यो र सरकारले पनि उहाँको संपूर्ण उपचार खर्च व्यहोर्‍यो । यी सब कुरा देखेपछि लामाको गुमेको आत्मविश्वास र आशा पुनः पलायो । उहाँले आफ्नो महत्व बल्ल चिन्नुभयो । उहाँको जिजीविषा फेरि जाग्यो ।

बम्बइबाट अपरेशन गरेर फर्केपछि असोज ९ गते उहाँले एउटा एकदमै नौलो र उल्लेखनीय खालको वक्तव्य जारी गर्नुभयो, जसमा भनिएको छ :

"अब मेरो सामुन्ने प्रश्न छ – बाँकी रहेको जीवन के गरेर बिताउने ? जनताको सेवा, क्रान्ति, राष्ट्रियताको जगेर्ना, प्रजातन्त्रको सुरक्षा, जनतालाई राहत, जनसंघर्ष, धर्ना आदि आदिको विषयमा धेरै धेरै कुरा गरियो । केही काम पनि नगरेको होइन । तर समाजमा उल्लेख गर्न लायकको ठोस परिवर्तन खोइ ? भएन, अब पुरानो राग अलापेर पुग्दैन । नयाँ चीज दिनुपर्‍यो । विकल्प खोज्नुपर्‍यो ।"

लामाले यो वक्तव्यमा आफ्नो आधा शताब्दी लामो राजनीतिक सक्रियाताको अनुभवबाट खिचेर निष्कर्ष निकाल्नु भएको छ । अब विचार अस्पष्टता पालेर हचुवा ढंगले हिंडेर काम नचल्ने निधो गर्दै उहाँले आफ्नो प्रतिवद्धता यसरी व्यक्त गर्नुभएको छ – "अब सिंगो समाजको अपरेशन गर्नुपरेको छ । बहुमत ल्याएर सरकार गठन गरी जनताको सेवा गर्दै नयाँ जनवादमा पुग्ने मानिसहरूको हविगत देखिसकियो । तुरुन्तै क्रान्ति गरी नयाँ जनवादमा पुगी हाल्ने मित्रहरूको अवस्थादेखि पनि हामी अपरिचित छैनौं । साँच्चै यी दुई बाटाहरू मार्क्सवाद होइनन् भने नेपाली सन्दर्भमा आजको विकल्प के हो ? नेपाली समाजको अपरेशन कहाँ, कहिले र कसरी भन्ने विषयमा म केन्द्रित हुनेछु ।"

जीवनको पछिल्लो घडीमा लामाले निष्कर्ष त विल्कुलै सही निकाल्नु भएको थियो । तर, धेरै ढिलो भइसकेको थियो । उहाँले यो निष्कर्ष बमोजिम काम गर्ने समय नै पाउनु भएन, उहाँलाई मृत्युले झम्टीहाल्यो ।

ने.क.पा. चौम रहँदा पछिल्लो चरणमा हाल मूलत : विचाराधारात्मक-सांस्कृतिक कामलाई प्राथमिक महत्व दिने र कम्युनिष्ट आन्दोलनलाई अंशमा हैन, समग्रतामा बुझ्ने एवं पार्टीमा जनवादको ग्यारेण्टी गर्ने विषयमा उठेका मागहरूको महत्वलाई समयमै बुझ्न उहाँले सक्नु भएन । तर जीवनको अन्तमा आइपुग्दा कम्युनिष्ट आन्दोलनमा 'नयाँ विकल्प'को खोजीसम्म उहाँका ध्यान तानिनु निकै सकारात्मक कुरा हो ।

बम्बइबाट फर्केपछि मेरै सामुन्ने उहाँले क. मोहनबिक्रम समक्ष विगतका सबै कुरा बिर्सेर हामी दुईजना मिलेर काम गरौं भन्ने प्रस्तावसमेत राख्नुभएको थियो र त्यो प्रयत्नमा म पनि सामेल हुने आशा गर्नुभएको थियो । परन्तु लामाका यी सब कुरा साकार हुन मूर्त प्रयत्न र पर्याप्त समयको जरूरत थियो, जुन मृत्युले कहिल्यै प्रदान गरेन ।

### *लामाका सीमा र कमजोरीहरू*

क. लामा कुनै "विशेष प्राणी" हुनुहन्थेन । त्यसैले, उहाँमा केही मानविय कमजोरी र सीमाहरू थिए ।

व्यक्तिवाद उहाँको एउटा मुख्य कमजोरी थियो । आफूलाई लागेपछि सामूहिक सरसल्लाह गरेर नबस्ने, ठीक बेठीक जे भए पनि गरीहाल्ने, बोलीहाल्ने उहाँको प्रवृत्ति थियो, जुन धेरै पटकको आलोचनापछि पनि कहिल्यै सच्चिन सकेन ।

रक्सी उहाँको अर्को कमजोरी थियो । प्रायःजसो उहाँले रक्सी खाने होइन, रक्सीले उहाँलाई खाने गर्थ्यो । पार्टीको काम नोक्सानीमा पर्ने गरेर समते उहाँ रक्सी खाने गर्नुहुन्थ्यो ।

भावुकता र सन्काहापन उहाँका अभिन्न कमजोरीहरू थिए । सनककै भरमा उहाँ टाइम टाइममा लीगबाट बहकिने गर्नुहुन्थ्यो । उहाँको यही कमजोरीबाट फाइदा उठाएर अरूले आफूलाई प्रयोग गरेको उहाँलाई थाहै हुन्नथ्यो ।

परन्तु यी सबै कमजोरीका बावजूद लामा जम्मामा एकजना ज्यूँदोजाग्दो र महान विद्रोही हुनुहुन्थ्यो । स्कूलमा विद्रोह, मुक्तिसेनामा विद्रोह, जेलमा विद्रोह, पार्टीमा विद्रोह र मृत्युसित पनि विद्रोह-विद्रोह नै लामाको जिन्दगीको चूरो कुरो थियो । कुनै पनि पद र पैसामा नबिक्ने यस्तो छाप्रे वर्गको जागृत विद्रोही जन्माउन देशले धेरै समय कुर्नु पर्नेछ । ❑

*(आगामी अंकमा क. लामाका पछिल्ला नयाँ र भिन्न विचारहरू प्रकाशित गरिने छन् । - मूल्यांकन)*

*ऐलेसम्म मेरो शरीर किन कमजोर भयो ?*

# जेलबाट निर्मल लामाको चिठी

**प्रिय जीवन,**

ऐले म कमजोर भएको छु – शारीरिक रूपमा मात्र । मानसिक रूपमा म दिनदिनै पुष्ट हुँदैछु । मैले जीवनसँग मायाँ गर्नथालेको छु – होइन ! होइन !! माया गर्न थालिसकेको छैन – सिख्दैछु । मानसिक रूपमा म पुष्टिन थालेपछि शारीरिक रूपमा दुब्लाउन असम्भव छ । तसर्थ, मरो निर्बलता केवल क्षणिक हो – पुष्ट हुने तयारी मात्र ।

ऐलेसम्म मेरो शरीर किन कमजोर भयो ? उत्तर सजिलो छ- उपेक्षा । कारावासमा मेरा साथीहरूबाट पाएको उपेक्षाभित्र म यसरी डुबें कि उपेक्षितकै रूपमा आफैंले पनि व्यवहार गर्न थालें । यो बिर्सें कि मेरो जीवन मेरो होइन, म मेरै निम्ति कारावासमा आएको होइन । यो पनि बिर्सें कि हामीमा दृष्टिकोणको कमी छ, वर्ग प्रेमको कमी छ । सम्पूर्ण साथीहरू, पार्टी विचार, सब छिन्न-भिन्न भएको समयमा, शत्रुको डंका फैलिरहेको समयमा, हामी कमजोर परेको अवस्थामा – साथीहरूले उपेक्षा गर्‍यो भन्दै उपेक्षित भएर आफ्नो शरीरको सम्म वास्ता गर्न नसक्ने म स्वयं कति कमजोर कम्युनिष्ट । तसर्थ, ऐले प्रथम शत्रु मेरो क्षुद्र विचार, स्वार्थी विचार । यसबाट मैले मुक्त हुनैपर्छ । मैले जीवनसँग मायाँ गर्नैपर्छ किनकि मेरो जीवन धेरै पहिले नै पार्टीको निम्ति अर्पण भइसकेको छ । पार्टीलाई जीवन अर्पण गरेर मैले कहिल्यै पनि पछुताउनु पर्दैन । दुई दिन पार्टी शत्रुको हातमा पर्दा पार्टीको दर्शन, नीति र लक्ष्यमा फरक आउन सक्तैन । यो ऐतिहासिक आवश्यकता हो कि पार्टी (बाँकी ४२ पेजमा)



*२०२३ साउन २६ गते चन्द्रानन्द नेवालाई जेलबाट क. लामाले पठाउनुभएको चिठी*

# लामाजी एक निडर व्यक्तित्व हुनुहुन्थ्यो ।

- देवेन्द्रलाल श्रेष्ठ (काईलाबा)

मैले लामाजीलाई पहिलोपटक २०१० सालमा चन्द्रानन्द नेवाको घरमा भेटेको थिएँ । त्यो भेटमा लामाजीले मलाई भन्नुभयो - "काईलाबा, तपाई आउनुभयो । मलाई ज्यादै खुशी लाग्यो । तपाईलाई भेट्न म तपाईकै घरमा आउने विचार गरेको थिएँ । तर तपाई यहीं आउनुभयो । ठीकै भयो ।"

"तपाईले मलाई र मैले पनि तपाईलाई भेट्न चाहेको कारण एउटै छ । त्यो हो - राजनीतिक छलफल ।" मैले उहाँको कुरामा सहमति जनाएँ ।

उहाँले कुरा अगाडि बढाउनु भयो - "अहिले म यहाँ पार्टीको डि.सि.एस. हुँ । यहाँ किसानहरूका धेरै समस्याहरू छन् । यहाँ मोहीयानी हकको समस्यालगायत विभिन्न समस्याहरू छन् । त्यसकारण हामीले किसान क्षेत्रमा काम गर्नुपर्छ । त्यहाँको संगठन बनाउन पार्टीले काम गर्नुपर्छ । यहाँ किसानहरूको मात्र होइन, विद्यार्थीहरूका पनि समस्याहरू छन् । त्यसैले हामीले विद्यार्थी क्षेत्रमा पनि काम गर्नुपर्छ ।"

जवाफमा मैले भनें - "तपाईको कुरा मलाई ठीकै लाग्यो । तर तपाईलाई भन्नुपर्ने एउटा कुरा के छ भने, जसरी तपाईले मलाई विद्यार्थी क्षेत्र र किसान क्षेत्रमा काम गर्नुपर्छ भन्नुभयो, त्यसरी नै हामीले मजदूर क्षेत्रमा पनि काम गर्नुपर्छ भन्ने मलाई लाग्दछ ।"

मेरो कुरामा लामाजीले सहमति जनाउनुभयो ।

पछि लामाजीले काठमाण्डौ किसान संघर्षमा बढी जोड दिनुभयो । र त्यस्तै, विद्यार्थी संघर्षमा पनि ध्यान दिनुभयो ।

काठमाण्डौमा मोहीयानी हकको सवाललाई लिएर ठूलठूला किसान आन्दोलनहरू भए । ती आन्दोलनहरूमा लामाजीले भित्री रूपमा नेतृत्व प्रदान गर्नुभएको थियो । यही प्रकारले विद्यार्थी आन्दोलनमा पनि उहाँले भित्री रूपमा नेतृत्व गर्नुभयो ।

२०१६ सालको कुरा हो, त्यतिखेर त्रिभुवन विश्व विद्यालय स्थापना गरिंदा कीर्तिपुरमा शिलान्यास समारोह र जन-श्रमदान कार्यक्रम राखिएको थिए । त्यस कार्यक्रममा भाग लिन लगाउन लामाजीले त्रि-चन्द्र कलेजमा सबै विद्यार्थीहरूलाई संगठित गरी हज्जारौंको एउटा जुलूस कीर्तिपुरतर्फ लग्नुभयो । त्यो जुलूस देखेर सारा मानिसहरू चकित भए । यसले जनमानसमा ठूलो प्रभाव पार्‍यो । लामाजीको सन्दर्भमा यो एउटा उल्लेखनीय कुरा हो भन्ने मलाई लाग्दछ ।

लामाजी एक निडर व्यक्तित्व हुनुहुन्थ्यो । ८।१० सालतिरको कुरा हो । उहाँ दुईपल्ट गिरफ्तार भई थानामा थुनिनु भयो । तर उहाँ त्यहाँबाट तुरुन्त छुटेर आउनुभयो । यसबाट मानिसहरूमा उहाँप्रति केही शंका पनि उब्ज्यो । 'क्या हो यो लामा ! पक्राउ पनि खान्छ, तुरुन्त छुटेर पनि आउँछ । कहीं यो मान्छे सि.आई.डि. त होइन ?' यस्तो कुरा पनि मानिसहरूले गरे । उहाँ त्यतिबेला त्यतिखेरको आई.जि.पी. याक्थुम्बाकहाँ पनि जानुहुन्थ्यो । याक्थुम्बा लामाजीको नातेदार हो भन्ने कुरा पनि चल्यो । यसबाट पनि मानिसहरूमा 'यो मान्छे कहीं सि.आई.डी. पो हो कि ?' भन्ने भानभयो । तर वास्तवमा त्यस्तो कुरो केही थिएन । यो कुरोपछि थाहा पाइयो । यी कुराहरूबाट लामाजी ज्यादै निडर व्यक्ति हुनुहुन्थ्यो भन्ने कुरा बुझिन्छ ।


सायद २०१० सालतिरकै कुरो होला । लामाजीले 'खुर्सानी आन्दोलन' गर्नुभयो । त्यो आन्दोलन के थियो भने, मारवाडीहरूले यहाँ उत्पादन भएका भएभरका सबै खुर्सानी बटुलेर हिन्दुस्थानमा पठाउने तयारी गरेका थिए । त्यो कुरो लामाजीलाई जानकारी भयो । उहाँले तुरुन्त साथीहरूको भेला डाक्नुभयो । भेलामा उहाँले 'त्यसरी सबै खुर्सानी हिन्दुस्थान पठाएपछि यहाँ त खुर्सानीको भाउ चौपट हुनेवाला छ । त्यसैले मारवाडीहरूले बटुलेको त्यो खुर्सानी कब्जा गरी यहाँ जनतालाई सुपथ मूल्यमा वितरण गर्नुपर्छ' भन्ने कुरा गर्नुभयो । उहाँको त्यो कुरालाई सबैले ठीक ठाने । उहाँको निर्देशनअनुसार साथीहरूले मारवाडीहरूले हिन्दुस्थान पठाउन बटुलेको खुर्सानी जफत गरे । पछि त्यो जफत गरिएका खुर्सानी सुपथ मोलमा जनतामा वितरण गरियो ।

त्यो 'खुर्सानी आन्दोलन'को कारणले गर्दा काठमाण्डौका जनतामा लामाजीको प्रभाव निकै राम्रो भयो । त्यतिखेर म पाटनको जिल्ला पार्टीको सदस्य र किसान संघको अंचल समितिको सदस्य थिएँ ।

अर्को एउटा महत्वपूर्ण घटना २०१८ सालको छ । त्यसबेला नेपाल कम्युनिष्ट पार्टीको दरभंगामा एउटा प्लेनम बसेको थियो । त्यो प्लेनम '२०१७ सालमा राजा महेन्द्रले सैनिक कू गरी संपूर्ण पार्टीहरूलाई प्रतिबन्ध गरेर पंचायती व्यवस्था ल्याइसकेपछि आएको संकटलाई कसरी समाधान गर्ने भन्ने सवालमा बसेको थियो । त्यो प्लेनममा केशरजङ्ग रायमाझीले राजावादी राजनीतिक लाइन प्रस्तुत गरे । त्यो लाइनको विरोधमा त्यहाँ दुईवटा अन्य लाइनहरू पनि पेश भए । तिनीहरूमा एउटा लाइन पुष्पलाल र हिकमत सिंहको थियो । त्यसले विघटित संसदको पुनर्वहालीको लागि संघर्ष गर्ने कुरा गरेको थियो । अर्को लाइन मोहन विक्रमको थियो । मोहन विक्रमको लाइन विनाशर्त संविधान सभाको चुनाव गराउन संघर्ष गर्ने थियो । त्यो लाइनमा लामाजीले पूरा समर्थन गर्नुभयो । उहाँ त्यो लाइन पास गराउन प्लेनममा ज्यादै सक्रिय हुनुभयो । मैले पनि त्यसमा समर्थन र सहयोग गरेको थिएँ । प्लेनममा त्यही लाइन बहुमतबाट पारित भयो । वास्तवमा मोहन विक्रमको त्यो लाइन पारित गराउन लामाजीको ठूलो योगदान रहेको छ ।

लामाजी ज्यादै अध्ययनशील व्यक्ति हुनुहुन्थ्यो । एकपटक एकीकृत चौथो महाधिवेशन पार्टीको समयमा उहाँले भूमिगत अवस्थामा नै रही पाटनमा एउटा कोठा भाडामा लिनुभयो । त्यहाँ उहाँले मार्क्स, एंगेल्स, लेनिन, माओका संकलित रचनाहरूका साथै राजनीति, इतिहास, भूगोललगायत अन्य विषयका थुप्रै किताबहरू कोठा भरिने गरी जम्मा गर्नुभयो । ती किताबहरू अध्ययनको लागि कोही पनि साथीले लिन जान सक्ने प्रणाली उहाँले बनाउनुभयो । मैले स्वयंले पनि त्यहाँबाट कैयौं किताबहरू लिएर पढें । लामाजी त्यसरी आफ्नै पहलमा किताबहरू जम्मा गरी खूब पढ्नुहुन्थ्यो । उहाँ ज्यादै अध्ययनशील हुनुहुन्थ्यो । यसले गर्दा उहाँ कुनै पनि कुरालाई राम्ररी व्याख्या गर्न पनि सक्षम बन्नुभयो ।

पछिल्लो समयमा आएर एउटा अविस्मरणीय घटना २०५२ मा घट्यो । त्यसबेला महाकाली सन्धिको विरोधमा सिंहदरवार घेराउ कार्यक्रमको आयोजना गरिएको थियो । हामीहरू सबै भद्रकालीको सडकमा बसी सिंहदरवार घेरिराखेका थियौं । लामाजी पनि त्यहीं हुनुहुन्थ्यो । एकछिन पछि उहाँ जुरुक्क उठेर फटाफट घेराउ कार्यक्रम छोडेर जानुभयो । हतार हतार उहाँको नजीक गई मैले भनें - 'लामाजी तपाई किन हिड्न लाग्नुभएको ?' उहाँले रिसाएर - 'मेरो यहाँ के काम ? म त हिंडे काईला । अहिले पुलिसको घेरा तोडेर अगाडि बढौं र सिंहदरवार पसौं भनेको कोही मान्दैन । अहिले समय भएको छैन भन्छ बा ! कस्तो हो यो ? त्यहाँ सिंहदरवारभित्र महाकाली सन्धि पारित गर्न लागिरहेछन् । हामीले त्यो



पुलिसको घेरा तोडेर सिंहदरवारभित्र किन नपस्ने ? यस्तो पनि हुन्छ ? त्यसकारण म त हिंडें ।' मैले भनें - 'ए बा बा ! त्यो तोडिन्छ । अब जाऔं न त, तोडौं न । तपाई त्यतिकै किन हिंड्नु हुन्छ ?'

'होइन म बस्दिनँ । म जान्छु ।' भनेर रिसाएर लामाजी त्यहाँबाट हिंडीहाल्नुभयो । आखिर उहाँ जानुभएको १५ मिनेटपछि हामीले त्यो घेरा तोड्यौं । तर हामीलाई प्रहरीले बल लगाएर अगाडि जानबाट रोक्यो । साथीहरू पक्राउ परे ।

गएको बैशाख ८ गते राष्ट्रिय सभागृहमा जनस्तरबाट उहाँलाई गरिएको जन-अभिनन्दन समारोहमा उहाँ उपस्थित हुनुभयो । त्यो समारोहमा म पनि गएको थिएँ । त्यसबेलामा हलभित्र र बाहिर लामाजीको प्रतीक्षामा खचाखच मानिसहरू बसिराखेका थिए । लामाजी एम्बुलेन्समा बसी डाक्टर र नर्सहरूको साथमा त्यहाँ आइपुग्नु भयो । मानिसहरू अत्यन्त भावविह्वल भई उठेर लगातार केही बेरसम्म ताली पिटिरहे ।

त्यहाँ उहाँले राजनीतिक भ्रष्टाचारको अन्तको लागि सक्रिय रहन सबैलाई आग्रह गर्नुभयो । उहाँको यो आग्रहको विशेष महत्त्व छ भन्ने मलाई लाग्छ । ❑



क. निर्मल लामा भरतपुर अस्पतालमा सहयोगीहरू अर्जुन थापा र डिलाराम सापकोटाको साथमा

# निर्मल लामा आफूलाई साधारण मान्छे सम्झनुहुन्थ्यो

◆ डा. प्रकाश सायमि

डा. प्रकाश सायमी छातीको क्यान्सर विशेषज्ञ हुनुहुन्छ । शिक्षण अस्पतालको स्थापना हुनु अघिदेखि नै उहाँले मेडिसिन इन्स्टिच्यूटमा काम गर्दै आउनुभएको थियो । शिक्षण अस्पतालको स्थापनापछि उहाँ लगातार त्यहीं कार्यरत हुनुहुन्छ । अहिले उहाँ त्यस अस्पतालको एसोसिएट प्रोफेसर र कन्सलट्याण्ट हुनुहुन्छ । उहाँले कमरेड निर्मल लामा बित्नुभन्दा करिब २ महिना अघिदेखि उहाँलाई हेर्दै आउनुभएको थियो, र शिक्षण अस्पतालमा भर्ना भएपछि पनि उहाँले नै लामाको उपचार गर्नुभएको थियो । उहाँ भन्नु हुन्छ–

'बित्नुभन्दा करिब २ महिनाअघि मेरो निर्मल लामासंग भेट भएको थियो । बम्बैबाट उपचार गरेर आउनु भएपछि उहाँ केमोथेरापी र रेडियोथेरापी गर्न चितवनको क्यान्सर हस्पिटलमा भर्ना हुनुभएको थियो । क्यान्सर फैलिन थालेको थाहा पाएपछि म, डा.मदन पिया (उहाँ क्यान्सर स्पेसलिष्ट हुनुहुन्छ) र वीर हस्पिटलका डा. सुबोध अधिकारी चितवन गएका थियौं । हामी त्यहाँ पुगेर उहाँसँग भेट भएपछि उहाँले भन्नुभयो – "म अझै ४/५ वर्ष बाँचुँला भन्ने मैले सोचेको थिएँ । तर अब मलाई थाहा भयो – म धेरै दिन बाँच्न सक्दिन । त्यसैले तपाईहरु जेजति कुरा छ, मबाट नलुकाउनु होस्, सबै कुरा मेरै अगाडि भन्नुहोस् । म अब कति दिन बाँच्न सक्छु त्यो पनि खुलस्त भन्नुहोस् । मैले ७ सालको क्रान्ति पनि हेरें, ०१५ साल पनि हेरें, पंचायती व्यवस्था पनि हेरें, अहिले बहुदल पनि हेरें, विभिन्न पार्टीको सरकार पनि आयो । तर कुनै पार्टीले पनि जनहितको काम गरेन । त्यत्रो त्याग तपस्या गरेर आएका नेताहरूले पनि अहिले आफ्नै भौतिक सुविधालाई मात्र ध्यान दिए । आफ्नै छोराछोरीहरू राम्रो स्कूलमा पढाउन पाइयोस्, स्वास्नीहरूले राम्रो लुगा र गहना लगाउनु पाउनु, राम्रो घर बनाउन पाइयोस् भन्ने कुरामा मात्र ध्यान दिए । अब कसैले पनि राम्रो काम गर्ला जस्तो मलाई लागेन । गरिबका छोराछोरीहरूले राम्रो स्कूलमा पढ्न नपाउने भए । राम्रो बोर्डिङ्ग स्कूल जति सबै धनीका छोराछोरीका भए । मेरै श्रीमतीले खोलेको बोर्डिङ्ग स्कूलमा पनि गरीबका छोराछोरीहरू पढ्न पाउँदैनन् । उता, सरकारी स्कूलमा राम्रो पढाइ हुँदैन । गरिबका जनताका समस्याहरू जस्ताकोतस्तै रहे । माओवादी पनि आए, उनीहरूले पनि यो समस्या समाधान गर्लान्‌जस्तो लाग्दैन । त्यसैले म यो समस्या कसरी समाधान गर्न सकिन्छ भन्ने कुरामा एउटा सानो किताब लेख्न चाहन्छु ।"

त्यो कुरा सुनीसकेपछि हामीले भन्यौं – "यो सडिसकेको छ । यसलाई निको पार्न त सकिंदैसकिंदैन । केसम्म गर्न सकिन्छ भने अर्को क्यान्सरको ट्रिटमेन्ट (सेकेण्डलाइन केमोथेरापी) दिएर अलिकति लाइफ लामो गर्न सकिन्छ । तर त्यसो गर्दा त्यसको खतरा धेरै हुन्छ । त्यसले शरीरलाई कमजोर पारेर ज्यानको समेत खतरा पनि हुनसक्छ । अनि हामीले त्यो उपचार गर्नै वा नगर्ने भन्ने कुरा उहाँलाई नै छान्न लगायौं । उहाँले पनि त्यो उपचार नगर्ने नै निर्णय गर्नुभयो । त्यसपछि हामी काठमाण्डौ फर्क्यौं ।

त्यसको केही समयपछि नै उहाँलाई काठमाण्डौमा ल्याइएछ । चैत्र २४ गते उहाँलाई छातिमा अप्ठयारो पर्न थालेकोले शिक्षण अस्पतालको इमर्जेन्सीमा ल्याइयो । त्यसको भोलिपल्ट उहाँका कार्यकर्ताहरू र परिवारले V.I.P. बेडमा सार्ने कुरा गर्नुभयो । तर उहाँ V.I.P. बेडमा बस्न चाहनु भएन । उहाँको चाहना जनरल बेडमै बस्ने थियो । तैपनि उहाँलाई भेट्न धेरै मानिसहरू आउने भएकोले हाम्रो डाइरेक्टर साहेबसँग पनि कुरा गरेर हामीले V.I.P. बेडमै सारिदियौं ।

मैले उहाँसँग २ महिना जति संगत गरें । त्यस अवधिमा मलाई के लाग्यो भने, उहाँ ज्यादै सरल मान्छे हुनुहुन्छ । 'म नेता हुँ' भन्ने भावना उहाँमा कत्ति पनि थिएन । अरू नेताहरूसँग पनि मेरो संगत भयो । उनीहरू सबैलाई सबैभन्दा राम्रो बेड चाहिने , सबैभन्दा राम्रो सुविधा चाहिने हुन्थ्यो । नहुने कुरामा पनि सिफरिस गरिदेओस् भन्ने चाहन्थे । तर निर्मल लामाले भने आफूलाई साधारण मान्छेको रूपमै लिनुहुन्थ्यो । "हस्पिटललाई मर्का पर्ने गरी वा अरू मान्छेहरूलाई मर्का पर्ने गरी मलाई केही गर्नुपर्दैन" भन्ने कुरा उहाँ बारंबार भन्नुहुन्थ्यो ।

हामी उहाँलाई 'सबभन्दा राम्रो बिरामी' भनेर भन्थ्यौं । यो मिलेन त्यो मिलेन भनेर उहाँले कहिल्यै गुनासो गर्नुभएन । उहाँको उपचारको सम्बन्धमा उहाँसँग कुरा गर्दा पनि उहाँले जहिले पनि भन्ने गर्नुहुन्थ्यो – "डाक्टर साहेबहरूले जे ठीक ठान्नुहुन्छ, त्यही गर्नुस् । म केही पनि भन्दिन ।" त्यसैले हामीलाई उहाँको उपचार गर्न सजिलो भएको थियो । शिक्षण अस्पतालमा भर्ना भएदेखि नै हामीले उहाँलाई दुखाई कम गर्न मर्फिनको इन्जेक्सन दिएर राखेका थियौं । उहाँ बेहोस भएर एक दुई दिनपछि पनि होसमा नआएपछि उहाँलाई दिने गरेको एगेसिम एण्टिवायोटिक्स बन्द गरिदियौं । दिए पनि त्यसबाट कुनै फाइदा हुँदैनथ्यो । उहाँ बेहोस हुनुभएको पनि राम्रै भयो । होसमा भएको भए उहाँलाई ज्यादै सास्ती हुन्थ्यो, र डिप्रेसन हुन्थ्यो । ◉


*बित्नुभन्दा करिब २ महिनाअघि मेरो निर्मल लामासंग भेट भएको थियो । बम्बैबाट उपचार गरेर आउनु भएपछि ...*

# अब म उहाँलाई लालसलाम सिवाय अरु केही दिन सक्दिनँ

- दिलबहादुर श्रेष्ठ
केन्द्रीय सदस्य, संजमो, नेपाल

◆ क. निर्मल लामालाई सम्झेपछि सर्वप्रथम मलाई २०१६ सालको एउटा घटनाको सम्झना हुन्छ । त्यस समयमा कीर्तिपुरमा देशको पहिलो विश्वविद्यालय स्थापना गर्ने तयारी चल्दै थियो । सायद त्यसबेला क. लामा त्रिचन्द्र कलेजका विद्यार्थी हुनुहुन्थ्यो । विश्व-विद्यालय स्थापनाको सन्दर्भमा कीर्तिपुरमा भएको एउटा आमसभामा उहाँले धेरै नै आकर्षक भाषण दिनुभयो ।

कीर्तिपुरमा त्रिभूवन विश्वविद्यालय स्थापना हुनु अघिसम्म नेपालका कलेजहरूको पाठ्य सामग्री भारतको पटना विश्वविद्यालयबाट तयार भई आउँथ्यो । यसै सन्दर्भमा आफ्नो भाषणमा क. लामाले भन्नुभएको एउटा वाक्य मलाई अहिलेसम्म पनि सम्झना छ । उहाँले भन्नुभएको थियो - "हाम्रो प्रश्न पत्रहरूमा 'Who is your prime minister?' भनेर सोध्यो भने हामीले उत्तरमा लेख्नु पर्थ्यो - 'Our prime minister is Pandit Jawaharlal Neharu' नत्र हामी फेल हुन्थ्यौं ।"



*सायद २०३५ सालतिरको कुरो हो । उहाँ त्यतिखेर पार्टीको महामन्त्री हुनुहुन्थ्यो । केन्द्रीय समितिको बैठकमा उहाँ विरुद्धको अविश्वासको प्रस्ताव पेश हुने कुरो उहाँलाई थाहा भयो...*

उहाँको यो भनाईलाई आमसभामा उपस्थित अपार जन-समुदायहरूले निकै बरेसम्म जोडले ताली पिटी समर्थन गरेका थिए । मैले क. लामालाई देखेको र उहाँको भाषण सुनेको पहिलोपटक त्यही थियो ।

◆ २०२६ सालमा म सुरक्षा कानून अन्तर्गत पक्राउ परें । मलाई डिल्लीबजारको खोरमा थुनियो । त्यहाँ भक्तपुरका बुद्धिकुमार गोसाईंलगायत अन्य साथीहरू पनि थुनिएका थिए । मैले उहाँहरूको भान्सामै खानपिन गरें ।

राती सुत्ने बेलामा कोठाको एउटा कुनामा दुईजना बन्दीहरू खासखुस कुरा गरिरहेको मैले देखें । मेरो ध्यान उतैतिर तानियो । मैले निदाएको जस्तो गरी उनीहरूको खासखुस कुरा सुन्ने प्रयत्न गरें । उनीहरू रातभरि कुराकानी गरिरहे । म पनि निदाएको जस्तो गरी रातभरि नै उनीहरूको कुराकानी सुनिरहें । कुरा सुन्ने दौरानमा उनीहरूलाई मैले चिनें । उहाँहरू क. मोहनविक्रम सिंह र क. निर्मल लामा हुनुहुन्थ्यो । बिहान उहाँहरू दुवैलाई मैले नमस्कार गरी आफ्नो परिचय दिएँ । बिहान ११ बजेतिर क. मोहनविक्रमलाई सेन्ट्रल जेल र क. निर्मल लामालाई भद्रगोल जेल चलान गरियो । मलाई पनि १२ बजेतिर शुरूमा अञ्चलाधीश कार्यालय लगियो र पछि सेन्ट्रल जेलमा चलान गरियो ।

◆ २०३२ सालतिरको कुरा हो । चौथो महाधिवेशन पार्टी बनिसकेको थियो । पाटनको तुयूलाल, उत्तमलाल र म क. लामालाई भेट्न म्हेपीमा गयौं । त्यतिखेर पाटनमा एक ग्रुप साथीहरूले हामीलाई सि.आई.डि.को आरोप लगाइराखेका थिए । हामी त्यही केसलाई छानवीन गरिदिनु पर्यो भनी क. लामासँग गुहार माग्न गएका थियौं । तर उहाँले "म त्यो काम गर्नसक्ने हैसियतको मानिस होइन" भनी फर्काउनु भयो । हामी रिसाएर फर्क्यौं । तर पछि थाहा भयो- उहाँले पार्टीमा हाम्रोबारेमा राम्रै रिपोर्ट गर्नुभएको रहेछ ।

पछि पार्टीले बोलाएर म र तुयूलाल सिराहाको मिर्चैयामा गयौं । र, पाटनको पार्टीलाई जिल्ला सम्पर्क समितिको रूपमा मनोनित गरियो । हामी अत्यन्त खुसी र उत्साहित भयौं । सायद २०३२।३३ सालतिर होला पार्टीको केन्द्रमा रिक्त दुई वैकल्पिक सदस्यहरूको स्थानमा उपत्यकाबाट म र पूर्वबाट चित्रबहादुर आले मनोनित भयौं । त्यसै बेलादेखि मैले क. लामासँग नजीक बसेर काम गर्ने मौका पाएँ ।

◆ सायद २०३५ सालतिरको कुरो हो । उहाँ त्यतिखेर पार्टीको महामन्त्री हुनुहुन्थ्यो । केन्द्रीय समितिको बैठकमा उहाँ विरुद्धको अविश्वासको प्रस्ताव पेश हुने कुरो उहाँलाई थाहा भयो । मलाई बोलाएर उहाँले आफूले पार्टी महामन्त्री र के. सदस्य समेतबाट राजीनामा दिने बताउनुभयो । उहाँविरूद्ध केन्द्रीय समितिमा चलेको नाजायज र अस्वस्थ क्रियाकलाबाट उहाँलाई ठूलो चित्त दुखेको थियो । मैले उहाँले महामन्त्रीबाट राजीनामा दिए पनि के. सदस्यबाट राजीनामा नदिने सल्लाह दिएँ । उहाँले त्यही नै गर्नुभयो ।

◆ एकपटक कुनै पत्रिकामा निस्केको उहाँको अन्तर्वार्ता पार्टी नीति विपरित भयो भनेर क. लामालाई केन्द्रीय सदस्यबाट बर्खास्त गरियो । सबैले के सोचेका थिए भने त्यस घटनाबाट उहाँलाई निकै चोट पुग्यो र उहाँ अवश्यै निराश हुनुभयो । तर के. समितिको बैठक सिध्याएर लगत्तै म वीरगंज पुग्दा त उहाँ अत्यन्तै हाँसीखुसी साथ साथीहरूलाई पार्टीको लाइनबारे व्याख्या गरिराख्नु भएको मैले पाएँ । उहाँले साथीहरू माझ आफूलाई पार्टी केन्द्रले कार्यवाही गरेको कुराको कुनै आभास नै दिनुभएन । मलाई त्यसैबेला महशूस भयो - साँच्चै नै क. लामामा एउटा कुशल नेतामा हुनुपर्ने गुण रहेछ ।

◆ २०३९ सालमा एकीकृत नेकपा (चौम)मा फुट भयो । त्यसबेला क. लामा केन्द्रीय समितिमा हुनुहुन्थ्यो । फुटको खबरले उहाँ निकै गम्भीर हुनुभयो । उहाँले त्यो पार्टीलाई फुट्न नदिन धेरै प्रयत्न गर्नुभयो । तर उहाँ सफल हुन भएन । बाध्य भएर पछि उहाँले फुटेको एक हिस्सालाई त्यसको महामन्त्रीको रूपमा रही नेतृत्व प्रदान गर्नुभयो ।

पार्टी फुट भएपछि स्वभाविक रूपले दुवै हिस्सा कमजोर हुन गएको महसूस गरिनथालियो । कार्यकर्ता र जनतामा नैराश्य र हतोत्साह पलाउन थाल्यो । यही कटु अनुभव बटुल्दै देश र जनताको हितलाई ध्यानमा राखेर क. लामा विभाजित पार्टीहरूलाई पुनः एकीकरण गर्ने कार्यमा सकृयतापूर्वक लागिपर्नु भयो । २०४७ सालमा नेकपा (चौम), नेकपा (मशाल) र सर्वहारा श्रमिक संगठनबीच एकीकरण भई नेकपा (एकता केन्द्र) बन्यो । यो एकतामा क. लामाको महत्वपूर्ण योगदान रहन गयो ।

तर एकताको प्रक्रियाको अन्तिम चरणमा पुग्दा पार्टीमा देखापरेका केही नराम्रा गतिविधिहरूलाई लिई उहाँले अल्पमतमा परेको उहाँको समूहका साथीहरूलाई नेतृत्वमा बस्नु ठीक हुन्न भन्ने विचार व्यक्त गर्नुभएको रहेछ । उहाँको अनुसार बहुमतमा रहेका पहिलेका मशालहरूलाई मात्र नेतृत्व सुम्पनु र उनीहरूलाई निर्वाध रूपमा काम गर्न दिनु उचित हुन्थ्यो ।

तर नेतृत्व एक पक्षीय मात्र भयो भने एकताको भावना कार्यकर्ताहरूमा आउँदैन भन्ने तर्कसँग सहमत भई पछि उहाँ एकता केन्द्रको केन्द्रमा बस्नुभएको रहेछ । उहाँले शंका गरेजस्तै दुई वर्ष बित्दानबित्दै पहिलेका मशालहरू फुटेर गई नेकपा (माओवादी) बनाए ।

◆ पछिल्लो समयमा उहाँमा एउटा विचार पलायो कि ६०।६५ वर्षको उमेर पुगेपछि राजनीतिक नेताहरूले 'रिटायर्ड लाइफ' बिताउनु पर्छ । र, नयाँ पिँढीलाई नेतृत्व सुम्पनुपर्छ । यही विचारले उहाँलाई शारीरिक रूपमा केही निश्क्रिय

तुल्यायो । तर देशको राजनीति, सांगठनिक अवस्था र जनताको चाहना अनुकूलको आन्दोलनबारे चिन्तन मननबाट भने क. लामा अलग हुनुभएन ।

क. लामाले २०५४ सालमा जनकपुरमा भएको संयुक्त जनमोर्चाको राष्ट्रिय सम्मेलनको उद्घाटन समारोहलाई सम्बोधन गर्दै भन्नुभयो - "संयुक्त जनमोर्चा देशभक्त एवं जनवादी शक्तिहरूको राजनैतिक पार्टी हो । यो कम्युनिष्ट पार्टी होइन । यसको झण्डा हँसिया, हथौडा अंकित हुँनुहुँदैन । एउटा गैर कम्युनिष्ट पार्टीलाई कम्युनिष्ट पार्टीको झण्डा राख्ने नैतिक अधिकार हुन्न । अतः संजमोले आफ्नो झण्डा फेर्नुपर्छ ।" तर उहाँको कुनै सुनुवाइ भएन ।

सायद त्यस घटनाबाट उहाँ सन्तुष्ट हुनुहुन्नथ्यो । यसबाट उहाँको क्रियाशीलतामा केही नकारात्मक प्रभाव त अवश्यै पार्‍यो । तैपनि क. लामा महाकाली सन्धिको विरोध कार्यक्रमलगायत अन्य आन्दोलनमा लगातार क्रियाशील भइरहनुभयो ।

◆ क्यान्सर रोग लाग्नु केही समयअगाडि मात्र पनि क.लामा बिरामी भई काठमाण्डौ मोडेल अस्पतालमा भर्ना हुनुभएको थियो । तर उहाँ त्यतिखेर कसैलाई खबरै नगरी त्यसरी अस्पतालमा बस्नुभएको थियो । मैले उहाँको घरमा रहँदै आएकी बहिनीबाट थाहा पाई उहाँलाई अस्पतालमा भेटन गएँ । उहाँ त्यहाँ अस्पतालमा खर्चबर्च र बिरामी कुरूवाको अभावमा बसिराख्नु भएको रहेछ । मैले तुरुन्तै त्यहींबाट फोन गरी सरिता महर्जनलाई खबर गरें र उनी तुरुन्त त्यहाँ आइपुगिन् । कुरूवाको जिम्मा उनले लिइन् र पैसाको बन्दोबस्त गर्ने बचन दिई म त्यहाँबाट हिडें । यसरी उहाँ अरूलाई भरसक दुःख नदिने स्वभावको हुनुहुन्थ्यो ।

◆ क. लामा क्यान्सर रोगबाट पीडित भएपछि उहाँको उपचारको लागि क. नरबहादुर कर्माचार्यको नेतृत्वमा 'उपचार सहयोग समिति' बन्यो । ३ दिन भित्रमा ३ लाखभन्दा बढी सहयोग रकम जनस्तरबाट उठ्यो । पछि उहाँलाई शल्यक्रियाको लागि भारतको बम्बईस्थित टाटा मेमोरियल अस्पतालमा लगिंदा श्री ५ को सरकारले पनि उपचारमा लाग्ने सम्पूर्ण खर्च व्यहोर्ने निर्णय गर्‍यो ।

बम्बईबाट सफल शल्यक्रिया गराई काठमाण्डौ फर्केपछि उहाँले भन्नुभयो- "मैले त मलाई चिनेकै रहेनछु । म त आफू साधारण कार्यकर्ता मात्र हुँ । म त सबै ठाउँबाट उपेक्षित र घृणित, अनि बोझ बनेको मान्छे हुँ भनेर सोचिरहेको त त्यसो होइन रहेछ । मलाई जनताले, सबै पार्टीहरूले र सरकारले समेत ठूलो सहयोग गरी बचाए । अब मैले देश र जनताको निम्ति, पार्टी र क्रान्तिको निम्ति फेरि काम गर्नुपर्ने भयो । अब फेरि सक्रिय भई योगदान दिनेछु ।" उहाँले त्यो कुरा अत्यन्त हर्ष र उल्लासका साथ व्यक्त गर्नुभएको थियो । अहिलेसम्म मेरो कानमा उहाँको त्यो भनाई गुञ्जिरहेको छ ।

◆ क्यान्सरलाई रोक्ने केमोथेरापी उपचार फेल खाएपछि उहाँ त्यस रोगबाट मुक्त हुने सम्भावना समाप्त भयो । यो कुरो थाहा पाएपछि म तुरुन्त वी.पि. मेमोरियल क्यान्सर अस्पताल भरतपुरमा गई उहाँलाई भेट्न गएँ । म त्यहाँ पुगेको भोलिपल्ट नै उहाँले मलाई एक्लै राखेर भन्नुभयो - "अब म नबाँच्ने भएँ । मैले एउटा नयाँ बिचार लेख्नथालेको छु । त्यो पूरा गर्न भ्याइन्छ होला ? त्यो काम अब तिमीहरूले गर्नुपर्छ ।" त्यसपछि उहाँले मलाई आफूले लेखिराखेको बिचारको प्रस्तावना पढ्न दिनुभयो ।

> - "अब म नबाँच्ने भएँ ।
> मैले एउटा नयाँ बिचार
> लेख्नथालेको छु । त्यो पूरा
> गर्न भ्याइन्छ होला ?
> त्यो काम अब
> तिमीहरूले गर्नुपर्छ ।"



त्यहाँ अस्पतालमा मैले उहाँलाई रत्तिभर पनि हतास निराश पाइनँ । आफू अब बाँच्दिन भन्ने कुरा थाहा पाएर पनि उहाँ हाँसी हाँसी कुरा गर्नुहुन्थ्यो । आफ्नो जीवनको अन्तिम अवस्थाको वोध हुँदाहुँदै पनि क. लामालाई रत्तिभर पनि डर, त्रास र भय भएन । उहाँलाई केवल आफूले क्रान्तिको लागि भनेर सोचेको नयाँ विचार पूरा लेख्न भ्याइने हो कि होइन भनेर मात्र चिन्ता लागेको देखिन्थ्यो ।

◆ क. लामा अत्यन्त मिलनसार व्यक्तित्व हुनुहुन्थ्यो । उहाँ जहाँ बसे पनि चुप लागेर नबसी लगातार केही न केही काम गरिरहने अत्यन्त क्रियाशील नेता हुनुहुन्थ्यो । त्यस्तै उहाँ विचारमा दृढ र धैर्यशील राजनेता हुनुहुन्थ्यो ।

क. लामा निडर लडाकु स्वभावको व्यक्ति पनि हुनुहुन्थ्यो । यसै सन्दर्भमा मलाई एउटा घटनाको सम्झना हुन्छ ।

२०३७ सालको जनमत संग्रहपछिको पहिलो पंचायती आमचुनावलाई तत्कालीन नेकपा (चौम) र नेकपा (माले)ले बहिष्कार गर्ने नीति लिएका थिए । त्यही नीतिअनुरूप कीर्तिपुर नगाउँमा जनताले अत्यन्त राम्रो बहिष्कार गरे । तर त्यसको बदलामा पंचायती प्रशासनले ठूलो दमन गर्‍यो । नगाउँमा मिलिटरी अपरेशन गरियो ।

त्यसबेला पार्टीले त्यस मिलिटरी अपरेशनको बिरूद्धमा पर्चा छर्ने कार्यक्रम बनायो । पर्चा तयार भयो । पर्चा छर्ने समय पनि तोकियो । तर सम्बन्धित जिम्मेवार साथी आइदिएन । क. लामाले तुरुन्त मलाई एउटा चिट लेखेर 'पर्चा छर्न किन ढिला भयो ?' भनी सोध्नुभयो । उहाँको त्यो चिट पाइसकेपछि पनि जिम्मेवार साथी नआइदिनाले मैले त्यो पर्चाबाहिर छर्न सकिंन ।

एकै छिनपछि एक्कासी क. लामा आफू बसेको डेन (भूमिगत बसेको कोठा)बाट पुलिसकै लुगा लगाएर म बसेको ठाउँमा दिउँसै आउनुभयो । त्यस बेलामा म काठमाण्डौमा ककादाइको घरमा थिएँ । उहाँ सायद सर्वोत्तम डंगोलको घरमा बस्नुहुन्थ्यो । आउनासाथ उहाँले भन्नुभयो - "लौ तिमीले नै भए पनि पर्चा छोड्नुपर्‍यो ।" मैले आफू नै जाने तयारी गर्नथालें । तर म जान नपाउँदै अर्को साथी आएर पर्चा लग्यो र काठमाण्डौमा पर्चाबाजी भयो । त्यतिखेर उहाँलाई केही गरी बाटोमा चिनेको भए प्रशासनले तुरुन्त गिरफ्तार गर्थ्यो ।

भूमिगत जीवनकै क्रममा एक समय क. लामा पाटनको एउटा घरको भुईं तल्लाको एक कोठामा बस्नुहुन्थ्यो । उहाँले मलाई त्यहीं बोलाउनुभयो । म त्यहाँ पुग्नासाथ उहाँलाई सोधें - "मलाई किन बोलाउनुभयो, दाइ ?" उहाँले हाँसेर - "तिमीसँगै बसेर चिया खान मन लागेर बोलाएको" भन्नुभयो । एक छिनपछि मलाई त्यहाँ निकै चिसो महसूस भयो । मैले बिस्तारै ओछ्यानको सुकुल उठाएर हेरेको त भुईं त अत्यन्त भिजेको चिसो रहेछ । एक फुट गाह्रो नै ओसिएर सेतो भएको रहेछ । मैले 'यो ठाउँ त भएन नि दाइ' भनें । उहाँले हाँसेर भन्नुभयो - "यही भनाउनको निमित्त नै तिमीलाई बोलाएको हुँ" । उहाँलाई तुरुन्तै भोलिपल्ट नै अन्त राम्रो ठाउँमा सार्ने काम पार्टीले मिलायो । त्यस ठाउँमा उहाँ करीब ५ वर्ष जति बस्नुभयो । त्यस ठाउँलाई हामी आवास गृह भन्ने गर्थ्यौं ।

◆ क. लामाको अन्तिम अवस्थामा महाराजगंजको अस्पतालमा एक दिन म कुरूवा बसिरहेको थिएँ । संजोगले म एक्लै परें । त्यहीबेला उहाँले एक-दुईवटा घतलाग्दो र मार्मिक कुरा गर्नुभयो ।

त्यतिबेला मैले क. लामासँग सोधेको थिएँ - "दाइ, मोहनबिक्रमजी भेट्न आउनुभयो ?" उहाँले भन्नुभयो - "एकपटक मात्र होइन, एकछिन मात्र पनि होइन ।" मैले भनें - "दाइ कुरा बुझिनँ ।" उहाँले फेरि भन्नुभयो - "मोहनबिक्रमजीले त्यत्रो लामो राजनीतिक जीवनमा दुईवटा धेरै ठूलो गल्ती गर्नुभएको छ । एउटा गल्ती उहाँले मलाई छोडेर गर्नुभयो । यो गल्तीमा सायद उहाँ पछुताउनु पनि भएको हुनुपर्छ ।" अर्को भन्न लाग्दा अरू मानिसहरू आए । उहाँ रोकिनुभयो । एक छिनपछि उहाँले धेरै मसिनो स्वरमा भन्नुभयो - "मैले मेरो विचार लेख्न भ्याइन । केही अंश क्यासेटमा रेकर्ड गराएको छु । केही अंश केही जिम्मेवार साथीहरूलाई मौखिक रूपमा भनेको छु । कतिपय कुरा तिमीलाई पनि भनेको छु । सबैलाई एकै ठाउँमा राखी परिमार्जित गरी विधिवत रूपमा अगाडि बढाउने गर ।"

१९ गतेको सिंहदवार घेराउ कार्यक्रम सकिइसकेपछि म अस्पतालमा जाँदा उहाँले त्यस कार्यक्रमबारे मसँग सोध्नुभयो । मैले सबै कुरा बताएँ । उहाँले सन्तोष व्यक्त गर्नुभयो । त्यसपछि मैले उहाँलाई आयुर्वेद औषधी खान अनुरोध गरें । उहाँले 'अब असम्भव छ' भन्नुभयो । त्यही रातको ३ बजेदखि उहाँले बोल्न छाड्नुभयो । हामी कसैले पनि उहाँसँग दोहोरो कुरा गर्न पाएनौं । केवल उहाँको भावुक अनुहार हेरेर मात्र हामीले सन्तोष गर्नुपर्‍यो ।

श्रद्धेय नेता क. निर्मल लामा गत वैशाख २७ गते बित्नुभयो । अब मैले उहाँलाई केवल लालसलाम सिवाय अरू केही दिन सक्दिनँ । श्रद्धेय कमरेड, लालसलाम !❑

# क. निर्मल लामा तल्लो तहदेखि संघर्ष गर्दै नेता हुनुभएको थियो

*चन्द्रानन्द नेवा काठमाण्डौ महानगरपालिका वडा नं. १८ का वडा अध्यक्ष हुनुहुन्छ । पंचायतकालमा उहाँ उपप्रधान पञ्च र प्रधान पंचसमेत हुनुभएको थियो । र, बहुदलपछि उहाँ लगातार १८ नं. वडाको वडा अध्यक्षमा जित्दै आउनुभएको छ । उहाँले वि.सं. ०९ सालदेखि क.निर्मल लामासँगै एउटै संगठनमा काम गर्दै आउनुभएको हो । वि.सं. ०८ सालदेखि वि.सं. ०१३ सालसम्म कम्युनिष्ट पार्टी प्रतिबन्धित हुँदा लामा उहाँकै घरमा भूमिगत बस्नुहुन्थ्यो भने पंचायत कालमा पनि बेला बेलामा उहाँको घरमा भूमिगत बस्नुभएको कुरा चन्द्रानन्द बताउनु हुन्छ । प्रस्तुत छ चन्द्रानन्द नेवाको संस्मरण । - सम्पादक ।*

◆ चन्द्रानन्द नेवा ◆

मैले निर्मल लामालाई २००९ सालदेखि चिनेको हुँ । २००९ सालमा उहाँ वामपन्थी कांग्रेस छोडेर काठमाण्डौ आउनुभयो । त्यतिबेला कम्युनिष्ट पार्टीले निर्मल लामालाई युवक संघको फ्रयाक्सन्को जिम्मा दिएको थियो । म पनि त्यही फ्रयाक्सन्मा थिएँ । त्यसैले उहाँलाई मेरै घरमा पेइङ्ग गेष्टको रूपमा राखिएको थियो । यहाँ बस्दा बस्दा पछि हामीहरू एउटै परिवारजस्तै हुनथाल्यौं । उहाँ बुढाबुढी केटाकेटीहरूसँग यति मिल्न सक्नुहुन्थ्यो कि सबै उहाँलाई आफ्नै मान्छे ठान्दथे ।

मेरो आमा बुबाले उहाँलाई मभन्दा ठूलो छोराको रूपमा अपनाउनु भयो । मेरा दिदीहरूले पनि उहाँलाई भाइकै रूपमा ग्रहण गर्नुभएको थियो । उहाँहरूले लामाजीलाई प्रत्येक वर्ष भाइपूजा गर्नुहुन्थ्यो । पहिले पहिले भाइपूजामा दिदीहरूलाई उपहार दिनको लागि उहाँसँग पैसा हुँदैनथ्यो । ०४६ सालको आन्दोलनपछि संविधान निर्माण कमिटीमा रहँदा उहाँसँग पैसा भयो । त्यतिबेला दिदीहरूलाई उपहार दिन पाउनुभयो । त्यतिबेला उहाँ ज्यादै खुसी हुनुभएको थियो । यसरी कुनै पनि परिवारमा नेता तथा पार्टीको मान्छे भएर होइन, परिवार नै भएर बस्न सक्ने उहाँको ठूलो गुण हो । यहाँ मेरो परिवारमा मात्र होइन, उहाँ जहाँ जहाँ जानुभयो, त्यहाँ त्यहाँ परिवारकै रूपमा बस्नुहुन्थ्यो । जुन घरमा उहाँ बस्नुभयो, त्यहाँ परिवारका मानिसहरू जे खान्छन् उहाँ त्यही खानुहुन्थ्यो । भए खानुहुन्थ्यो नभए खानुहुन्नथ्यो । आफूसँग पैसा भए आफैले किनेर ल्याएर भए पनि परिवारलाई ख्वाउनुहुन्थ्यो । उहाँ पाल्पा, पोखरा, चौतारा तथा अन्य विभिन्न जिल्लाहरूमा जानुभयो । ती सबै ठाउँमा उस्तै तरिकाले बस्नुभयो । उहाँको यही गुणले गर्दा नै उहाँ एकजना राम्रो संगठनकर्ता बन्न सक्नुभएको थियो ।


जनताजस्तै भएर जनतालाई कन्भीन्स गर्ने, ठूलो मान्छे हुनु नपर्ने, कम्युनिष्टहरूमा हुनुपर्ने विचार र चरित्र उहाँमा भएको कारणले उहाँले जहाँ गए पनि संगठन राम्ररी गर्न सक्नुहुन्थ्यो । यो ठाउँ काठमाण्डौको किलागल भनेको त नेवारहरूको बाहुल्यता भएको ठाउँ । जातीय तथा भाषिक दृष्टिकोणले त उहाँ यहाँको संस्कारबाट पूरै अलग हुनुहुन्थ्यो । तैपनि उहाँले यस टोल वा चोकका मान्छेहरूसँग राम्रो सम्बन्ध राख्नुभयो । यहाँका मान्छेहरूले मलाईभन्दा उहाँलाई राम्ररी चिन्थे । उहाँ काठमाण्डौको जिल्ला सचिव हुँदा अरू बेलामा भन्दा निकै धेरै संगठनको विस्तार भएको थियो । यसको मूल कारण नै उहाँको संघर्षशील जीवन र जनतामा भिज्न सक्ने क्षमता हो ।

अहिले जनताहरूले उहाँलाई नेताको रूपमा जुन सम्मान गरे, त्यो उहाँको संघर्षशील जीवनलाई नै सम्मान गरेका हुन् । उहाँ एक्कैचोटि नेता हुनुभएको थिएन । तल्लो स्तरदेखि नै संघर्ष गर्दै उहाँ अहिलेको स्थितिमा पुग्नुभएको थियो । ०८ सालदेखि १३ सालसम्म पार्टी भूमिगत हुँदा पनि जनअधिकार सुरक्षा समितिको नाममा काठमाण्डौमा जुन संघर्षहरू भए, त्यसमा ठूलो देन उहाँकै थियो । अहिले मैले चुनाव जित्न सक्नुको एउटा कारण पनि त्यतिबेला निर्मल लामाले गर्नुभएको संगठन बिस्तारकै परिणाम हुनसक्छ ।

उहाँमा मैले देखेको एउटा अर्को गुण हो - आफूलाई सही लाग्ने वित्तिकै त्यो काम गरीहाल्ने वा भनीहाल्ने । चाहे पार्टीगत जीवनमा होस् चाहे व्यक्तिगत जीवनमा होस् उहाँ आफूलाई ठीक लागेको कुरा गरी हाल्नुहुन्थ्यो । फेरि आफूले गरेको काम गल्ति भएको महसूस हुने वित्तिकै आत्मआलोचना पनि गरिहाल्नु हुन्थ्यो । उहाँमा मैले देखेको एउटै अवगुण उहाँको रक्सी खाने बानी हो । हुन त यो रक्सी खाने बानी बच्चैदेखि लागेको कुरा उहाँ बताउनुहुन्थ्यो । उहाँको भनाइअनुसार उहाँको आमा आफूले कुनै काम गर्नुपर्‍यो भने बच्चाहरूलाई रक्सी ख्वाएर सुताउनुहुन्थ्यो रे । त्यसैले गर्दा रक्सी खाने बानी उहाँले छुटाउनु सक्नुभएन । तैपनि पहिले पहिले त त्यति विघ्न रक्सी खानुहुन्नथ्यो । ०४६ सालपछि चाहिं उहाँले बढी पिउन थाल्नुभयो ।

२००९ सालदेखि अन्तिम समयसम्म नै हामीहरूको बीचको सम्बन्ध पारिवारिक रूपमै रह्यो । एस.एल.सी. पनि उहाँले हाम्रै घरबाट पास गर्नुभएको थियो । त्यतिबेला एस.एल.सी.को फाराम भर्न रू.१५। - चाहिन्थ्यो । हामी पनि त्यतिबेला गरीब नै थियौं । उहाँ त पार्टीको मान्छे । उहाँसँग त पार्टीले दिए पैसा हुने, नदिए नहुने । तैपनि हामीले यताउति खोजेर १५ रूपियाँ जम्मा गर्‍यौं ।

उहाँले एस.एल.सी. जाँच दिनुभएको पनि एउटा घटनासँग सम्बन्धित छ । त्यतिबेला नेपाली कांग्रेससँग सम्बन्धित 'छात्र संघ' र कम्युनिष्ट पार्टीसँग सम्बन्धित 'फेडरेसन' दुइवटा विद्यार्थी संगठन थिए । त्यसबाहेक मोहमद मोहसिन, विजय मल्लहरूले स्वतन्त्र विद्यार्थी संगठनको स्थापना गरेका थिए । त्यस संगठनलाई पार्टीको सम्पर्कमा ल्याउने जिम्मा निर्मल लामालाई दिइएको थियो । उहाँ त जोसँग पनि मिल्न सक्ने र जसलाई पनि कन्भिन्स गर्नसक्ने मानिस हुनुहुन्थ्यो । तर उनीहरू एलाइट वर्गबाट आएका र धेरै पढेका मानिसहरू थिए । उनीहरूसँग कुरा गर्दा निर्मल लामालाई इन्फेरियोरिटी कम्प्लेक्स हुनथाल्यो । त्यसैले उहाँले एस.एल.सी. दिनुभयो र सेकेण्ड डिभिजनमै पास गर्नुभयो । त्यसपछि जेलबाटै उहाँले बि.ए.पास गर्नुभयो । ❑



चन्द्रानन्द नेवा



*क. लामा : सहयोगी अर्का मित्र स्व. त्रिरत्न मानन्धरसँग*

पेज ३६ को बाँकी

बलियो हुनैपर्छ – ठीक बाटो समात्नैपर्छ । समाजमा प्रतिकृया-वादीहरू छन्, तसर्थ क्रान्तिकारीको जन्म हुनैपर्छ । साम्राज्यवादीहरू बढ्दैछन्, तसर्थ कम्युनिष्ट बलियो हुनैपर्छ । यो कसैको इच्छामा होइन, आवश्यकतामा निर्भर छ । यो आवश्यकतालाई बुझेर स्पष्ट गर्न नसक्नु नै बाटो बिर्सनु हो । आज हाम्रो नेतृत्वले बाटो बिर्स्यो भन्दैमा म किन निराश हुने ? ठीक छ, पहिले शत्रुसँग नहोस्, मित्रको रूपमा आवश्यकता नबुझेर बाटो हराउनेहरूसंगै जुझ्नु पर्छ । नजुझेर पार्टी, विचार र लक्ष्य आफैं बन्दैन । संघर्षको परिणाम नै विजय हुन्छ । शर्त के भने, हारलाई पार्टी दृष्टिकोणले केलाएर शिक्षा लिन सक्नुपर्छ । ओह ! जीवन, म भाषण गर्न थालें – आऊ, अब म तिमीलाई शारीरिक कमजोरी हटाउने मेरो पार्टी दृष्टिकोण बताउँछु –

*सम्पूर्ण कार्यक्रम*

उद्देश्य : – शरीर बनाउँनुपर्छ किनकि स्वस्थ्य मान्छेले मात्र शत्रु र विघ्नवाधासँग लड्नसक्छ । तसर्थ मेरो शरीरको मुख्य शत्रु कोलाइटीससँग मैले जुझ्नुपर्छ । कोलाइटीस्लाई जितेर मात्र म कोलाइटीस्का शत्रुहरूसँग मैले व्यापक संयुक्त हुनपर्छ । औषधी, उमालेको पानी, उमालेको सादा भोजन सब कोलाइटीस्का शत्रुहरू हुन् । प्रत्येकसँग मिलेर कोलाइटीस्लाई हराउन मैले आफ्नो नीतिमा परिवर्तन गर्नुपर्छ । जिब्रोको स्वादलाई नियन्त्रण गर्नु पर्छ । व्यापक शरीरको लाभनिम्ति जिब्रो एउटाको स्वादको बली दिनुपर्छ ।

नीति : – तसर्थ, मेरा शत्रु र मित्रहरू सबै भोजनभित्र छन् । आफैंलाई नियन्त्रित र अनुशासित गरेर मित्र र शत्रुलाई अलग्गाउनु पर्छ । अझ यसमा मैले स्पष्ट हुनुपर्छ कि मेरो शरीरले अन्तमा स्वावलम्बी बन्नु छ । तसर्थ, संयुक्त मोर्चाको आवश्यकता खास समयसम्म हुन्छ । संधै नै संयुक्त मोर्चामा हराउने मेरो नीति हुन सक्तैन, यो त इतिहासको एउटा क्रम हो – एउटा खास स्थितिको साधन ।

उपरोक्त विश्लेषण अनुसार दृढ भएर शत्रु उपर आक्रमण गरें भने मैले सफल नहुने प्रश्नै उठ्दैन । अतः दृढ विश्वास लिएर मैले कोलाइटीस् उपर आक्रमण प्रारम्भ गरेको छु । मेरो संयुक्त मोर्चा व्यापक र ठोस छ । शत्रुहरूलाई पेटमा भेला हुने अवसर नै दिएको छैन । अन्तर्राष्ट्रिय सहयोगको रूपमा

*शरीर बनाउँनुपर्छ किनकि स्वस्थ्य मान्छेले मात्र शत्रु र विघ्नवाधासँग लड्नसक्छ । तसर्थ मेरो शरीरको मुख्य शत्रु कोलाइटीस्सँग मैले जुझ्नुपर्छ ।*

साम्राज्यवादी र प्रतिकृयावादीसँग लड्नसक्छु । अनि मैले स्पष्ट बुझ्नुपर्छ कि म प्रतिकृयावादीहरूको जेलमा छु – साम्रज्यवादीहरूले घेरिएको छु । म शत्रुहरूसँग लाप्पा खेल्छु किनकि शत्रुलाई हराएर नेपालको निर्माण गर्नु छ । समाजलाई उचाल्नु छ ।

शत्रु र मित्र : – अतः मेरो ऐलेको मूल शत्रु कोलाइटीस् । यसलाई बलियो पार्ने यसका मित्र – खोर्सानी, रक्सी, चिल्लो पदार्थ, मसला, भुटेको भोजन सब मेरा शत्रु । यिनीहरूलाई पेटमा पर्न नदिएर म कोलाईटिस्लाई एक्लो पारी हराउन सक्छु । जबसम्म ई तमाम शत्रुहरूलाई फुटाउन र एक्लाउन सक्तिनँ, तबसम्म मेरो जीत सम्भव छैन ।

म एक्लैले पनि कोलाईटस्सँग जुझ्न सक्तिनँ । तसर्थ कम्पाउडर डाक्टरको साथ लिएर Emetine / Vit. B. जस्ता संयुक्त मोर्चाको ठोस शक्ति र उमालेको भोजनद्वारा आक्रमण प्रारम्भ भइसकेको छ । मेरो शरीरमा ऐले कोलाइटीस् र इमिटीनको तुमुल युद्ध चलिरहेछ । जारको रूस र च्याङको चीनजस्तो मेरो शरीर जरजर छ । तर चाडैं नै मेरो शरीर लेनिनको रूस र माओको चीनको रूपमा परिणत हुनेछ । म. स्वस्थ्य भएर पुनः संघर्षमा डट्ने छु । अनि प्रतिकृयावादी साम्राज्यवादी र आधुनिक संसोधन-वादीहरूसँग जुझ्ने छु ।

ओह ! आज लामो लेखें – तर मलाई हर्ष लागेको छ कि म जीवनसँग माया गर्ने ठीक बाटो समात्न थालेको छु ।

तिम्रो – वाङदी ❑

# क. मोहनविक्रमको विवाह भयो !

गत वैशाखको अन्त्यमा ने.क.पा. (मसाल)का महामन्त्री ६५ वर्षीय क. मोहनविक्रम सिंह र सोही पार्टी नजिकको महिला संगठनकी अध्यक्ष तथा गत आम चुनावमा कपिलवस्तु क्षेत्र नं. २ की सांसद उमेदवार २९ वर्षीया दुर्गादेवी पौडेलका बीच काठमाण्डौमा संक्षिप्त समारोहका बीच विवाह संपन्न भएको छ ।

यो विवाहले नेपाली वाम तथा बौद्धिक क्षेत्रमा अहिले ठूलै चर्चा पाइरहेको देखिन्छ ।

क. मोहनविक्रम सिंहकी पूर्व पत्नी शान्ता के.सी.सँग करोब बीस वर्ष अघिदेखि नै उहाँको दाम्पत्य संबन्ध नरहेको र २०३९/४० तिर उहाँले श्रीमती सँगसँगै रहन नसक्ने र अलग रहने चिठी पत्रपत्रिकामार्फत् सार्वजनिक गर्नुभएको थियो । यसबीच त्यतिखेर भारतमा क. जलजलासँगको उहाँको विवादास्पद संबन्ध कायम भयो । यसलाई उहाँले 'प्रेम'को रूपमा दावी गर्नुभयो । क. जलजला दुर्घटनामा परी बित्नुभएको डेढ दशकपछि मोहनविक्रम सिंहले उपयुक्त व्यक्ति पाएमा आफूले विवाह गर्ने ईच्छा गरेको कुरा सार्वजनिक गर्नुभएको थियो । यसको केही सामयपछि नै उहाँ र क. दुर्गा पौडेलले पार्टीको स्वीकृति लिएर त्यो विवाह गर्नुभएको थियो ।

यो विवाहका बारेमा उठेका विवादहरूमा बुढेसकालमा आएर विवाह गरिएकी पूर्व श्रीमतीसँग छोडपत्र भैनसकेको र क. मोहनविक्रम एवं दुर्गा पौडेलबीच उमेर अन्तर ज्यादा भएको भन्ने कुरा मुख्य रहेका छन् ।

हामीलाई लाग्छ, विवाह कुन उमेरमा गर्ने वा नगर्ने भन्ने कुरा व्यक्तिको निजी इच्छाको कुरा हो ।

क. मोहनविक्रमकी पूर्व श्रीमतीले बीसौंवर्षसम्म उहाँ सँगसँगै रहने माग नगर्नुभएकाले उहाँको पनि अलग्गिने मानसिकता नै हुनुपर्छ भन्ने देखिन्छ । हो, हैन – यसबारे तथ्य कुरा बाहिर ल्याउनु जरूरी छ । जहाँसम्म क. मोहनविक्रम र क. दुर्गाका बीच उमेरको अन्तरको प्रश्न छ, त्यसलाई पनि कसरी लिइएको हो भन्नेबारे पनि उहाँहरूले जनमानसलाई स्पष्ट पार्नु जरूरी छ भन्ने हामीलाई लाग्छ ।

विवाह र यौनजस्ता विषयमा हाम्रो आन्दोलनमा सबै पक्षबीच मतैक्यता र स्पष्टता रहेको देखिन्न । यस्तो स्थितिमा क. मोहनविक्रम र क. दुर्गाले आफ्नो संबन्धलाई पार्टीमा प्रस्तावसमेत गरी सार्वजनिक गर्नुभएको पक्षचाहिं यस्ता संबन्धहरूलाई गुपचुप राखिनुको तुलनामा राम्रो हो भन्ने हामीलाई लाग्छ । ❑


भारतको प्रसिद्ध
प्रगतिशील कला समूह
निशान्त नाट्य मंचको
प्रकाशन
हिन्दी, उर्दू, भोजपुरी
हरियाणवी, नेपाली र पंजाबी
भाषाका ७७ वटा प्रगतिशील
गीतहरूको संगालो




**आजादी के तराने**

**प्रकाशित भयो ।**

सम्पर्क : अन्तक्रिया प्रकाशन प्रा. लि.




विश्व व्यापार संगठनको विरोधमा थाइल्याण्डमा भएको भडपको एक दृश्य

# भू-मण्डलीकरणको अर्को पाटो

◆ हरि रोका ◆

थाइलैण्डको च्याङमाइमा सम्पन्न भएको एशियाली विकास बैंकको वार्षिक बैठक, अन्तराष्ट्रिय मुद्राकोष र विश्व बैंकको वार्षिक बसन्त बैठक, विश्व व्यापार संगठनको सियाटल बैठक, स्विट्जरलैण्डको डाभोसमा सम्पन्न विश्व आर्थिक मञ्चको वार्षिक बैठक आदिविरूद्ध ठूलठूला जन-प्रदर्शनहरू सम्पन्न भए । विश्व व्यापार संगठनको सियाटल बैठक विरोध-प्रदर्शनकै कारण असफल भयो । बसन्त बैठकलाई सम्पन्न गर्न वासिङ्गटनमा ठूलो धनराशि खर्च गरेर थप प्रहरी बल खडा गर्नुपर्‍यो । रातारात सम्मेलन स्थलमा प्रतिनिधिहरूलाई पुर्‍याउनुपर्‍यो । च्याङमाइमा प्रदर्शनकारीहरूसँग छलफल गरी गरीबी निवारणको एजेण्डा नै मूल एजेण्डा रहेको बताइयो । थाइलैण्डको इतिहासमा यो लगभग तीन दशक अघिको विद्यार्थी आन्दोलन पछिको पहिलो ठूलो विरोधप्रदर्शनी थियो भनेर [illegible] सञ्चार-माध्यमले भन्नुपर्‍यो ।

ती संस्थाहरूले खुला बजार अर्थतन्त्र मार्फत् राष्ट्र राज्यका बलिया किल्लाहरू ध्वस्त पार्ने कार्य गरेका छन् । राष्ट्रिय पूँजीपतिको चरित्रलाई बदली दलाल नोकरशाही पूँजीवादी वर्गमा रूपान्तरण गर्न सहयोग पुर्‍याउने काम गरेका छन् । गरीबको पक्षमा राष्ट्रले खेल्नुपर्ने वा लिनुपर्ने जिम्मेवारी कटौती गर्ने खालको नीति लागू गर्न सरकारलाई दवाव दिने काम यिनले गरेका छन् । निजीकरण, उदारीकरण, वैदेशिक प्रत्यक्ष लगानी, आदिका नाममा देशको अर्थतन्त्रलाई नाकाम बनाईदिने, विकासका नाममा वातावरण नष्ट पार्ने, योजनाका नाममा आदिवासी जनजातिहरूलाई आफ्नो क्षेत्रबाट बेदखल गराउने, राष्ट्रलाई ऋणभार बोकाएर स्रोत र साधनहरूमाथि आधिपत्य जमाउने जस्ता जघन्य कामहरू यीमाथि भनिएका संस्थाहरूबाट हुनेगरेका छन् । त्यसैले तिनका विरूद्ध वितेको वर्षदेखि ठूलठूला जन-प्रदर्शनहरू हुनथालेका छन् ।

विद्यार्थीहरू, युवाहरू, मजदूरहरू, वातावरणवादीहरू, गैर-सरकारी संस्थाहरूमा कार्यरत व्यक्तिहरू ती विरोध प्रदर्शनका वाहकहरू थिए । केही वर्षअघि फ्रान्सेली कृषकहरूले गरेको अमेरिकी खाद्यान्न आयातका विरूद्धको संघर्ष, बेरोजगारीविरूद्ध जर्मनीका मजदूरहरूको ठूलो हड्तालपछि दक्षिण अफ्रिकामा हालै सम्पन्न भएको मजदूर संगठनको ठूलो विरोध-प्रदर्शन, मे महिनाको दोस्रो हप्ताको शुरूमा भारतीय मजदूरहरूद्वारा गरिएको ६ वटा राज्य बन्दको हड्ताल उदारीकरण खुलाबजार अर्थनीतिका विरूद्ध भएका प्रमुख संघर्ष हुन् । प्रजातान्त्रिक उदारवादका नाममा सत्तामा हैकम जमाएका इण्डोनेशीयाली तानाशाह जनरल सुहार्तोको तख्तापलटलाई पनि यस खालको संघर्षसँग जोडेर हेर्न मिल्छ ।

विश्व बैंकको बसन्त बैठकको पूर्वसंध्या पारेर जी ७ का दक्षिणी राष्ट्रहरूले एउटा शिखर सम्मेलन सम्पन्न गरेका छन् । त्यस सम्मेलनबाट पारित १४ पृष्ठ लामो आफ्नो निर्ष्कर्ष-पत्र (Decleration Paper) मा - "धनी र गरीब राष्ट्रहरूबीच ठूलो खाडल देखापरेको छ । दरिद्रता शब्दले आर्जेको यो विशाल खाडलमा 'नव-नस्लवाद' को जन्म भएको छ । चार अर्ब जनता दरिद्रतामा बाँच्न बाध्य भएका छन् । यो शिखर बैठकको मतलव - हाम्रो इज्जत, प्रतिष्ठा, हाम्रो संस्कार र संस्कृति तथा हाम्रो अधिकार- सबै मानवजातिको लागि हुनपर्छ । यो प्राप्तिका संघर्षमा हामीबाट उत्तरदायी भूमिका निर्वाह हुनपर्छ भनी हामी ठान्दछौं ।" भनी उल्लेख गरिएको छ । विकसित पूँजीवादी जी-७ राष्ट्रका आर्थिक प्रतिनिधिहरू र ब्रिटन उड्सको बैठकलाई इङ्गित गर्दै त्यहाँ उपस्थित राष्ट्राध्यक्षहरू र राष्ट्र राष्ट्रका प्रतिनिधिहरूले भनेका थिए - "विदेशी ऋण मिनाह गर ! विदेशी सहयोगमा वृद्धि गर ।" केही गरीब राष्ट्रहरूको गुनासो थियो, ब्रिटन उड्सका संस्थाहरूबाट हुने ऋण सहयोगको बदलामा, बहुसंख्यक जनताको हितविरूद्ध नीति निर्माण गर्न "उनीहरूको" अत्यधिक दवाव सहनुपर्दछ ।

## सिद्धान्त र असफलता

नव-शास्त्रीय अर्थशास्त्रीहरूले निम्न सिद्धान्त सूत्रवद्ध गरेका थिए : (क) आर्थिक कारोवार वा व्यवहार, एउटा आर्थिक एजेण्ट (Economic Agent)को कार्यमा भर पर्छ, जसले स्वाधीनतापूर्वक निर्णय लिन्छ । (ख) व्यक्ति एजेण्ट, जो विवेकवान हुन्छ र सचेत पनि छ, उसले सबै निर्णय लिंदा होशियारी अपनाउँछ र आफ्नो स्वार्थलाई दिमागमा राख्छ । र, (ग) यो एजेण्टको क्रिया र प्रतिक्रिया संतुलन (Equilibrium)तर्फ भुकेको हुन्छ, जसले गर्दा अरू सबैलाई फाइदा पुर्‍याइरहेको हुन्छ ।

यही सिद्धान्तका आधारमा विश्व अर्थतन्त्रलाई बितेका दश बर्षभित्र व्यापक रूपमा भू-मण्डलीकरण अर्थात् विश्वव्यापी बनाइयो । राष्ट्र-राज्यका अग्ला पर्खालहरू भत्काइए । जताततै अन्तराष्ट्रिय पूँजी, बहुराष्ट्रिय कंपनीहरूको बेरोकटोक आवागमन र अन्तराष्ट्रिय स्तरमा वित्तीय संस्थाहरूको विजयको दुन्दुभि बज्यो । प्रत्यक्ष विदेशी लगानी, आयात व्यापारमा भन्सार महशूलको कटौती, सरकारी स्वामित्वको अन्त्य, निजीकरण, खुला-उदारबजारजस्ता शब्दहरूलाई व्यवहारमा उतार्न

अर्थशास्त्रीहरू, राजनीतिज्ञहरूबाट अथक प्रयत्नहरू भए । प्रजातन्त्रलाई पनि तिनै शब्दहरूमा अर्थ्याइयो ।

माथि उल्लिखित सिद्धान्तका वाहकहरू ठूला औद्योगिक राष्ट्रहरूका थिए । तिनका औजारका रूपमा विश्व बैंक-मुद्राकोष लगायतका वित्तीय संस्थाहरू र बहुराष्ट्रिय कम्पनीहरू छन् । माथिका सिद्धान्तलाई व्यवहारमा उतार्न तिनले ठूलो जोड बल गरेका छन् । सत्तालिप्सा भएका, गरीबीले ग्रस्त र सैद्धान्तिक सुझबुझको अभाव रहेका अति अविकसित राष्ट्रका शासकहरूले तिनले जे लाए, अह्राए त्यसैअनुसार गरे । तिनका अनुसार राज्यले व्यापार गर्नुहुन्न, उद्योग खोल्नुहुन्न, यो काम उद्योगपति, व्यापारीहरूको र व्यक्तिहरूको हो भन्ने निष्कर्षमा पुगे । त्यहीअनुरूप चालु खाता घाटा पूर्ति गर्ने नाममा र विदेशी ऋणको व्याज र किस्ताबन्दी साँवा रकम बुझाउन राज्य नियन्त्रित संघ संस्थाहरू र उद्योग धन्दाहरूलाई कौडीको मूल्यमा निजीकरणतर्फ धकेलियो । शिक्षा, स्वास्थ्य, सिंचाइ खानेपानी, सडक, संचार क्षेत्रहरूलाई खुला एवं प्रतिस्पर्धात्मक बजारको अधीनस्थ गरियो । नयाँ प्रविधियुक्त शिक्षा र शीपबाट बंचित तेश्रो विश्वका मानिसहरूलाई बलजफ्ती शक्तिशालीहरूसँग प्रतिस्पर्धा गर्ने मैदानमा लगियो, जो उनीहरूको सामर्थ्यभन्दा बाहिरको कुरो थियो ।

पूँजी र प्रविधिको विश्व व्यापीकरणको वर्तमान प्रकृयाले अरबौं मानिसलाई आर्थिक-सामाजिक विकासको मूल प्रवृत्तिबाट बाहिर पारिदियो । लाखौंलाख मानिसहरू बेरोजगार भए । आर्थिक विपन्नताले समाजमा, राष्ट्रमा र अन्तराष्ट्रिय स्तरमा कहिल्यै नपुरिने ठूलो खाडल निर्माण गर्‍यो । ९ अप्रिल २००० मा प्रकाशित विश्व बैंककै एक प्रतिवेदनमा जनाइएअनुसार सन् १९९८ मा १.२ अर्ब जनता प्रतिदिन एक अमेरिकी डलरभन्दा कम पारिश्रमिकमा बाँच्न बाध्य छन् । त्यही प्रतिवेदनअनुसार विश्वको कूल जनसंख्याको ७५ प्रतिशत मानिसहरू संसारको कूल आम्दानीको ६ प्रतिशतमात्र उपभोग गर्न पाउने स्थितिमा छन् । तर जी-७७ को घोषणा-पत्र अनुसार विश्वका ४ अर्ब जनता दरिद्रतामा बाँचिरहेको जनाइएको छ । यस हिसाबले माथि उल्लिखित सिद्धान्त र व्यवहार दुवै असफल भैसकेको पुष्टि भएको छ ।

### बरालिएको संघर्ष

बितेको एक दशकमा संसारका निर्णायक लडाइँहरूलाई मूल्यांकन गर्दा एकाध लडाइँबाहेक नीति-सिद्धान्तमा आधारित भएर वर्गीय लडाइँ लडिएन । न सामन्तवादविरूद्ध पूँजीवाद लड्यो, न पूँजीवादी साम्राज्यवादविरूद्ध श्रमजीवी सर्वहारा वर्गको लडाइँ नै निर्णायक विन्दुमा पुग्यो । त्यो दशकको सही मूल्यांकन गर्ने हो भने नव-उदारवादी अर्थ राजनीतिले त्यतिविघ्न लड्दै नलडीकन नै लडाइँ जित्यो । त्यसैले यो बीचमा भएका लडाइँहरू सिद्धान्त, नीतिमा आधारित वर्गीय लडाइँ नभएर क्षेत्रीय, जातीय, नस्ल, र धर्मका आधारमा सम्पन्न भए, र भैरहेका छन् । भोक, रोग, अशिक्षा, बेरोजगारी, दरिद्रताजस्ता जटिल विषयहरूलाई जातीय-क्षेत्रीय र वर्गीय चरित्रमा आएको फेरबदललाई चिन्न नसक्दा कस्काविरूद्ध कसले, कसरी संघर्ष गर्ने ? भन्ने विषय नै बरालिएको छ र संघर्षको निशाना ठीक ठाउँमा लाग्न सकिरहेको छैन ।

संसारका थुप्रै मुलुकहरूमा युद्ध चलिरहेको छ । कहीं जनयुद्धका नाममा, कहीं अलगाववादी युद्ध (छुट्टै राज्यको माग राखेर) र कहीं धार्मिक र जातीय अस्तित्वका नाममा युद्ध चलिरहेको छ । तर तिनलाई उक्साउने र समाप्त पार्ने दुवै खालको भूमिकाको निर्वाह पनि एउटै शक्तिले कतिपय ठाउँमा निभाइरहेको पाइएको छ । ती शक्तिको ध्येय व्यापार गर्नु हो, तिनको एकमात्र उद्देश्य पूँजीलाई

> **त्यो दशकको सही मूल्यांकन गर्ने हो भने नव- उदारवादी अर्थ राजनीतिले त्यतिविघ्न लड्दै नलडीकन नै लडाइँ जित्यो**

धार्मिक शोषणका रूपमा चित्रण गरियो ।

राष्ट्र-राज्यका पर्खाल भत्किएपछि निर्वाध रूपमा प्रवेश पाएका बहुराष्ट्रिय निगमहरू, अन्तराष्ट्रिय वित्तीय संस्थाहरू, अर्थराजनीतिक एजेण्टहरूले राज्यको उपरी तहमा ठूलो परिवर्तन ल्याइदिए । तिनका चरित्र, सिद्धान्त, व्यवहार र राज्य संयन्त्रको जनताप्रतिको प्रतिवद्धतामा, यो एक दशकभित्रै भिन्नता ल्याइदिए । शासकहरू, प्रमुख प्रतिपक्षहरू वा सामान्य प्रतिपक्षहरू तिनका एजेण्टका रूपमा रूपान्तरित भए । जो यी घटनालाई गंभीरतापूर्वक नियाली रहेका थिए र विद्रोहका लागि शक्ति आर्जन गर्ने क्रममा थिए, ती या त निर्ममतापूर्वक दवाइए वा यस्तो वातावरण तयार गरियो, ती सम्पूर्ण राजनीतिक संघर्षको दृश्यबाटै बाहिरिए ।

अहिले तेस्रो विश्व यही बरालिएको संघर्षबाट पिडित छ । शास्त्रीय मार्क्सवादीहरूले सोचेभैं राष्ट्रिय पूँजीपतिवर्ग अहिले राष्ट्रिय पूँजीपतिवर्ग नरहेर दलाल नोकरशाही पूँजीपतिवर्गमा परिणत भैसकेको छ । सामन्तवर्ग दलाल नोकरशाही पूँजीपति वर्गको पृष्ठ भागको रक्षार्थ खडा भएको छ । निम्न पूँजीपतिवर्ग यी दुवैबाट फाइदा लुट्ने वर्गमा कहिले यता कहिले उता खडा हुनखोज्छ, तर उछिट्टिएर लम्पट सर्वहारा बन्न बाध्य हुँदैछ । यसरी राष्ट्रिय रूपमा आफ्नो हातमा केन्द्रीकृत गर्नु हो । स्रोत र साधनहरूको निर्वाध उपभोग गर्ने उपाय खोज्नु हो । यो उद्देश्य पूरा गर्न हिजो तिनले फौजको प्रयोग गर्थे । राष्ट्रहरूलाई उपनिवेश बनाउँथे । आज रूप फेरिएको छ । उनीहरू आज एजेण्टहरूमार्फत् सत्ता संचालन गरिरहेका छन् । प्रविधि र पूँजी हस्तान्तरण गर्ने नाममा वित्तीय संस्थाहरूमार्फत् नीति निमार्णमा हस्तक्षेप गरिरहेका छन् । विना युद्ध, विना बल प्रयोग तिनले पछौटे राष्ट्रका स्रोत साधनहरूको निर्वाध शोषण गरिरहेका छन् । त्यसका निमित्त उनीहरूले राम्रो संयन्त्र निर्माण गरेका छन् । यसको वर्णन माथि गरिसकिएको छ । एउटा स्थानीय एजेण्टलाई निशाना बनाएर युद्ध फत्ते गर्छु भन्नेहरूले मूल कारकतत्वलाई भूलिरहेका छन् ।

### संघर्षको स्वरूप निर्धारण

सशक्त 'पूँजीवादी अर्थतन्त्र' हुन एउटा आर्थिक एजेण्टसँग आफूसँग भएको बचत वा उत्पादनलाई अर्को विशेष वस्तु उत्पादकको उत्पादनसँग अर्थात् सम्पत्ति वा सेवासँग विनिमय गर्ने पर्दछ । सम्बन्धित सामग्रीहरूको विनिमय मूल्य नाप्नका लागि मूल्य संयन्त्र आवश्यक हुन्छ । एउटा सशक्त वित्तीय प्रणाली नै त्यो अदृष्य संयन्त्र बन्नसक्छ । अर्थशास्त्रका पिता मानिनुहुने आदम स्मिथले आफ्नो आदर्शवादी सोचका आधारमा सैद्धान्तिकीकरण गर्दै के निर्देश गर्नुभयो भने, पूँजीवादी व्यवस्था दुवै हिसावले स्वनियमित (Selfregulating) र वास्तविक रूपमा अन्तर्राष्ट्रियकृत हुन्छ । तर पूँजीवादको इतिहासको वास्तविकता हेर्ने हो भने यो कहिले पनि सही रूपमा इमान्दारिपूर्वक आफै नियमित भएको देखिन्न । विश्व पूँजीवादी व्यवस्था भिन्न भिन्न चरित्र रहेको पूँजीवादी संरचनाको राष्ट्रका रूपमा विकसित हुनपुगेको पाइन्छ । लेनिनका अनुसार १९ सौं शताब्दीको पूँजीवादको भूमण्डलीकरणको आफैं नियमित हुने प्रयत्न बजारको सामाजिक अनुहारका कारण सफल हुन सकेन । आर्थिक र राजनीतिक अस्थिरता र ठूला आन्दोलनहरूका कारण पूँजीवादी राज्यहरूले अन्यत्रको पूँजी बजारको नियमितता र स्थिरतालाई तोड्न सकेनन् । अहिले एक्काइसौं शताब्दीको मूल प्रवृत्ति भने विगतको भन्दा ठीक उल्टो छ । यसलाई वित्तीय व्यवस्थाले नियन्त्रण र नेतृत्व गरेको छ । अतः अनियन्त्रित वस्तु-बजारको विश्व अर्थतन्त्रमा बाढी नै आएको छ । त्यसैले पहिलेको राष्ट्रिय अर्थतन्त्रको र राष्ट्रिय पूँजीवादी विभिन्नताको प्रभावकारितामाथि नै अहिले प्रश्नचिन्ह लागेको छ । आर्थिक विनियमको शुद्धता अहिले सिद्धान्तमा मात्र थन्किएको छ । देशभित्रको आन्तरिक बजार-संयन्त्र बाहिरिया प्रभावका कारण भत्किँदो छ । त्यसले हाम्राजस्ता मुलुकहरूको आर्थिक, राजनैतिक र सामाजिक व्यवस्था बीचका अन्योन्याश्रित सम्बन्धहरूलाई प्रभावभित्र पार्ने काम मात्र होइन, विश्व-बजारभित्रको बस्तु-बजारको प्रकृयाभित्र ठेलीदिएको छ । पहिलो वित्तीय क्रान्ति (अठारौं शताब्दीको अन्तिम र १९ सौं शताब्दीको शुरूकाल) सरकारी नियन्त्रणभित्र राष्ट्र राज्यको हित एवं राज्यमा आधारित अन्तर्राष्ट्रिय व्यवस्थासँग अर्थतन्त्र मौलाएको थियो तर दोस्रो वित्तीय क्रान्ति (१९८० देखि २०००) कालमा राज्य र वित्तीय व्यवस्था बीचको सम्बन्ध यसको उत्थानमै राष्ट्रिय राज्यका विरूद्ध चुनौतीको रूपमा खडा भएको छ । संरचनात्मक रूपमै गहिरो अन्तरद्वन्दको विकासले अन्ततोगत्वा वित्तीय अनियमिततालाई प्रश्रय दिएको छ ।

बितेको शताब्दीमा पूँजीवादका दुई मोडलहरूको विकास भयो । एउटा खुला - जहाँ वित्तीय प्रणालीको हात मजबूत रहन्छ, जसको वित्तीय बजार सकृय रहन्छ, बैंकिङ्ग प्रणाली विकेन्द्रीत रूपमा रहन्छ र छोटो आवधिक ऋण उपलब्ध गराईरहन्छ । दोस्रो बन्द -

जहाँ औद्योगिक र वित्तीय प्रणालीलाई आवद्ध गरी वित्तीय पूँजी (जसलाई लेनिनले नामाकरण गरेका थिए) निर्माण गरिन्छ, जसलाई ठूलो औद्योगिकीकरण, बैंक र बित्तलाई राज्यको निगरानीभित्र राखेर संचालन गरिन्छ ।

अहिले दोश्रो प्रणाली लगभग असफल अवस्थामा पुगेको छ । सत्ता र सत्ता प्राप्तिको लडाईँमा सीमित रहेका शक्ति र व्यक्तिहरूको ध्यान राष्ट्रिय राज्य भत्किएर सीमान्त नागरिकतिर न त केन्द्रित हुनपुगेको छ न त राष्ट्रिय राज्य भत्काउने शक्ति र तिनका संयन्त्रविरूद्ध नै । यस्तो बेला, सामाजिक संघ संस्थाहरू, ट्रेड यूनियनहरू, विद्यार्थी संगठनहरूले अन्तर्राष्ट्रिय स्तरमै खुकुलो संयन्त्र तयार गरी संघर्षको थालनी गरेका छन् । यो लडाइँ यस कारण पनि सफलतातर्फ डोरिएको छ । किनभने, राष्ट्रिय राज्यका पक्षमा भएका कतिपय आन्तरिक र वाह्य हतियारबन्द लडाँइलाई साम्राज्यावादी-हरूले आफैं वा आफ्ना क्षेत्रीय वा राज्य स्तरका एजेण्टहरूद्वारा जितीरहेका थिए । तर यो लडाइँ आवाजको लडाँइ हो - वहुसंख्यक आवाज र चेतनाको लडाँइ हो । त्यसलाई दवाउन बम-बारूद र बन्दूकको ताकत समर्थवान देखिएको छैन । यसको अर्को पक्ष शक्ति राष्ट्रहरूले एजेण्टहरू (आइ.एम.एफ., विश्वबैंक, अन्य राष्ट्रिय वा क्षेत्रीय स्तरका वित्तीय संस्थाहरू र वहुराष्ट्रिय निगमहरू)मार्फत् सृजना गरिएको माथिल्लो तहको भू-मण्डलीकरणका विरूद्ध तल्लो तहबाट सामाजिक संघ संगठनहरू, विद्यार्थी, किसान तथा मजदूर संगठनहरूको अन्तर्राष्ट्रिय स्तरको खुकुलो संयत्र तयार गरी तल्लो तहको भू-मण्डलीकरणका लागि संरचना तयार गरिनुलाई पनि अर्थपूर्ण ढंगले हेरिनुपर्छ । त्यसपछि उत्तरको भयानक शोषणका विरूद्ध दक्षिणका राष्ट्रहरू (जी-७७)ले संगठित रूपमा न्यायपूर्ण संघर्षका प्रति प्रतिवद्धता जाहेर गर्नु नयाँ आन्दोलनतर्फको गहकिलो पाइलो हो । हामीले हाम्रो संघर्षलाई यी नै वर्तमान विश्व संघर्षको नयाँ रूपसँग जोड्नु पर्ने हुनआउँछ । नयाँ जन-आन्दोलनको खोजी गर्दा - जन-चेतना, जन-जागृति र जनताको आफ्नै पहल र सहभागितालाई निरूपण गर्न सकिएन भने संघर्ष फितलो, गन्तव्यहीन र असफलतामा वा सम्झौतामा टुङ्गिन्छ । वर्तमान सन्दर्भमा बन्दूकको भाषाभन्दा संगठित जनबोलीद्वारा सृजित जनविद्रोह आगामी परिवर्तनको वाहक हुनेछ, गन्तव्यमा पुर्‍याउने सशक्त हतियार हुनेछ । ❑

# मसाल र एकताकेन्द्रले एकताका निम्ति तलसम्म छलफल चलाउन थाले

क. मोहनविक्रम सिंहले क. निर्मल लामाको जीवनको अन्त्यतिर आएर आफ्नो पार्टी ने.क.पा. मसाल र क. लामाको पार्टी ने.क.पा. एकताकेन्द्रबीच पार्टी एकताको पक्षमा उल्लेखनीय प्रगति भएको तर त्यो कुरा क. लामालाई आफूले सुनाउन नपाएको कुरा व्यक्त गर्नुभयो । उहाँको यो भनाइ सार्वजनिक भएपछि क. मोहनविक्रमले २०३९ सालमा उहाँहरू र क. लामाहरूका बीचमा भएको फूट टार्न सकिने खालको थियो कि भन्ने आशयसहित उक्त फूटप्रति आत्मालोचक अभिव्यक्तिहरू दिनुभएको छ ।

उहाँका यी अभिव्यक्तिहरूलाई नेपाली वाम आन्दोलनका एकताप्रेमी व्यक्तिहरूले सकारात्मक रूपमा लिएको पाइएको छ ।

यसरी ढीलै भएपनि जिम्मेवार नेताहरूको व्यवहारिक लचकमा अभिवृद्धि हुनुले आन्दोलनका अरू पक्षहरूमा पनि राम्रो नतीजा दिनसक्ने संभावना रहन्छ ।

आधारभूत विचार विचलनका विरूद्ध हुने फूट र तत्काले व्यवहारमा जाँदा हुने ठूलो अन्तरका कारण हुने फूटबाहेक विचार भिन्नताका कारण हुने फूटहरू निश्चय नै टार्न सकिने खालका फूटहरू हुन् । यसको निम्ति पार्टीमा विचार स्वतन्त्रता वा जनवादको ग्यारेण्टी हुनु जरूरी हुन्छ । यसो भएमा गुटबन्दी पनि स्वतः घट्ने र भिन्न मत बोक्नेहरू पनि बहुमत- वालाहरूसँगसँगै बसी चल-खेल गर्न पाउने परिस्थिति खडा हुन्छ ।

क. मोहनविक्रम सिंहले क. लामालाई सुनाउन नपाउनु भएको भनिएको पार्टी एकता प्रक्रियाको त्यो कुन स्तर हो भन्ने कुरा दुवै पार्टीले बाहिर नल्याएपनि केही समयअघि यी दुवै पार्टीले आफ्ना मतभेदसम्बन्धी संयुक्त दस्तावेज प्रकाशित गरी कार्यकर्ताहरूमा छलफलको लागि पठाएको बुझिएको छ । "हामीले पार्टी एकताका लागि प्रयत्न गर्दैछौं । तर यसबारेमा निर्णय लिने जिम्मेवारी केन्द्रीय नेतृत्वको मात्र नभएर सिंगो पार्टीको हुनुपर्छ भन्ने हामी ठान्छौं ।" भन्दै सो दस्तावेजमा दुवै पार्टीले आफ्ना सहमति र असहमतिका बुँदाहरू प्रस्तुत गरेका छन् ।

दुवै पार्टीबीच समानताका बुँदाहरूको रूपमा पथप्रदर्शक सिद्धान्त, नेपाली समाजको चरित्र र आधारभूत अन्तरविरोध, नेपाली क्रान्तिको चरित्र, रणनीति र सामन्य राजनैतिक कार्यदिशा, क्रान्तिको बाटो, सशस्त्र संघर्षको स्वरूप वा सैनिक कार्यादिशा, नेपाली समाजका विशिष्टताहरू, पार्टीका कार्यनीतिहरू र अन्तर्राष्ट्रिय स्थितिसंबन्धी समझदारीलाई लिइएको छ । यसैगरी मतभेदका बुँदाहरूको रूपमा प्रधान अन्तरविरोध र आधारभूत अन्तरविरोध, पुष्पलालको मूल्यांकन, पार्टी इतिहासको मूल्यांकन, २००७ सालको मूल्यांकन, २०४६ सालको जनआन्दोलनको मूल्यांकन, माओवादी जनयुद्ध र एमालेबारेको विश्लेषण, पार्टी, बैधानिक मोर्चा र जनवर्गीय संगठनको कार्यशैली एवं पार्टी संगठनात्मक पद्धतिका बारे अलग अलग मतहरूलाई लिइएको छ ।



**ठूलो पार्टी बनाउने कि आधारभूत समस्या हल गर्ने ?**

ने.क.पा. एकताकेन्द्रले "आधारभूत सैद्धान्तिक राजनैतिक लाइनमा भएको एकता नै हाम्रो संबन्धको मुख्य आधार हो ।" भन्दै यो आधारले पार्टी एकता प्रक्रियामा अभिमुख हुन निर्देश गरेको कुरा स्वीकारेको छ भने ने.क.पा. मसालले भने मुख्य अन्तरविरोध संबन्धी मतभेदलाई प्रमुख मतभेद मानेको छ र मतभेदहरूमध्ये कुन आधारभूत हो र कुन सामान्य भन्नेबारे आपसी समझदारी नभएको ठहर गरेको छ ।

दस्तावेजबाट ने.क.पा. एकताकेन्द्रले आफूले पछिल्लो चरणमा पार्टीमा औपचारिक रूपमा सहमति कायम गरेको विचारधारात्मक-सांस्कृतिक कामलाई प्राथमिक महत्व दिने भन्ने कुरालाई ने.क.पा. मसालसँगको एकताको निम्ति महत्वपूर्ण आधारको रूपमा उल्लेख गर्ने काम भने गरेको देखिन्न । र, पनि ने.क.पा. मसाल र ने.क.पा. एकताकेन्द्रले एकता प्रक्रियालाई वैचारिक अन्तर्क्रियामा लैजान गरेको यो प्रयत्न जनवादी र सकारात्मक देखिन्छ । यी दुई पार्टीहरूबीच सँगै बसेर हल गर्न नसकिने भन्ने खालको आधारभूत मतभेद रहेको देखिन्न । यस स्थितिमा यो एकता प्रक्रियालाई अरू तीव्र पार्नु जरूरी छ भन्ने हामीलाई लाग्छ ।

नेपाली कम्युनिष्ट आन्दोलनको अहिलेको आधारभूत समस्या भनेको वैचारिक-सांस्कृतिक कामले प्राथमिकता पाउने गरी आन्दोलनलाई केही अंशमा मात्र हैन, समग्रमा बुझेर, लिएर कसरी अघि बढ्ने भन्ने सवाल नै हो । लाखौं कार्यकर्ता पाएर पनि गुणस्तरयुक्त नेतृत्व नपाएर यो आन्दोलनले धक्का खाएको राष्ट्रिय र अन्तर्राष्ट्रिय पाठलाई आत्मसात गरी यसले भिन्न मतलाई पार्टी भित्र-बाहिर दुवैतिर अभिव्यक्त हुन दिने क. लेनिनको जनवादी शैलीलाई आत्मसात नगर्ने हो भने चाहिं यो आधारभूत समस्या हल हुन्न ।

ने.क.पा. एकताकेन्द्र र मसालले फगत "ठूलो पार्टी" खोजेका मात्र हैनन्, आधारभूत समस्या नै हल गर्न खोजेका हुन् भने उनीहरूले यस दिशामा काम थाल्नु जरूरी छ । यद्यपि यो दिशामा अभिमुख नभइकन नै पनि दुई पार्टीबीच हालको स्थितिमा मात्रै एकता हुन्छ भने पनि यो एकताले नेपाली वाम तथा जनवादी आन्दोलनमा भने थप बल नै प्रदान गर्नेछ भन्ने हामीलाई लाग्छ । ❑

# ◀ पाठकको कुरो

## महिलासम्बन्धी सामाग्रीमा कमी

मूल्यांकनको ७६ अंक हात पऱ्यो पाठक प्रतिक्रियाको अन्तिममा निर्मल लामाको जीवनगाथा श्रृंखलाबद्ध रूपमा मूल्यांकनमा छापिने छ भन्ने सूचनाले खुशी पाऱ्यो । उहाँबाट हामी नयाँ पुस्ताका मानिसले निरन्तर सिकिरहन सकौं । उहाँप्रति श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु ।

राष्ट्रको प्रमुख महिला भएको मुलुकमा जहाँ प्रजातन्त्रको पाँचसय वर्षको इतिहास छ, त्यहाँ पनि महिलाहरू सामाजिक, आर्थिक, राजनैतिक र बौद्धिक क्षेत्रमा उपेक्षित र उत्पीडित छन् भन्ने कुरा पढ्न पाउँदा दुःख लाग्यो । अमेरिकाको राष्ट्रपति चुनावमा गोरा र काला महिलाले उमेदवारी दिने आँट गर्नु सह्राहनीय काम भयो । ती साहसी महिलालाई धन्यवाद दिन चाहन्छु । उनीहरूको आँट र साहसबाट आफू उत्साही भएकी छु ।

एक्काइसौं शताब्दीको प्रारम्भिक चरणमा अन्तर्राष्ट्रिय गीत गाएर मार्क्सवादबारे सम्मेलन गर्ने अमेरिकाको कम्युनिष्ट पार्टी 'वकर्स वर्ल्ड पार्टी'लाई धन्यवाद टक्र्याउँछु । सम्पूर्ण शोषित पीडित अमेरिकीहरू मार्क्सवादको भण्डामुनि एक होउन् र कोलम्बियालगायत अन्य मुलुकमा हत्या, दमन नगर्न अमेरिकी सरकारलाई दवाव दिन सकून् ।

- सुश्री विमला दुङगाना
*रीस्कुं- ७, गाल्टार, उदयपुर*

## प्रतिक्रान्तिबाट सिक्नुपर्ने लेख चाहियो

सोभियत संघ र चीनलगायतका देशहरूमा प्रतिक्रान्ति भई समाजवादी सत्ताको पतन भइसकेको छ । यसरी प्रतिक्रान्तिका नाइके खुश्चोव र देङ स्याओ पिङजस्ता पूँजीवादीहरू कम्युनिष्ट पार्टीमा कसरी छिरेर बस्न सफल भए ? त्यसबाट नेपालका क्रान्तिकारी कम्युनिष्टहरूले सिक्नुपर्ने पाठबारे मूल्यांकनले आम पाठक वर्गलाई सचेत पार्ने लेख प्रकाशित गरोस् ।

- लीलाप्रसाद पौडेल
*भिमस्थान-३, सिन्धुली*

## अमेरिकी हस्तक्षेप साम्राज्यवादको उत्कृष्ट नमूना

नेपाली वामपन्थी पत्रकारिताको जंगतमा एउटा बेग्लै पहिचान दिन सफल मूल्यांकन मासिकको पूर्णाङ्क ७६ समयमा नै पढ्ने अवसर पाइयो । यस अंकमा श्याम श्रेष्ठको 'माओवादीहरूले आफ्नो नीति र सोचमा यसरी परिवर्तन ल्याउँदैछन्' भन्ने लेख सत्यको नजिक छ । एउटा बालकमाथि अमेरिकी हस्तक्षेप साम्राज्यवादको उत्कृष्ट नमूना हो । आसाममा नेपालीहरूको हत्या, समाजवादी वैज्ञानिक अल्वर्ट आइन्स्टाइन, चेक, भारत, अमेरिकी कम्युनिष्ट आन्दोलन, कोलम्बिया, कोरिया युद्धमा एक लाख कम्युनिष्टहरूको हत्या, वरिष्ठ वाम नेता क. निर्मल लामा जन्मदेखि मृत्युसम्म र बहुचर्चित तेस्रो धारको बारेमा नयाँ स्तम्भ *संक्षेप* दिएकोमा निकै खुशी लाग्यो । अझै सबै वामपन्थी नेताहरूलाई विनापूर्वाग्रह बहस अन्तर्क्रिया गराएर कम्युनिष्ट आन्दोलनको सही बाटो तय गर्ने काममा मूल्यांकन मासिकले महत्वपूर्ण भूमिका खेलोस् भन्ने अपेक्षा लिएको छु ।

- दिपक योगी 'दोबाटो'
*वाखाक्वाडी- ६, मिलन चोक, प्यूठान*

## कार्ल मार्क्सबारे

अनेकौं आरोह-अवरोह पार गर्दै मूल्यांकन मासिक ७६ औं अंकको सम्मुख आइपुगेको छ । यस उपलक्ष्यमा मूल्यांकनको उत्तरोत्तर प्रगति र निरन्तरताको कामना गर्दछु ।

अत्यन्त महत्वका साथ बजारमा आउने मूल्यांकनले हिरक अंक अन्तर्गत गत शताब्दीका एवं सम्पूर्ण मानव इतिहासकै महान चिन्तक कार्ल मार्क्सको बारेमा विस्तृत जानकारी गराएकोमा मूल्यांकन परिवारप्रति आभार प्रकट गर्दछु ।

आगामी अंकमा पनि यस्तै वैचारिक खुराक पस्किने छ भन्ने अपेक्षा राखेको छु ।

- प्रकाश शाह 'अभागी'
धनगढी- २, कैलाली

## पेचिलो सुझावले शान बढाएको छ

मूल्यांकन मासिक पत्रिकाले नेपाली वामपन्थी विचार बोकेको एउटा राष्ट्रिय पत्रिकाको रूपमै आफूलाई चिनाइरहेको छ । प्रगतिशील पत्रिकाको अनिकाल परेको बेला यो पत्रिका कुनै बेला २/४ दिन ढिलो गर्दै भए पनि समग्रमा हेर्दा नियमित प्रकाशन भइनै रहेछ । म सुदूरपूर्व मेची अञ्चल, इलाम जिल्लाको यो दुर्गम गाउँमा पनि प्रत्येक मास समयमै पत्रिकासँग भेट हुन पाएकोमा खुशी छु र यो खुशी आगामी दिनसम्म रहन सकोस् भन्ने चाहन्छु ।

चैत्रको अंकमा भएको ब्लो अप फोटोले त झनै सुनमा सुगन्ध थपेको छ । नेपाली वामपन्थी राजनीतिभित्र देखिएको विचलन, अस्थिरता, नेतामुखी प्रवृत्तिजस्ता नराम्रा पक्षहरूलाई जरैदेखि उखेल्नु पर्ने पेचिलो सुझावले गर्दा यसले आफ्नो मान र शान बढाइरहेको छ । आगामी दिनमा पनि वामपन्थी राजनैतिक पार्टीभित्र आउने विचलनहरूलाई यसरी नै सर्वसाधारणसामु प्रष्ट पार्न पत्रिका पछि नपरोस् । पत्रिकाको नियमित लेखक श्याम श्रेष्ठज्यूका लेखहरूले झुप्रोदेखि महलसम्म सबैलाई प्रभाव पारेको छ । विश्व कम्युनिष्ट आन्दोलनको घटना-क्रमहरूले यसको लोकप्रियता झनै बढाएको छ ।

अन्त्यमा, प्रगतिशील तथा वामपन्थी सहित्यकाशमा आइसल्याण्ड-को सर्पजस्तो यो पत्रिकालाई हामी सबैले माया र ममता दिएका छौं । भविष्यमा यस्तै उन्नति र प्रगतिको नयाँ सन्देश बोकेर पूर्व मेचीदेखि महाकालीसम्म यो पत्रिका फैलिइरहोस् ।

- नरेन विप्लव,
समालुबुङ, नि.मा.वि., इलाम

मूल्यांकन अंक ७६ ढिलै भए पनि पढ्न पाउँदा खुशी लागेको छ । क. निर्मल लामाप्रति समर्पित लेख, अन्तर्वार्ता पढ्न पाउँदा झनै खुशी भएको छु । आपसी खिचातानीमा अभिनय गरिरहेका वर्तमान नेपाली कम्युनिष्ट नायकले उहाँबाट पाठ सिक्नसके केही राम्रो हुने थियो की ? मूल्यांकनका अन्य व्यन्जन पोशिलो नै पाएँ । विमल निभाको व्यंग्य लेख निकै रोचक, घोचक देखिन्छ । आउँदा अंकहरूमा पनि यस्तै व्यंग्य लेखको अपेक्षा गर्दै, मूल्यांकनको सफलताको कामना गर्दछु ।

- मञ्जुला मिलन श्रेष्ठ
ताहूँबजार, पाल्पा

## साना सुझावहरू

म २०५१ सालदेखि छिटफुट रूपमा मूल्यांकन मासिक पत्रिका पढ्थें । यही २०५६ साल असारदेखि आजसम्म यो पत्रिका नियमित पढिरहेकोछु । यो पत्रिका श्रमजीवी जनताले नपढी नहुने पत्रिका हो । यस पत्रिकालाई मेरा केही सुझाव पनि छन् ।

सर्वप्रथम त मूल्यांकनको आवरणमा मूल्यांकन भनेर लेखिएको राम्रो अक्षर पारियोस् । दोश्रो, भित्र विभिन्न स्तम्भहरूमा स्तम्भको शीर्षक राम्रो पारियोस् ।

विश्व कम्युनिष्ट आन्दोलन अन्तर्गत जुन देशको बारेमा लेखिन्छ त्यस देशको संक्षिप्त परिचय अनिवार्य दिइयोस् ।

- श्रद्धा सुब्बा, *चुलाचुली - १, कमल, इलाम*

## अरबबाट मूल्यांकनलाई...

देश, काल र परिस्थितिले नियमित भन्न नमिले पनि हामी मूल्यांकन पत्रिकाको बतासे पाठक हौं । क्षमताले भ्याएसम्म ढिलै भएपनि साथीहरू-मार्फत् खोजी खोजी पढ्छौं ।

पूर्णाङ्क ६६, ६८, ६९, ७० र ७१ समुन्द्रपार बसेर पनि अध्ययन गर्न पाउँदा आफैलाई गौरवान्वित ठानेको छु । पूर्णाङ्क ७१ को आवरण लेख तथा डा. चैतन्य मिश्र र दीपक ज्ञवालीद्वारा लिखित लेख मर्मस्पर्शी लाग्यो । ५० औं वर्षको अन्तरालमा विशेष गरी २०४६ पछिको अर्थतन्त्र पढ्दा साह्रै दुःख लाग्यो ।

विश्व कम्युनिष्ट आन्दोलन अन्तर्गत दक्षिण अफ्रिकाको पठनीय रेड अक्टोवर र फूजिमोरीलाई मजदूर र विद्यार्थीको साहसपूर्ण चुनौती पठनीय लाग्यो । अन्त्यमा, विदेशमा बसेर यो पत्रिका पढ्न के कसो गर्नु पर्ला सोको जानकारी दिनु हुन अनुरोध गर्दछु ।

- भोजराज पाण्डेय
*मरेङ- १, पुष्पनगर, अर्घाखाँची*
हाल : अल अरिद परिवार शाखा कार्यालय, जुवाईल
JUBAAL NO. 31951
P.O.Box 2291, K.S.A.

*प्रति अंक २ डलरको दरले मूल्यांकन मासिकको नाममा ड्राफ्ट गरी पठाउनु भएमा तपाईंको ठेगानामा पत्रिका पठाइनेछ । - मूल्यांकन*

## नयाँ स्तंभ

मूल्यांकन मासिकलाई प्रिय पाठकहरूको निम्ति अझ बेसी उपयोगी बनाउनका लागि हामीले आगामी अंकदेखि प्रसिद्ध समाजशास्त्री डा. चैतन्य मिश्रका विचारहरू नियमित रूपमा प्रस्तुत गर्दैछौं । देश-विदेशका महत्वपूर्ण सवालहरूमा डा. चैतन्य मिश्रले आफ्नो चिन्ता र चिन्तन बाँड्नका लागि हाम्रा प्रिय पाठकहरूसँग सम्वाद गर्ने प्रयत्न गर्नुहुनेछ । *-सम्पादक*

जनमुखी विकाससम्बन्धी अन्तर्क्रिया र सामुदायिक
विकासको उत्प्रेरणाका निम्ति प्रकाशित त्रैमासिक

# विकास

❑ लमजुङमा प्रयोग भइरहेको एउटा छुट्टै विकास मोडेल
- लमजुङ विकास मोडलका योजनाकार डा. पूर्णकान्त अधिकारीको विश्लेषण

❑ वर्गीय र लैङ्गिक विभेदको नतिजाः चेलीवेटी बेचविखन
- डा. रेणु राजभण्डारी

❑ एक मास्टरको वकपत्र
- खगेन्द्र संग्रौलाको संस्मरण

❑ लहान चमार बहिष्कार काण्ड
- स्थलगत रिपोर्ट

❑ जिल्ला र गाविसहरूको संख्या आधा घटाउनु पर्छ ।
❑ एनजीओले विमानलाई आमुल असर गर्दैन ।
❑ गरीबीको कारक तत्व शोषणमुलक आर्थिक संरचना हो ।
❑ हामी झन् झन् परामुखी हुँदैछौं ।
❑ जनतालाई डोऱ्याउनेहरू दिशा भ्रम भए ।

विकेन्द्रीकरणसम्बन्धी विशेष सामग्री

## अब टालटुले नीतिबाट संभव छैन, आमूल परिवर्तन चाहिन्छ

●

विकास, विदेशी सहायता, विकेन्द्रीकरण, निजीकरण, शिक्षा, गरीबी, आदि विषयमा प्रसिद्ध विकासविद् डा. हर्क गुरूङसँगको ताजा अन्तर्वार्ता

नयाँ अंक चाँडै बजारमा आउँदैछ।

मूल्य रु. २०/- मात्र

विवकेन्द्रीकरणसम्बन्धी थप विशेष सामग्रीहरू

**प्रजातन्त्रको सार्थकता विकेन्द्रीकरणमा निहित छ**
- डा. दुर्गाप्रसाद पौड्याल

❑


**विकेन्द्रीकरणदेखि आत्मनिर्णयको अधिकारसम्म**
- डा. कृष्णबहादुर भट्टचन

❑

**'हुलाकी' सांसद र विकेन्द्रीकरणको मर्म**
- पूर्व सांसद नारायण ढकालको अनुभव

सम्पर्कः
आत्म निर्भर विकास मञ्च
फोनः ३३१०२६, ३३२२४४
पो.ब.नं. ७७३१,
बल्खु, काठमाडौं

*GSM can be your preferred phone at your office, at home or when you are on the move*



ntcmobile

Features of GSM, Mobile
- Excellent Voice quality
- High level of Security
- Data Services
- Short Message Services
- Voice Mail Services
- Roaming to major cities in Nepal
- International Roaming
- Three Party conference
- Data / Fax
- Variety of other services

***The power to be anywhere and everywhere***

The Services is now available on demand in Kathmandu, Birgunj, Biratnagar and Pokhara

For further details
New Services Directorate
Nepal Telecommunication Corporatior
Pulchowk, Lalitpur
Tel: 536852, 533126

• आवरण पृष्ठमा छापिएको क. प्रचण्डको फोटो साभार : 'दिशाबोध'
• यसै अंकको पृष्ठ २८ मा दोस्रो लहरको अन्तिम प्याराको तेस्रो लाइनको 'अस्पतालमा'लाई 'सभागृहमा' भनी पढ्नुहोला । -मूल्याकन

MULYANKAN
A magazine for Thought-Interaction
ल.पु.जि.प्र.का. द.नं. ९९/०४९/५० म.क्षे.हु.द.नं. १२/०५१/५२

